सैनिक द्रव्यकोष



प्रकाशक

कर्मचारी संचयकोष

सैनिक द्रव्यकोष

सम्पादक

मोहनप्रसाद खनाल

प्रकाशक
कर्मचारी संचय कोष
सुन्धारा, काठमाडौं

पहिलो पटक २००० प्रति
२०३५

मूल्य

मुद्रक:- चामुन्द्रा प्रेस, यट्खा टोल काठमाडौं, फो. नं. १३६५२

यस पुस्तकबारे

कर्मचारी संचय कोषमा बहाल गरेपछि बहालीको सामान्य नियम-अनुसार कोठा चोटा चहार्दा एउटा कुनामा धेरै दिनदेखि बढार्दै थुपारेको कसिंगरको थुप्रो जस्तो कागजको रास देखियो। बुझ्दा काम नलाग्ने सडाई दिए हुने तर यसै गर्ने भनी कसैले पनि ठहऱ्याउन नसकेका धेरै पुराना खोष्टाहरू रहेछन्। कसैले पनि नपढेको हुँदा ती कागजमा के के बेहोरा लेखिएका छन् भन्ने कुराको जानकारी नभए तापनि कुनै कुनै कागज अघि अघि संयोगवस कसैले पढ्दा सैनिक द्रव्य कोषको समयका हुँदा हालको दैनिक प्रशासनमा तिनको खास उपयोगिता केही नहुनाले कसैले पनि त्यस तर्फ त्यति चासो नलिनु स्वाभाविकै देखियो।

यसै सम्बन्धमा पुरानियाँ कर्मचारी बुझ्दा केही वर्ष अघि केही कागजातहरू गोश्वारा तहविलमा पनि बुझाएको रहेछ। तिनको पंजिका र थुप्रोको १×२ कागजात पढ्दा यिनमा लेखिएका कुरा प्रकाशमा ल्याउन पाए संचय कोष सम्बन्धी मात्र हैन नेपालमा प्रजातन्त्रअघिका मुलुकी प्रशासनको धेरै कुराहरूको ज्ञान हालका एवं भावीका पिंढीलाई हुने भई नेपालको प्रशासनमा चाख राख्ने सबैको खाँचो केही नकेही हदसम्म भए पनि टार्नुको साथै अरू पुराना कुराहरूको खोजी गर्ने काममा सरोकारवाला सबैलाई घचघच्याउला भन्ने लागेकाले यी कुरालाई प्रकाशमा ल्याउनु नै उचित लाग्यो।

गोश्वारा तहविलमा बुझाइएका कागजातहरू फिर्ता पाउन सकिने नसकिने सम्बन्धमा बुझ्दा प्रयास गरे फिर्ता पाउन सकिने पनि बुझियो ।

गोश्वारा तहविलमा गई कागज छान्ने विचार गरियो, तर केही समय यता गोश्वारा तहविलले आफ्नो थलो बदल्दै आएको हुँदा ओसार पसारको कारणले गर्दा तलमाथि परी सजिलैसँग कागज छान्न अपठेरो पर्‍यो । कार्यालयका कागजादको धूलो र सुलसुले कीरासँग जुधी कागजपत्र केलाई प्रकाशन समेतको जिम्मेवारी बोकी काम गर्न सक्ने मानिसको खाँचो पर्‍यो । यस्तै थोत्रा भनिएका कागजात केलाई तिनको सार झिकी प्रकाश गर्न बानी परेका श्री मोहनप्रसाद खनाललाई यो जिम्मेवारी बोकिदिन अनुरोध गर्दा उहाँको मंजूरी भयो । अनि उहाँले काममा हात हाल्नु भयो– परिणाम आगामी पृष्ठहरूले बताएकै छन् ।

यस ठेलीमा कुनकुन सामग्रीलाई कसरी समावेश गर्ने भन्ने प्रश्नले पनि निकै पिरोल्न थाल्यो । यस विषयमा निकै तर्कहरू आए । आखिरमा यही निस्कर्षमा पुगियो — प्रकाशनको उद्देश्य पूरा गर्न सम्वत् १९९१ साल र त्यस भन्दा पछिका भेटिएसम्मका सामग्रीहरूले ठाउँ पाए ।

कुनै पनि विषयसम्बन्धी लेखको शिरमा शीर्षक राखेमा पाठकलाई सजिलै हुन्छ भन्ने कारणले शीर्षक थपिएका छन् । थपिएका मात्र होइनन् कि समाचार समितिको एउटै समाचारलाई विभिन्न पत्रिकाले आफू खुशी विभिन्न शीर्षक राखे झैं यहाँ पनि उस्तै विषयमा फरक फरक शीर्षक राखिएको जस्तो कहींकहीं देखिन आउँछ । संपादनको प्रक्रियामा यस्ता कुरा हुँदा रहेछन् । यहाँ मेरो यति नै भन्नु छ ।

प्राप्त सामग्रीमा कुनै कुनैमा प्वाल परी र कुनै कुनैमा अक्षर अस्पष्ट भई हरफमा ठाउँ खालि राखिएको छ । जाने बुझे भेटिएसम्म शुद्ध र राम्रो प्रकाशन गराउन कोशिश गरिएको छ । भाषाको हकमा पनि तात्कालीन भाषामा ह्रस्व दीर्घ लगायत जे जस्तो पाइयो त्यही नै छापिएको र शीर्षकमा मात्र हालको भाषा प्रयोग गरिएको छ ।

अन्त्यमा यस पुस्तकले संचय कोष लगायत नेपालको प्रशासनका विभिन्न पक्षहरूलाई यथास्थानमा चिनाउन केही मात्रामा भए पनि सफलता हासिल गर्‍यो र अप्रकाशित यस्ता कैयौं कुरालाई प्रकाशमा ल्याउनको निमित्त घचघच्याउन सक्यो भने यसको प्रकाशनको उद्देश्य सफल हुने छ भन्ने ठानेको छु ।

यस पुस्तकको प्रकाशन गर्नलाई सहयोग गर्ने यस संचय कोषका कर्मचारी लगायत सम्बन्धित सबैलाई हार्दिक धन्यवाद छ ।

कर्मचारी सञ्चय कोष
हरिशयनी एकादशी २०३५

विष्णुप्रसाद खनाल
कार्यकारिणी अध्यक्ष तथा प्रशासक
क. सं. कोष, सुन्धारा
काठमाडौं ।

मेरो भन्नु

श्री ५ त्रिभुवनको राज्यारोहणपछिका राणा प्रधान मन्त्रीहरूमा जुद्धशमसेर तेस्रा थिए। श्री ३ जुद्ध १९८९ साल भाद्र १७ गते नेपालका प्रधान मन्त्री भए। त्यसको करीब १७ मैन्हापछि जुद्धशमसेर कञ्चनपुरको शिकारमा गएका बखत १९९० साल माघ २ गते नेपालमा ठूलो भूइँचालो गयो। भूइँचालो गएको २० सौं दिनमा उनी राजधानी आइपुगे।

राणा प्रधानमन्त्रीहरूमा जुद्धशमसेर सुधारवादी थिए। आफ्नो १३ वर्षको शासन कालमा जुद्धले अरू प्रधानमन्त्रीको अपेक्षा धेरै सुधारहरू गरेर गए। यीनका शासनकालमा भूइँचालोबाट क्षत विक्षत भएका मन्दिर र स्मारकहरूको जिर्णउद्धार भयो। २९,८२,३१६ रूपैया सहायताको रूपमा देश वासीहरूले पाए। कृषि, उद्योग, शिक्षा तथा न्यायपालिका र कार्यपालिकाको व्यवस्था र वर्गीकरण गरियो। कर्मचारीहरूलाई निवृत्तिभरणको व्यवस्था जुद्धले नै गरे। पहिले जंगीको र पछि निजामतीको कोष कट्टीको व्यवस्था पनि श्री ३ जुद्धबाट नै भयो। यद्यपि जुद्धशमसेरलाई देख्ने र भोग्ने मानिसहरू अझसम्म पनि जीवितै छन्। तर त्यतिले मात्र तात्कालिक सबै कुराहरू थाहा हुन सक्दैन। शाहकालको इतिहासमा १०४ वर्ष कसरी बित्यो भन्ने कुरा बुझ्न जंग बहादुर देखि नै सबै प्रधानमन्त्रीहरूलाई हामीले केलाउन सक्नुपर्छ। यस ग्रन्थ–विषयको श्रीगणेश पनि १९९१ पछिको सैनिक द्रव्यकोषलाई लिएर भएको हो।

कुनै कुरा हुनको पनि खास केही कारण हुन्छ । द्रव्यकोष स्थापनाको पनि एउटा रोमाञ्चकारी घटना पर्‍यो । जुद्धशमसेर प्रधानमन्त्री भैसकेपछिको कुरा हो । कुनै एकजना सैनिक अधिकारी सरकारी सेवाबाट अवकास लिई घर जान लाग्दा उनीसँग बाटो खर्च सम्म थिएन । बाटो खर्चका लागि ति भू. पू. सैनिक अधिकारी सोझै जुद्धसँग कराउन पुगे । यसपछि जागिर छाडेका सैनिक कर्मचारीहरूको भविष्यलाई लिएर सैनिक द्रव्यकोषको स्थापना भयो । यो परम्पराबाट सुन्दै आएको कुरा हो । तर यस विषयमा खोजी गर्दा केही अंशमा माथिको कुरा सत्य भए पनि छिमेकी राज्यमा भएको “प्रभिडेण्ट फण्ड” को असरले सैनिक द्रव्यकोष खडा हुन पुगेको संकेतसम्म पाइन्छ । पहिले “डिपोजीट अफिस” को नामबाट यसको प्रारम्भिक मस्यौदाहरू तयार गरियो । १९९१ साल भाद्र ४ गते गठन हुँदा “प्रभिडेण्ट फण्ड” को नामबाट खड्ग निसाना जारी भयो । कार्यालय, मसलन्द तथा कर्मचारीहरूको भर्ना श्रावण ७ गतेदेखि सदर गरियो । श्रावण ९ गतेदेखि कर्मचारीहरूले कार्य शुरु गरे । त्यसपछि १९९१ साल आश्विन १७ गते सैनिक द्रव्यकोषको नामबाट यस कार्यको थालनी भयो ।

यसले पछि कुन रूप लिन्छ भन्ने कुरा बुझ्न जुद्धले परीक्षणको रूपमा यसलाई लिएका थिए । किनकि जुद्धशमसेरले बबरशमसेरलाई आफ्नू हस्ताक्षरले लेखेको पत्रमा “सत्र भाइ राणाजी र उनका सन्तानहरूको कोष कट्टा हाललाई नगर्नु भन्ने थियो । यसबाट सैनिक द्रव्यकोषलाई जुद्धशमसेरले कुन रूपमा हेरेका रहेछन् भन्ने कुरा बुझ्न सकिन्छ ।

यस ग्रन्थमा “सैनिक द्रव्यकोष” वा निजामती प्रभिडेण्ट फण्ड” बारे सम्बन्ध राख्ने खालका पत्रहरू मात्र परेका छैनन्— १९९१ सालअघिका केही पत्रहरूलाई छाडी बाँकी सबै विषयलाई क्रमानुसार यहाँ राखिएका छन् । “सैनिक द्रव्यकोष” “निजामती प्रभिडेण्ट फण्ड” र सैनिक द्रव्यकोषका बैठक निर्णयहरू तथा परिशिष्टमा परेका फर्मायसी अड्डाका रिपोट र पजनीसम्बन्धी कागजातहरूले पनि तात्कालिन व्यवस्थालाई बुझ्न मद्दत गर्ने हुँदा ति सबैलाई यसमा

समावेश गरियो । श्रीविष्णुप्रसाद खनाल (श्रीमान् कार्यकारिणी अध्यक्ष तथा प्रशासक) ज्यूको निर्देशानुसार यी सबै कार्यहरू भए । सिहदरबारमा भएका कागजात अग्नी-काण्डमा परेझैं कतिपय कार्यालयका कागजपत्रहरू विष्णुमतीको अग्नी–काण्डमा स्वाहा भएका अरु कति स्वाहा हुनेछन् । यी कागजात पनि अष्टमीको खसी जस्तै सिसकेका रहेछन् जुन पाठकहरूको हातमा यस रूपमा प्रस्तुत हुन सक्यो ।

ऐतिहासिक पत्रहरूलाई जुन रूपमा प्रकाशित गरिन्छ, त्यहीअनुसार यहाँ पनि संपादन गरिएको छ । भाषा तथा व्याकरणलाई जस्ताको तस्तै राख्दाराख्दै पनि कति ठाउँमा खुस्किएको छ । जसको निमित्त क्षमा प्रार्थी छु । यसै क्रममा श्रीमान् अध्यक्षज्यूले यस काममा चाख लिई आवश्यक निर्देशन दिएको भएबाट नै आज यो रूपमा यो काम हुन सक्यो । त्यसतै सुलसुले र रुघाको भण्डार भएका अँध्यारो बुँइगल तलामा सँगै गई काम गर्न प्रोत्साहन दिई कार्यमा समेत सहयोग गर्ने लेखाअधिकृत श्रीचिरञ्जीवि आचार्यज्यू र यस काममा सहयोग गर्ने सबै प्रति कृतज्ञता ज्ञापन गर्नु मैले आफ्नू कर्तव्य ठानेको छु ।

कर्मचारी संचय कोष
भानुजयन्ती २०३५

मोहनप्रसाद खनाल
अधिकृत

विषय-सूची

क्रम संख्या	शीर्षक	पृष्ठ संख्या
१.	प्रारम्भिक सनदको मस्यौदा	१
२.	प्रोभिडेन्ट फण्डलाई एक लाख पेश्की	१०
३.	सैनिक द्रव्यकोषको दरवन्दी	११
४.	सैनिक द्रव्यकोषको सवाल	१४
५.	मसलन्द	३४
६.	सरूवा भै जानेको कोष कट्टी	३६
७.	गयल परेका र खोसिएका जागिरदारको कट्टी सम्बन्धमा	४५
८.	स्पष्ट जवाफ लेख्ने	४७
९.	आलमाडी खरीद	४८
१०.	पजनीमा परेका जागिरदारको पेश्की कट्टी गर्ने	४९
११.	सवाल नमिलेको	५१
१२.	सवाल वाझिएकोले सच्याउने	५४
१३.	खाइसकेको तलव फिर्ता गर्नु नपर्ने	५६
१४.	दुई नम्वर फारामको अर्को ढांचा सदर हुनुपर्ने	५८
१५.	सवाल सच्याउने	६०
१६.	मसलन्द	६२

१७. खोसुवा र गयल खाली परेका जागिरदारको सम्बन्धमा ६६
१८. सरूवा बढुवा ७०
१९. अडिटरलाई पत्र ७१
२०. सर्व रकमबाट रू. एकलाख सापटी ७३
२१. रू. एकलाख इम्पेरियल बैंकमा राख्ने ७६
२२. नाफा भएको रकम सैनिक द्रव्यकोषमा जम्मा गर्नेलाई थप्ने ७९
२३. मसलन्द खर्च फाइदा भएको रकममा कट्टा गर्ने ८१
२४. सोधभर्ना भइसकेपछि पुनः सापटी दिने ८५
२५. नेपाल रेलवेको कामको लागि रू. दुईलाख खर्च लेख्ने ८७
२६. निकासा भएको रूपैया हाकिम जिम्मा दिने ८८
२७. द्रव्य कोषलाई जिम्मावारी दिने ९०
२८. पजनीमा पर्ने कर्मचारीको व्यवस्था ९२
२९. मार्ग मसान्तसम्ममा बाँकीको पजनी गर्ने ९६
३०. रकम सोधभर्ना गर्ने ९७
३१. पब्लिक वर्क रकमबाट सापटी ९८
३२. कौशी तोषाखानाबाट खर्च लेख्ने १००
३३. महोत्तरी रेलवेसित वार्षिक ब्याज साढे तीन प्रतिशत १०२
३४. द्रव्यकोषको रकम लगानीमा १०४
३५. संचयकर्ताहरूलाई फाइदाको रकम दिने १०६
३६. नातादार भर्ना गर्ने सम्बन्धमा १०८
३७. सोध भर्ना मिलाउने १०९
३८. कम्पनी र मोहरू दुबै लिने दिने गर्ने १११
३९. फाइदा हुने काममा लगानी गर्ने ११३
४०. रकम भुक्तानी दिने ११५
४१. छुट्टी दिने ११८
४२. छुट्टी दिई सामेल गराउने ११९

४३. छुट्टी थप्ने १२०
४४. स्वदेशी कपडा लाउने १२१
४५. सरूवा १२३
४६. सैनिक द्रव्यकोष रकममा जम्मा गर्ने १२४
४७. पब्लिक वर्क रकमबाट द्रव्यकोषलाई सापटी १२६
४८. सर्व रकमबाट निर्व्याजी सापटी १२८
४९. अड्डाको नाम फेरिएको १२९
५०. मौज्दातबाट सापटी १३०
५१. घरेलु इलम प्रचार अड्डा १३१
५२. तहविल र श्रेस्ता जाँच्ने १३३
५३. तालुकवालालाई जरिवाना १३५
५४. हाकिम कारिन्दाको बुझबुझारथ १३९
५५. समयमै बेरुजु फछ्र्यौंट गर्नु पर्ने १४३
५६. गोश्वाराका जागिरदारलाई कार्य अनुसारको जरिवाना गर्ने १४५
५७. गोश्वारा गाभ्ने १४७
५८. जंगी अफिसर निजामतीतर्फ सरूवा भएमा द्रव्यकोष कट्टा गर्ने १४८
५९. सोधनी १५१
६०. जवाफ पठाएको १५२
६१. ट्रलीमा आएको माल म्याद भित्र नलगे ड्यामरेज लाग्ने १५४
६२. तहविल मासेमा सम्बन्धित अड्डाले कैद तोक्ने १५७
६३. त्रिखण्डी तलव पाइने १५९
६४. पब्लिक वर्क रकमबाट फेरि एकलाख सापटी १६१
६५. खान नपाउने रकम सर्वरकममा जम्मा गर्ने १६३
६६. फिर्ता खर्च लेख्ने १६५
६७. सर्वरकमको मौज्दातबाट सापटी लिने १६८
६८. उख्वातीको कच्चावारी लेख्ने १६९

६९. इच्छाई पाउनेको सनाखत गर्ने १७१

७०. मुलुकीखाना दाखिल गर्नु नपर्ने १७४

७१. सबै रकमको सापटी रेलवेको आयस्ता आएपछि सोध भर्ना गर्ने १७६

७२. मंजूर हुने जतिको कोष कट्टी गर्ने १७७

७३. फाइल वानादारहरूको द्रव्यकोष कट्टी गर्ने १८०

७४. त्रिखण्डी खानेको द्रव्यकोष कट्टी नगर्ने १८३

७५. पटना अलैंची कोठीका क. प. को कोष कट्टी गर्ने १८५

७६. सोमराजलाई तलव थप १८८

७७. रू. पैंतीस सय हाकिम जिम्मा दिने १८९

७८. आठ पैसा जरीवाना गर्ने १९०

७९. सोध भर्ना गर्ने १९२

८०. मौज्दात जम्मा भए पछि सोध भर्ना गर्ने १९४

८१. सर्व रकमबाट रकम झिक्ने १९६

८२. फिर्ता हुन नसकेको रकम सदर मुलुकी खानामा खर्च लेख्ने १९९

८३. प्रायोरिटी लाइसेन्स सगाउने २०१

८४. लेखापरीक्षकको प्रतिवेदन २०९

८५. सैनिक द्रव्यकोषको आमदानी खर्च विवरण २०४

८६. साउनको लेखा प्रतिवेदन २०७

८७. सैनिक द्रव्यकोषमा रकम भर्ना गर्ने २०९

८८. रकम भर्ना गर्ने २११

८९. प्रमेसरी नोट बैंकमै राख्ने २१३

९०. जमानीको मंजूरनामा २१५

९१. म्यादभित्र जाहेर गरी सवाल गराई लिने २१६

९२. बढी फिर्ता भएको रकम दाखिला २१९

९३. बढी भएको रकम फिर्ता भइसकेकोले दंड गर्नु नपर्ने २२०

९४. सैनिक द्रव्यकोषलाई पचास पैसा जरीवाना २२२
९५. निरंजनप्रसाद श्रेष्ठको विन्ती पत्र २२३
९६. काम बढकोले बजेट बढाउने २३०
९७. जाहेर गर्ने २३२
९८. निजामती तर्फको कोष कट्टी गर्ने २३३
९९. सोधनी २३५
१००. जबाफ २३६
१०१. दरबन्दी माग गर्ने २३८
१०२. फरक परेको मिलाउने २३९
१०३. सैनिक द्रव्यकोषको हिसाव २४०
१०४. रिक्तपद पूर्ति गर्ने २४३
१०५. जाहेर भए नभएको खोल्ने २४५
१०६. ख. निरंजनप्रसाद श्रेष्ठको अर्को विंती प्रत्र २४६
१०७. निर्व्याजी सापटी लिने दिने २४८
१०८. निजामती तर्फको कोष कट्टी गर्ने २४९
१०९. फाँट छुट्याई काम चलाउने २५१
११०. सवाल सनदअनुसार काम गर्ने २५८
१११. मुखितयारको दलानमा मिटिंगगर्ने २५९
११२. मंजूर हुनेको कोष कट्टी गर्ने २६१
११३. कृषि परिषद्लाई कोष कट्टी बारे पत्र २७३
११४. लेखा परीक्षकलाई कोष कट्टी निर्देशन २७७
११५. रेलवेसितको व्याज आम्दानी बांध्ने २८३
११६. निजामती द्रव्यकोषबाट सापटी २८६
११७. कोष कट्टी गर्ने मंजूरी २८८
११८. रकम कट्टीबारे सोधपूछ २८९
११९. कट्टी गर्न बेमंजूर २९०

१२०. कैफियत परेको रकमबारे २९१
१२१. द्रव्यकोषको रकम फिर्ताबारे २९३
१२२ मोहरू बुझाउने २९५
१२३. नोट तलब खानेको कट्टी बारे २९६
१२४. अड्डा सारा चलानको खर्च निकासा २९९
१२५. नोट तलब खानेको कोष कट्टी बारे ३०२
१२६. अमीनबाट असूल तहसीलको काम लिने ३०४
१२७. सनदको नक्कल पठाउने ३०६
१२८. निजामती द्रव्यकोसतर्फ मसलन्द खर्च निकासा ३०८
१२९. नौसिन्दाको तलव थप ३१०
१३०. बढ तलब खवाएको स्वीकृति वारे ३१२
१३१. सडाउने खालका कागज-कागज कारखानालाई दिने ३१४
१३२. ट्रष्टी मुक्रर गर्ने ३२०
१३३. ट्रष्टी मुकररको जानकारी ३२२
१३४. वेला वेलामा अड्डा जाँच गर्ने ३२४
१३५. साँवा र व्याज हिसाव ३२६
१३६. निकासा बमोजिम खर्च गर्ने ३२९
१३७. मौलिक हक सम्बन्धमा ३३०
१३८. बाली तलवको रकम जंगी तर्फ सार्ने ३३२
१३९. बाली तलबसम्बन्धी रिपोर्ट ३३३
१४०. छड्केसम्बन्धी नियम ३३५
१४१. पुराना मोहर दाखिल ३३९
१४२. १९९१ साल देखि २०१७ साल सम्मको सैनिक द्रव्यकोषका बैठक निर्णयहरू ३४१
१४३. परिशिष्ट र फर्मायसी अड्डाका पत्रहरू ४५१
१४४. पजनीसम्बन्धी कागज ५४८

सैनिक द्रव्यकोष

प्रारम्भीक सनद्को मस्यौदा

पल्टनबाट गर्ने

वालि

तलवको फाराम्मा डिपोजीत् कट्टिगर्ने सिट्रोल नंवरको महल २ थपी डिपोजीत् कट्टागरि डिपोजित् रहने जवान्को नाम र कट्टि भयाको दासको फाट् डिपोजित् अफिस्मा दिले ।

कितावखाना दर्ता फाँटबाट गर्ने

भर्ना

भैरहेको जवानको सिट्रोलहरूमा अफिसरदेखि सिपाहिवानादारसम्मको १ नम्बरदेखि उठानगरी जहाँसम्म नोकरी गर्ने मानिस्छ त्यती नम्ब राख्ने ।

अब

भर्ना हुनेलाई पनि अघि भर्ना भैरहेका जवानको निचोर नम्बरदेखि उठानगरि सिटरोल नम्बर राख्दै जाने ।

हाल

खडा भैरहेका सिटरोलबाट डिपोजित आफिश्लाई तयार भयाका ढाचा बमोजिको फाराम्मा सिटरोलमा लेखियाको भंने महलहरू भरी ९१ साल बैशाख १ गतेसम्म बाहाल रहेका जवानको बैशाख मसाँन्त सम्ममा र नञा हुनेको तलब पाकने मैह्नासम्ममा डिपोजित आफिस्मा पठाउने ।

सिट

रोलमा खेखियाका इच्छापत्र वालाको नाऊ बदल्न परी भंन आया अफिसर साछि राखि कैफियेत खंडमा वा पछाडि जनाई सहीछाप गराई डिपोजित आफिश्लाई पनी खबर दिने ।

वात्

लागि खोसियेका, र मरेका औ रिटायेर भएका कोमिति खोलि १५ दिंभित्र डिपोजिट आफिश्लाई जनाउ दिने ।

वालि

तलबको फारां चलिसकेपछि कोहि जवांहरू गैर खालि भै तलब फिर्ता दाखिल हुन गया सो तलब नपायेमा कट्टि भयाको डिपोजिट पनी नपाउने हुनाले तेस्ताको सर्कार दाखिल गर्नालाई वालि तलबलाइ पनी खवर दिने ।

१ कापी सिटरोलमा नम्वर दिई पैलासाल सबै जवानको ढाचा बमोजि लेखी
१ कापी डिपोजिट आफिसमा देना के ४ मैह्नाको म्यादि गरी — ६००
नायेव ४ के मैह्नाको १७ ले २७२ मस्लंद— — ३२८
मड्चायाको कागजलाई
८००० के— —३२०
अरू — — ८

साल वसाल नञाँ भर्ना हुनेको फाराम तयार गर्र बाहाल टुटेको जनाउँ
दीगाके थप — — — — — — २२०
नाएव १ के — —२०४ मसलंद — — १६

डिपोजिट अफिसबाट गर्ने

गौह्न

जागिरदार्को छुट्टाछुट्टै गरि किताबखानाबाट तयार भै आयाको फारांली मैह्नामैह्नामा कट्टि भयाको अफिसर्ले दियाका फाट बमोजिं अंक चढाई वर्षदि पुगेपछि दामरहेका पछिल्ला सालदेखि मिटीङ्गबाट ठह्रेको व्याज स्मेत टागि राखने ।

सो फारां

पल्टं पल्टं छुटचाई क ख ग का रोलै सग राख्ने खोजी हुनासाथ पाउने गरी देशी फायेल्मा किताब बनाई रखने ।

सरुवा

बढुवा भयाको अफिसरका फाट बमोजि बात लागि खोसेको औ रिटायेर भयेको मरेको इच्छ्यापत्र वालाको नाम बदलेको किताबखानाका जनाउ बमोजि सो फाराम्मा जनाई राखने ।

डिपोजिट

को हिसाब जागिरदारले थाहा पाउने गर्नालाई ढाचा बमोजिमको पासबुक बनाई तेस्मा कट्टि भयाको वर्षदिको सांवा र व्याज स्मेत देखाई वर्षको १ पटक ज्येष्ट आषाडसम्ममा सो किताबमा चढाइ दिने ।

पासबुक

कसैले हरायो भनी मंत्र आएमा मानिस वै हो हेरीन अफिसर बुझी अर्को लेखिदिने ।

डिपोजिट बापत वालि तलबबाट कट्टि भै आयाको ढाचा बमोजिको फारां खडा गरी सो कट्टि भयाको दाम जुन महीनाको फाराम्मा आम्दानि बाँधेको छ उसै मैह्लामा मुल्कीखाना दाखिल गर्ने ।

फाराम चलिसकेपछि वालि तलब नपाउने भयाका जवानको डिपोजिट कट्टि भयाको दाम किताबखानाका पुर्जी बमोजिम सर्व रकम दाखिल गर्ने ।

सो डिपोजिट रहेका दामको व्याजलाई सो डिपोजिटको दाम मैह्लामैह्लामा आउनै र आउना साथ व्यांकमा जान नसक्ने हुनाले दाम रहेका सालको व्याज दिनुपर्दैन पछिल्लो सालदेखि मिटीङ्ग वाट ठहरेको व्याज राखी अर्को सालदेखि सो व्याज स्मेत सावामा गाभी तेस्को पनी व्याज पाउने गर्ने । मिटीङ्ग हुन नपाउदै दाम दिनु पर्नेहरूलाई मिटीङ्ग नभै व्याजको दर कायम नहुने हुनाले घटीबढी जो परेपनी अघील्लो सालको दर कायम गरी दिने ।

यो दाम बाहाल नटुटि कुनै अवस्थामा पनी झिकन नपाउने हुनाले बाहाल टुटेपछि पासबुक ली डिपोजिट माग्न आयामा आफुसंग रहेका फारां हेरी दिनु पर्ने दाम फाराम्मा खर्च लेखिदी पासबुक फिर्तालो आफुसंग रहेको जवान जवानको छुट्टा छुट्टै खडा भै रहेका फाराम्मा पनी जनाई सो फारां श्रेस्तासाथ अडिटर्मा बुझाईदिने सो खिचेका पासबुक वर्षांद पुगेपछि सडाइदिने

यो दाम राजकाज इत्यादि कुनै किसिम्को बात कसुर सर्वश्वमा समेत नजाने जगिरदारले नै पाउने गरिबक्सेको हुनाले कुनै खतमा पनी हरण गर्नु पर्दैन ।

येस काम को ढाचा मोजिको श्रेस्ता खडागरि अडिटर अफिसमा बुझाउने ।

डिपोजिट

आयाको जागिर्दारले नपाउने फिर्ता दिनुपर्ने भयामा कितापखानाका पूँजिले दिने डिपोजिटर त्यसको ब्याज नाम नामासि खडा भै रहेका श्रेस्ताबाट ठहरे बमोजिम अडैबाट दिने मिना मोजराको सनद गरीरहनु नपर्ने ।

डिपोजिट

बाड्नालाई चाहिने दाम पटक १ को १००० सम्मले पुगे अडाबाट जिम्मावारि ल्याउने तेसबाट नपुगे डाईरक्टरको दस्खत गराई जिम्मावारी ल्याउने

अघिल्ला

सालका चैत्रको तलब पछिल्लो सालका बैसाखमा आउने हुँदा ज्येष्टबाट उठान् भै बैशाखबाट वर्ष दिन पुग्ने हुनाले येस्काम्को सालतमाम बैशाख गर्ने ।

पैलासाल पासबुक तयार गरि दिनाके ४ मैह्ना म्यादिलाई	—	९२०
नायब ४ के १७ ले—२७२ मसलंद—	—	६४८
मडायेको कागज के	—	३२०
देशी फायल्के	—	२००
अलसाडि ५ के	—	१००
अरू कागज मसि के	—	२८

सालबसाली

तलब	—	—	—	५३००
गोस्वरालाई	—	—	—	२६००

हाकिम सुब्बा १ के—१६०० त मु १ के—५०० ना मु १ के २४०

तहबिल्दार १ के ३०० टहलुवा १ के ४८

फाँट ४ के फाँट १ के देहायेका दरले	—	२५४४
राइटर १ के	— ३०० ना रा १ के २०४ नौ १ के	१३२
मसलंद	— — —	६८
कालिदल छ्यास्कामिनीको सिपाही १२ हजार स्मेत		१४

मुल्कीखानाबाट गर्नें

येस्कास्को ढाँचा बमोजिम्को छुट्टै श्रेस्ता खडा गरि अडिटर आफिसमा बुझाउने ।

कास्वार कर्रिदाको तलव मस्लंद दबंदी बमोजिम दिनालाई कौषितोसाखानालाई चाहिने रूपैंञा जिम्मावारि दिने ।

डिपोजिट फिर्ता दिनालाई र तेस्को व्याज दिनालाई पटक १ को रू. १००० सम्म भया । डिपोजित अफिसबाट लिन आएमा र तेस्देखि बढि चाहिने भया डाइरक्टरको दस्षत बमोजि दिने सनद गर्नु पर्नें गर्नें ।

डिपोजिट तर्फको दाम कुनै व्याज आउने काम्मा लगाउनालाई अडिटर आफिस द्वारा मिटिङ्ग गरि डाइरेक्टरले निकास दि पठाउनेछ । सो निकासा बमोजि व्याज आउने काम्मादि टायेम टायेम्मा व्याज लिने ।

ब्यांङ्कमा पठाउने दाम के इन्सीयोरखर्चलाई वर्ष १ को फं रू. १०० यक्से सम्म डाईरेक्टरका दस्खत बमोजिम हस्तेवारि दिने ।

यस्काम
को साल तमाम बैशाख मसान्त गर्नें ।

मह्‌त

अंग्रेजी समेत् जान्ने राइटर १ के	—	३००
मसलंद मोरू	—	१२
		३१२

अडिटर आफिश्ले गर्ने

डिपोजिट
आफिस मुल्किखाना समेत्ले गर्नु पर्ने काम दस्तुर माफिक संग टायेंटायेंम्मा गरे नगरेको ३।३ मैह्लामा नबढाई बराबर जांच गन ।

सो
अड्डाबाट दाखिल भयाको श्रेस्ता मैह्ला मैह्लामै जांच हुन सक्ने दाखिल भयाको अर्को मैह्लासम्ममा जाची अर्को साल तमाम्मा फारख गर्ने ।

फा
रख गर्नालाई लाल मोहर गर्नु नपर्ने २ छाप्पेबाटै दिने

डिपोजिट
आयाका दामको व्याज दिने हिसाब कायेम गर्नालाई जमा आउने आयेस्ता मा खर्च कटाई बाँकी रहेको लाई सैंका कती पर्न आउने रहेछ हेरी सो देखाई तोकीयेका मेम्बर राखी मीटीं गरी आयेका भन्दा बडी नजाने गरी व्याज दिने दरकायेम गरी राख्ने ।

डि
पोजिट आएको दाम फिर्ता खर्च लेखेकोमा र व्याज खर्च लेखेकोमा नामासि खडा गरेको फाराम्मा लेखेको अंक ठिक छ छैन किताबखानाको सिटरोलमा समेत हेरी भिडाई व्याजलाई हिसाब जाँची मिना दिने गर्ने ।

डिपोजिट फिर्ता दिनलाई पटक १ मा रू. १००० जिम्मावारि ल्याई नपुग्ने भंन्न आयामा डिपोजित अफिसको मौज्दात समेत हेरी चाहिने रूपिञालाई डाइरेक्टरको दस्खत गराई दिने ।

मुल्कीखानामा जंमारहेको दाम केमा इनभेष्ट गर्ने श्री ३ महाराज-बाट तोकिबक्सेका ट्रष्टिमेम्वरहरूको मिटिं गरी मैह्ला मैह्लामा पठाउने ।

सो पठाउनालाई चाहिने इन्सीयोर खर्च डाईरेक्टरको दस्खत गराई मुल्कीखानाबाट ल्याउने ।

सो दाम्को व्याज लिनेस्मेत हरएक काम्मा व्याङ्कसंग लेखापढि गर्नुपर्ने लेखापढि गरी टायेंटायेंम्मा व्याज स्मेत झिकाई मुल्कीखानामा दिने ।

येस काम्को निकासा पुकासा गर्नुपर्ने गैह्ल ड्राईरेक्टरद्वारा निकासा पुकासा दिने ।

साल तमाम भएपछि बाड्नु पर्ने बाकी सावा व्याज व्यांङ्कबाट आउने व्याजको आम्दानि खर्च नाफा नोक्सानको फाट देखाई वर्षको १ पटक श्री ३ महाराजका हजुरमा जाहेर गर्ने ।

मद्दत

अंग्रेजी समेत जान्ने अफिसर — — —	१
अरू कार्रिदा के मोरू — — —	१८७२
खरिदार १ के— ७०० अंग्रेजी जान्ने राईटर १ के —	३००
नाएब २ के २०४ ले ४०८ नौसिन्दा २ के १३२ ले —	२६४
मसलंद देशी फायेल अलमाडि समेत के	६८
	१७४०
कालिदलको सिपाहि — — —	४

मद्दतको तेरीज

नगदि थप मोरू. — — — — —

असामि — —		साल व सालि		पटके
कितापदर्ता फाँट के	—	२२०		६००
डिपोजिट अफिस के	—	५३००	—	९२०
मुल्की खाना के	—	३१२	—	
अडिटर के	—	१७४०		
		७५७२		१५२०
पल्टंबाट — — — —			—	—
अंग्रजी जान्ने अफिसर		—		१
कालिदल छ्यासका मिनीबाट		—		१८
हुद्दा — २ सिपाहि		—		१६

* * *

प्रोभिडेण्ट फण्डलाई एकलाख पेश्की

प्रोभिडेन्ट फंड आफीसका हाकीं कारीन्दाले पुर्जी हेरी पल्टनिया जवान्को प्रोभिडेन्ट फंडमा ज्मा हुने दाम् वाली षानेको ९१ सालका वालीदेखीर तलव षानेको येही ९१ साल श्रावण मैह्नाको तलब देषी कट्टाभै आउने हुनाले सो फंडमा ज्मा हुने दाम कट्टा भै आयेपछी सोधभर्ना गर्ने गरी सो फंडको फायदा हुने काममा हालै लगाउनालाई नोट रू. १,००००० येक लाख नीकासा बक्सेको छ तेस मुल्कीषानाको सर्व रकमबाट नोट रू. १,००००० येक लाख प्रोभीडेन्ट आफीसका हाकींजिम्मा अैनसवालको रीतपुऱ्याई जिम्मावारी दिनु भन्या मुल्कीखानाका नाउमा ९१ साल भाद्र ४ गते २ मा खड्गनिसाना सनद गरी वक्सेका हुनाले सो बमोजिम् जिम्मावारी ल्याई जुन काममा लगाउने ठहरिन्छ सो काममा लगाई पल्टनिया जवानको कट्टा भै आयाका दामबाट लेखिया बमोजिम्को नोट रू. १,००००० यक्लाख नपुगेसम्म मैह्ना मैह्नामा भर्ना जो जति हुन्छ मुल्कीषानाको सर्व रकंमा दाखिल स्मेत गर्ने काम गर ईति सम्वत १९९१ साल भाद्र ४ गते २ शुभम्— — — — —

⁂

सैनिक द्रव्यकोषको दरबन्दी

सैनीक द्रव्यकोस आफिसका हाकिं कारिन्दाले पुर्जी हेरी सैनीक द्रव्येकोस विषयको कामलाई मदतमसलंद स्मेत ईत्यादी षर्चलाई तपसीलका अडाअडाके तपसील् बमोजिमको दरवंदी गरी बक्सेको छ साल बसाललाई ठेकियको तलब कम्यांडरी किताप षानाका छाप लागेका रपोट् बमोजिम मसलंद अड्डा अड्डाका रपोट् बमोजिम अड्डैबाट अँसवालको रितपुऱ्याई र पटके षर्चमा ईन्सीयोर वीमा षर्च जति रसिद बमोजिम अरू षर्च जति डाइरेक्टरको दस्षत बमोजिम षर्च लेषी टायम टायममा दिने षुवाउने काम गर — — —

तषसिल

दरवंदी — — — — — —

कम्यांडरी कितापषानाके साल वसाल दिने मोहरू दुईसय छपन्न रूपैयाँ	—	२५६।
ना.मु. १ के वर्ष १ को तलब मोहरू दुईसय चालीस रूपैयाँ	—	२४०।
मसलंद ६।६ मैह्नाको पटक गरी पेस्की लिने मोहरू सोह्र	—	१६।
मुल्कीषानाके सालवसाल दिने मोहरू तिनसय बाह्र	—	३१२।
राइटर १ के तलब वर्ष १ को मोहरू तिनसय	—	३००।
मसलंद ६।६ मैह्नाको पटक गरी पेस्की लिने मोहरू	—	१२।
सैनीक द्रव्य कोस अडीटर आफीसके यघार सये त्रियानव्य रूपैयां	—	११९३।
सालवसाली मोरू यघार सय आठ रूपैया	—	११०८।

तत्तबके मोहरू यक हजार असी	१०८०।
मुषीया १ के मोहरू तिंसय साठी	३६०।
ना. रा. २ के मोहरू २०४। का दर्ले मोरू चारसय आठ	४०८।
नौसींदा २ के मोरू १३२ का दर्ले मोहरू दुइसय चौसट्ठी	२६४।
टहलुवा १ के मोहरू अठचालीस	४८।
मसलंद ६।६ महिनाको पटक पेस्की लिने मोहरू अठाईस रूपैयाँ	२८।
हाल १ यक पटक दिने मोहरू साठी	६०।
बिछ्यौना वा टेविल वेंचहरू डाइरेक्टरका तजवीज बमोजिम तयार गर्नाके मोहरू चालीस	४०।
आलमाडी के मोहरू बीस	२०।
६।६ वर्षमा दिने विछ्यौना के मोहरू पचीस	२५।
सैनीक द्रव्यकोस आफिसके	
सालवसाली	
तलवके मोरू अठचालीस सय वतिस रूपैयां	४८३२।
हाकिं मासु १ के बाह्र सये	१२००।
मुषीया १ के वर्ष १ को मोहरू पांनसय	५००।
ना. सु. १ के दुईसय चालीस	२४०।
तहबीलदार १ के तिनसये	३००।
राईटर ४ के प्रति वर्ष १ को ३००। ले मोरू बाह्रसये	१२००।
ना. रा. ४ के प्रति वर्ष १ को रू. २०४। ले मोहरू आठसय सोह्र	८१६।
नौसिन्दा ४ के प्रति वर्ष १ को रू १३२। ले मोरू पांसये अठाइस	५२८।
टहलुवा १ के मोहरू अठचालीस	४८।
मसलंद ६।६ मैह्लाको पटक गरी पेस्की लिने मोहरू अठसट्ठी	६८।
कंरू दस	१०
ईन्सीयोर वीमा षर्च के वर्ष १ लाई कंरू यकसये	१००।

तेरीज

कंरू — ११०।

मोहरू — ४९००।

हाल १ पटक दिने — — ... — —

विछचौना वा टेविल बेंचहरू डाइरेक्टरका तजवीज बमोजिम तयार गर्नाके मोहरू यक सय वीस — — — १२०।

आलमाडी के मोहरू यकसये — — — १००।

सेप देशीफायल कागज मसी स्मेत ईत्यादी षरिद गर्नाके कंरू यक हजार — — — १०००।

६।६ वर्षमा दिने विछचौना के मोहरू पचहत्तर — ७५।

तेरीज

कंरू — १०००।

मोहरू — २९५।

सीट्रोल बमोजिम लेषने फाराम्के र पासबुक लेखनाके तयार भयासम्मकोलाई थानको।२ दुइपैसाका दर्ले दिने अंदाजी चाहिने मोहरू छसय — ६००।

वाली तलव अडाके साल वसाली दिने नौसिंदा १ के १३२। ले जवान २ के दुई सय चौसठ्ठी रूपैया — — — २६४।

हाल भर्ना गर्ने १ के यकसय वतिस — — — १३२।

कां कां दरकार हेरी भर्ना गर्ने १ के यकसय वतिस — — १३२।

ईति सम्वत् १९९१ साल आश्विण १७ गते रोज ४ शुभम्— — —

❁

सैनिक द्रव्यकोषको सवाल

स्वस्तिश्री मदति प्रचण्ड भुजदंण्डेत्यादि ओजस्वीराजन्य प्रोज्ज्वल नेपालतारा
अति प्रवल गोर्षा दक्षिणवाहु पृथुलाधिश श्रीश्रीश्री महाराज जुद्धसम्सेर
जंगबहादुर राणा ग्राहद क्वादलाले ! ओद अँनेयरजी सी सांगी मरिजी
ओयेलाज्जारी जी. सी. आइइयी तेङ्गपाँवटिङ्गसुन चियानसुलुया-
न्स्याङच्याङ आनरेरी लेफटेन्यान्ट जनरल वृटिसचार्मीआनरेरि
कर्णेल अफ अलदि गोर्षा राइफल रेजिमेन्टसं इन्द्रियन
आर्मि प्राइमिनिष्टर याण्ड सुप्रिमकम्याण्डर
इनचिफ कस्य रूक्का — —

स्वस्तिश्री मद्राज कुमार कुमारात्मज श्री सुप्रदिप्त मान्यवर कम्याण्डर इनचिफ् जनरल पद्म सम्सेर जंगबहादुर राणा जी. वी. इ. के. सी. आइ. इ. कस्य पत्रम्— — — — — —

आगे सैनिक द्रव्यकोश वारे कां गर्ने अफिसर अड्डाका हाकिं कारिंदाके यथोचित उप्रांत हाम्रो पल्टनिया जवानहरू उमेरको हद पुगि वा अघि पछि नोकरि छुटि जाँदा स्मेत अैले पाइरहेका षांगि मध्येबाट केहि रूपैंया यो सैनिक द्रव्यकोशमा ज्मा गरिराषि नोकरि छुटि गयपछि स्व ज्मा भयको रूपैंया ली जान पाये नोकरि छुटिगयेका अवस्थामा पनि स्व रूपैंयाबाट जीविका को बाटो रहि सुविस्ता हुने हवस भन्नाका निमित्त यो सैनिक द्रव्यकोश षडा गरि बक्सी

सो विषयमा गर्नु गराउनु पर्ने काम को सवाल तपसिलमा लेखि बक्सेको छ जुंजुंकाम जजस्ले गर्नु पर्ने हो निमकको सोझो चिताइ स्व बमोजिम गर्ने गराउने काम गर — . — — —

पसिल

यो सैनिक द्रव्यकोशमा रूपैया राषनालाई अफिसरदेखि सुवेदारसम्मका जवानहरू गैह्लले दरवंदी बमोजिमको रूपैया राषि जम्मा गर्नामा मंजुर गरिसकेका ले निजहरूको हकमा र अब जम्मा हुनेहरूको हकमा स्मेत हरसाल तिनिहरूलाई सोधिरहनु पर्दैन — — — —१

ज्मादारदेखि सिपाहि वानादारसम्मका मैह्लाका ११ देषि माथीषानेले सैनीक द्रव्यकोशमा रूपैया राषन मंजुर हुने जतिको पनि दरवंदि बमोंजिको रूपैया राषन पाउने गरि बक्सेको छ स्व बमोंजि गर्नालाई जमादारदेखि सिपाहि वानादार सम्मका क. कस्ले सैनिक द्रव्यकोशमारूपैया राषन मंजुर गर्छन साल वसाल बैशाष जेष्ठमा जंगिहाजिर गोस्वाराले पल्टन्पट्टिमा उर्दि सुनाइ यो सैनिक द्रव्यकोशमा रूपया राषन मंजुर गरेका जवानहरूको र अफिसरहरू र पट्टि नठेकीयेका अरू जवानहरूको स्मेत छुट्टाछुट्टै सालको १ पटक १ नंबरका ढाचा बमोंजिको फाराममा लेषिलेषाइ कम्यांडरि कितापसंग रूजु गराई पल्टन पट्टिका अफिसरहरूको र जंगी हाजीर गोशवाराका हाकिम तहरिरको स्मेत सहिछाप गरि गराई जंगि हाजिर गोश्वाराले सैनिक द्रव्यकोसमा पठाउने गर्नु सैनिक द्रव्यकोशले पनि स्व बमोजिम पैल्हे फाराम दि तेस्मा भराइ ल्याइ राषने गर्नु यकफेरा राखि सकनेहरूसंग सोधिरहनु पर्दैन — —२

साल साल जंगि हाजिर गोश्वाराले सैनिक द्रव्यकोशमा दिने १ नम्वरको फाराम आषाढ १५ गतेसम्ममा तयार गरि दिने गर्नु — —३

यो सैनिक द्रव्यकोशमा रूपैया राषने नियमका हकमा हाललाई सालगुरु श्रावण

क़ायेम गरि बक्स्येकाले हरयक साल तलबीको श्रावण मैह्नाका तलव देखि र वाली षानेको पाकीसकेका वाली देखि राषनु पर्छ अघि पछि विचमा कसैले राषन पाउदैन — — — —४

यो सैनिक द्रव्यकोशमा रूपैया राषनालाई पल्टंको वालि तलव क़ारांबाट वालि तलव षाने देहायका दर्जाका जागिर्दारहरूले देहाय बमोजिमका दर्ले राषने दरवंदि गरिबक्स्येको छ दफा दफामा लेषिया बमोजि रितपुऱ्याई राषन लाउनु —५

कम्यांडर कर्णेलके मैह्ना १ को ७५। ले वर्ष १ को मोरू नौसय —९००

चीफ कर्णेल वृगडियर कर्णेल के मैह्ना १ को ७०। ले वर्ष १ को मोरू आठसयचालिस — — —८४०

कर्णेल के मैह्ना १ को ६४। ले वर्ष १ को मोरू सातसय अठसठ्ठि —७६८

ले. कर्णेल के मैह्ना १ को ३६। ले वर्ष १ को मोरू चारसय वतिस —४३२

मेजर कपतानके मैह्ना १ को मोरू २४। ले वर्ष १ को मोरू दुइसय अठासी — — — —२८८

कप्तानके मैह्ना १ को रू १२ ले वर्ष १ को मोरू यक्सयचवालिस —१४४

लेफटें सेकेंलेफटें ८ सुनका तोडा लाउने अैटन् के मैह्ना १ को १०। ले बर्ष १ को मोरू यक्सयवीस — — —१२०

चाँदिको तोडा लाउने अैट्न इन्सायन मेजर सुवेदार सुवेदारके मैह्नाको मोहरू ५ ले वर्ष १ को मोरू साठि — — — ६०

ज्मादार १ के मैह्ना १ को मोरू ३ ले वर्ष १ को मोरू छतिस — ३६

हवल्दार अमल्दार १ के मैह्ना १ को रू २।५० ले वर्ष १ को मोरू तिस — — — — ३०

सिपाहि वानादार १ के मैह्ला १ को रू २। ले वर्ष १ को मोरू चौवीस—२४। यो सैनिक द्रव्यकोशमा ज्मा भैरहेको दाम राजकाज लगायेत कुनै किसिमको षतवात कसुर गरेमा होस वा सर्वस्व हुने कसुर औ सर्कारि रकं कलं लिनु पर्नेमा स्मेत कट्टि र हरण नहुने नगर्ने गराई सर्कार जिम्मा यस सैनिक द्रव्यकोशमारहेसम्म जागिरदारका अंसियार भाई छोराहरू कसैको अंसहक् स्मेत नलाग्ने वंडापनि गर्नु नपर्ने साहुहरूको पनि दावा नपुग्ने जुन जागिरदारको वालि तलबबाट कट्टा भैरहेको छ उसैको र उनले सो जम्मा भैरहेको रूपैया पछि फलानाले पाउने होस पाउन भंने इच्छापत्र गरि राषनेको उसैको मात्र हकभै पाउने छ स्व राषेका दामको साल सालमा आयका आयस्ताको साल साल मिंटि गरि पाउने थप स्मेत जम्मा हुदै जानेछ यो सैनिक द्रव्यकोसमा १ पटक रूपैया राषेपछि कैह्ले राषने कैह्ले नराषने गर्दा हिसाब गोलमाल पारि श्रेस्ता दुरुस्त नरहने हुनाले १ पटक राषेपछि वहाल छंज्यालसम्म संधै राषनु पर्छ यो सैनिक द्रव्यकोसमा जम्मा भयेको दाम र साल्सालको पाउने थप स्मेत पछि फिर्ता पाउने अवस्थामा जागिरदार षडा भयकोमा जागिदारहस्ते र इक्षाइदिलाउनेको इक्षाइपाउने मानिसहस्ते दिने जागिरदार षडा नरहेकोमा र इक्षाइपाउने मानिस स्मेत जीवित नरहेकोम। तलब दफा बमोजि नजिक हकवाला हस्ते यकमुष्ट फिर्ता पाउनेछ भंन्या जंगि हाजिर गोश्वाराले साल साल उर्दि पनि सुनाउने गर्नु – – – – – – – –

यो सैनिक द्रव्यकोशमा राषने रूपैया कट्टि गर्नेमा देहाय बमोजि रितपुऱ्याइ कट्टा गर्ने गरिबक्सेको छ स्व बमोजिम कट्टा गर्नु — —

तलवि पल्टनिया जवानको सर्कारिया रकम् कट्टि आयेबाट कट्टा गर्ने भयाकोले सो रकम कट्टी भै सैनिक द्रव्यकोशको कट्टि गर्न नपुग्ने हुन आयामा सो मैह्लामा अपुरो गरि षंडे कट्टि गर्नु पर्दैन सो कट्टि हुन नपायको स्मेत अर्को मैह्लाको तलवबाट कट्टि गर्ने गर्नु — – – – –१

वालि षाने पल्टनिया जवानको सैनिक द्रव्यकोस कट्टि गर्न आउने वालिको पैह्ला

साल जग्गैबाट कट्टा गर्ने गरि तेजारथ सापटि षाईसकेको भया तिजवानहरूको यो साल कट्टि गर्नुपर्दैन दोश्रो साल्देखि लाई सैनिक द्रव्यकोशकट्टि हुने दरबंदि बमोजि चाहिने जति बाकी रहने गरि अरू अड्डा अड्डाको कट्टा गर्न नपुग्ने अंदाजगरि राखि मात्र तेजारथ सापटि दिने लिने गर्नु अरू अडाले पनि सैनिक द्रव्यकोसको निमित्त रहेको दामबाट कट्टि गर्ने गर्नु हुँदैन – – २

तलवि जवान्को वालि कट्टि भै सैनिक द्रव्यकोशको रूपैया कट्टि गर्न नपायका जवान् पछि तलब स्मेत पाउने गरि वा नपाउने गरि थामियामा तेस्ता जवानको सैनिक द्रव्यकोसकट्टि गर्नलाई देहाय बमोजिम गर्नु – – –३

वाली कट्टा भयेका लाई तलव स्मेत पाउने गरि थामियाको जवान्को सैनिक द्रव्यकोश कट्टि गर्नालाई स्व वाली कट्टी मैह्ना मैह्नाको तलब १ नं. को फाराम घुमिं पाउने नभै ३६ नं को फाराम चलि षाली मैह्ना जतिको तलब यकै चोटि पाउने हुनाले सैनिक द्रव्यकोशको कट्टि गर्नु पर्ने रूपैया जो जति बाकी रहेको छ सबै यकैचोटि कट्टा गर्ने गर्नु – – – – – – १

वाली कट्टि भयाका मैह्नाको तलव नषाइने गरी थामिने जवान संगको सैनिक द्रव्यकोशकट्टि गर्नालाई थामियाका मितिदेखि मात्र तलव षान पाउने सो पाउने मैह्नाकै तलबबाट सैनिक द्रव्यकोश कट्टि गर्नु पर्ने वक्यौता मैह्ना मैह्नाको यकै चोटि कट्टा गर्दा धेरै रूपैया यकै मैह्नामा कट्टि हुन गै जागिरदारलाई मर्का पर्न जाने हुनाले तेस्ता जावानसंग सैनिक द्रव्य कोसको बाकी यकैचोटि कट्टा गर्नु पर्दैन १ मैह्नामा जो जति सैनिक द्रव्यकोसमा राषने दरबंदि भएको छ स्व बमोजिम उस मैह्नाका र वक्यौता १ मैह्नाको कट्टा गर्ने गरिबक्स्येको छ सो बमोजिम भुक्तान नभयेसम्म कट्टि गर्दैजानु – – – –२

वाली षानेसंग सैनिक द्रव्यकोस कट्टि गर्नेमा दसैकिस्ताबाट पुग्नेसंग १ मुष्ट दरबंदी बमोजिम कट्टि गर्ने गर्नु – – – – – ४

वालि षाने भयापनि नगदि मैह्लावारि स्मेत भया सो मैह्लावारिवाट सैनिक द्रव्यकोश कट्टि पुग्ने जवानसंग नगदि मैह्लावारी बाटै कट्टा गर्ने गर्नु – –५

वालिको नगदि मैह्लावारि नभएको र नपुग्ने दसैंकिस्ताबाट कट्टि गर्नालाई पनि दसैंकिस्ता थोरै भै नपुगने औ दसै किस्ता नगदि हुँदै नभयको जवान जतिको हकमा सैनिक द्रव्यकोशमा रूपैया राषन नपुगेजति तेजारथबाट सापटि दिने गरि बक्सेको छ अब उप्रान्त दसै किस्ताको फाराम चलाउँदा सैनिक द्रव्यकोसको दाम वालिबाट कट्टा गर्नु पर्ने जतिको दसै किस्ता नभयपनि सो वसै किस्ताको फाराम्मा नाउँ राषि चलाउने गर्नु तेस्तो दसैंकिस्ताबाट नपुग्ने जवान जतिको सैनिक द्रव्यकोशबाट र सो किस्ताले नपुगेपनि पुरै कट्टि लेखि आउनेछ तेस्ताको नपुग जति वालि तलबको जगेरा मध्यबाट दाषिलगरि उजरातिमा लेखि स्व बमोजिमको रूपैया डाइरेक्टरको दस्तषत गराई तेजारथबाट जागिरदारसंग असुल गर्ने सापटी श्रेस्ता गर्न लगाई हस्तेवारी ली उजरातिमा भर्ना गर्नु तेजारथ वालि तलव ले पनि स्व बमोजिम गरी गराई स्व सापटि गयको असुल गरि तिर्जादिने गर्नु – – – – – – –६

वालिबाट तलविमा सर्नेका हकमा सैनिक द्रव्यकोसमा राषने रूपया दसैंकिस्ताबाटै कट्टिभै सकेको हुनाले सो भुक्ताननभयसम्म तलवबाट कट्टा गर्नु पर्दैन पछिल्ला साल श्रावण मैह्ला देखिमात्र तलवबाट कट्टि गर्ने गर्नु – –७

तलबबाट बालीमा सरूवा हुनेको हकमा अंन्ले भाद्र मैह्लादेखिको तलव फिर्ता हुने हुनाले सैनिक द्रव्यकोसको रूपया तलवबाट कट्टि गर्न नपाउने वालि पछि मात्र पाकने हुनाले तेसता जवानसंग सैनिक द्रव्यकोस कट्टि गर्नालाई तलवबाट मैह्ला मैह्लामा कट्टि भैसकेको जति कटाई बाकी मैह्लाको जोजति चाहिन्छ सो र पछिल्ला सालको स्मेत वालिपाकेको दसैंकिस्ताबाट यकैमुष्टकट्टा गर्ने गर्नु –८

लेषिया बमोजिम सैनिक द्रव्यकोशको रूपैया कट्टि गर्नालाई बालि तलबको १ नं फारामको ढाचामा शैनिक दव्यकोषकट्टि १ महल थपिबक्सेको हुनाले सो फाराम वालि तलबका सवालको रूल बमोजिम रकम कट्टा गरि ल्याइसकेपछि शैनिक

द्रव्यकोषकट्टिलाई सैनिक द्रव्यकोशमा पनि अरू अड्डा सरह लाने ल्याउने गरि बक्सेको छ स्व फाराम आयपछि सैनिक द्रव्यकोशले जंगि हाजिर गोश्वारामार्फत लगत भै आयका १ नं को फाराम- भिडाइ जजसले सैनिक द्रव्यकोशमा रूपैंया राषने लेषियाको छ उसउसका नाउमा सैनिक द्रव्यकोस कट्टिलेषनेषानामा दरवंदि वमोजिमं सैनिक द्रव्यकोशकट्टि रूपैंया टांगि हाकिं तहरिर फाट्वालाको सहिछाप गरि गराइ पठाउनु — — — —८

सो १ नं फाराम्मा सैनिक द्रव्यकोशकट्टि लेषि सकेपछि सैनिक द्रव्यकोसले आफ्नो अड्डाको १ नं फारांमा वालि षानेको वालिका षानामा र तलब षानेको मैंन्हा मैंन्हाको षानामा जम्माजम्मी टांगि जम्मालाई अक्षरले वोलाई सो वमोजिमको रूपया वालि तलव अडामार्फत मुल्कीषाना दाषिल गरि मुल्कीषानाको सहिछाप वालि तलववाट गराई ल्याउने मुल्की षानाले पनि सो रूपैंया छुट्टै श्रेस्ता गरि राषिने हुनाले सो १ नंको फाराम वाली तलवमा पठाई रुजु वालिको यति तलवको यति भंने छुट्याई वालि तलवका हाकिं तहरिरको सहिछाप गराइ ल्याइ सो फाराम्मा लेषिय वमोजिम हिसाव लेजरवुक ३ नंवरका फारांमा चढाउने गर्नु — — — — —९

जंगीवालीतलवको फाराम तेजारथमा पुगी सके पछि तेजारथ वाट जंगिवालि तलवमा पुर्‍याउने गरि वालि तलवको सवाल भयकोमा अवदेषि तेजारथले सैनिक द्रव्यकोशमा बुझाउने गरि वक्सेको छ सो सैनिक द्रव्यकोसमा फाराम आयपछि स्व फारम्मा सैनिक द्रव्यकोशकट्टिलेषि जंगिवालि तलवमा वुझाउनु वुझनु अघि ५ अड्डामा फारां घुमाउनेमा अव ६ अड्डा घुमाउनु परेको हुनाले अघिको रूटिमा १।२ दिं हटाइ वा वढाई फाराम चलाउने वा तलव वाड्ने गर्नू– – – – – –– – –१०

यो सैनिक द्रव्यकोशको साल तमाम् आषाड मसान्तको गर्ने गरी बक्सेको भए-पनि सालतमाम हुने आषाड मैंन्हाको तलव र सो मैंन्हाको मैंन्हावारि नगदी

किस्तावाट कट्टी हुने रूपैया जति अर्का साल्को श्रेस्तामा पार्ने गर्दा सो १ मैन्हाको पुरै अर्को सालका श्रेस्तामा पर्न जाने भयकाले साल तमाम हुने आषाड १ मैन्हाको तलव र नगदि वालिवाट कट्टि हुने रूपैया स्मेत पछिल्ला साल्को श्रावण मैन्हामा मात्र कट्टि भै आउने भयतापनि अघिल्लै सालको जम्मामा पारि श्रेस्तामिलाउनेगर्नु – – – – – – –११

स्व १ नं का फाराम पल्टंपट्टि पट्टिको छुट्टाछुट्टै हुने हुनाले यो सैनिक द्रव्यकोसको रोजनामा आम्दानि षर्च गर्ने ढाचा वमोजिमको ४ नं. को फाराम सो सैनिक द्रव्यकोशमा दाम राषने यो यो पल्टंपट्टिको यतियतिरूपया जम्मा हुन आयाको छ भंने देषिने गर्नालाई ढाचा वमोजिमको २ नंवरको फाराम षडा गर्ने गरिवक्सेको छ ४ नं. को फाराम्मा रोज रोजको आम्दानि षर्च देषाई र २ नं. को फारांमा पल्टन पट्टि पट्टिको वालि र तलवको छुट्टा छुट्टै जमा संम देखाई श्रेस्ता गर्ने गर्नु आम्दानी षर्चका ४ नं. को फारांमा सहिछाप गर्ने र पल्टन पट्टि पट्टीको १ नंवर फाराम्मा सहिछाप पर्ने हुनाले स्व २ नं को फाराम्मा अड्डाको छाप सम्मलाई राषने गर्नु अरूको सहिछाप गराइरहनु पर्दैन – – – – – – – –१२

३ नं को लेजरवुक फाराम्मा सिट्रोल वमोजिम ३ पुस्ते उमेर नोकरि गरेको वर्ष स्मेत लेषने गरिवक्सेको र स्व सिट्रोलको काम कितावषानाबाट गरि आयाको हुनाले स्व ३ नं. को लेजरबुकमा सिट्रोल भर्नालाई कितावषानामा पठाई ३ पुस्ते र उमेर नोकरि गरेको साल स्मेत किताप षानाबाट लेषाइलि सैनिक द्रव्यकोष कट्टि भयको दाम सो ३ नं. लेजरबुकमा टांगि वर्ष दिनपुगे पछि स्व दामको आयेस्ता मिटिंबाट ठहराय बमोजिमको पाउने थप रुपैया स्मेत लेषि अडिटरलाई जचाइ स्व जाचको जम्मा अंकमा अक्षरलेबोलाई अडिटरको निस्सा स्मेत गराईली दुरुस्त गरि राषनु – – – – – – – –१३

लेजरबुक पासबुकमा जागिरदारको सहिछाप गराउने महल स्मेत नभयको हुनाले पासबुक तयार भयपछि कवायेतमार्ग मुष्य जनरलबाट पल्टं पल्टंको कमांडिङ

अफिसरहरूलाई जाहेर गराई ११। पल्टं पल्टंको सहिछाप गराउनु पर्ने मानिस जति बोलाई पासबुकमा र लेजरबुकमा सहिछाप गराई पासबुक जागिरदारलाई दि ३ नं. को लेजरबुक सैनिक द्रव्यकोशमा राषने गर्नु – – – – –१४

स्व ३ नं. को लेजरबुक फाराम पल्टं पट्टि पट्टिको नंबरको रोलैसंग मिलाई पल्टं पल्टंको छुट्टाछुट्टै फाइल गरी षोजेका बषतमा तुरुन्त पाउने गरी हिफाजत साथ राषने गर्नु – – – – – – – – – ——— १५

यो सैनिक द्रव्यकोसमा दाम राषेमा जागिरदार अरू पल्टं पट्टिमा सरूवा बढुवा भयामा जुन मैह्लाको तलबदेखि जुन प्रमोसन पाई सरूवा बढुवा भयको हो वालि तलव बाडने १ नं. को फाराम्मा कम्यांडरि कीतापषानाबाट जनाई पठाउने हुनाले तेस्ता जवानको जुन मैह्लादेषि जुन दर्जाबाट तलब षाने हो सोहि मैह्ला देषि स्व दर्जाका दरवंदि बमोजिम र वालि षानेको जुन सालको जुन दर्जाको वालि षाने हो स्व दर्जाका दरवंदि बमोजिं पुरा गरि कट्टि गर्ने हुनाले ३ नं. लेजरबुक फाराम्मा पनि स्वहि बमोजिम जनाई स्व ३ नं. लेजरबुक फाराम साविक पल्टन पट्टिको फाइलबाट झिकि हाल्का पल्टं पट्टिका फाइल्मा नंवरबाट संग राषने गर्नु — — — — — — — — — १६

स्व सैनिक द्रव्यकोसमा दाम राषने जवानहरूलाई यस वीषयको ... दाम र जागिरदारको हुलिया स्मेत लेषियाको पासबुक बाँडिदि सो पासबुकमा साल वसाल वर्ष दिन पुगेपछि ३ नं. लेजरबुक फारां बमोजिम वर्ष दिनमा ज्मा भयको दाम र मिटिबाट पाउने ठहरायाको थप स्मेत चढाई सैनिक द्रव्यकोसका हाकि तहरिर फाट्वालाको सहीछाप र अडाको छाप स्मेत लगाई जुं जुं जागिरदारको पासपुक हो उसै उसैलाई जिम्मा दिराषनु ———— १७

यो सैनिक द्रव्यकोशमा दाम राषेका जागिरदारहरू वातलागि षोसियमा वा अरु कुनै किसिमबाट बाहाल टुटेमा स्मेत सो कुरा सैनिक द्रव्यकोसलाई थाहा दिना निमित्त कमाण्डरी कितावषाना दर्ता फाँटले थाह पायका मितिले ३ दिं भित्र

यो सैनिक द्रव्यकोशलाई जनाउ दिनु पर्छ सैनिक द्रव्यकोशले पनि स्व बमोजिम कितापषानाबाट जनाउ आयपछि १ नं. को फाराम श्रेस्तामा यो मितिमा यस वेहोराले बहाल टुटेको भंने जनाई हार्किं तहरीर फाटवालाको सहीछाप गराई राषने गर्नु ——————— ——————— ————— – १८

यो सैनिक द्रव्यकोशमा दाम राषने जागिरदारको सैनिक द्रव्यकोश कट्टी लेषि फाराम चली सकेपछि सो मैह्नाको तलब नपाउने गरि षोसिषालि भयमा सो षाननपाउने तलबबाट कट्टी भयको सैनिक द्रव्यकोसको दाम जागिरदारले तलबै नपाउने भयकोले सो दाम पनि नपाउने हुनाले तेस्तो पर्न गयमा तेस्को जनाउ कम्यांडरि कितापषाना दर्ता फाटले सैनिक द्रव्यकोशमा पठाउनु पर्छ सो बमोजि कितापबाट जनाउ सैनिक द्रव्यकोशमा आयपछि सो जनाउ बमोजि जागिरदारले षान नपाउने षाइसकेका मैह्नाको तलबबाट सैनिक द्रव्यकोस कट्टी गर्नको दाम सोहि जनाउको उक्तिपारी फारामा षर्च लेषि मुल्कीषानाको सर्वरकंमा दाषील गरि ३ नं.को लेजरबुक फाराममा पनि स्वहि बेहोरा जनाइ सहिछाप गराइ राषने गर्नु – – – – – – – – – – – – – – १९

यो सैनिक द्रव्यकोशमा रहेको दाम बहाल नटुटि कुनै अवस्थामा पनि फिक्त नपाउने गरि बक्सेको हुनाले माथि दफामा लेषिय बमोजि वाहाल टुटिसकेपछि बाहाल टुटेका कम्यांडरि कितापषाना दर्ता फाट्को जनाउ आइसकेपछि सो दाम लिन आयमा सरजमिं बुझनु पर्ने बाहेक अरूमा लिन आयका मितिले १५ दिं भित्र ३ नंबरको लेजरबुक फाराम बमोजिमको दाम सोहि लेजरबुक फारामा षर्च लेषि दि अरू फाराम स्मेतमा षर्च लेषि श्रेस्ता मिलाउने गरिबक्सेको छ देहाय बमोजि रितपुऱ्याइ दिनु – – – – – – – – – – २०

जागिरदार आफै आइ लिन आउनेमा दामकामे अफिसर साछी राषि षर्च लेषि दि साछीको सहिछाप गराउनु – – –— – — — – १

इक्षापत्रवाला आइ लिन आउनेमा पासबुकमा लेषियको हुलिया स्मेत भिडाई षर्च लेषि दिने गर्नु – – – – – – – – – – – – २

जागिरदार र इक्षाइ पाउने दुबै जिवीत नरहि जागिरदारको हकवालाले लिन

आएमा सरजमिन नबुझि अँन्सवाल बमोजिम नजिक हकवाला ठहरेकालाई षर्च लेषि दिनु - - - - - - - - - - - - ३

जागिरदार आफै वा इक्षाई पाउनेले जिल्लैबाट पाउने भनि दर्षास्त विंतिपत्र पठायामा सो दर्षास्त विंतिपत्र पठाउनेले सो सैनिक द्रव्यकोसमा रहेको दाम पाउने मानिस हो होइन सैनिक द्रव्यकोस्को श्रेस्ता भिडाई हेरि बुझिपाउने ठहरे निजले फिर्ता पाउने रूपैया ढाचा बमोजिमको फाराम्मा चढाई सो फिर्ता पाउने मानिसलाई जुन इलाका मालबाट दिलाउनु पर्छ सो मालको आम्दानि मध्य भनि बेहोरा जनाई सैनिक द्रव्यकोशको श्रेस्तामा उजराति लेषि मुल्कीषाना दाषिल गरी मुल्की षानाको षजांचि हाकिम तहविल्दारहरूको सहिछाप गराइ सो फाराम इलाका मालमा पठाइ दिनु इलाका मालबाट पनि सो फाराम आय पछि सो सैनिक द्रव्यकोस फिर्ता पाउने मानिसलाई षबर दि सो मानिस चिह्ने १।२ जना मानिस साछि राषि पासबुकमा लेषियका हुलिया सहिछाप भिडाइ हेरि मिलेमा निजले पाउने ठहरेको सैनिक द्रव्यकोसले सदर मुल्कीषाना दाषिल गरे बमोजिमको रुपैयामाल्का आम्दानि मध्यबाट दि रूपैया पाउने मानिसको र साछिको स्मेत सोहि ढाँचा बमोजिको फाराम्मा सहिछाप गराई पासबुक स्मेत षिचि सो पासबुक र अधकट्टी फाराम सैनिक द्रव्यकोसमा चलान् गरी पठाई स्व षर्च भएको रुपैया माल्का आम्दानि सदर मुल्कीषाना दाखिल भएको बेहोरा जनाई मालको श्रेस्तामा दाषिला षर्च लेषने गर्नु मुल्कीषानाले आम्दानी बाँधेको मिति र मालबाट दाषिला लेषेको मिति अघि पछि परेमा पक्राउ हुने छैन भंन्या माल्माल्का नाउमा सनद भैजाने छ सैनिक द्रव्यकोसले सो बमोजिं सैनिक द्रव्यकोष कट्टि फिर्ता दिने रुपैया मुल्कीषाना दाषिल गरी ढाचा बमोजिमको फाराम पठायपछि इलाका माललाई तरताकिता गरि अधकट्टि र पासबुक झिकाई अधकट्टिको बेहोरा जनाई ३ नं. लेजरबुकमा बेहोरा जनाई षर्च लेषि सो अधकट्टि ३ नं. लेजरबुकमा टासि सोहि बेहोरा जनाई षर्च लेषि अडिटरलाई जचाइ निस्सा गराई राषने गर्नु अघिबाट मुल्कीखाना दाषिल गरि अधकट्टि आयपछि मात्र श्रेस्तामा षर्च लेषने हुनाले मिति तलमाथि परेमा पक्राउ

हुने छैन - - - - - - - - - - - - - - -४

माथि लेषिया बमोजिं पाउने रूपैया षर्च लेखि दिनेमा ३ नं. पासबुक लेखियाको सहिछाप प्रष्ट नभएकोमा फ़िगर प्रेन्ट जाचनेलाई देखाइ जचाइ मिलेमा निजको स्मेत साइन गराइ दिनु निजले जाचदा पनि छुटचाउन नसकेमा बाहाल वाला लेफटेंसम्मका अफिसर भय १ जना र तेसदेषि मनिका भया २ जनासम्म ज्मानिलिदिने गर्नु - - - - - -५

माथि दफामा लेषिया बमोंमि पाउने दाम फिर्ता गयपछि ३ नं. को लेजर बुक फाराम्मा दाम गैसकेको निस्सा रवरको छाप लाउने गरि बक्सेको छ यौटा छाप देसबाट झिकाई राषि लेषिया बमोजिम दाम फिर्ता गयपछि यो मितिमा यस किसिमसंग दाम गयेको भनि पासबुकमा जनाई ३ मं. को लेजरबुक फाराम्मा सो रवरको छाप स्मेत लगाइ सो फाराम् अडिटरलाई जचाइ साइन गराइ हिफाजतसाथ तामेलि फाइल बनाइ सालसालको छुट्टाछुट्टै राषने गर्नु पासबुकको हकमा ३ वर्षसम्म हिफाजातसाथ राषि चौथा वर्षमा सडाइ विनु - २१

सैंनिक द्रव्यकोसमा रहेको रूपैया इक्षाइ गर्दा इक्षापत्र गरेकै अवस्थामा फलानाले यकलौटी झिकि षानु भंने बोलिपारि लेषेको रहेछ भने सो सैनिक द्रब्यकोसको रूपैया झिकन पाउने भयेका अवस्थामा इक्षापत्र वालाले झिकीयकलौटी षान पाउछ यकलौटि षानु भंन्या नलेषियाका कलं जातिलाई इक्षापत्र पाउने मानिसले झिकिलीनसम्म पाउछ यकलौंटि षान पाउदैन भन्या अैंपनि जारि हुने भयको हुनाले सो वेहोरा सैनिक द्रव्यकोसमा रूपैया राषनेहरूलाई जंगि हाजिर गोस्वाराले पल्टंपट्टि पट्टिका अफिसरहरू मार्फत सुनाउन लाउनु- - -१२

३ नं. को लेजर बुक फारामा लेषियाको इक्षाइ पाउने मानिस बदल्नु पर्ने भएमा दामकामे अफिसर साछी राखी कम्यांडरिकितापषाना दर्ता फाट्ले बदल्ने गरिबक्सेको छ तेस्तो इक्षाइ पाउनेमानिस वदल्नु परेमा कम्यांडरि कितापषानामा गै वदल्नु भंने जंगी हाजिरीगोस्वाराले पल्टं पट्टि पट्टिका अफिसरहरू मार्फत स्व सैनिक द्रव्यकोसका रूपैया राषनेहरूलाई र्जाद पुर्जि गरि दि स्व बमोंजि इक्षाइ पाउने मानिस वदल्ने गर्नु स्व इक्षाय पाउने मानिस वदलियेको सैनिक द्रव्यकोस-

लाई क. कि. दर्ता फांटले जनाउ दिनु पर्छ सो बमोजिम जनाउ अएपछि सैनिक द्रव्यकोसले पनि लेजरबुक ३ नं. फाराम्मा जनाइ हाकिं तहरिर फाटवालाका सहिछाप गरि गराइ राषने गर्नु – – – – –२३

सैनिक द्रव्यकोशमा रहेको दां फिर्ता पाउने भयपछि पासबुक षिची हुलिया सहिछाप भिडाई सैनिक द्रव्यकोसको फिर्ता दिनेगरिबक्सेको हुनालेसो पासबुक नहराइ जतनसाथ राषनु कदाचित हराये वेपत्ता भयो भने सैनिक द्रव्यकोसमा दर्षास्त दिनु र सोहराय वेपत्ता गरेवापत् फिपासबुकको ।२५ पचिस पैसाका दर्ले जरिवाना गरि अर्को गरिदिनि छन पासबुक नभै दाम पाउने छैनौ भंन्या जंगि हाजिरगोस्वाराले पल्टंपट्टिका अफिसरहरू मार्फत सैनिक द्रव्यकोशमा दामराषनेहरूलाई उर्दि सुनाइ राषनु सो बमोजिम् पासबुक हराय वेपत्ता भय अर्को गरिपाउ भनि दर्षास्त दिन आयमा स्व पल्टंपट्टिका अफिसर बुझि पास बुकमा पाउने मानिस उही हो रहेछ भने हराय वापत फीपासबुक मोरू ।२५ पचिस्पैसा जरिवाना गरि ली अघिको हराउँदा अर्को गरिदिएको भंने वेहोरा जनाइ ३ नं. लेजरबुक फारां बमोजिमिलाई अर्को पासबुक दि ३ नं. लेजरबुक फाराम्मा पनि स्वहि वेहोरा जनाइ राषने गर्नु सो जरिवाना वापत आयको दाम ४ नं. को फारांमा आम्दानि वाधि सैनिक द्रव्यकोश दाखिल गर्नु – – – – – –२४

यो सैनिक द्रव्यकोशमारहेको दाम वहाल टुटेका जनाउ आयेका मितिले ६ मैह्ना भित्र पनि लीन नआया जागिरदार महजुद भयकोमा जागिरदारका घरमा र जागिरदार महंजुद नभयकोमा इक्षाइ पाउनेका घरमा सो फिर्ता पाउने दाम अब ६ मैह्ना भित्र लिन आउनु भंने ३५ दिं भित्र सैनिक द्रव्यकोसले म्याद टास्नु टास्न लाउनु पर्छ स्व म्याद टासियका ६ मैह्नाभित्रपनि लिन नआय सो नआउने जतिको ३ नं. लेजरबुक छुट्टै वक्यौता फाइल गरि राषि लिन आय आयका वषत सवालको रित पुप्याई षर्च लेषि दिने गर्नु – – –२५

यो सैनिक द्रव्यकोशमा रहेको दाम झिकने अवस्था पुगिसकेकाले झिक्न नपाउँदै जागिरदारले लिनेमा जागिरदार इक्षाइ पाउनेमा इक्षाइपाउने मानिस पनि मरि अरू इक्षाइपाउने वदलि नसकेकोमा नजिकको हकवाला कार्ये गर्नु पर्दा औं

वमोंजि नजिकको हकवाला कार्ये गर्ने गर्नु — — — २६

यो सैनिक द्रव्यकोसमा रहेको दाम कुनै फाइदा हुने काम्मा लगाइ तेसबाट आयको फाइदामा यस काम निमित रहने मदतको षर्च मध्ये पल्टनबाट र अड्डाषानाबाट काज षटि आउने हाकिं अफीसर हुदा सिपाही वाहेक अरूकाम्दार कारिंदा मसलंद षर्च कटाई जो वाकि रहंछ स्व दाम यस सैनिक द्रव्यकोसमा दाम राषनेहरूलाई नै दामासाहीबाट ठहरे वमोजिम थप दिने गरि वक्सेको छ वर्षको १ यक पटक स्व दामबाट आयको फायदा र यस कामको षर्च औ वाकि वचौट् स्मेत देखिने गरि नं का फाराम षडा गरि मिटिंमा पेस गरि येति थप दिने भन्या कायैं गर्नु स्व कार्ये भयाका दर मिटिं भयपछि मिटिं भयाको वेहोरा डाइरेक्टरले हाम्रा हजुरमा जाहेर गर्ने गर्नु सदर भयाका दरको सनद पुर्जि गराइरहनु पर्दैन — — — — — २७

यो सैनिक द्रव्यकोसमा ज्मा हुन आयाको दाम व्याङ्कमा वा अरू कुन काम्मा लगाया ठिक पर्छ वर्ष १ को १ पटक सालको सुरू मैन्हामा मिटिङ गरि कायम भयको राय हाम्रा हजुरमा जाहेर गरि हामिबाट सदर वदर जो गरिवक्सींछ स्व वेहोरालेषि हाम्रो र श्री कम्यांडरइनचिफको स्मेत सहि निसाना गराइ राषि सो सदर गरि वक्से वमोजिम् गर्ने गर्नु तेस्मा मिटिंका अफिसर मेम्वरहरूको सहिछाप पर्ने हुनाले षड्गनिसानाका हाकिंहरूको पुछ्रेछाप लगाइ रहनु पर्दैन वर्ष दिनलाई निकासा भयको ठाउ वाहेक अनेत्र पठाउनु पर्ने देखियो भने फेरि मिटिङ गरि ठहरेको वेहोरा जाहेर गरि निकासा भय वमोजिम गर्नु – २८

यो सैनिक द्रव्यकोशमा ज्मा भयको दाम मिटिं सदरवाट जुंकाम् मिलाउने ठहरिंछ स्व काम्मा लगाउनालाई सैनिक द्रव्यकोसको आम्दानी मोहरू मात्र भयको हुनाले मोहरको नोट् कंपनि सटही गर्नु परेमा मुल्कीषानाको दर घटवढ भयपनि नोट् सटहि गर्नेमा सैका २८ अठाइस कंपनी सटहि गर्नेमा सैका २५ पचिसका दरले सटही गर्ने गरिवक्सेको छ यस कामको जग्गा मध्य चाहिने अंक स्मेत किटि सैनिक द्रव्यकोस्का हाकिं जिम्मा जिम्मावारि दिनु भंन्या मुल्कीषानाका नाउमा डाइरेक्टरकोदस्षत गराइ स्व वमोजिम जिम्मा वारी लि मिटिङ

सदरबाट ठहरे वमोजिमको कामकाममा लगाउनु मुल्कीषानले पनि स्व वमोजिम सटहि गर्नु पर्नेमा सटही स्मेत गरी सैनिक द्रव्यकोसका हाकिम जिम्मा जिम्मावरि षर्च लेषि दिने गर्नु — — — — २९

यस सैनिक द्रव्यकोसको काम निमित्त सापट आयको भुक्तान भयपछि मैह्ना मैह्नामा जम्मा हुन आयाको दाम डाइरेक्टरका तजविजले मौज्दात थामने भयाको कट्टा गरि वाकी अर्को मैह्नाको १५ गते सम्ममा डाइरेक्टरको दस्षत गराइ मुल्कीषानाबाट सैनिक द्रव्यकोसका हाकिमले जिम्मावारि ल्याइ सवाल वमोजि गर्ने गर्नु - - - - - - - ३०

यो सैनिक द्रव्यकोसको काम व्यांकमा पठाउने मिटिङबाट पास भै व्याङ्क व्याङ्कमा पठाउदा व्याङ्कको दरवंदि वमोजिम चाहिने रूपैयासम्म रहने र वषत वषतको दरफरक पर्ने हुनाले व्याज आउने दाम यतिनै हो भंन्या अगावै थाहा नहुने हुंदा पहिले व्यांङकमा रूपैया भयको उजरातिमा जनाइ व्याङ्कबाट हिसाव आयपछि व्याङ्क व्यांङ्कमा रहेजतिको सो व्याङ्क व्यांकबाट व्याज आउने गरिरहेका मितिदेषित्तेगरि सदर फाराम्मा श्रेस्ता गरि वाकी रहेको जति फिक्स डिपोजिट वा करेन्ट यकाउन्ट जुनमा रहेको छ स्वहि वमोंजि श्रेस्ता गरि उजरातिमा षर्च लेषि श्रेस्ता मिलाउने गर्नु - - - - -३१

मिटिं वमोजिम पाउने थपको हिसाव गर्नालाई देहाय वमोजिम गर्नु - -३२

वाली षाने जवानहरूको वालीवाट कट्टा गर्ने भयापनि नगदि मैह्नावारि हुनेहरूको मैह्ना मैह्नामै सैनिक द्रव्यकोस कट्टी हुने र नगदि मैन्हा वारिनहुनेहरूको दसैंकिस्तावाट १ मुष्ट पेसकिकोरूपमा कट्टा हुने हुनाले वालि षाने मध्ये मैन्हा वारिवाट कट्टा हुनेवाहेक दसैंकिस्तावाट कट्टा हुने अर्थात पेस्कीकोरूपमा कट्टा भयाको जति छुट्टै देखिने गरि हिसाव वनाउनू - - - -१

तलवि जवानको हकमा १२ मैह्ना पुगेपछि ज्मा पुगन आउने र उस्मा पनि वालिकट्टिभै पछि भर्ना हुने र प्रमोशन पाइ सरूवा हुनेको र कुनैको रकं कट्टि भयको वा कट्टा गर्न नपुगेको रूपैया पछिल्ला मैन्हाको तलववाट कट्टा गर्ने गरिवक्सेकोले तेस्ता जवानको अरू सरह यकनाससंग नरहने भयकाले तेस्तालाई पाउने थप

यकनास नहुने हुनाले तेस्ता अघिपछि परेका मितिवारको हिसाव गरि मात्र थप कायें गर्नु पर्ने होतपनि तेस्तो हरहिसाव गरि रहदा थपको दर वेग्लावेगलै हुन आउने हुनाले तेस्तो परेवाट थोर वहुत कुनैलाई फायदा कुनैलाई नोकसान पर्ने भयपनि तेस्तो हिसाव गरिरहनु पर्दैन तलवि जवानको खाली मैह्ना वारी कट्टी हुनेहरू सवैलाई यकै सरह थप कायें गर्ने गर्नु — — — —२

लेषिया वमोजिम्को हिसाव कायम् भएपछि सो जवान वाली तलविवाट जम्मा भयाका दामको आयस्तावाट थपकायेम गर्दा वालि वाट कट्टा हुने जतिको पेस्कीका रूपबाट कट्टिभै आउने तलवी खालि भयेपनि मैह्लावारि वालिवाट कट्टा हुनेको स्मेत १२ मैह्लाको कट्टी भय पछि मात्र जम्मापुगन आउने हुदा सो दुवैलाई यकै मिलान्को थप पाउन मुनासिव नपरेकाले पेस्कीका रूपबाट वालि षानेहरू मध्ये दस किस्ताबाट यकमुष्ट कट्टिट हुने जतिलाई डवल तलववाट कट्टा भयेकालाई तेस्को आधाका दर्ले मात्र थप पाउने गरिवक्सेको ले स्व वमोजिम् मिलाई थप पाउने अंक निकालि मिटिंमा पेस गरि मिटिं सदर भय वमोजिम् थप पाउने अंक यकिनगर्नेगर्नु — — — — —३

मिटिं नहुँदै मरेका वा वाहाल टुटेकालाई विचमा कसैलाई दाम दिनु पऱ्यो भने अघिल्ला सालको मिटिंको दर कायेम गरी वाहाल टुटेका मैन्हासम्मको पर्न आउने थप स्मेत राषि दिनु तेस साल्को मिटिङ गर्दा सोथप गएको आयस्तामा कट्टा गरी वाकिबाट थपको यकिन गर्ने गर्नु — — — — — — —४

फायदा हुने काम्मा लगायको र व्यङ्क व्यङ्कमा रहेका रुपैयांको आयेस्ताको हर हिसाब फछ्र्याउनालाई गोलमाल नपर्ने गरी प्रति वर्ष जुंजुंन लगानी व्याङ्कबाट जुन्जुन मिति तारेषमा व्याज रसीदको पुग्छ त्यो त्यो मितिको पानामा डायेरि कीतापमा लेष राषि अगावै हेरि सुद लिने थामने झिकने जो वंदोवस्त गर्नुपर्छ गर्नु वषतमा रसीदहरू नगै व्याजको नोक्सान हुन नपावस यो सैनिक द्रव्यकोषको दाम कुनै फाइदा हुने काम्मा र कुनै व्यङ्क व्यङ्कमा रहन गएको हरहिसावको छुट्टाछुट्टै फाराम तेस्ता नभयामा पछि सालतमांभयापछि हरहिसाब मिलाउनालाई गोलमाल पर्ने हुनाले फाइदा हुने काम्मा र व्यङ्क व्यङ्कको औं

अरू रकम रकमको छुट्टा छुट्टै देषिने गरि श्रेस्ता षडा गरि हिसाव कीताप सफा दुरुस्त राषने गर्नु – – – – – – – – – – – –३३

सैनिक द्रव्यकोसको कामलाई सनद दरवंदि बमोजि षर्च गर्नु पर्ने तलब मसलंद इत्यादि र सो सैनिक द्रव्यकोसको दाम फिर्ता दिने कामस्मेत मुल्कीषानाबाट जिम्मावारी आयेको रूपैंया मध्येबाट सैनिक द्रव्यकोसले ढाचा बमोजिमको फाराम्मा आम्दानी बाँधी खर्च गर्नु सैनिक द्रव्यकोसको आम्दानीबाट षर्च गर्नु हुँदैन मुल्कीषाना दाषिल गर्ने गर्नु – – – – – – – – ३४

यो सैनिक द्रव्यकोसको दाम व्यङ्क स्मेत कुनै ठाउँमा पठाउनु पर्ने भयमा तेसलाई लागेको इन्सीयोर षर्च डाइरेक्टरको दस्तखत र रसिद वमोजिम सैनिक द्रव्यकोसबाट षर्च लेषि दिनु दस्षत र रसिद भर्पाई भीडाई मिन्हा होला मसलंद फुटकर षर्च जति छुट्टै कितापमा लेषि राषी मैन्हा मैन्हा दिन जम्मा गरी यकै पटक षर्च लेषि अडिटरको साइन गराई राषनु अडिटरको निस्सा हेरि मिन्हा हुने छ – – – – – – – – – – – – – – ३५

यो सैनिक द्रव्यकोसको दाम व्यङ्कमा र अरू काम्मा रहदा स्मेत श्री ३ महाराज श्री प. क. ज. यस काम्को डाइरेक्टर औ मुल्कीषानाका षजांचिका नाउमा राषने गर्नु – – – – – – – – – – – – –३६

यस कामको रूपया व्यङ्कमा लगानी भई व्यङ्कबाट षरिद भै आयको प्रामेसरी नोट् डिवेंचरी सेर इत्यादि र व्याङ्क व्याङ्कको रसिदहरू स्मेत आयमा मुल्कीषाना संग दोहरि गरि राषने गरिबक्सेको छ दोहरि षडा गरि राषने राषन लाउने गर्नु – – – – – – – – – – – – – – ३७

यो सैनिक द्रव्यकोष कट्टि भै जम्मा भयाका रूपैया मध्यबाट आयस्ता निकाल्ना लाई प्रामेस्वरी नोट वा डिबेंचर सेरवाडन इत्यादि षरीद गर्दा फाइदा हुने काम्मा लगाउदा स्मेत मिटि सदरबाट ठहरे वमोजिम गर्ने गरि बक्सेको र सो कामबाट जतिसुकै बढी फाइदा भयपनि यो सैनिक द्रव्यकोसमा दाम राषनेहरूले दामासाहीबाट थप पाउने हुँदा सो फाइदा हुने काम्मा लगायाको र षरिद भयाकोमा कुनै किसिमले षरिद भयाका प्रामेसरि नोट् डिवेंचर सेरहरूको

वेंकका दर घटि वढी परेको वषत घटीको दरले विक्री गर्नु परेमा र लगायाको कामवाट नोक्सान परेमा स्मेत मिटिंवालाहरू स्मेत कसैले जवाफदेही हुनु पर्ने छैन – – – – – – — — — ३८

साल तमाम भयपछि यस कामको आम्दानि जति रकं रकंको देषिने गरी जम्मा जम्मि लेषि षर्चमा पनि रकं रकंको छुट्ठाछुट्ठै देषिने गरी जम्मा जम्मी लेषि वाकि फाट स्मेत देषाइ तेरिज फाराम षडा गरि अडिटरलाई पास गराई निजको स्मेत सहिछाप गराई अडिटर मार्फत डाइरेक्टको दस्षत स्मेत गराई षोजि भयमा पाउने गरि हाल्साविक भयामा बुझबुझारथ स्मेत चलाउने गरि सैनिक द्रव्यकोसमा हिफाजत साथ राषने गर्नु — — — —३९

२ नंवर फाराम्को जम्मा जम्मामा वाली तलबको फाराम भिडाइ वालि तलवका हाकिको मात्र छाप लगाइ ल्याउने हुनाले सो २ नंका फाराम्मा लेखियावमोजिं मुल्की षानाको श्रेस्तामा आम्दानि वाधेको छ छैन सो र यस सैनिक द्रव्यकोसको ढाचा वमोजिमको श्रेस्ता दुरुस्त गरि राषेको छ छैन सो स्मेत हेरि वुझि भिडाई ल्याउनालाई वरावर अडिटरको मानिस मुल्की षानामापठाइ हेरि वुझि भिडाई वालि तलव ले सहीछाप गरि दिय वमोजिं मुल्कीषानाले आम्दानी वाधेको मिलेमा सो २ नंवर फाराम्मका ज्मा जम्मा अंकलाई अक्षरले वोलाई अडिटरले पनि सहि निसानगरिदिनु सैनिक द्रव्यकोसवारे मुल्कीषानाले दस्तुर मुताविक श्रेस्ता तयार गरि नराषे अडिटरले तयार पनि गर्न लगाउने गर्नु मुल्कीषानाले पनि यो सैनिक द्रव्यकोसवारे छुट्टै श्रेस्ता गरि श्रेस्तादुरुस्त गरिराषने गर्नु — — — — — — — — — — — — — —४०

यो सैनिक द्रव्यकोसको काम्मा मिटिङ गर्नु पर्दा देहाय वमोजिमको जवान श्री प. क. ज. का ढोकामा सामेल भै मिटिं गरने गरिवक्सेको छ स्व वमोजिम मिटङ गरि सो मिटंमा ठहरेको वेहोरा वा कमाण्डर इनचिफ मार्फत हाम्रा हजुर्मा जाहेर पनि गर्ने गर्नु मिटि गर्दा देहायका जवानमा ५ पाँच जना भंदा घटाइ मिटिंग गर्न हुंदैन मिटिंको उर्दि दियपछि मुनासिव माफिकको षवर पनि नपठाइ सामेलपनि भयनभने सो दिन गैर हुने छ गैरको लगत पठाइदिनु—४१

श्री प. क. ज. ------------------------------------ ---१

श्री पु. क. ज. --१

श्री मान्यवर प्रवल गोर्षादक्षिणवाहु गुरुराज हेमराज पंडितज्यू सि. आइ. इ –१

श्री मान्यवर प्रवल गोर्षादक्षिणवाहु वडाकाजि मरीचीमानसिं सि. आइ. इ~ –१

चीफ कर्णेल डम्वर सम्सेर थापा क्षत्रि सि. आइ. इ – --- --- --१

मान्यवर कर्णेल भक्तबहादुर वस्न्यात क्षत्रि -- -- -- -- --१

मान्य सर्दार हरिगोपाल-- -- -- -- -- -- -- ---१

ले. क. अनन्त सम्सेर थापाक्षत्री -- -- -- -- -- -- --१

मुल्कीषानाको हाकिम् - - - - - - - - - - - -१

जंगी अड्डाको काममा मुक्रर भयाका मुषे अफिसर - - - - - -१

जंगी अड्डाको सिविल हाकिम - - - - - - - - - -१

जंगी अड्डाका मुष्य अफिसर र सिविल हाकि दुवै जनामा १ जना पनि आउन नसक्ने भयमा तेस मनिको - - - - - - -- - - -१

व्याङ्क संग अंग्रेजी लेषापढी गर्ने र तेस्को हिसाव राषने स्मेत इत्यादि अंग्रेजी तर्फको कामकाज सवै सो काम गर्न मुक्रर भयेकाले गर्नु गराउनु – – –४२

यो सैनिक द्रव्यकोसकट्टि भैरहेको दाम माथि छ दफामा लेषियवमोजिम राजकाज लगायत कुनै किसिमको षतवात कसुर गरेमा होस् वा सर्वस्व हुने कसुर औ सैनिक द्रव्यकोसमा रहेसम्म जागिरदारका अंसियार भाई छोराहरू कसैको अंसहक स्मेत नलाग्ने वंडा पनि गर्नु नपर्ने साहुले पनि उजुरदि झिक्न नपाउने गरिवक्सेको हुनाले अड्डाषाना लगायत कसैले सो दाम वाकि मा र साहुहरूकोलेनामा भर्ना गर्नलाई मागे पनि दिनु पर्दैन नदिनु – – – – – – – –४३

यस सैनिक द्रव्यकोस कट्टि आम्दानी खर्चको श्रेस्ता फारामहरू वहि बुझ्ने कुमारीचोकमा दषील गर्नेको सट्टामा वहि बुझ्नेको रूलसंग अडिटर अड्डाले जाची बुझि दरवंदि र डाइरेक्टरको निस्सा वमोजिम भीडाइ अडिटरले निस्सा लगाइ दिय बमोजि सैनिक द्रव्यकोशले मिन्हा पाउने गरि वक्सेको हुनाले दफा दफामा लेषिया वमोजिम रितपुर्‍याइ काम भए नभएको र भिडानु पर्ने श्रेस्ता

भिडाई अडिटरले जाचि बुझि निस्सा लगाउने गरिबक्सेको छ सो वमोजिम गर्नु गराउनु यस कामको श्रेस्ता वहि बुझने कुमारिचोक दाषिल गराइ रहनु पर्दैन — — — — — — — — — — — — — — ४४

यो सैनिक द्रव्यकोशको काम्काजगर्नालाई दफा दफाका सवाल्मा हाम्रा हजुरमा जाहेर गर्नु भन्य लेषियाको र डाइरेक्टरका तर्जविजले हाम्रा हजुरमा जाहेर गर्नु पर्ने देषियको कलंसम्मलाई हाम्रा हजुरमा जाहेर गरि निकासा भया वमोजिम गर्नु स्व देखि वाहेक अरू कलंमा डाइरेक्टर छेउ जाहेर गरि ठहरे वमोजिकाम चलाउनु मिटिंगर्न र जाहेर गर्नु पर्दैन सवाल थप घट गर्नु पर्ने जति कौशलमार्फत षड्गनिसाना गराई लिनु फारां श्रेस्तासम्म अदल बदल गर्नु परेमा कौशललाई जचाई सदर भय वमोजिमकाम चलाउने गर्नु— — — ४५

यस सैनिक द्रव्यकोश वारेको निकासपुकास गैह्र डाइरेक्टरमार्फत गर्ने गरि वक्स्यको छ अरू द्वारा जाहेर गर्नु गराउनु पर्दैन निकासा लिनु पर्ने काम परी आयामा सैनिक द्रव्यकोशले अडिटर स्मेत राखि डाइरेक्टर छेउ जाहेर गरी निकासा भय वमोजि गर्नु यस सैनिक द्रव्यकोशको काम्मा डाइरेक्टरको निकासालेपुग्नेमा दस्षत गराइ र २ छापे गर्नु पर्नेमा डाइरेक्टरको दस्षत गराइ हाम्रो नेफीछाप लगाइ सदर गराउनु षड्ग निसाना गर्नु पर्ने जतिमा डाइरेक्टरको दस्षत गराइ श्री कम्यांडर इनचिफकाहा साधि मौसुफ कम्यांडर इनचिफको स्मेत छाप लगाइ तेसैं सैनिक द्रव्यकोशवाट षड्गनिसाना अड्डामा पठाई सदर भै आया बमोजिम गर्ने गर्नु — — — - — — — — ४६

दफा दफामालेखिया वमोजिम काम गर्दा नोक्सान र वाधा विरोध पर्ने देखियो भने सो हुन नपाउदै जाहेर गरि निकासा भए वमोजिम गर्ने गर्नु — — ४७

कामकाज गर्दा माथि दफादफामा लेषियका कुरालाई दफा दफामा लेखिया बमोजि र अरू कुरालाई जारि भइरहेका अैसंवाल बमोजिम गर्नु गराउनु - ४८

इति सम्वत १९९१ साल आश्विण १७ गते रोज ४ शुभम् - — - — -

मसलन्द

श्री सुप्रदिप्त मान्येवर पु. क. ज. ववर शम्सेर जंगवहादुर राणा जी.
वी. ई केसियस आई. केसि. आई. ई आनरेरी कर्णेल
वृटिश आर्मि नेपाल प्रताप वर्धकवाट

सैनिक द्रव्यकोसका हाकिम कारिन्दाले पुर्जी हेरी तपसिलका अड्डा अड्डालाई विछ्यौना वा टेविल वेचहरू तयार गर्ना के तपसिल वमोजिमको रूपयां हाम्रा दस्षत् वाट षर्च गर्ने गरी निकासा भैरहेको विछ्यौना तयार गर्नाके हाललाई तपसिल वमोजिमको मोहोर १०५। यक सय पाच रूपयां श्रेस्तामा षर्च लेषी दिनु – – – — – – – – — – – –

तपसिल्

सैनीकद्रव्येकोस अडीटरके निकासा भयको मोहरू ४०। मध्ये मोहोरू ----२५।
सैनिक द्रव्यकोसके निकासा भयको मोहरू १२०। मध्ये मोहोरू ----- ८०।

१०५

इति सम्वत् १९९१ साल मार्ग ४ गते रोज २ शुभम् -- -- -- --

श्री पु. क. ज.वाट

सैनिक द्रव्यकोस अड्डाका हाकीं कारिंदाले पुर्जी हेरी सैनिक द्रव्य कोस अडिटर आफीस भंन्ये १ र सैनिक द्रव्यकोस भंन्ये १ स्मेत छाप २ कटाउंदा तपसील वमोजींको रूपयां लागेका ले ईनजीनियर फाट्को वील स्मेत यसैसाथ पठाईं दियाको छ सो वील् वमोजींको मोरू ४।१६ पठाइ दिनु भंन्ये स्मेत सदर टकसार वही बुझाउने फाट्ले लेषी पठायाको वेहोरा जाहेर भयो सो विल बमोजिम को मोरू ४।१६ चार रूपया सोह्र पैसा हाम्रा दसषत्वाट षर्च गर्नें गरी निकासा भयाको कं रू १००० वाट सवाल सनदको रितपुऱ्याई षर्च लेषी दिने कां गर

तपसिल्

सैनीक द्रव्यकोस अडिटर आफिस भंन्ये ढलौट मा अछेर काटी फलामे वीड् भयको छाप कटाउंदा लागेको मोरू – – – – –२।०८

सैनीक द्रव्यकोस भंन्ये फलामे वीड् भयाको पीतले ढलौटे छाप् कटाउदा लागेको मोरू – – – – – – – – –२।०८

४।१६

ईतिसम्वत् १९९१ साल मार्ग २० गते रोज ४ शुभम् — — —

* * *

सरूवा भै जानेको कोष कट्टि

आगे वन्दीपुरमालका हाकीं कारिन्दाके यथोचीत् प्रप्रांत तपसील्मा ज्वां तपसीलका ठाउँ ठाउमा खटी गै रहेकोले निजहरूले कामकाजगरी पकाएको तलव सो माल्मालका मौज्दात्वाट खाने हुनाले याहा पाउने तलव एस अडावाट मुल्कीखाना दाखील् गर्नु भंन्ये एस अडामा आडर भै आएजतीको दाखिल् गरी आएकोमा ९१ साल् श्रावण मैन्हादेखि तेस अडाको प्रोभिडेण्ट फण्ड कट्टि भएको हुनाले सो श्रावण मैन्हादेखि सुवेदारसम्मका दर्जालाई फण्डकट्टि गर्ने मंजुर भै सोकट्टि गरी फारां चलाई पठाए वमोजीं दाखील् गरीसकेको र निजहरूले मालमौज्दात्वाट तलव खाने गरी दाखील् गरेको भै सो फण्डकट्टी गरीं वाकी मात्र एसअडावाट मुल्कीखानादाखिल् भएको हुनाले पुरा दाखील् नहुनेमा जागीरदारले पनी एस उस तर्फवाट दोहरो पुरा तलव खाई सरकारको नोक्सान् पर्न जाने हुनाले सो जिल्लाका नाउँमा खटि गएका ज्वांलाई सो मैन्हासम्मको एति एति रूपैंया फण्ड कट्टि गरी मात्र तलव खुवाउन भंन्ये र लेखिया देखि वाहेक अरू ज्वां पनि खटि गै रहेका ठाउवाट तलव खाने गरी सदरवाट पाउने मुल्कीखाना दाखील् गर्नेगरी निकासा भैरहेका ज्वां को हकमा वुझी निजहरूको स्मेत् फण्ड कट्टि गरी तलव खुवाउनु भंन्ये जुं जुं अडाका नाउमा आडर पुर्जी गरी पठाउनु पर्छ चाडो निकासा गरी पठाउनु भंन्ये निकासा पाउ भनी जंगी वाली तलव जाच अड्डाका हाकीं सुव्वा हिरामान् गुभाजुले जाहेर गर्न आएको वेहोरा जाहेर भयो तसर्थ खटिएका ज्वांको तपसिल्का माल माल्का नाउमा र सोदेखि वढी

जील्लावाट तलव खाने गरी सदरको पल्टंको तलव मुल्कीखाना दाखील हुने गरी भैरहेको र अव हुनेलाई स्मेत जो वन्दोवस्त गर्नु पर्छ जागेरदारले फण्ड कट्टि नभै खाननपाउने किसं संग तुरूंत निकासा गरी पठाउने कां गर भंन्ये ९१ साल् मार्ग १३ गते ४ मा शैनिक द्रव्यकोसका नाउमा श्री पकज को दस्खत् भै आएको र शैनिक द्रव्यकोसमा दाम रहेका ज्वां मध्येमा सदरको वाली तलब मुल्कीखाना दाखिल् गरी जील्लाबाट वाली तलव खाने गरी निकासा भएको को को छ भनी वाली तलव कंपु दफदर तिर्जा अडालाई पुर्जी लेखेमा तेसअडावाट वाली तलव खाने तपसील्का ज्वां को फाट् पठाएको बेहोरा सैनिक द्रव्यकोस मार्फत जाहेर भयो पल्टंनीया ज्वां मा अफीसर देखि सुवेदारसम्मका सवै ज्वांन्को र सुवेदार देखि मुनि सीपाही थानादारसम्मका ज्वां मा सैनीक द्रव्यकोसमा राखन मंजुर हुने जतीको तपसील्कादरवंदीले वाली खानेको ९१ साल का वाली देखी र तलव खानेको ९१ साल् श्रावण मैन्हादेखिको तलववाट सैनिक् द्रव्यकोसमा ज्मा गरी सो दाम नोकरी छुटेपछी एकमुष्ट पाउने नयां वन्दोवस्त गरी तपसील्का ज्वांको तपसील् वमोजींको दाम् नीजहरूको पाउने वाली तलववाट कट्टा भै सैनीक द्रव्यकोसमा ज्मा भएको हुनाले नीजहरूको सदरवाट पाउने वाली तलव मुल्कीखाना दाखील् गर्दा वाली खानेको ९१ साल्का वाली देखी र तलव खानेको ९१ साल् श्रावं मैन्हादेखीका तलववाट सैनिक द्रव्यकोसवाट कट्टि हुने तपसील् वमोजींकोदाम् कट्टि गरी वाकी मात्र मुल्कीखाना दाखील् हुने भयाको हुनाले तेस अडावाट पनी सो तपसील्का ज्वांको वालीतलव खुवाउदा नीजहरूले पाउने वाली तलवमा सैनिक द्रव्यकोसमा रहने भया यो तपसील् वमोजींको दाम्कट्टा गरी वाकी मात्र खुवाउन श्रावणदेखि आजसम्म खाई सकेको जतीलाई सोहीहिसावले कट्टि हुने जती वढी खाएको छ उती फीर्तालि आम्दानी वाधनु सो वमोजीं कट्टि नगरी वढी खुवाएको ठहरे तेस अडाले वुझाउनु पर्ला ।

तपसील्

तेस वंदिपुरमाल्वाट तलव खाने गरी मीलसिया वालीमा खटि आएका नं गो कप कुंर्सीवानीया १ के ९१ साल् श्रावणमैन्हा देखि मैन्हा १ को मोहरू १२। वाह्र

का दर्ले कट्टि गरी लीने — — — — —१

वेहोरामाथीको सदर

वीरगंज पर्सामाल्के

वीरगंज व्यारेक मा खटि आएका ५५७ सु. नरेन्द्रवहादुर वस्नेत् छेत्री चोभार—१ के ९१ साल् श्रावण मैन्हादेखी मैन्हा १ को मोहरू ५। पाच का दर्ले कट्टि गरी लीने — — — — — — —१

ऐ रक्षकको काम्मा खटि खटि आएका नंर्सींदल् पल्टंका क. प. टेकजं थापा क्षत्री १ के ९१ साल श्रावणदेखि मैन्हा १ को मोरू १२। वाह्रका दर्ले कट्टि गरी खाने — — — — — — —१

सुव्वा चन्द्रलाल् — —

गोर्खा माल्के

गोर्खामालवाट तलव खाने गरी भायाका देषी क. प. जगत्वाहादुर अधिकारी १ के ९१ साल श्रावण मैन्हा देषी मैन्हा १ को मोरू १२। वार का दर्ले कट्टी गरी लीने — — — — — — —१

इलाम माल्के

तेस अड्डामा काज षटी आयाका गोता धर्मध्वज रोका १ के ९१ साल श्रावण मैन्हा वेषी मैन्हा १ को मोरू १२। रूपैया दर्ले कट्टी गरी लीने — ——१

ऐ ऐ ऐ नरसिंले धनवीकं थाना १ के ९१ साल श्रामण मैन्हा देषी १ को मोरू १० दस रूका दर्ले कट्टी गरी लीने — — —१

पालपा गौडाके

तेस् पल्पा गौडामा षटी आयाका सींह्ले. टेकवहादुर षत्री के १ के ९१ साल् श्रावंमैन्हा देषी मैन्हा १ को मोरू १०। वस रूपैया दर्ले कट्टी गरी लीने – –१

ऐं ऐं ऐं राज क. प. भक्तवहादुर वस्नेत १ के ९१ साल श्रावणमैन्हा देषी मैन्हा १ को मोरू १२। वाह्र रूपैया दर्ले कट्टी गरी लीने – – –१

नयामुलुक वांके मालके

तेस नया मुलुक व्यारेकमा षटी आयाका सप्र. ले. टीका गीरी १ के ९१ साल श्रावण मैन्हा देषी मैन्हा १ को मोहरू १०। दसका दरले कट्टी गरी लीने —१

सु. चन्द्र लाल प्रधान – –

रू. त. रा सुन्द्रलाल प्रधान

वषलढुगा मालके

तेस वषलढुगा मालवाट तलव षाने गरी षटी आयाका सींह कप सनमान वुढाथोकी १ के ९१ साल श्रावण मैन्हादेषी मैन्हा १ को मोहरू १२। वाह्र का दर्ले कटा गरी लीने ज्वां – – – – – – –१

सु. चन्द्रलाल प्रधान

रू.त. रा सुन्द्रलाल प्रधान

प. ४ नं. स्यांजा मालके

तेस प. ४ नं. स्यांजा मालबाट तलव षाने गरी षटीयाका सुर्ज्ये कप कुवेर सिंग गुरूं १ के ९१ साल श्रावण मैह्ला देषी मैह्ला १ को मोहरू १२। वाहका दर्ले कटी गरी लीने ज्वां — — — — — –१

सु. चन्द्रलाल प्रधान

रू त रा सुन्द्रलाल प्रधान

धनकुटा दफदर ३ साचाके

तेस धंकुटा गौडामा षटी आयाका काव कप पहलमान साही १ के ९१ साल श्रावण मैह्ला देषी मैह्ला १ को मोरू १२। वाह्र रूपैया दर्ले कटी गरी लीने ज्वां — — — — — — —१

ऐ ऐ सिह लेफटें टहलबाहादुर था. छे १ के ऐ ऐ मोहरू १०। दशमा दर्ले ऐ ऐ ज्वां — — — — — — —१

ऐ ऐ सप्रले कर्णबाहादुर ष. छे १ के ऐ ऐ मोहरू १० दसका दर्ले ऐ ऐ ज्वां –१

सु चन्द्र लाल प्रधान

स त रा सुन्द्र लाल प्रधान

पु. २ नं. दोल्षा मालके

तेस पु २ नं. दोल्षामालबाट तलव षाने गरी षटी आयाका पुगो क. प. वीरमांसीं था. छे १ के ९१ साल श्रावण मैह्ना देषी मैह्ना १ को मोहरू १२। वाह्लका दर्ले कटी गरी लीने ज्वां — — — — —९

सु चन्द्र लाल प्रधान

रू त रा सुन्द्र लाल प्रधान

डोटी मालके

तेस डोटी गौडामा षटी आयाका सप्र कप हीकमतबाहादुर १ के ९१ साल श्रावण मैह्नादेषी मैह्ना १ को मोहरू १२। वाहका दर्ले कट्टा गरी लीने ज्वां–१
ऐ ऐ भैरूंले भीमबाहादुर कार्की १ के ९१ साल श्रावण मैह्ना देषी मैह्ना १ को मोहरू १०। दस का दर्ले कटी गरी लीने ज्वां — — —१

सु चन्द्र लाल प्रधान

रू त रा सुन्द्र लाल प्रधान

उदैपुर मालके

तेस अडामा षटी आयाका काव कप पहलमां माझी १ के ९१ साल श्रावण मैह्ना देषी मैह्ना १ को मोहरू १२। वाह्लका दर्ले कटी गरी लिने ज्वां— —१

सु चन्द्र लाल प्रधान

रू त रा सुन्द्र लाल प्रधान

मोरं वीराटनगर माल

तेस विराटनगर मालबाट तलव षाने गरी मोरं व्यारेकमा षटी गयेका स प्र ३ सु हीरामानसीं वस्नेत १ के ९१ साल श्रावण मैह्ना देषी मैह्ना १ को मोहरू ५ पाचका दर्ले कटा गरी लीने ज्वां— — — — —१

चन्द्र लाल प्रधान

रू. त. रा. सुन्द्रलाल प्रधान

जङ्गीवाली तलव जाचअडाका हाकीं कारींदाले पुर्जी हेरी तपसीलमा लेषीयका जवान् तपसील्का ठाउँ ठाउँमा षटी गैरहेकोले काम काजगरी पकायको तलव सोमाल मालका मौजदातबाट षाने हुनाले याहा पाउने तलव यस अडाबाट मुल्कीषाना दाषील गर्नु भंन्ये यस अडामा आडरभै आय जतीको दाषील गरी आयकोमा ९१ साल श्रावण मैह्ला देषी तेस अडाको प्रोभीडेन्ट फण्ड कट्टी भएको हुनाले सो श्रावण मैह्ला देषी सुवेदार सम्मका दर्जालाई फण्डकट्टी गर्ने मंजुर भै सो कट्टी गरी फाराम चलाई पठाय बमोजिम दाषील गरी सकेको र नीजहरूले मालको मौजदातवाट तलव षाने गरी दाखिल गरेको भै सो फण्ड कट्टी गरी वाकी मात्र यस अडाबाट मुल्कीषाना दाषील भयको हुनाले पुरा दाषील नहुन्ये भै जागीरदारले पनि यस उस तर्फबाट दोहरो पुरा तलव पाई सर्कारको नोक्सान् पर्न जाने हुनाले सो जिल्लाका नाउँमा षटी गयका जवानलाई यो मैह्ला सम्मको यती यती रूपैया फण्ड कट्टी गरी मात्र तलव षुवाउनु भंन्ये र लेषीया देषी वाहेक अरू जवानपनी षटी गैरहेका ठाउँबाट तलव षाने गरी सदरबाट पाउँन्ये मुल्कीषाना दाखिल गर्ने गरी निकासा भैरहेको जवानको हकमाबुझी नीजहरूको स्मेत फण्ड कट्टी गरी तलव षुवाउँनु भंन्ये जुं जुं अडाका नाउँमा आडर पुर्जी गरी पठाउँनु पर्छ चाडो निकासा गरी पठाउँनु भंन्ये निकासा पाउँ भनी जंगी वाली तलव जाच अडाका हाकीं सुवा हीरामान् गुभाजुले जाहेर गर्न आएको वेहोरा जाहेर भयो तसर्थ षटीयका जवान्को तपसिल्का माल मालका नाउँमा र सोदेषी वढी जिल्लावाट तलव षानेगरी सदरका पल्टंको तलव मुल्कीषाना दाषील गर्ने गरी गैरहेको र अव हुनेलाई स्मेत जो वन्दोवस्त गर्नु पर्छ जागीरदारले फण्ड कट्टी नभै षान नपाउँन्ये किसिंसंग तुरंत निकासा गरी पठाउँन्ये कांगर भंन्ये ९१ साल मार्ग १३ गते ४ मा सैनिक द्रव्यकोसका नउँमा श्री पकज को दस्षतभै आयको र सैनिक द्रव्यकोसमा दाम रहेका जवान् मध्ये मा सदरको वाली तलव मुल्की षाना दाखिल गरी जिल्लावाट वाली तलव षाने गरी निकासा भयको छ भनी वाली तलव कंपुदफदर तीर्जा अडालाई पुर्जा लेखेको मा तेस अडावाट वालीतलव षाने तपसील्का जवानको फाट्

पठायको वेहोरा सैनिक द्रव्यकोष मार्फत जाहेरः भयो पल्टंनिया जवान्मा अफिसरदेषी सुवेदारसम्मका सवै जवानको र सुवेदार देषी मुनी सीपाही वानादारसम्मका जवानमा सैनिक द्रव्य कोसमा राषन मंजुर हुने जतीको तपसीलका दरवंदीले वाली षानेको ९१ सालकावालीदेषी र तलव षानेको ९१ साल श्रावण मैह्नादेषीको तलववाट सैनिक द्रव्यकोसमा जमा गरी सोदाम नोकरी छुटेपछि यकमुष्ट पाउँने नया वन्दोवस्त गरी तपसीलका जवान्को तपसील वमोजिमको दाम् नीजहरूको पाउँन्येवाली तलववाट कट्टा भै सैनिक द्रव्यकोसमा जमा भयको हुनाले नीजहरूको सदरवाट पाउँन्ये वाली तलव मुल्कीषाना दाषिल गर्दा वाली षानेको ९१ सालका बालीदेखि र तलव षानेको ९१ साल श्रावण मैह्ना देषिका तलववाट सैनिक द्रव्यकोस बाट कट्टी हुन्ये तपसील् वमोजींम् को दाम कट्टी गरी वाकी मात्र मुल्कीषाना दाषील हुन्ये भयाको हुनाले तेस अडावाट पनी सो तपसील्का जवान्को वाली तलव षुवाउदा नीजहरूले पाउँन्ये वाली तलवमा सैनिक द्रव्यकोशमा रहने भयको तपसील् वमोजीम्को दाम कट्टी गरी बाकी मात्र षुवाउँनु श्रावण देषी आजसम्म षाई सकेको जतीलाई सो हिसावले कट्टी हुन्ये नगरी वढी षुवायको ठहरे तेस अडाले बुझाउँनु पर्ला भन्या तपसील्का जिल्ला माल्का नाउँमा सनद गरी वक्सेको छ तो जवान्हरूको तेस अडावाट पनि वाली तलव मुल्की षाना दाषील गर्दा सैनिक द्रव्यकोषमा रहने गरी कट्टी भयाको कटाई वाकी मात्र तेस तेस अडालाई भयाका सवाल सनद वमोजिम्गर्नेकांगर — — — — — — —

सु चन्द्र लाल प्रधान

स त रा सुन्दर लाल द्रधान

तपसील्

नया मुलुक वाके मालवाट तलव षाने गरी नया मुलुकव्यारेक मा षटी गयका भज ले टीकागीरी १ के ९१ साल श्रावण मैह्ना देषि मैह्ना १ को मोहरू १०।

दसका दरले कटी गरी लीन्ये – – – – – – –१

सु चन्द्र लाल प्रधान -
स त रा. सुन्द्रलाल प्रधान

मोरं विराटनगर मालबाट तलव षानेगरी मोरं व्यारेक मा षटी गयका भप्र ३
सुह री मान्सीं वस्नेत छेत्री १ के ऐ ऐ मोहरू ५। पाचका दर्ले – – –१
वीरगंज पर्सामालबाट षाने गरी गयका – – – – – – – –२
वीरगंज व्यारेक मा षटी गयका भप्र ७ सुनरेन्द्र वाहादुर वसन्यात छेत्री चोभार ऐ – – – – – – – – – – – – – – –१
वीरगंज व्यारेक को काम्मा षटी गयका नरसिंदल पल्टंका कप टेकजङ्ग थापा छेत्री १ के ऐ मोहरू १२। वारका दर्ले ऐ – – – – – – –१
वंदीपुर मालवाट तलव खाने गरी मीलसीया तालांमा षटी गयाका नगो कप केंसिवानीया १ के ऐ मोहरू १२। का दर्ले – – – – – – – –१
धंकुटा गोडा काज धंकुटा ३ साचावाट तलव षाने गरी षटि गयका – – ३
काव कप पहलमान् माझी १ के मोहरू १२। का दर्ले — — — १
सींहले टहलवाहादुर थापाछेत्री १ के ऐ मोहरू १०। ऐ — — १
पप्र ले कर्णबाहादुर षत्री १ के ऐ मोहरू १०। दसका दर्ले — — १

डोटी गोडा काज डोटीमालबाट तलव षाने गरी षटीयका — — — — २
भप्र कप हीकमत्त वाहादुर १ के मोहरू उ १२। कादर्ले – – – –१
मरूं ले भीमवाहादुर कार्की १ के ऐ मोहरू १०। दसका दर्ले – – –१

ईलाम गाडा काज ईलाम मालबाट तलब षाने गरी षटिएका – – –२
गीना कप धर्मध्वज रोकाहा १ के ऐ मोहरू १२ । वारका दर्ले – – –१
नरसिं ले धणविक्रं थापा ऐ सोमरू १०। दस का दर्ले – – – – –१

पाल्पा गाडा काज पाल पाउफडरवाटे तलव षाने गरी षटियकाजबान् – – २
सिंह ले टेकवाहादुर षत्री लं जुं १ के ऐ मोहरू १०। दसका दर्ले – – –१
राज कप भक्त वाहादुर वस्नेत १ के ऐ मोहरू १२। वार का दर्ले – – –१

पु २ नं. दोल्षा मालवाट तलव षाने गरी षटीयाका पुगो ३ कप .वीरमान्सीं थापाछेत्री १ के ऐ ऐ मोहरू १२। वारका दर्ले – – – – – – – १

वषलढुंगा काज वषलढुंगा मालवाट तलव षाने गरी षटीयका सिंह कप सनमान् बुढाथोकी १ के ऐ मोहरू १२। वार का दर्ले – – – – – १

गोर्षामाल काज गोर्षामालवाट तलव षाने गरी षटियाका देवी कप जगतवाहादुर अधिकारी १ के ऐ मोहरू १२। का दर्ले – – – – – – – १

पस्चीं ४ नम्वर काज पस्चीं ४ दं संज मालवाट तलव षाने गरी षटियका सुज्यैं कप कुवेर सिं गुरूं १ के ऐ मोहरू १२। वार का दर्ले – – – – १

उदैपुर मालमा षटी गयाका काव कप पहलमान माझी १ के ऐ ए मोहरू १२। वारकादर्ले – – – – – – – – – – – – – १

इति सम्वत १९९१ साल पोष १० गते रोज ३ शूभम

चन्द्रलाल प्रधान

स .त. रा सुन्दर लालप्रधान

* * *

गयल परेका र खोसिएका जागिरदारको कट्टि सम्बन्धमा

श्री सुप्रदिप्त मान्येवर पु क. ज. ववर शम्सेर जंगवहादुर राणा
जी. वी. ई केसियस आई. केसि. आई. ई. आनरेरी
कर्णेल वृटिश आर्मी नेपाल प्रताप वर्धकवाट

कौसल अडाका हाकिम कारिन्दाले पुर्जि हेरी दर्ददर्माहको २५ नंवरका अैनको देहायका २ दफामा मैन्हावारी वा दिन गंतिका हिसाववाट तलव खाने जागीरदारले वातलागी खोसियाका मैह्लाको तलव र गैरखालीमा गैर परेका मैन्हाको पाउदैन स्व नपाउने भयपनि तेस्ता मानिससंग सर्कारीया पेस्की सापटी वा अरू रकं कलं लिन पर्ने भये कट्टीमट्टी गरी मिलाउन पाउछ स्व कट्टी मट्टी गरी मिलाउदा दिन गंतिका हिसाबले खाने जागिरदार भया षोसि यामा षोसियेका र गैरषालीमा गैरपरेका अघिल्ला दिन सम्मका तलवबाट र मैह्लावारीका हिसावले खाने जागीरदार भया षोसियेको र गैरषालीमा गैर परेका मैह्लाको तलवबाट कट्टी मट्टी गराई बाकी ठहरेको दाखिल गर्नु स्व बातलागी षोसियाका र गैरपरेका मैह्ला भंदा अघिल्ला मैन्हासम्मको पकायको तलवको हकमा अड्डाबाट फ्रिक्न बाकि रहेछ भने पनि फ्रिकी खान पाउँछ भंया लेषियाको र सैनिक द्रव्यकोसमा दाम राषने जागिरदारको हकलाई स्व सैनिक द्रव्यकोस विषयेमा भयाका सवाल्को १९ दफामा सैनिक द्रव्यकोसमा दाम राखने ज्वानको सैनिक द्रव्यकोस कट्टी लेखि फाराम चली सकेपछि स्व मैन्हाको तलब नपाउने

गरी षोसी षाली भयामा स्व खान नपाउने तलबबाट कट्ठी भयाको सैनिक द्रव्यकोसको दाम जागीरदारले तलवै नपाउन्यै भयकाले स्व दाम पनि नपाउने हुनाले तेस्तो पर्न गयेमा तेस्को जनाउ कम्यांडरी कितापषाना दर्ता फाट्ले सैनिक द्रव्यकोसमा पठाउनु पर्छ स्व बमोजिं कितापबाट जनाउ सैनिक द्रव्यकोसमा आयेपछि स्व जनाउ बमोजिं जागीरदारले खान नपाउने खाइसकेका मैन्हाको तलवबाट सैनिक द्रव्यकोस कट्टी भयको दाम स्वही जनाउको उक्ती पारी फाराम्मा खर्च लेखी मुल्कीखानाको सर्व रकंमा दाखिल गरी ३ नंवरको लेजरबुक फाराम्मा पनि स्वहि बेहोरा जनाई सहीछाप गराई राषनु भन्या लेखियको वात लागी षोसियाका र गैरषालीमा गैरपरेका मैन्हाको तलबबाट सैनिक द्रव्यकोस कट्टी लेखियको खान पाउने नपाउने प्रष्ट नलेखियको बेहोरा श्री ३ महाराज बुवाज्यूका हजूरमा जाहेर गर्दा वातलागी षोसियामा र गैरषाली भयेमा सो अैनले पेस्की सापटी खायको र अरू सर्कारीया रकंकट्टी गरेको सदर हुने भै पेस्कीमा सैनिक द्रव्यकोस कट्टी गरेकोलाई सैनिक द्रव्यकोस कट्ठी नगरेको भया जम्मै रूपैया अगावै खर्च लेखि खाने र स्व खायको अैनले पनि सदर हुने सापटीलाई वाली तलव धीतो सम्म ठहरिने वाली तलव खर्च लेखि खाने नहुनाले तेस्तो बातलागि षोसिने र गैरषाली हुनेले स्व खोसियाका मैन्हा र गैर परेका मैन्हाको तलबबाट सैनिक द्रव्यकोस वापत कट्टी भयाको दाममा पेस्की खायेका मैन्हामा कट्टी गरेकोसम्म सदर गरी अरूमा कट्टी गरेको जागीरदारले नपाउने सदर मुलकीषानाको सर्व रकंमा दाखिल गर्ने गर्नालाई जजसलाई चाहिन्छ चाहिने बेहोराको सवाल सनद गरी दिनू भन्या हुकुम बक्सैकोले हुकुम बक्सेको लेखिये बमोजिम गर्ने काम गर ईति सम्वत् १९९१ साल पौष २९ गते रोज १ शुभम् – – – – – –

◆

स्पष्ट जवाफ लेख्ने

सैनिक द्रव्यकोषवाट   जंगीवाली तलव अडाकै

पूर्जी

उप्रान्त पजनीमा षोसीने सुवेदार ज्मादारहरूतो कातिक मैह्लाको तलव गयो गयेन भनी लेषे मा सैना ६ सु देसवाहादुर लिंबुको गैसक्यो भनी स्मेत जवाफ दियको यस अड्डाको श्रेस्तामा हेर्दा सैना ६ सुवा लोकनाथ पाध्या देषी वेसबहादुर लिंबु मै ३ जमदारमा देषीयकोले तेस अड्डाको जवाफ दुरूष्त नमिलेको देषीयकोले लेषने कां भयको छ सैना ६ सु लोकनाथ पाध्या वा देसवाहादुर लिंबु कुन पका हो पजनीमा षोसीनेहरूले षाई सकेको कार्तिक मैह्लाको पेस्की फिर्ता लिनु नपर्ने के भयको छ षुलासा जवाफ लेषी पठाई दिने कांगरे वेस्होला ईति संवत १९९१ साल माघ गते रोज शुभम् – – –

卐

आलमाडी खरीद

श्री सुप्रदिप्त मान्येवर सुप्रसिद्ध प्रवल गोर्खा दक्षिणवाहु पु. क. ज.
ववरसम्सेर जंगवहादुर राणा जि. वि. ई के. सि एस.
आइ केसि. आइ. ई आनरेरी कर्णेल
वृटिस् आर्मि नेपाल प्रताप
वर्धकवाव —

सैनिक द्रव्यकोस का हाकिंकारिन्दाले पुर्जि हेरि कागज पत्र फायल राषनालाई जेल कारखानाबाट षरीद भयाको आल्माडी १ को सो अड्डाका विल वमोजिम चाहिने मोहरू २५। पचिस् रूपैया आलमाडी षरिद के हाम्रा दस्षतवाट खर्च गर्ने निकासा भयाको मोहरू १००। वाट खर्च लेषि दिने कांगर ईति सम्वत् १९९१ लास फागुण ८ गते रोज ३ शुभम् — — —

पजनीमा परेका जागिरदारको पेश्की कट्‌टी गर्ने

सैनीक द्रव्यकोसका हाकिं कारिन्दाले पुर्जी हेरी सैनीक द्रव्यकोस वारेमा गर्नु पर्ने कामको सवालका १९ दफामा सैनीक द्रव्यकोसमा दाम राषने जागिरदारको सैनीक द्रव्यकोश कट्टी लेषी फाराम चली सकेपछि सो मैह्लाको तलव नपाउने गरी षोसी षालि भयामा सो षान नपाउने तलवबाट कट्टी भयको सैनिक द्रव्यकोसको दाम जागीरदारले तलवै नपाउने सो दाम पनि नपाउने हुनाले तेस्तो पर्न गयेमा तेस्को जनाउ कम्यांडरी कितापखाना दर्ता फाटले सैनीक द्रव्यकोसमा पठाउनु पर्छ सो बमोंजि कितापबाट जनाउँ सैनीक द्रव्यकोशमा आयपछि सो जनाउ बमोजिम जागीरदारले षान नपाउने षाई सकेका मैह्लाको तलवबाट सैनीक द्रव्यकोस कट्टी भयको दाम सोही जनाउँको उकतिपारी फारामका षर्च लेषी मुल्कीषानाको सर्व रकंमा दाषील गरी ३ नं. लेजरबुक फाराममा पनि सोही वेहोरा जनाई सहीछाप गराई राषने गर्नु भंने लेषीयको र ९१ सालका बडादसैंलाई ९१ साल आश्विन कार्तिकको आश्वीण मैह्लाको पेस्की दिने गरी बक्से बमोजिम पेस्कीको फारां चली आउदा सैनीक द्रव्यकोशमा रहनु पर्ने दाम सोही फारांमा कट्टी भै ९१ साल आश्वीनमा पजनी हुदा षोसीने ज्वानले भैरहेको अँसवालबाट आश्वीं मैह्लाको झिकेका तलव पेस्कीसम्म खान पाउने भै कार्तिक मैह्लाको तलव पेस्की खान नपाउने भयाकाले सो १९ दफाका सवालबाट सो ९१ साल आश्वींमा षोसिने जवानहरूको कार्तिक मैह्लाको पेस्की सैनीक द्रव्यकोश वापत कट्टी भयको रूपैया जागीरदारले षान नपाउने भै सदर मुल्कीषानाको सर्व रकंमा दाखिल गर्नु पर्ने हुन आयाकोमा ९१ सालको दसैंलाई झीकेको तलव पेस्की मध्ये ९१ साल आश्वींमा पजनी हुदा षोसीनेलाई ९१ साल कार्तिक

मैह्नाको पेस्की खर्च लेखी षाइ सकेको भया सो कार्तिक मैह्नाको तलव पेस्की अँनसवालले खान नपाउने भयातापनि खुवायेको सदर गरी फिर्ता नली हुकुं बक्सेको बमोजिम जंगीवाली तलवको नाउँमा प्रमांगी भै गयको हुनाले ९१ साल आश्वींमा भयाका पजनीमा खोसीने ज्वान मध्ये कार्तिकको तलव पेस्की खाई सक्ने जतिलाई सो कार्तिकको तलव फिर्ता गर्नु नपर्ने हुदा सो कार्तिक मैह्नाको तलव पेस्की खाई सकने जतिलाई सो खाई सकेको तलव पेस्कीमा शैनीक द्रव्यकोश वापत कट्टी भयाको दामपनि जागीरदारले नै पाउने गरी दिनु सदर मुल्कीषानाको सर्व रकमा दाखिल गर्नु पर्दैन भंन्ये शैनीक द्रव्यकोशका डाईरेक्टर श्री सुप्रदिप्त मान्येवर सुप्रसिद्ध प्रवल गोरषा दषीन वाहु पुर्वतर्फका कम्याण्डीङ जनरल ववर शम्सेर जंगबहादुर राणा जी. वी. ई. केसि एस. आई. के. सी. आई. ई. आनरेरी कर्णेल वृटिश आर्मी नेपाल प्रताप वर्द्धकबाट रोहवरमा मर्जि बक्से वमोजिम कार्तिक मैह्नाको तलब पेस्कीबाट शैनिक द्रव्यकोस वापत कट्टी भयेकोमा आश्वीं मैह्नामा पजनी हुदा खोसीने ज्वान मध्ये श्री भैरवनाथ पल्टं पट्टीको सुवेदार लोकनाथ पाध्या प. १ नं. पालुं अगारे ज्वान १ ले कार्तिक मैह्ना १ को तलव पेस्की खाई सकेको हुदा निजको सो कार्तिक मैह्नाको तलव पेस्कीमा कट्टी भयाको मोहरू ५। पाच सो १९ दफाका सवालले सदर मुल्कीषानाको सर्व रकमसा दाषील गर्नु पर्ने सदर मुल्कीखाना दाखील नभै निजै सुवेदारलाई फिर्ता गयाको वेहोरा तेस सैनिक द्रव्यकोश मार्फत जाहेर भयो पजनीमा खोसीने मध्ये कार्तिक मैह्नाको तलव पेस्की खाईसकने जतिलाई सो कार्तिक मैह्नाको तलव फिर्ता लिने हामीबाट हुकुम बक्सेको जंगीवाली तलवलाई प्रमांगी भै गयको हुनाले निज सुवेदार लोकनाथ पाध्याले खाइसकेको ९१ साल कार्तिक मैह्नाको तलव पेस्कीबाट कट्टा भयाको मोहरू ५। पाच मुल्कीखाना दाषीला नगरी निज सुवेदार हस्ते षर्च लेषी दियेकोमा पक्राउ हुनेछैन ईति सम्वत १९९१ साल चैत्र २८ गते रोज ४ शुभम्— — — —

सु चन्द्रलाल प्रधान

रु.त.रा. सुन्दरलाल ऐ

सवाल नमिलेको

कोसलवाट् जाहेर गरेको रपोट्— — — —

उप्रान्त सैनीक द्रव्यकोसवारेमा गरी वक्सेका सवालको १९ दफामा सैनीक द्रव्यकोसमा दाम राषने जागीरदारको सैनीक द्रव्यकोस कट्टी लेषी फाराम चली सकेपछि सो मैह्नाको तलव नपाउने गरी षोसी षाली भयेमा सो षान नपाउने तलवबाट कट्टी भयेको सैनीक द्रव्यकोसको दाम जागीरदारले तलव नपाउने भयेकोले स्व दाम पनि नपाउने हुनाले तेस्तो पर्न गयेमा तेस्को जनाउ कम्प्यांडरी कितापषाना दर्ता फाट्ले सैनीक द्रव्यकोसमा पठाउनु पर्छ सो वमोजि कितापबाट जनाउ सैनीक द्रव्यकोसमा आयेपछि सो जनाउ बमोजि जागीरदारले षान नपाउने षाई सकेका मैह्नाको तलवबाट सैनीक द्रव्यकोस कट्टी भयेको दाम स्वही जनाउको उकतीपारी फाराम्मा षर्च लेषी मुल्कीषानाको सर्वरकंमा दाषिल गरी ३ नंवरलेजरबुक फाराम्मा पनि सोही वेहोरा जनाई स्हीछाप गराई राषने गर्नु भन्ने लेषीयेको भै षोसी षाली भयाका ज्वानको सम्म षान नपाउने तलवमा कट्टी भयेको दाम मुल्कीषाना दाषील गर्नालाई किताबषानाबाट जनाउ आउने भयाको र श्व वाहेक अघिको तलव फिर्ता गरी अर्को वाली तलव षाने गरी सरूवा हुने जागिरदार को सो फिर्ता हुने तलवमा कटी भयाको दाम मुल्कीषाना दाषील गर्नालाई कुनै अड्डावाट जनाउ दिने सवालमा नषुलेको कंपुकोट तेजारथ अड्डाहरूको यस्तै षान नपाउने वाली तलवमा कट्टी भयाकोलाई जंगीवाली

तलवले षवरदिने तलवी सवालको ९२ दफामा ९१ दफा वमोजिं षाली भयेको जनाउ पुर्जी जंगीवाली तलव अडामा आउनासाथ स्व जवानको तलव वाकी छ छैन फाराम जांची श्व नपकायेको मैह्नाको तलवमा अडा अडावाट रकं कट्टी भै आएको रहेछ भने स्व कट्टी सदर नहुने हुनाले श्व रकम कट्टी गरेको जति १ नंवरको फाराम वमोजिं कट्टा गर्ने अडामा लगत फिर्ता वुझाउनालाई ६ नंवरको फाराम षडा गर्ने गरी वक्सेको छ सो ६ छ नंवरको फाराम्मा नपकायेको मैह्ना मैह्नाको १ नंवरको फाराम्मा कट्टा लेषे वमोजिमको जम्मा र अड्डा अड्डाको महल महलमा स्मेत अंक चढाई लेषी जुन जुन अड्डाले कट्टा गरेको सो अड्डा अड्डाका नाम्मा फलानो पल्टं पटीका फलानो ज्वान फलानो मैह्नादेषी षडानभै षाली भयेको हुनाले श्व जवानसंग श्व मैह्नाका १ नंवरको फाराम्मा रकं कट्टी लेषेको फिर्ता लगत वुझाउन पठायेको छ तेस अड्डावाट लगत वुझी निजका नाम्मा लगत चढाउनु भनि पुर्जी लेषी ६ नंवरको फाराम स्मेत अड्डा अड्डामा पठाई लगत वुझाई उसै फाराम्मा सहीछाप गराई लिनु रकं कट्टी गर्ने अडाले पनि लेषीये वमोजिम भै जंगीवाली तलव अडावाट लगत वुझाउन पठायेमा लगत चढाइ अैनसवाल वमोजिंगर्नु भंने लेषीयाको भै श्व अडावाट ६ नंवरको फाराम जाने भयाको हुनाले येस्तो समेत अर्थात वाली तलव झीकने फाराम चलीसकेपछि कुनै कारणले वाहाल टुटी वा सरूवा भै अर्थात सो फाराम चलीसकेको वाली तलव षान नपाउने भयामा षोसीने जतिको कितापषानावाट जनाउ दिने १९ दफाको सवाल भयाकोले अरूको पनी सोही कीतापषानाबाट षोसी मैह्नाको वाली तलव षान नपाउने भनी प्रष्ट कीटी जनाउ दिने वा तेस्ता जवानको कंपुकोत तेजारथ कट्टी भयाकोलाई कंपुदफदर वाली तलवले ६ नंवरको फारां चलाई दिने भयाको हुनाले यो सैनीक द्रव्यकोस कट्टीलाई पनि षोसुवाको समेत येकै रूल गरी वाली तलव झीकने फाराम चली सकेपछी सो तलव षान नपाउने भयेकोमा कंपुदफदरवाली तलव अड्डाबाट ६ नंवरको फाराम चलाई जनाउ दिने स्मेत जुं अड्डाबाट जनाउ दिने मुनासिव पर्छ सो अड्डाबाट सैनीक द्रव्यकोसलाई जनाउ दिने विषयेको जाहेर गरी जजसलाई चाहिन्छ

चाहिने सवाल सनद बनाई दिनु सो जनाउ नगै षान नपाउने तलवमा सैनीक द्रव्यकोस कट्टी लेषेको मुल्की षानाको सर्व रकंमा जान नपाई जागीरदारले षान. पाउने हुन जावस भंन्या बेहोराको श्री सुप्रदिप्त मान्येवर पुर्व तर्फका कम्याडिङ्ग जनरल बबर सम्सेर जंग बाहादुर राणा जी. वी. ई. केसी यस आई केसी आई ई आनरेरी कर्णेल वृटिस आर्मी नेपाल प्रताप वर्धकबाट ९१ साल पौष २९ गते रोज १ मा येस कौसलका नाउमा दस्षत गरी बक्सेको हुनाले बुझ्दा सो सैनीक द्रव्यकोसका नाउमा भैरहेका सवालको १८।१९ दफाले षोसी षाली हुनेहरू कम्यांदरी कितापषानाले सैनीक द्रव्यकोसलाई जनाउ दिनु भन्या लेषीयेकाले भने सोही बमोजिम गरे हुने र वाली तलव सरह ६ नंवरको फाराम चलाउने हकमा वाली तलवको सवालको रूल र सैनीक द्रव्यकोसको रूल यकै मिलान नभै बेग्ला बेग्लै भयाकाले नमिल्ने हुदा अव निकासाको हकमा कम्यांडरी कितापषानाबाट दिने जनाउमा तलव पाउने र नपाउने षोली जनाउ दिनु भन्या प्रष्ट नकिटीएको भन्या जिकिरलाई सैनीक द्रव्यकोसले कितापषानाका जनाउ बमोजिम गर्ने गरी सवाल भयाकाले १९ दफा बमोजिम जनाउ दिंदा तलव पाउने नपाउने स्मेत षोली दिनै मुनासिव हुनाले जाहेर गरेका छौं अव निकासाका हकमा १९ दफा सवाल बमोजि कम्यांडरी किताबषाना दर्ता फाटले सैनीक द्रव्यकोसलाई जनाउ दिंदा तलव पाउने नपाउने स्मेत प्रष्ट खोली दिने गर्नु भन्या यो रिपोट सदर गरी बक्सेपछि सो वमोजिं गर्नु भनी कम्यांडरी कितापषाना दर्ता फाट्मा पठाई दिनु भनी सैनिक द्रव्यकोसमा पठाई दिने ठहरायुं जो मर्जि हुकूम — — — — — — — — —

सुब्वा कृष्ण बाहादुर — १
ना. सु. इन्द्रमान्सीं — — १
ष. कृष्ण मान ——— १
ष. सेर मान ——— १
मु. जगंनाथ लाल —— १

ईति सम्वत् १९९१ साल चैत्र २८ गते रोज ४ शुभम् — — — — —

* * *

सवाल बाझिएकोले सच्याउने

कौसलबाट वोलेको

यस्मा कौसल नं. २७८ को सैंनिक द्रव्यकोसले जाहेर गरेको रपोट अैंसवाल वमोर्जी जाचदा यस अडाको १२ दफाको सवालले २ नं फाराम्मा यस अडाको मात्र छाप लाउनु भन्या लेषीयेको ४० दफाको सवालले वाली तलव कंपु तिर्जा अड्डाको पनी छाप लाउनु भनी लेषीयको र ७ दफाको देहाये ८ दफाका सवालमा तलव फिर्ता गर्नेमा पनि भाद्र मैह्ना कार्यें गर्नें लेषीयेकोमा जागीरदार वाहाली वर्षा सीको अैन र जंगी अैनका वाली तलव वारे २० दफाको देहायेका २ दफामा चुलो भर्ना मिति भाद्र मैह्ना कार्यें गर्नें र आस्वीं मैह्ना देषीको तलव फिर्ता गर्नु भंने लेषेको भैं अैंसवाल वाझीयेकाले सवाल सच्याई पाउ भनी जाहेर गरेकोमा बुझदा १२ दफाका सवालले आफ्ना अड्डाको मात्र छाप लगाये पुग्नेमा ४० दफाले जंगीवाली तलव कंपुदफदरको स्मेत छाप लाउने भनी लेषेकोवाट सवाल वाझीयेकैं देषियेको र १२ नंवर वमोजिम गर्दा चेष पुग्दैन कि भंनालाई पनि सो २ नंवरका फारांम वमोजिमको दाखिला भिडाई अडीटरले स्हीछाप स्मेत गर्नें लेषीयेको हुनाले अड्डाको मात्र छाप लगाये पनि अडीटरको चेष पुरैं नरहने नैं हुनाले ४० दफाका सवालले सो २ नंवर फारां वाली तलव र कंपुदफदरको छाप लगाउनु भंन्या लेषीयेको छ तापनि सो वमोजिम गर्नु पर्दैंन १२ दफाका सवाल वमोजिम गर्नें गर्नु भंन्या र सवालको ७ दफामा देहायेका ८ मा तलवीवाट वालीमा सरूवा हुने स्मेतको हकमा अैंनले

भाद्र मैह्ना देखिको तलव फिर्ता हुने हुनाले सैनीक द्रव्यकोसको रूपैया तलववाट कट्टी गर्न नपाउने वाली पछीमात्र पाकने हुनाले तेस्ता ज्वांसंग तलववाट मैह्ना मैह्नामा कट्टी भै सकेको जति कटाई वाकी मैह्नाको जो जति चाहिन्छ सो र पछिल्ला सालको स्मेत वाली पाकेको दसै किस्ताबाट यकैमुष्ट कट्टा गर्नु भंने लेषीयेको जागीरदारका वाहाली वर्षासीको ३ नंवरका अैं र जंगी अैंका वाली तलव वारेको २० दफाको देहायेका २ दफामा चुलो भर्ना मिति भाद्र मैह्ना कायें गरी आस्वीं मैह्नादेषीको तलव फिर्ता गर्नु भंने लेषीयेको छ तापनि सो बमोजिम गर्नु पर्दैन अैं बमोजिम आश्वीन मैह्नादेषीको तलव फिर्ना हुने गर्ने गरी सवाल सच्याई पाउ भनी जाहेर गरेको स्मेत मुनासाव देषीनाले जाहेर गरेका छौं सो बमोजि गर्नु गराउनु भंन्या यो तोक सदर गरी वक्सेपछि सैनीक द्रव्यकोश सवाल बमोजिका गर्ने जुंजुं अड्डालाई चाहीन्छ सैनीक द्रव्यकोस अड्डाकै लेषोट पठाइदी स्व वमोजि गर्नु गराउनु भनी यो तोक सैनीक द्रव्यकोसमा पठाई दिने ठहरायुं जो मर्जी हुकूं — — — — — —

सुब्वा कृष्ण बाहादुर — १
ना. सु. इन्द्रमान— — १
ष. कृष्ण मान — — १
ष. सेरमान — — १
मु. जगंनाथ — — १

ईति सम्वत् १९९१ साल चैत्र २८ गते रोज ४ शुभम् — — —

खाइसकेको तलव फिर्ता गर्नु नपर्ने

सैनीक द्रव्यकोसका हाकिं कारीन्दाले पुर्जि हेरी सैनीक द्रव्यकोस वारेमा गर्नु पर्ने कामको सवालका १९ दफामा सैनीक द्रव्यकोशमा दाम राषने जागिददारको सैनीक द्रव्यकोश कट्टी लेषी फारां चलीसकेपछी सो मैह्नाको तलव नपाउने गरी षोसी षाली भयामा सो षान नपाउने तलवबाट कट्टी भयाको सैनीक द्रव्यकोशको दाम जगीरदारले तलवै नपाउने भयकोले सो दाम पनि नपाउने हुनाले तेस्तो पर्न गयेमा तेस्को जनाउँ कम्यांडरी किताव खाना दर्ता फाटले सैनीक द्रव्यकोशमा पठाउनु पर्छ सो बमोजिम कितापबाट जनाउँ सैनीक द्रव्यकोशमा आयेपछि सो जनाउ वमोजिम् जागीरदारले खान नपाउने खाइ सकेका मैह्नाको तलववाट सैनिक द्रव्यकोश कट्टी भयको दाम सोही जनाउको उक्तिपारी फारांमा खर्च लेखि मुल्कीखानाको सर्व रकंमा दाषिल गरी ३ नं. को लेजरबुक फारांमा पनि सोही वेहोरा जनाई सहीछाप गराई राषने गर्नु भंने लेषियेको र ९१ सालका वडादसैलाई ९१ साल आश्वीण कार्तिकको आश्वीण मैह्नामा पेस्की दिने गरी वक्सेवमोजिम पेस्कीको फारां चली आउँदा सैनीक द्रव्यकोशमा रहनु पर्ने दाम सोही फारांमा कट्टी भै गयेपछी ९१ साल आश्वीणमा पजनी हुँदा खोसिने ज्वांले भैरहेको अैंसवालवाट आश्विण मैह्नाको फिकेका तलव पेस्कीसम्म खान पाउने भै कार्तिक मैह्नाको तलव पेस्की खान नपाउने भयाकाले सो १९ दफाका सवालवाट सो ९१ साल आश्वींमा खोसने जवानहरूको कार्तिक मैह्नाको पेस्कीमा सैनीक द्रव्यकोश वापत कट्टी भयाको

रूपैया जागीरदारले खान नपाउने भै सदर मुल्कीखानाको सर्व रकंमा दाखील गर्न पर्ने हुन आयाकोमा ९१ सालको दसैंलाई फिकेको तलव पेस्की मध्ये ९१ साल आश्वींमा पजनी हुदा खोसिनेलाई ९१ साल कार्तिक महिनाको पेस्की खर्च लेखी खाइसकेको भया सो कार्तिक मैह्नाको तलव पेस्की अँसवाले खान नपाउने भयतापनि षुवायेको सदरै गरी फिर्ता लिने हुकुं वक्सेवमोजिं जंगी वाली तलवका नाउँमा प्रमांगीभै गयेको हुनाले ९१ साल आश्वींमा भयाका पजनीमा खोसिएका ज्वानमध्ये कार्तिकको तलव पेस्की खाई सक्ने जतिलाई सो कार्तिकको तलव फिर्ता गर्नु पर्ने हुदा सो कार्तिक मैह्नाको तलव पेस्की खाइसक्ने जतिलाई सो खाइसकेको तलव पेस्कीमा सैनीक द्रव्यकोश वापत कट्टी भयाको दाम पनि जागीरदारले नै पाउने गरी दिनु सदर मुल्कीखानाको सर्व रकंमा दाखील गर्नु पर्दैन भंन्ये सैनीक द्रव्यकोसका डाईरेक्टर श्री सुप्रदिप्त मानेवर सुप्रसिद्ध प्रवल गोर्खा दक्षिवाहु पुर्वतर्फका कम्यांडिं जनरल ववर सम्सेर जंगवाहादुर राणा जि. वी. ई. केसि एस आइ केसि आइ ई आनरेरी कर्णेल वृटिस आर्मी नेपाल प्रताप वर्धकवाट रोहवरमा मर्जि वक्से वमोजिम् कार्तिक मैन्हाको तलव पेस्कीबाट सैनीक द्रव्यकोशवापत कट्टी भयाकोमा आश्वीं मैन्हामा पजनी हुदा खोसिने ज्वानमध्ये श्री भैरवनाथ पल्टं ६ पट्टीको सुवेदार लोकनाथ पाध्या प. १ नं पालुं अगारे ज्वान १ ले कार्तिक मैन्हा १ को तलव पेस्की खाइसकेको हुदा निजको सो कार्तिक मैन्हाको तलव पेस्कीमा कट्टी भयाको मोहरू ५।- पाच सो १९ दफाका सवालले सदर मुलकीखानाको सर्व रकंमा दाषिल गर्नु पर्ने सदर मुल्कीखाना दाखील नभै निज सुवेदारलाई फिर्ता गयाको वेहोरा तेस सैनीक द्रव्यकोश मार्फत जाहेर भयो पजनीमा खोसीने मध्ये कार्तिक मैन्हाको तलव पेस्की खाइ सक्ने जतिलाई सो कार्तिक मैन्हाको तलव फिर्ता नलिने हामीबाट हुकुम वक्सेको जंगी वाली तलवलाई प्रमांगी भैगयेको हुनाले निज सुवेदार लोकनाथ पाध्याले खाइसकेको ९१ साल कार्तिक मैन्हाको तलव पेस्कीबाट कट्टा भयाको मोहरू ५।- पाच मुलकीखाना दाखिल गरी निज सुवेदार हस्ते षर्च लेखि दियेकोमा पक्राउ हुने छैन इति सम्वत १९९१ साल चैत्र २८ गते ४ रोज शुभम् – – – –

⁂

दुई नंबर फारामको अर्को ढाँचा सदर हुनुपर्ने

सैनिक द्रव्यकोसबाट चडाएको रीपोट – – – – – – – –

उप्रांत यस अडाका ऩाउँमा गरी वक्सेका सवालको ४० दफामा २ नम्बर फाराम्को जम्मा जम्मामा वालि तलवको फाराम भीडाई वालि तलवका हाकिम्को मात्र छाप लगाई ल्याउने हुनाले स्व २ नंवरको फाराममा लेखिए बमोजिम मुल्कीखानाको श्रेस्तामा आम्दानि वाधेको छ छैन सो र यस सैनिक द्रव्यकोसको ढाचा बमोजिम्को श्रेस्ता दुरुस्त गरी राखेको छ छैन सो स्मेत हेरी बुझी भीडाई ल्याउनालाई बरावर अडीटरको मानिस मुल्की खानामा पठाई हेरी बुझी भीडाई वालि तलवले स्हीछाप गरीदिय बमोजिम मुल्कोखानाले आम्दानि वाधेको मिलेमा सो २ नं. फाराममा जम्मा जम्मामा अंकलाई अक्षरले बोलाई अडिटरले पनि स्ही निशाना गराई दिई भन्ने वेहोरा लेखि २ नम्बरको फारामको ढाचामा दाम मुल्कीखाना दाखिल भयाको मिति स्मेत लेखने सहल भयाको र १ नम्बरको फारामबाट २ नम्वरको फाराम खडा गर्नु पर्ने भयाको हुनाले १ नम्बरको फाराममा दाम मुल्कीखाना दाखिल भयाको मिति स्मेत खोलि पठाउनु भनि जंगी घाली तलवलाई लेखेमा सो मिति खोली लेखि दिनु भन्ने सवालमा पनि नदेखिएको उस्मा पनि श्रेस्ता फाराम अड्डामा भएको वखत मा यो कुरा उठानै नभएको र सो फाराम्मा मिति लेखन कोठा पनि नभयको श्रेस्ता सबै कुमारीचोक दाखिल भै सकेको हुनाले मिति नै नभै नहुने हो भने

सो मिति पल्टन पल्टनको जम्मा जम्मा फाराम बमोंजि मुल्कीखानामा श्रेस्ता भयको हुनाले सो अड्डामा बुझी काम तामेल गर्ने काम भया वढीया होला भन्ने वेहोराको पिठ वन्दी जवाफ दियको भैं माघ मैन्हा सम्ममा कट्टी भयकोलाई मिति खोलि २ नम्वरको फाराम तयार हुन नसकेकोले दशैं किस्ताबाट कट्टी भयको धानवालि बाट कट्टी भयको यो मैन्हाको तलवबाट कट्टी भयको भन्ने सम्म खोलि तयार भयकोले माघ मैन्हासम्मको कट्टीलाई ढाचा बमोजिम मिति खोलि तयार हुनै नसकेको फागुण मैन्हादेखि तयार गर्नालाई पनि सो २ नम्वरको फाराम्मा मिति राखने महल नभै यक र्‍हॅटको येक मिति लेखने गरी श्रावण मैन्हाको तलवबाट येस भयको कट्टी बमोंजि येक येक र्‍हॅटको खाना खाना बनाई ५ र्‍हॅटको ५ खाना मिलाई तयार भयाकोमा कामको अनुकुलले बराबर तलवि सवालका ५७ दफा बमोजिम येक र्‍हॅटको पल्टन अर्को र्‍हॅटमा सरी काम भयको हुनाले मिति लेखनालाई ठाउ नभै वाधा परेको हुदा जाहेर गरेको छु यस्मा मिति नखुलेका खंडमा अडिटरबाट सो २ नम्बर फाराममा लेखिया बमोजिमको जम्मा मुल्कीखाना दाखिल भये नभयको भीडाई हेरनालाई टिपि हेर्न परी तुरुंत भीडीन नसकने भै अडिटरको काम केहि बढने देखिये पनि. मिति षोलनालाई ९१ साल माघ मैन्हासम्मको कट्टिका रूपमा श्रेस्ता कुमारी चोक दाखिल भैसकेको भंने याली तलवको मुष्ये जीकिर भयाको र फागुण मैन्हा देखि तयार गर्नालाई पनि माथि लेखिया बमोंजि कैल्हे अघिल्ला र्‍हॅटको पल्टन पछिल्ला र्‍हॅटमा पछिल्ला र्‍हॅटको पल्टन अघिल्ला र्‍हॅटमा सर्ने हुदा भैरहेका ढाचाबाट २ नम्बर फाराममा मुल्कीखाना दाखिल भयाको मिति षोलन नमिलेको हुदा मितिको सट्टामा दशैं किस्ताबाट कट्टी भयको धानवालि बाट कट्टी भयाको यो मैन्हाको तलववाट कट्टा भयाको भन्या सम्म खोलि लेखने गरी सो २ नम्बरको अर्को ढाचा सदर गरी वक्सनु पर्ने ठहरा ज्यू जो र्माजि हुकुम — — — — — — — — — -

हाकिम सुब्वा चन्द्रलाल - - १
त. सू. चेतमान - - - - १
रा. जितलाल - - - - १

ईति सम्वत् १९९१ साल चैत्र गते रोज शुभं - - - - - -

* * *

सवाल सच्याउने

सैनिक द्रव्यकोषवाट चढायेको रिपोट -- -- -- -- --

उप्रांत यस अड्डाका नाउँमा गरीवक्सेका सवालको १२ दफामा २ नंबरको फाराम्मा पल्टंपट्टीको वाली र तलबको छुट्टाछुट्टै जम्मासम्म देखाई श्रेस्ता गर्ने गर्नु आम्दानी खर्चका ४ नम्बरको फाराम्मा स्हीछाप पर्ने र पल्टंपट्टीको १ नंवर फाराम्मा स्हीछाप पर्ने हुनाले श्व २ नंबरको फाराम्मा अड्डाको छापसम्म लगाई राखने गर्नु अरूको स्हीछाप गराई रहनु पर्दैन भने र ४८ दफामा २ नंवर फाराम्को जम्मा जम्मामा वाली तलव को फाराम भिडाई वाली तलवका हाकिम्को मात्र छाप लगाई आउने हुनाले श्व २ नंवरका फाराम्मा लेखिय वमोजिम मुल्की खानाको श्रेस्तामा आम्दानी वाधेको छ छैन श्व र यस सैनीक द्रव्यकोसको ढाचा बमोजिम श्रेस्ता दुरूस्त गरी राखेको छ छैन श्व स्मेत हेरी बुझी भिडाइ ल्याउनालाई वरावर अडिटरको मानिस मुल्कीखानामा पठाई हेरी बुझी भिडाई वाली तलवले स्हीछाप गरी दिय वमोजिम मुल्कीखानाले आम्दानी वाधेको मिलेमा श्व २ नंवर फाराममा जम्मा जम्मामा अंकलाई अक्षरले वोलाई अडिटरले पनि स्ही निशाना गराई दिनू भने वेहोरा लेखिएकोले १२ दफाका सवालवाट यस अडाको मात्र छाप लगाउनु पर्ने देखिएकोमा फेरी ४० दफाका सवालले वाली तलवको पनि छाप लगाउनु पर्ने देखिन आई केही सवाल वाझीएको देखिएको र फेरी तलब फिर्ता गर्नेलो पनि भाद्र मैह्ना कार्य गर्ने ८ दफाको सवाल भएकोमा जागीरवार वाहाली वर्षासीको ३ नंवरका

अैन र जंगी अैनका वाली तलव वारे २० दफाका देहायका २ दफामा ठुलो भर्ना मिति भाद्र मैह्ला कायें गरी आश्वीण मैह्लादेखिको तलव फिर्ता गर्नु भने लेखिएको भै श्व पनि सवाल सच्यार्उनु पर्ने देखिएको हुनाखे तपसिलका कुरामा तपसिल् वमोजिम गर्नु पर्ने ठहराई जाहेर गरेका छौ जो मर्जि हुकुम् - - - -

तपसिल

१२ दफाका सवालले सैनीक द्रव्यकोसको मात्र छाप लगाये पुग्नेमा ४० दफाका सवालले जंगीवाली तलब कंपुदफदरले स्मेत छाप लगार्उनु पर्ने देखिएकोलाई श्व २ नंवरको फाराम १ नंवरका फारामबाट हेरी तयारगर्ने हुनाने २ नं फाराम्मा वाली तलव कंपुवफदरको स्हीछाप नभएपनि हुने देखिएकोले ४० दफाका सवालमा वाली तलवको स्हीछाप गराउने भने लवज झिकुनु पर्ने ---१

सवालका ७ दफाको देहायका ८ दफाभा तलविबाट वालीमा सरूवा हुनेको हकमा अैनले भाद्र मैह्लादेखिको तलव फिर्ता हुने हुनाले सैनीक द्रव्यकोसको रूपैया तलवबाट कट्टी गर्न नपाउने वाली पछि मात्र पाउने हुनाले तेस्ता ज्वानसंग सैनीक द्रव्यकोसकट्टी गर्नालाई तलवबाट मैन्हामैन्हामा कट्टी भै सकेको जति कटाई वाकि मैन्हाको जो जति चाहिन्छ श्व र पछिल्ला सालको स्मेत वाली पाकेको दशैंकिस्ताबाट येकमुष्ट कट्टा गर्नु भंने लेखिएको जागीरबाट वाहाली वर्षाशीको २ नंवरका अैन र जंगी अैनका वाली तलव वारेको २० दफाको देहायका २ दफामा ठुलो भर्ना मिति भात्र मैन्हाकायं गरी आश्विण मैन्हादेखिको तलव फिर्ता गर्नु भंने लेखिएको हुदा अैन मिलाई भाद्र मैन्हा देखिको तलव फिर्ता हुने भंने लेखिएकोमा आश्वीण मैन्हादेखिको तलव फिर्ता हुने वोली मिलाई सवाल सच्याउनु पर्ने -- -- -- -- -- २

हाकिं सुब्वा चन्द्रलाल— १
त. सू. चेतमान— १
रा. जितलाल— १

ईति सम्वत् १९९१ साल चैत्र गते रोज शुभम्-- -- -- -- --

मसलन्द

श्री जंग पल्टन

१.	पट्टी सु प्रेमलाल पाध्या पुर्व ३ नं. कुवापानी	१
२.	ऐ थापा छे	१
३.	ऐ गोकु ओज गुरूं	१
४.	ऐ रामानंद लिंबु	१
५.	ऐ ननबहादुर कार्कि	१
७.	ऐ टकबाहादुर सिं	१
८.	ऐ वषतबाहादुर कुवर	१

इन्द्रध्वज पल्टन

१.	सु एक गोर थापा मगर	१
२.	सु भंजर सिं लांबु	१
३.	सु नरबाहादुर कार्कि	१
४.	सु भुपाल्सीं कार्कि	१
६.	सु टीकाबाहादुर कंवर क्षत्री	१
७.	सु माहावीर कुंवर	१
८.	सु तेजबाहादुर थापाक्षेत्री	१

गौडा

ष चक्रपाणी पाध्या – – – – – – –१

ष कृष्णदास श्रेष्ठ – – – – – – –१

ले दिव्य विक्रं राणालाई ९५ साल सहरमा झिकाइ गराउनु
मुकर सनद गरी पठाउनु – – – –

गौडाका असिस्टेंट ख. माधव प्रसाद आचार्यलाई खोली दिनु निज
सुवा पूर्णलाल जोसी को सरूवा गौडाको सावीक षांगी मोरू
१०००। मोहरू २००।- दुईसे मोहरू १२००। बारसेको षांगीमा
दर्ता गरी दिनु – – – – – –१

गौडाका तहरिर खरीदार चन्द्र केदार पाध्या लाई षोसी दिनु

ले. ज. माधव संसेर जंगबाहादुर राणाले मानिसलाई भर्ना गर्नु जाहेर
गरी निकासा माग वमोजिमं गर्नु– – – – – –१

श्री जंग पल्टं ६ सुवेदार १ इन्द्रध्वज पल्टं ५ सुवेदार १ स्मेत साविक वाली
षांगी २ मा ले. ज. माधव सम्सेर जंवाराले गर्न पाउनेमा
निज नानीले भर्ना गर्ने गरी जाहेर गरे बमोंजि गर्नु सरूवा बाट
भर्ना लाई गरी – – – – – – – –१

इलास गौडा

श्री मे. ज. माहावीर सम्सेर जंगबहादुर राणालाई
कप्तान राधा मोहन पाध्यालाई दरवंदीको षांगी मोहरू ९००।
मा १००। षांगी मोहरू १०००। येक हजारमा षांगी– –१

देहायेका जवानलाई थमौती गरिदिनु – – – – – –

लेफटें ईन्द्रध्वज राणा – – – – – – – १

खरीदार नरबहादुर श्रेष्ठ – – – – – – –१

पल्टंको सुवेदार प्रलाद – – – – – – –१

१. सु कृष्ण बाहादुर – – १ २. सु कनक प्रसाद बुपाई लगर – – १

३. सु चन्द्रवाहादुर खत्री भैपुर १ ४. सु रत्नबाहादुर नगरकोटी पोखरा –१
५. सु पद्मबाहादुर खत्री – – १ ६. सु नीरबाहादुर – – –१
७. सु हर्षबाहादुर बुढाथोकी –१ ८. सु विनबाहादुर – – –१

उदयपुर गढी

ले तारे जं राणा हालै उदैपुर गढीमा को गर्ने गरी सनद पुर्जी
गयाको थमौटी – – – – – – – –१
त. ख. तिल पराक्रमर्ता हाल का हुकमा व. वढी बुझाउने र
मालका कां सो र ले गर्नु पर्ने हुनाले निज खोली सोही ले
गर्न हुने मानिस – – – – – – – –१

सिंधुलीगढी

कप्तान नरेन्द्र विक्रं राणा हालै सींधुली गढी गर्ने गरी पुर्जी
भै गयाको थमौती – – – – – – – –१
त. ख. तिहुनाथ पाध्या थमौती – – – – – –१
ले दिलबाहादुर खत्री क्षेत्री थमौती – – – – – –१

कोडाहारी चौकी

ले वीरज्यू ठकुरी थमौती – – – – – – –१

पुर्व गोस्वारा

पुर्व १।२।३ नंवर गोस्वारा जांच गर्न जाहेर
बमोजिम हुने हुँदा हाल पजनी वाकि राषनु – – – – –१
पुर्व १ नं, गोस्वारा कप – – – – – – –१
पुर्व २ नं, गोस्वारा कप गणेश बाहादुर वस्न्यात – – – –१
पुर्व ३ नं. गोस्वारा साहेवज्यू विक्रं राणा – – – –१

पुर्व ४ नं. गोस्वारा झिकाई ठेकियेका पल्टन
पल्टनमा गराउनु निजका वमोजिं कां गर्न मुकर
भयाकालाई वाहाली सनद गरी दिनु – – – – –१

पुर्व सोही खांगी

पुर्व १ नंबर

मूल जंगी परेडले दलबाहादुर थापा सदरबाट गयाको २ वर्ष पुगेपछि टारवाटै भर्ने गर्ने गरी छोटी धुधां ……… पद्मबाहादुर मगर जाउलाखेल थमौती --१

छोटी धुलीखेल …… …नैर्नसि कान्ले क्षेत्री ……… थमौती - – – १

पुर्व २ नंवर

मूल ……… कप गणेश बाहादुर थापा क्षेत्री ……… सहरवाट खटी गयाको थमौती – – – – – – – – १

छोटी चरीकोट ……ले ……… कार्की दोलखा छयास थमौती – १

छोटी भेलु ……ले ……… लाई खोसियकाले ……… सनद गरी दिनु - – – – – – – – –

पुर्व ३ मंवर

मूल जंगी ……… थमौती – – – – –१

छोटी ……ले नरबाहादुर खत्री …… थमौती – – –१

छोटी ……… धनवाहादुर गुरूं ……… मुद्दा जाहेर गयापछि ……… हाल पजनी – – –१

पुर्व ४ नंवर

मूल ……… मगर राई ……… थमौती – –१

छोटी ……… लालबाहादुर कार्की क्षेत्री थमौती – – –१

छोटी ……… ले सांगबाहादुर राई …… चैंपुर थमौती – – –१

……मे. क. गोविंदबाहादुर ……… गरिरहेकोसा बुझनु भन्ने प्रमां गरी भयाको हुनाले ……… जाहेर गर्नु – –

नगदी गोस्वारा ……… वडाहाकिं — — —

खोसुवा र गयल खालि परेका जागिरदारका सम्बन्धमा

कौसल्वाट जाहेर गरेको रपोट् – – – – –

उप्रांत दर्दर्माहाको २५ नंवरका अैनको देहायेका २ दफामा मैन्हावारी वा दिमगंतीका हिसाववाट तलव षाने जागीरदारले वात्लागी षोसीयाका मैम्हाको तलव र गयेर षालीमा गैर परेका मैन्हाको पाउदैन सो नपाउने भयेपनि तेस्ता मानिस् संग सरकारीया पेस्की सापटी वा अरू रकं कलं लिन पर्ने भये कट्टी मट्टी गरी मिलाउन पाउंछ स्व कट्टी मट्टी गरी मिलाउदा दिनगंतीका हिसावले षाने जागीरदार भया षोसीयकामा षोसीयेका र गैर षालीमा गैर परेका अघिल्ला दिनसम्मका तलववाट र मैन्हावारी का हिसावले षाने जागीरदार भया षोसियेको र गैरषालीमा गैर परेका मैन्हाको तलववाट कट्टी मट्टी गराई वाकी ठहरेको दाषील् गर्षु श्व वातलागी षोसीयाका र गैरपरेका मैन्हा भंदा अघिल्ला मैन्हासम्मको पकायाको तलवको हकमा अड्डावाट फीकन वाकी रहेछ भने पनि फीकीषान पाउँछ भंन्यालेषीयाको र सैनीक द्रवेकोस्मा दाम राषने जागीरदारको हक लाई सो सैनीक द्रवेकोस् विषयेमा भयाको सवाल्को १९ दफामा सैनीक द्रवेकोसमा दाम राषने जवान्को सैनीक द्रवेकोस कट्टी लेषी फाराम् चली सकेपछि सो मैन्हाको तलव नपाउने गरी षोसी षाली भयामा श्व षान नपाउने तलववाट कट्टी भयाको सैनीक द्रव्यकोस्कोदाम जागीरदारले तलवै नपाउने भयाकाले सो दाम पनि नपाउने हुनाले तेस्तो पर्न गयेमा तेस्को जनाउ कम्यांडरी किताप्षाना दर्ता फांट्ले सैनीक द्रवेकोसमा पठाउनु पर्छ श्व

वमोजिम कितापवाट जनाउ सैनीक द्रवेकोसमा आयेपछि सो जनाउं बमोजिम् जागीरदारारले षान नपाउने षाई सकेका मैन्हाको तलववाट सैनीक द्रवेकोस कट्टी भयको दाम स्वही जनाउंको उंक्ती पारी फाराम्मा षर्च लेषी मूलुकीषानाको सर्व रकममा दाषील गरी ३ नंवरको लेजर घुक फाराम्मा पनि होसी वेहोरा जनाइ सहीछाप गराई राषनु भंन्या लेषीयको वात्लागी षोसीयाका र गैरषालीमा गैरपरेका मैन्हाको तलववाट सैनीक द्रवेकोस कट्टी लेषीयको षान पाउने नपाउने प्रस्ट नलेषीयको वेहोरा श्री ३ माहाराज वुवाज्यूको हजुरसाजाहेर गर्दा वातलागी षोसीयामा र गैरषाली भयेमा सो अैनले पेस्की सापटी षायको र अरू सरकारीया रकं कट्टी गरेको सदर हुने भै पेस्कीमा सैनीक द्रवेकोसकट्टी गरेकोलाई सैनीक द्रवेकोस कट्टी नगरेको भया जम्मै रूपैया अगावै षर्च लेषी षाने र सो खायको अैन्ले पनि सदर हुने सापटीलाई वाली तलव धीतो सम्म ठहरिने वाली तलव षर्च लेषी षाने नहुनाले तेस्तो वात लागी षोसीने र गैरखाली हुनेले स्व षोसीयाका मैन्हा र गैर परेका मैन्हाको तलववाट सैनीक द्रवेकोस् वापत कट्टी भयेको दाम्मा पेस्की षायेका मैन्हामा कट्टी गरेको सम्म सदर गरी अरूमा कट्टी गरेको जागीरदारले नपाउने सवर मुल्कीषानाको सर्व रकम्मा दाषील गर्ने गर्नालाई जजस्लाई चाहिंछ चाहिने वेहोराको सवाल सनद गरीविनु भंन्या हुकुं वक्सेको लेषीये वमोजिम गर्ने कां गर भंन्या वेहोराको यस कौसल्का नाउंमा श्री सुप्रदिप्त मान्नेवर पु. क. ज. ववरसम्सेर जंगवहादुर राणा जी. वी. ई केसी येस. आई. केस. आईई आनरेरी कर्णेल वृटिस आर्मी नेपाल प्रताप वर्धकवाट ९१ साल पौष २९ गते रोज १ मा दस्षत भै आयाको हुनाले सो वमोजिम गर्नालाई बुझदा सैनिक द्रवेकोसका नाउंमा भयाका १९ दफाका सवाल्मा वाली तलव षान नपाउंने गरी षोसीनेहरूको तलववाट सैनीक द्रवेकोसमा कट्टाभै रहेको दाम दाषील गर्नु भंन्या प्रस्टकिटी लेषीयेको ददंदर्माहाका २५ नं को देहाये २ दफामा वात लागी षोसियेका मैन्हाको तलब र गैरषालीमा गैर परेका मैन्हाको तलव पाउंदैन सो नपाउने भया पनि तेस्सा मानिससंग सरकारीया पेस्की सापटी वा अरू रकं कलं लिनु पर्ने भए कट्टीमट्टी

गरी मिलाउन पार्उंछ सो कट्टी मट्टी गरी वाकी रहे दाषील गर्नु भंन्या लेषीयेको सैनीक द्रवेकोस्मा राषेको दाम सरकारी रकं कट्टी भैनभै जागीरदारको धन जमा राषेको भंनु पर्ने भयाका ले भने सो रूपैया नपाउने गरी दाषील गर्नु भंन्या निकासा भयाको सदरै गर्नु पर्ने जस्तो देखींछ तर तेसो भंनालाई सैनीक द्रवेकोस्मा दाम नराषने जागीरदारहरूले पेस्की लिजानेमा सो पेस्की लियेका मैह्ना भित्रैमा १६ दिने गैरषाली हुने र वातलागी षोसीनेहरूको पेस्की फारामा गैरकट्टी कंपुकोत कट्टी सापटी कट्टी लेषी वाकी पाउने मात्र पेस्की ली सो रकं कट्टी गरेसम्म सापटी समेत नपाउने तलववाट कट्टी गरेकै सदर हुन जाने सैनिक द्रवेकोस्मा दाम राषने जागीरदार जतीको सो सैनीक द्रवेकोस्का नाउंको १९ दफाका सवाल् वमोंजि दाषींल् गराउँने गर्दा २ रीत् पर्न जाने भै सैनीक द्रवेकोस्मा दाम राषने जागीरदारलाई मर्का पर्ने भयाको र सो गैरषाली भयाका र वात लागी षोसीयेका मैह्नाको गैर कट्टी जती सोपेस्की फारामा कट्टी नहुने भयाकोवाट नोक्सान पर्छंकी भंनालाई पनी जंगी हाजीर गोस्वाराका नाउँमा भयाका १६ दफाका सवाल्ले सो षाली भयाको मैह्नाको गैरकट्टी मिह्ना दिनु भंन्या लेषीयेको देषीनाले गैरकट्टी असुल गर्नु नपर्ने गैरकट्टी देषी वाहेक षाली भयाका मैह्ना भंदा पछिको अरू बाकीलाई अंसवाल्ले जायेजात् गरी उपर गर्ने भयाकाले सैनीक द्रवेकोस्मा दाम राषने र नराषने जागीरदारलाई २ रीत नपर्ने गर्नालाई तलव पेस्की षाने जवान्को षाली भयाका मैह्नाको सैनीक द्रवेकोस्मा रहेको दाम अंले तलव नपाउने भै षाली भयामा १९ दफाका सवाल्ले मुल्की षाना दाबील् गर्नु भन्या लेषीयेकोछ तापनि लेषीये वमोंजि पर्न आयेमा अंले तलव नपाउने गरी षाली भयाका मैह्नाको तलववाट सैनीक द्रवेकोस्मा रहेको दाम हुकंका प्रमाङ्गी वमोंजि सैनीक द्रवेकोस कट्टी भयेको सदरै गरी दिने गर्नु भन्या निकासा दिन मुनासिव देषीनाले जाहेर गरेका छौं सो वमोंजि गर्नु गराउनु भन्या यो रीपोट सदर गरी वक्सेपछि सो वमोंजि गर्न गराउँन कम्यांडरी किताप षाना दर्ता फांटलाई सैनीक द्रवेकोसकै लेषौट पठाई सोही वमोंजि गर्नु भनी यो रपोट सदर सैनीक द्रवेकोस अड्डामा पठाई दिने ठहरायुं

जो मर्जि हुकुं - - - - - - - - - - - - - - - - -

सुव्वा कृष्ण बाहादुर - - - - - - १
ना. सु. ईन्द्रमान्सीं - - - - - - १
ष कृष्ण मान् - - - - - - १
ष सेरमान् - - - - - - १
मु जगंनाथ्लाल - - - - - १

——

ईती संवत् १९९२ साल वैसाष १९ गते रोज ४ शुभम् - - - - - -

सरुवा बढुवा

सैनिक द्रव्य कोष अफिसका हाकिम कारिन्दाले पुर्जि हेरि ९१ साल श्रावण ७ गते मा तेस सैनिक द्रव्य कोष आफिसका दरवंदी वमोजिम ना. सुवा षांगी वर्ष १ को तल्वी मो रू. ११४५।– मा मो रू. ४०० थपी ज्मा वर्ष १ को तल्वी मो रू. १५४५।– पन्ध्र सय पैंतालिस रूपैयांको सुवा दर्जा गरी भर्ना चन्द्रलाल प्रधान जंगी वंदोवस्त अड्डाका षरीदारको सरूवा गरी किताव दरी दिनु भन्या ९१ साल पौष ३ गते रोज ३ मा षड्ग निसाना सनद भै गयाको हुनाले सो वमोजिम तेस अड्डालाई भयाका अें सवाल वमोजिम गर्नें काम गर ईति सम्वत १९९२ साल वैसाष ३१ गते रोज शुभम् ।

अडिटरलाई पत्र

६५ नं.

सैनिक द्रव्यकोसवाट सैनिक द्रव्यकोस अडीटर के

पुर्जी

उप्रान्त यस अडाको १२ दफाका सवालले २ नं. फाराममा यस अडाको मात्र छाप लगाउनु भंन्ये लेखियको ४० दफाका सवाल्ले वाली तलव कंपुतिर्जा अड्डाको पनि छाप लगाउनु भंन्ये लेखियको र ७ दफाको देहाय ८ दफाका सवाल्मा तलव फिर्ता गर्नेमा पनि भाद्र मैन्हाका ऐ गर्ने लेखियकोमा जागीरदार वाहाली वखोसियका अँ र जंगी अँका वाली तलव वारे २० दफाको देहायका २ दफामा थालो भनी मिति भाद्र मैन्हा काऐं गर्ने र आश्वीण मैन्हा देखिको तलव फिर्ता गर्नु भंन्ये लेखियकोभै अँसवाल् वाळीयकोले सवाल् सच्याई पाउ भनी जाहेर गरेमा ४० दफाका सबाल्ले श्व २ नंवर फाराममा वाली तलव र कंपुदफदरको छाप लगाउनु भंन्ये छ तापनि सो वमोजिम गर्नु पर्दैन १२ दफाका सवाल वमोजिं गर्ने गर्नु भन्ये र सवाल्को ७ दफाको देहाय ८ दफामा तलवीबाट वालीमा सरूवा हुने स्मेत्को हकमा अँले भाद्र मैन्हादेखिको तलव फिर्ता हुने हुनाले सैनीक द्रव्यकोसको रूपैया तलवबाट कट्टि गर्न नपाउने वाली पछि मात्र पाकने हुनाले तेस्ता ज्वांसंग तलववाट मैन्हा मैन्हामा कट्टी भैसकेको जति कटाइ वाकी मैन्हाको जंति चाहिंछ सो र पछिल्ला साल्को स्मेत वाली पाकेको दसै किस्तावाट यकैमुष्ट कट्टि गर्नु भन्ये लेषियको जागीरदारका वाहाली

वर्खासीका ३ नंवरका अैं र जंगी अैंका वाली तलव वारेको २० दफामा चुलो भर्ना मिति भाद्र मैन्हा काऐं गरी आश्वींण मैन्हादेखिको तलव फिर्ता गर्नु भंन्ये लेखियको हुदा अैंनसवाल वाऴीएकोले सवालमा भाद्र मैन्हा देखिको तलव फिर्ता हुने भंन्ये लेखियको छ तापनि सो वमोंजि गर्नु पर्दैंन अैं वमोजिम आश्विण मैन्हादेखिको तलव फिर्ता हुने गर्ने गरी सवाल सच्याई पाउ भनि जाहेर गरेको स्मेत मुनासीव देखिनाले जाहेर गरेका छौं सो वमोजिम गर्नु गराउनु भनी यो तोक सदर गरी वक्सेपछि सैनिक द्रव्यकोषको सवाल् वमोंजि काम गर्नु जुन्जुं अड्डा चाहिंन्छ श्व सैनिक द्रव्यकोस अडाकै लेखोट् पठाई दी सो वमोजिम गर्नु गराउनु भन्ये ९१।१२।२८।४ मा खड्ग निसाना तोकसदर भै आयको हुनाले लेखने काम भयेको छ सो खड्ग निसाना तोकसदर वमोजिम गर्ने काम गरे वेस होला इति सम्वत् १९९२ साल जेष्ठ ७ गते रोज २ शुभम् — — — —

सर्व रकंबाट रु. एकलाख सापटी

सदर मुल्कीषानाका हाकिं कारिंदाले पुर्जि हेरी पल्टनीया ज्वानको प्रोभीडेण्ट फंडमा ज्मा हुने दाम वालो खानेको ९१ सालका वाली देषी र तलव खानेको ९१ साल श्रावण मैन्हाको तलव देषी कट्टी भै आउने हुनाले सो फंडमा ज्मा हुने दाम कट्टा भै आयपछि सोधभर्ना गर्ने गरी सो फन्डको फायदा हुने काममा हालै लगाउनालाई नोट् रू. १०००००।– निकासा वक्सी सो नोट् रू. १०००००।– एक लाख सर्व रकंबाट सापटि लिने दिने ९१ साल भाद्र ४ गतेमा मुल्कीषानाको नाउमा र यस आफिसका नाउमा खड्ग निसाना गरीवक्से वमोजिम मुल्की खानाबाट जिस्मावारी आयको सो रूपैया लगानी गर्ने कुराको मिर्टिं हुदा हिन्दुस्थान यता उता लगानी गर्नु भन्दा इम्पारियल् व्यांकसंग दाम काम गर्न असल् वलियो ठहरीएको र सैक्रा ३।। व्याज आउने ईन्डीया गभरमेन्ट प्रामिस्टरी नोट्मा हालियाका पक्षमा इनकं टयाक्स नलाग्ने समेत श्री ३ महाराजवाट गराई दि वक्सेकोले सो र पछी ज्मा हुन आएको स्मेत अरू भरपर्दो असल र वढता व्याज आउने लगानीको वाटो नमिलेसम्म कलकत्ताको इस्पीरीयेल व्यांकमा पठाई गभरमेन्ट प्रामेसरी नोट खरीद गर्ने राये कायम् भयको सदर स्मेत गरी वक्सेवमोजीं सो नोट् ईम्पीरीयेल् व्येंकमा गै प्रामीसरी नोट् खरीद भै आई मुल्कीखानाको सर्व रकंमा सोधभर्ना गर्नु पर्ने रू. १००००० यक लाख पनि पल्टनिया ज्वानको कट्टा भै आयाका दाम्वाट नोट् सटही गरी ९२ साल जेष्ठ २० गते सम्ममा सोधभर्ना भैसकेको र अव कट्टा भै आयेको

दामलाई सैनीक द्रव्यकोश वारेमा गरी वक्सेका सवाल्को ३० दफामा सैनीक द्रव्यकोशको काम निमित्त सापटी आयको भुक्तान भयपछि मैह्ला मैह्लामा ज्मा हुन आएको दाम डाइरेक्टरका तजविजले मौज्दात थामने भयको कट्टा गरी वाकी आर्को मैह्लाको १५ गतेसम्ममा डाइरेक्टरको दस्षत गराई मुल्कीषानावाट सैनीक द्रव्यकोशका हाकींले जिम्मावारी ल्याई सवाल वमोजिम गर्ने गर्नु भंन्या लेखियेको हुँदा सैनीक द्रव्यकोशमा ज्मा गर्ना निमित्त कट्टी भै आयको दाममैह्ला मैह्लामै पठाउनु पर्ने भयाको सैनीक द्रव्यकोशमा दाम राष्न अफिसर देषी सुवेदारसम्मका ज्वानलाई कर लाग्ने भय पनि अरूलाई आफुखुसि हुँदा सवैले राषन मंजुर गरी नसकेको भै अैले राखेका ज्वानको हिसाववाट दसै किस्ता खुल्ने मैन्हामा मोरू ४०।५० हजारसम्म र अरू मैन्हामा करिव मोरू ९।१० हजार जति मात्र कट्टा हुने लगत वस्न आएको वेहोरा सैनीक द्रव्यकोस मार्फत जाहेर भयो सो सैनीक द्रव्यकोशमा दाम ज्मा गर्ने सवैले मंजुर गरी नसकेकाबाट सवै ज्वानको कट्टा हुन नपाइ अफिसरदेखी सुवेदारसम्म र तेसदेखी मनीमा मंजुर गर्ने ज्वान्सम्मको कटा गर्दा दसैकिस्ता षुल्ने मैन्हा बाहेक अरू मैन्हामा थोरथोर मात्र ज्मा हुने भयको र सो ज्मा भएको दाम हाललाई व्येंकमा प्रामेसरी नोट् षरीद गर्न पठाउनु भन्दा ५।७ मैन्हाको एकैचोटी गरी धेरै पठाउनामा राम्रो भै हरहिसावलाई स्मेत सजिलो पर्ने हुनाले सैनीक द्रव्यकोशमा ज्मा गर्ना निमित पल्टनिया जवान्को कट्टा भै आयको दामबाट सोध भर्ना गर्ने गरी सो सैनीक द्रव्यकोशमा दाम ज्मा गर्ने जवानको फाइदा निमित्त प्रामेसरी नोट् खरिद गर्न पठाउनालाई सर्व रकंबाट नोट् रू. १००००० एक लाख सापटी दिने लिने निकासा वक्सेको छ लेखिया वमोजिमको नोट रू १००००० एक लाख सर्व रकंबाट सापटि खर्च लेखि सैनीक द्रव्यकोश तर्फको श्रेस्तामा सापटि आम्दानी वाधी सैनीक द्रव्यकोशका हाकीं जिम्मा जिम्मावारी दि

पल्टनिया जवानको सैनिक द्रव्यकोशमा ज्मा गर्ना निमित्त कट्टा भै आयका रूपैयाबाट सो नोट रू. १०००००।– एक लाख भुक्तान नहुंज्याल्सम्म मैन्हा मैन्हामा नानी सुप्रदिप्त मान्येवर नेपाल तारा सुप्रसिद्ध प्रवल गोर्खा दक्षिण वाहु पुर्व तर्फका कम्यांडीं जनरल ववर सम्सेर जंगबहादुर राणा जि. वि. ई. के सी एस आई. के. सी. आई. ई. आनरेरी कर्णेल वृटिस आर्मी नेपाल प्रताप वर्द्धकका दस्षत् वमोजिम सोधभर्ना स्मेत मिलाउने काम गर इति सम्वत १९९२ साल जेष्ठ २३ गते ४ रोज शुभम् — — — — — — — — — —

◆

रु. एकलाख इम्पेरियल बैंकमा राख्ने

सैनीक द्रव्यकोशका हाकिं कारीन्दाले पुर्जी हेरी पल्टनीया ज्वानको प्रोभीडैण्ट फंडमा ज्मा हुने दाम वाली खानेको ९१ सालका वालीदेखि र तलव खानेको ९१ साल श्रावण मैन्हाको तलवदेषी कट्टी भै आउने हुनाले सो फंडमा ज्मा हुने दाम कट्टा भै आयपछि सोधभर्ना गर्ने गरी सो फंडको फायदा हुने काममा हालै वाडनालाई नोटरु १००००० निकासा वक्सी सो नोटरु १००००० एक लाख सर्व रकंवाट सापटी लिने दिने ९१ साल भाद्र ४ गतेमा मुल्कीषानाका नाउँमा र यस अफिस्का नाउँमा खड्ग निसाना गरिवक्सेवमोजिं मुल्कीषानावाट जीम्मावारी आएको सो रूपैया लगानी गर्ने कुराको मिटिं हुदा हिंदुस्तान यताउता लगानी गर्नु भन्दा इम्पारीयेल व्याक संग दाम काम गर्न असल वलीयोठहरीएको र सैक्रा ३।। व्याज आउने इन्डीया गभरमेन्ट प्रामिस्टरी नोट्मा हालीयाका पक्षमा इनकंटयाक्स नलाग्ने स्मेत श्री ३ महाराजवाट गराई दिवक्सेकोले सो र पछी ज्मा हुन आएको स्मेत अरू भरपर्दो असल र वढ्ता व्याज आउने लगानीकोवाटो नमिलेसम्म कलकत्ताको इम्पोरीयल व्यांकमा पठाई गभरमेन्ट प्रामीष्वरी नोट खरीद गर्ने टायेकायेम भएको सदर स्मेत गरी वक्से वमोजिं सो नोट रु इम्पीरीयल व्येकमा गै प्रामीसरी नोट् खरीद भै आई मुल्कीषानाको सर्व रकंमा सोधभर्ना गर्नु पर्ने रु १००००० येक लाख पनि पल्टनीया ज्वानको कट्टाभै आयाका दामवाट नोट सटही गरी ९२ साल जेष्ठ २० गतेसम्ममा सोधभर्ना भै सकेको र अवकट्टा भै आएकोदामलाई सैनीक

द्रव्यकोश वारेमा गरीवक्सेका सवालको ३० दफामा सैनीक द्रव्यकोसको काम निमित्त सापटी आएको भुक्तान भएपछि मैन्हा मैन्हामा ज्मा हुन आएको दाम डाइरेक्टरका तजवीजले मौजदात थामने भएको कट्टी गरी वाकी आर्को मैन्हाको १५ गतेसम्ममा डाइरेक्टरको दस्षत गराइ मुल्कीखानावाट सैनीक द्रव्यकोशका हाकिं ले जीम्मावारी ल्याई सवाल वमोजीं गर्ने गर्नु भंन्यालेषीयको हुदा सैनीक द्रव्यकोशमा ज्मा गर्ना निमित्त कट्टा भै आएको दाम मैन्हा मैन्हामा पठाउनु पर्ने भयाको सैनिक द्रव्यकोशमा दाम राषन अफीसर देषी सुबेदारसम्मका ज्वानलाई कर लाग्ने भएपनि अरूलाई आफुखुसि हुदा सवैले राषन मंजुर गरी नसकेको भै मैने राषेका ज्वानको हिसाववाट दसैकीस्ता षुल्ने मैन्हामा मोरु ४०।५० हजारसम्म र अरू मैन्हामा करीव मोरू ९।१० हजार जति मात्र कट्टा हुने लगत कम आयेको वेहोरा सैनिक द्रव्यकोस मार्फत जाहेर भयो सो सैनिक द्रव्यकोशमा दामज्मा गर्ने सवैले मंजुर गरी नसकेकावाट सवै ज्वानको कट्टा गर्दा दस किस्ता षुल्ने मैन्हा वाहेक अरू मैन्हामा थोरथोरैमात्र ज्मा हुने भएको र सो ज्मा भएको दाम हाललाई व्येंकमा प्रामेसरी नोट खरीद गर्न पठाउनु भन्दा ५।७ मैन्हाको एक चोटी गरी धेरै पठाउनामा राम्रो भै हरहिसावलाई स्मेत सजिलो पर्ने हुनाले सैनिक द्रव्यकोशमा ज्मा गर्ना निमित्त पल्टनिया ज्वानको कट्टा भै आएको दामबाट सोधभर्ना गर्ने गरी सो सैनिक द्रव्यकोसमा दाम ज्मा गर्ने ज्वांनको फायदा निमित्त प्रामेसरी नोट खरीद गर्न पठाउनलाई सर्व रकंवाट नोट रु १००००० यकलाख साटी लिने दिने निकासा वक्सेको छ लेषीय वमोजिंको नोटरु १००००० येकलाख सर्व रकंवाट सापटी खर्च लेषी सैनिक द्रव्यकोश तर्फको श्रेस्तामा सापटी आम्दानी वाधी सैनिक द्रव्यकोसका हाकिं जिम्मा जिम्मावारी दी पल्टनिया ज्वानको सैनिक द्रव्यकोसमा ज्मा गर्ना निमित्त कट्टा भै आएको रूपैयावाट सो नोटरु १००००० येकलाख भुक्तान नहुंज्यालसम्म

मैन्हा मैन्हामा नानी सुप्रदिप्त मान्येवर नेपाल तारा सुप्रसिद्ध प्रवल गोर्खा दक्षिण वाहु पुर्व तर्फका कम्यांडींजनरल ववरशम्सेर जङ्गवहादुर राणा जिवीईकेसियेस आईकेसिआइई आनरेरि ले कर्णेल वृटीस आर्मी नेपाल प्रताप वरधक का दस्षत वमोंजि सोधभर्ना स्मेत मिलाउने कांगर भंन्या ९२ साल

गते रोजमा सदर मुल्कीषानाका नाउँमा खड्गनिसाना गरी वक्सेको हुदा सो खड्गनिसाना वमोजि गर्नें काम गर इति संवत १९९२ साल जेष्ठ २३ गते रोज ४ शुभम् — — — — — — — — –

◆

नाफा भएको रकम सैनिक द्रव्यकोषमा जम्मा गर्नेलाई थप्ने

सैनिक द्रव्यकोसका हाकिम कारिन्दाले पुर्जिहेरी पल्टनिया जवानहरूलाई नोकरी छुटी गयका अवस्थामा सुविस्ता हवस भन्ना निमित्त पल्टनिया जवानको वाली तलववाट दाम जगेडा राषने सैनिक द्रव्यकोस खडा गरी स्व सैनिक द्रव्यकोसका नाउँमा यो सैनिक द्रव्यकोसमा रहेको दाम कुन फायदा हुने काम्मा लगाई तेसवाट आयको फायदामा यस काम निमित रहने मद्दतको खर्च मध्ये पल्टनवाट र अड्डाखानावाट काज खटि आउन्ये हाकिम अफिसर हुदा सिपाही वाहेक अरू कामदार कारिन्दा मसलन्द खर्च कटाई जो वाकी रहन्छ सो दाम यस सैनिकद्रव्यकोसमा दाम राखनेहरूलाईनै दामासाहीवाट ठहरे वमोजिम थप दिने गरी वक्सेको छ भन्या स्मेत सवाल गरी वक्सेकोमा ९१ साल श्रावणदेखि ९२ साल आषाड् मसान्तसम्ममा दाम राखने जवानहरूको निमित्त थप दिनालाई स्व काम्मा जम्मा भयाका रूपैयाको लगानिवाट जम्मा नोट्रू३६५७। १ फायेदाम तेस्को सैंका २८ ले मोहरू ४६८१।५२ आयस्ता हुन आयेकोमा तपसिल वमोजिमको मोहरू ७७१७।५।२ खर्च भै जम्मा मोहरू ३०३५।५३।२ नोक्सान पर्न आयको वेहोरा जाहेर भयो पल्टनिया जवानको वाली तलववाट दाम जगेरा राखने सैनिक द्रव्यकोस खडा गरी वक्सी स्व सैनिक द्रव्यकोसमा जम्मा हुन आयको दाम फायदा हुने काम्मा लगाई आएको फायदामा खर्च कटाई जो वाकी रहन्छ श्व पनि श्वहि जम्मा भएको दाममा थप दिने गरी वक्सेको हुनाले सवाल सदनवाट यस कामको खर्च जम्मै आयस्ता-

मा कट्टा गर्नु पर्ने भएपनि पल्टनिया जवानहरूलाई नोकरी छुट्टी गयाका अवस्थामा सुविस्ता हवस भन्ना निमित्त यो साललाई श्व खर्चमा पल्टनिया जवानको फायेदा निमित्त प्रामेसरी नोट् खरिद गर्दा लागेको व्येंक कमिसन नोट् रू. ५०३। . पानसये तिन रूपैंया चार आना र श्व नोट षरिद गर्नालाई दाम पठाउदा लागेको वीमारजष्टरी खर्च कंरू १०। ९ दस रूपैया पाच आना नौपाई वाहेक अरू पटके खर्च र काम्दार कारिन्दाको तलव मसलन्द समेतको नोट रू ३५०। कंरू २३।।।.४ मोहरू ५७९१।३८ श्व आयस्तामा कट्टी नगर्ने गरीआयेन्दालाई पनि हामीवाट श्व काम्दार कारिन्दा खर्च कट्टा गर्ने हुकुम नबक्सेसम्म यस विषयको काम्दार कारिन्दाको : तलव मसलन्दहरू पल्टनिया जवानको कट्टी भयाका दामदाट आयको फायदामा कट्टी नगर्ने गरी बक्सेको छ यो साललाई लेखिया वमोजिमको पटके खर्च र काम्दार कारिन्दाको तलव मसलन्द गरी नोट रू ३५० तिनसये पचास कंरू २३।।।.४ तेइस रूपैया वाह्रआना चार पाई मोहरू ५७९१।३८ पाच हजार सातसये यकानव्ये रूपैया अटतिस पैसा र आयेन्दालाई पनि काम्दार कारिन्दाको तलव मसलन्द कट्टी गर्ने हामीवाट हुकुम नवक्सेसम्म काम्दार कारिन्दाको तलव मसलन्द खर्चहरू जति श्व पल्टनिया जवानको जम्मा भै आयका दामवाट आयको फायदामा कट्टा गर्नु पर्दैन श्व कट्टा नगर्ने भयाको रूपयामा तेस सैनिक द्रव्यकोसलाई भर्ना लिनु पर्ने जति कौसितोसाषनाका नाउँमा सनद गराई भर्ना लिने काम गर — — — —

तपसिल

नोटको सैंका २८ कंपनिको सवाईका दरले हुनेमोहरू — — — — ७७१७।५।२
असामी — — — — — — — — — नोट् कं रू मोहरू
— — — — — — — — — — — — —
सेप आलमाडि विछ्यौना फायलहरू स्मेतके — — ३५० १३।।।.४—१८४।२०
लिजरबुक पासबुक अरू फारामहरू छापने कागज
मोल र छपाई खर्च — — — — — — — — — — ७९०।८७।२
तलव मसलन्द — — — — — — — — — १०—। — ५६०७।१८
वीमा रजष्टरी— — — — — — — — — १०।—९—
प्रामेस्वरी नोट खरिद गर्दाको व्येंक कमिसन — — ५०३।—
इति सम्वत १९९२ साल भाद्र २ गते रोज १ शुभम् — — — — —

❀

मसलन्द खर्च फाइदा भएको रकममा कट्टा नगर्ने

कौशलबाट जाहेर गरेको रिपोट् - - - - -

उप्रान्त पल्टनिया ज्वानहरूलाई नोकरी छुटी गयाका अवस्थामा सुविस्ता हवस भंना निमित्त पल्टनीया ज्वानको वाली तलवबाट दाम जगेरा राषने सैनिक्ष द्रव्यकोश षडा गरी स्व सैनिक द्रव्यकोशका नाउमा यो सैनिक द्रव्यकोशमा रहेको दाम कुनै फायदा हुने काममा लगाई तेसबाट आयेको फायेदामा यस्कामनिमित्त रहने मवतको षर्च मध्ये पल्टनबाट र अड्डाषानाबाट काजषटी आउने हाकिं अफिस र हुद्दा सिपाही बाहेक अरू काम्दार कारिंदा मसलंद षर्च कटाई जो बाकी रहन्छ स्व दाम यस सैनिक द्रव्यकोशमा द्राम राषनेहरूलाई नै दामासाहीबाट ठहरे बमोजिम थप दिने गरी वक्सेको छ भंन्या सवाल गरी बक्सेकोमा ९१ साल श्रावणदेषी ९२ साल आषाढ मसांतसम्ममा दाम राषने ज्वानहरूको निमित्त थप दिनालाई श्व काम्मा जम्मा भयाका रूपैयाको लगानीबाट जम्मा नोटरू ३६५७।३१ फायदा भै तेस्को सयकडा २८ ले मोहरू ४६८५।५२ आयेस्ता हुन आयेकोमा तपसिल बमोजिमको मोहरू ७७१७।५२ षर्च भै ज्मा मोहरू ३०३५।५३।२ नोक्सान पर्न आयेको वेहोरा जाहेर भयो पल्टनिया ज्वानको वाली तलवबाट दाम जगेडा राषने सैनिक द्रव्यकोश षडा गरीवक्सी सो सैनीक द्रव्यकोशमा जम्मा हुन आयेको दाम फायदा हुने काम्मा लगाई आयेको फायेदामा षर्च कटाई जो बाकी रहन्छ सो पनि सोही ज्मा भयेको दाम्मा थप दिने गरी बक्सेको हुनाले सवाल सनदबाट यस काम्को षर्च भै

आयेस्तामा कट्टा गर्नु पर्ने भयेपनि पल्टनिया ज्वानहरूलाई नोकरी छुटी गयाका अवस्थामा सुविस्ता हवस भंनानिमित्त यो साललाई सो षर्चंमा पल्टनिया ज्वांको फायेदा निमित्त प्रामेसरी नोट षरिद गर्दा लागेको व्यंक कमीसन नोट ५०३। पानसये तीन रूपैंया चार आना र स्व नोट षरिद भर्नालाई दाम पठाउदा लागेको वीमा रजष्टरी षर्च कंरू १०।५।९ दश रूपैंया पाच आना नौपाई बाहेक अरू पटके षर्च र काम्दार कारिन्दाको तलव मललंद स्मेत नोट रू ३४० कंरू २३।।।४ मोहरू ५७९१।३८ सो आयेस्तामा कट्टी नगर्ने गरी आईन्दालाई पनि हामीवाट सो काम्दार कारिन्दा षर्च कट्टा गर्ने हुकुं नवक्सेसम्म यस विषयको कांदारकारिन्दाको तलव मसलंदहरू पल्टनिया ज्वानको कट्टी भयको दामबाट अघिको फायदामा कट्टी नगर्ने गरी बक्सेको छ कट्टी गर्नु पर्दैन सो कट्ठी नगर्ने भयाको रूपैंया सैनिक द्रव्यकोशलाई भर्ना लिनु पर्ने जति कौसीतोसाषानाका नाउमा सनद गराई भर्ना लिने गर्नु भंने श्री ३ महाराज बुबाज्यूबाट हुकुं बक्सेको हुनाले हुकुं बक्सेको लेषीया बमोजिम गर्नालाई ज जसलाई चाहिन्छ चाहिने वेहोराको सनद गरी दिने कांगर भंन्या सीरवेहोरामा तपसील्मा प्रोमेसरी नोट् षरीद गर्दाको व्यांक कमीसन नोट रू ५०३। सो नोट खरीद गर्नालाई दाम पठाउदा वीमा रजिष्टरी षर्च कंरू १०।५।९ तलव मसलंद कंरू १०। मोरू ५६७७।१८ लेजरबुक पासबुक अरू फारांहरू छापिने कागज मोल र छपाई षर्च मोरू ७९०।८७।२ सेप आल्माडी विछ्यौंना फायेलहरूको स्मेत के नोट रू ३५०। कंरू १३।।।४ मोहरू १८४।२० स्मेत लेषी ९२।५।११ मा यस कौशल्का नाउमा सुप्रदिप्त मान्येवर नेपालतारा सुप्रसिद्ध प्रवल गोर्खादक्षिणवाहु पुर्वतर्फका कम्यांडिङ जनरल बबरशम्सेर जंगबहादुर राणा जि. वि. ई. केसीयेस आई केसी आइ ई आनरेरि कर्णेल वृटिस आर्मि नेपाल प्रतापवर्धकबाट दस्षत भै आयाकोमा लेजरबुक पासबुक अरू फारांहरू छाप्नेकागजमोल र छपाई षर्च मोहरू ७९०।७।२ तपसील्मा लेखीयाको श्वकलं द्रव्यकोशको आयेस्तामा कट्टी गर्ने नगर्ने सिरबेहोरामा नषुलेको हुनाले सो रूपैंया कट्टी गर्ने नगर्ने के हो श्व र तलव मसलंद के भनी गोस्वारा अंक लेषीयको हुनाले तलव कती मसलंद कती

हो मसलंद कैले लिने हो भनि बुझेमा लेजरबुक पासबुक अरू फारांहरू छापने कागज मोल र छपाई षर्च मोरू ७९०।८७।२ स्मेत कट्टा नगर्नें हुकुं बक्सेको र मसलंद ६।६ मैह्नाको पटक गरी लिनु भंने निकासा भयेको मध्ये यो साल्मा षर्च भयेको कंरू १० मोरू ९६ भंन्या र तलवषर्च मोरू ५६०७ मध्ये यस अडाको श्रेस्तामा षर्च लेषियको हाकिं काम्दार कारिंदाको तलव षर्च लेषाई षाने अडीटरको भत्ता मोरू १८०० स्मेत ज्मा मोहरू ५६०७।१८ भनी ज्वाफ लेषी पठायाको स्मेत हुनाले सो बमोजिम पल्टनिया ज्वानको रहेको दामबाट फायेदा भयेकोमा तपसिल बमोजिमको यो साल्मा षर्च भयाको कटाउदा नोक्सान परेको हुनाले सवाल सनदबाट यस्कांको षर्च भै आयेस्तामा कट्टागर्नु पर्नें भयाका पल्टनिया जवानहरूलाई नोकरीछुटी गयाका अवस्थामा सुविस्ता हवस भंना निमित्त रहेको हुनाले यो साल्मा षर्च भयको मध्ये प्रामेश्वरी नोट———षरिद गर्दा लागेको व्येंक कमीसन नोटरू ५०३। पानसये तिं रूपैया चार आना र सो नोट षरिद गर्नालाई दाम पठाउदा वीमा-रजष्टरी षर्च कंरू १०।५।९ दस रूपैया पाच आना नौपाई वाहेक अरू पटकै षर्च र काम्दार कारिंदाको तलब मसलंद स्मेत ज्मा नोट रू ३५०। कंरू २३।।। ४ मोरू ६५८२।२५।२ सो आयेस्तामा कट्टी नगर्नें गरी बक्सेको छ कट्टी गर्नु पर्दैंन सो कट्टी नगर्नें भयेको मोरू ६५८२।२५।२ मा कौसी तोसाषानाबाट षर्च लेषी गयेको मोरू १८०० भर्ना दिलाउनु नपर्नें हुदा सो कौसी भत्ता तल्वी मोरू १८००। अठारसये कट्टी गरी बाकी तपसील बमोजिमको रूपैया हाल १ पटक सैनिक द्रव्यकोशका वही बुझाउने हाकिं जिम्मा जिम्मावारी दिनु भंने सनद गरी जिंमावारी लिने र आइन्दालाई पनि हामीवाट सो काम्दार कारिन्दाको तलव षर्च र मसलंन्द षर्च कट्टा गर्नें हुकं नबक्सेसंम पल्टनिया ज्वानको कट्टी भयेको दामवाट आयको फायेदामा कट्टी नगर्नें गरी बक्सेको हुनाले सो कट्टी नगर्नें भयेको तलव मसलंद आगे साल्देषी साल साल षर्च भयको साल तमाम भयापछी यकैचोटी षर्च भयाको फाट् स्मेत् गासी कौसीतोसाषानाका नाउँमा सनद गराई लि भर्ना राषने गर्नु सो र कौसीवाट षर्च लेषेजति स्मेत वेहोरा

जनाई साल सालको हिसावमा चढाई राषने गर्नु भंन्या स्मेत् निकासा दिन मुनासीव देषीनाले जाहेर गरेका छौं सो बामोजिम गर्नु भंन्या यो रिपोटसदर गरी वक्सेपछि कौसीतोसाषानाका नाउँमा जो चाहिने सनद तेस सैनिक द्रव्य-कोशवाट गरी पठाई भर्ना राष्ने गर्नु भनि यो रिपोट शैनिक द्रव्यकोशमा पठाई दिने ठहरायुं जो मर्जि हुकुं – – – – – – – – – – –

तपसील

सैनिक द्रव्यकोशको कां कांमा देहाय वमोजिम ९१ सालमा षर्च भैसकेको हाल १ पटक सो अड्डाका हाकिं जिम्मावारी दिने

असामी – – – – – –	नोट	कंरू	मोहरू
सेप आलमाडी विछ्यौना फायलहरू स्मेतके – – – – – – –	३५०।	१३।।।४	१८४।२०
लेजरबुकपासबुक अरूफारांहरूछापने कागजको छपाई षर्च	--	--	७९०।८७।२
तलव मसलंद स्मेत् – – – –		१० –	३७११।१८
	३५०तिस-येपचास	२३।।।४तेइस रूपैयावाह्र आना चार पाई	४६८६।२५।२ छयालिससयेछयासीरू पचीस पैसा दुइदाम

सुब्बा कृष्णवहादुर – – १
ना.सु.इन्द्रमार्नासिं – – १
ष. कृष्णमान –– – १
ष. शेरमान – — १
मु.जगंनाथ लाल – १

इति सम्वत १९९२ साल आश्विं २७ गते रोज १ शुभम् – – – – –

◆

स्वधभर्ना भैसकेपछि पुनः सापटी दिने

सैनिक द्रव्य कोसका हाकिम कारिन्दाले पुँजि हेरी सैनीक द्रव्य कोसमा जम्मा हुन आयको दामबाट स्वध भर्ना गर्ने गरी स्व फन्डको फाएदा हुने काम्मा लगानि गर्नालाई ९१ साल भाद्र ४ गतेका खड्ग निशाना सनद वमोजिम नोट रू. १००००० सापटी आएको स्वध भर्ना भै सकेको अब कट्टा भैआएको दामलाई सवालको ३० दफामा सैनिक द्रव्यकोसको काम निमित्त सापटी आएको भुक्तानी भएपछि मैह्ना मैह्नामा जम्मा हुन आएको दाम डाईरेक्टरका तजविजले मौजदात थामने भयको कट्टी गरी बाँकी आर्को मैह्नाको १५ गते सम्ममा डाईरेक्टरको दस्खत गराई मुल्की खानाबाट सैनिक द्रव्यकोसका हाकिम जिम्मा जिम्मावारी ल्याई सवाल वमोजिम गर्नु भन्या लेखियाको हुँदा सैनिक द्रव्यकोसमा जम्मा गर्न निमित्त कट्टा भै आयको दाम मैह्ना मैह्नामा पठाउनु पर्ने भयाको अैले सैनिक द्रव्यकोसमा दाम राखने ज्वानहरूको हिसावबाट दसै किस्ता खुल्ने मैह्नामा मोहरू ४०।५० हजारसम्म र अरू मैह्नामा मोहरू ९।१० हजार जति मात्र कट्टा हुने लगत वस्न आयको बेहोरा जाहेर हुँदा स्व जम्मा भयको दाम हाललाई वैंकमा प्रामेसरी नोट खरीद गर्न पठाउने भै रहेकाले मैह्ना मैह्नामा थोर थोरै गरी प्रामेसरी नोट खरिद गर्न पठाउनु भन्दा ५।७ मैह्नाको यकैचोटी गरी धेरै पठाउनमा राम्रो भै हरहिसाबलाई समेत सजिलो पर्ने हुनाले सैनिक द्रव्यकोसमा जम्मा हुन आयको दामबाट स्वधभर्ना गर्ने गरी नोट रू. १००००० एक लाख मुल्की खानाको सर्व रकमबाट सापटी दिने लिने

९२ साल जेष्ट २८ गते २ मा सनद गरी वक्से वमोजिम मुल्की खानाबाट सापटी आएको रूपैयाँ पनि ९२ साल कार्तिक ९ गते रोज ६ सम्ममा नोट रू. ९८००० स्वधभर्ना भै सकि बाँकी नोट रू. २००० अैल्हेको हिसावबाट माघ मैन्हा सम्मको तलवबाट फागुण सम्ममा स्वधभर्ना हुन सकने देखियको बेहोरा सैनिक द्रव्य कोस मार्फत जाहेर भयो माघ मैन्हाको तलव माघ १ गते देखि पाकने हुनाले सैनिक द्रव्यकोसमा जम्मा गर्ना निमित्त पल्टनिया ज्वानको कट्टी भै आएको दामबाट स्वधभर्ना गर्ने गरी स्व काम्को फायदा हुने काम्मा लगानी गर्नालाई फेरी सर्व रकमबाट नोट रू. १००००० एक लाख सापटी दिने लिने निकासा वक्सेको छ लेखिया वमोजिमको नोट १००००० एक लाख माघ लागेपछि सर्व रकमवाट सापटी खर्च लेखि सैनिक द्रव्यकोस तर्फको श्रेस्तामा सापटी आम्दानी बाँधी सैनिक द्रव्यकोसमा हाकिम जिम्मा जिम्मावारी दि पल्टनिया ज्वानको सैनिक द्रव्यकोसमा जम्मा गर्ना निमित्त कट्टा भै आयको रूपैयाबाट स्व नोट रू. १००००० एक लाख भुक्तान नहुन्ज्याल सम्म मैन्हा मैन्हामा नानि श्री सुप्रदिप्त मान्यवर नेपाल तारा सुप्रसिद्ध प्रवल गोर्खा दक्षिण वाहु पु. क. ज. ववर सम्सेर जंग वहादुर राणा जी. वि. ई. केसि यस. आई. केसि आई. ई. आनरेरी कर्णेल वृटिश आर्मि नेपाल प्रतापवर्धकका दस्षत वमोजिम स्वधभर्ना मिलाउने काम गर भन्ने लेखि सिरमा यस्मा पवलीक वर्क रकमबाट दिने गरी सदर भन्ने तोक काटी ९२ साल कार्तिक २९ गते रोज ५ मा मुल्की षानाका नाउमा खड्ग निशाना सनद भै गयकाले तेस अड्डावाट पनि स्व वमोजिम गर्ने काम गर ईति सम्वत १९९२ साल मार्ग ३ गते रोज २ शुभं–

* * *

नेपाल रेल वे को कामको लागि रु. दुई लाख खर्च लेख्ने

सैनिक द्रव्यकोसका हाकिम कारिन्दाले पुर्जि हेरी मुहुत्तरी रेलवे वनाउने कांलाई प्रोभिडेन्ट फन्डको रूपैयाँ व्यांकमा राषने खड्ग निसाना सदर भै आयाको हुनाले तपसिलमा लेषिया बमोजिम नोट २ दुई लाख द. क. ज. का नाउमा गभरमेंट अफ नेपाल रेल अकाउन्टेटमा जम्मा गर्नाके तपसिलमा लेषिया वमोजिम गरी जिन्सी अड्डा जिम्मा जिम्मेवारी दिने काम गर – – – –

तपसिल

प्रोभिडेंट फण्डको माघ मैनामा मुलकी षानाबाट सापट आउने नोट रू. १००००० यक लाख रूपैयां जिन्सी अड्डा जिम्मा जिम्मावारी षर्च लेषि बुझाई दिनु — — — — — — — — — —१

प्रोभिडेण्ट फण्डको मुलकी षानामा रहेको १ लाख ६ हजारको ईष्टाफ सर्टिफिकेट विक्री गरी आयाको रूपैयाँ मध्ये नोट रू. १००००० यक लाख माथि लेखिय वमोजिम द. क. ज. का नाउमा कलकत्ता न्यासनल व्यांकमा रहने भयाको हुनाले सो ईष्टाफ विक्री गर्ने बैंकबाट लेषिया वमोजिम न्यासनल व्यांकमा दाषिल गराई रसिद भर्पाई आयाको जिंसी अड्डामा बुझाई सोवमोजिम नोट रू. १ यक लाख जिंसि अड्डा जिम्मा जिम्मावारी षर्च लेखनु — — —२

ईति सम्वत १९९२ साल पौष २९ गते रोज २ शुभम् — — — —

निकासा भएको रूपैयां हाकिम जिम्मा दिने

सैनीक द्रव्यकोसबाट जाहेर गरेको रिपोट -- -- -- --

उप्रान्त सैनीक द्रव्यकोसमा ज्मा भयाको दाम् फायेदा हुने काममा जनाई सो फायेदामा यस विषयको षर्च कटाई वाकी रहेको सो दाम राषनेलाई दिने सवाल शनद भयेकोमा ९२ साललाई येस कामको षर्चमा प्रामेस्वरी नोट खरिद गर्दा लागेको व्याङ्क कमिसं नोट् रू. ५०३। र व्याङ्कमा नोट पठाउदा लागेको ।९५। रजिष्टरी षर्च कं रू १०। ९ वाहेक अरू षर्च नकटाउने कौसी तोसाषनाबाट भर्ना लिने हुकुम वक्से वमोजिम ज्मा खर्च भएको प्रामेश्वरी नोट् षरीद गर्दा लागेको नोट् रू. ५०३। व्याङ्कमा नोट् पठाउदा लागेको वीमा रजिष्टर षर्च करू १०। ९ सेप आलमाडी विछ्यौना फायेल षर्च नोट् रू. ३५० कं रू १३।।।४ मोहरू १००।२० लेजरबुक पासबुक फाराम छपाई षर्चहरू र कागजमोलहरू मोरू ७९०।८७।२ तलव मसलंद षर्च कं रू. १० मोरू ५६०७।१८० भनी षर्चको फाटषोली प्रमांगीभै गँ कौसलले तलव मसलंद षर्चमा तलव कति मसलंद कति भनी लेखेमा मसलंद कं रू. १० मोहरू ९६ तलव कौसीवाट गयेको मोरू १८००। यस अडाबाट गएको मोहरू ३७११।१८ भन्ने लेषी गए बमोजिम निकासा भएको ९२ साल आश्वीण २७ गते ५ मा खड्ग निसाना तोकसदर भै आउदा षर्च ज्मामा प्रामेश्वरी नोट षरिद गर्दा लागेको व्यांक कमिसन ५०३। व्येंकमा दाम पठाउदा लागेको वीमारजिष्टरी कं रू. १०। ९ वाहेक अरू षर्च नोट् रू.

३५० कं रू. २३।।।४ मोहरू ६५८२।२५।२ आयेस्तामा कट्टी नगर्ने गरी वक्सेको छ भंन्या सिर वेहोरा लेषी सो कट्टी नगर्ने गरी वक्सेको मोहरू ६५८२। २५।२ मा कौसी तोसाषानाबाट षर्च गरेको मोहरू १८००। कट्टा गरी वाकी तपसिल वमोजिम रूपैया कौसीतोसाषानाबाट भर्ना लिने गरी सदर भै गई सिरवेहोरामा लेषीय वमोजिमको निकासा मोहरू ६५८२।२५।२ मा कौसी तोसाषानाबाट गयेको मोहरू १८००। कटाउदा वाकी मोहरू ४७८२।२५।२ नोट ३५० कं रू.. ......।४ हुनु पर्नेमा मोहरू ४६८६।२५।२ नोट् ३५० कं रू. २३।।। ४ लेषी तलव मसलंदमा मोहरू ९६। छयानव्य रूपैया घटी निकासा भयको र सो निकासा वक्से सम्मको रूपैयासा लेजरबुक पासबुकहरू छपाउदा लागेको षर्च र कागजको मोल मोहरू ७९०।८७।२ कौसी तोसाषाना र छापाखाना ... ... गरेकोले भै येस अडालाई भर्ना नचाहिने हुदा वाकी नोट रू ३५० कं रू २३।।। ४ मोरू ३८९५।३८ ... ... का नाउमा सनद गराइ जिम्मावारी लीसकेको हुनाले सो घटी निकासा भयेको मोहरू ९६। छयानव्ये येस अडाका हाकीम जीम्मा जिम्मावारी दिनु भंन्या कौसीतोसाषानाका नाउँमा यो रिपोट सदर गरी वक्सेपछि यो रिपोट कौसितोसाषानामा पठाई जिम्मावारी रूपैयां आम्दानी वाधी दाषील गर्ने ठहरायुं जो मर्जि – – – –

तपसील्

असामी – – – – – – –	नोट	कं रू	मोहरू
सेप आलमाडी विछचौना फाइलहरू के –	३५० – –	१३।।.४	१८४।२०
लेजरबुक पासबुक र अरू फारामहरू छापनेकागज छपाई षर्च – –			७९०।८७।२
तलव मसलंद – – – – – – –		१० –	३७१।१।१८
	३५०	२३।।।४	४६८६

सुब्वा चन्द्रलाल प्रधान – – – १

त. मु. चेतमान् अमात्ये – – – १

इति सम्वत १९९२ साल चैत्र ७ गते रोज ५ शुभम् – – – – –

* * *

द्रव्यकोषलाई जिम्मावारी दिने

कौशलबाट वोलेको – – – – – – – – – –

यो कौशल नंवर ५७० को सैनीक द्रव्यकोसको रिपोट अँसवाल वमोजि जाचदा हु प्र वमोजिम ९२ सालमा षर्च भएको प्रामेसरी नोट् खर्च गर्दा लागेको व्यंक कमीसन नोट् ५०३ र व्यंकसा नोट् पठाउदा लागेको वीमा रजष्टरी षर्च कं रू १०। ९ वाहेक अरू षर्च सैनीक द्रव्यकोशको आयस्तामा नकटाई कौसी तोसाषानावाट भर्ना दिलाउनालाई ९२।६।२७।१ मा रिपोट सदर हुदा सेप आल्माडी विछ्यौना फाइल खर्च नोट् रू. ३५० कं रू १३।।।४ मोरू ६५८२।२५।२ मध्ये कौसीतोसाषानावाट षर्च गरेको मोहरू १८००। कट्टा गरी वाकी आयस्तामा कट्टा नगर्ने भनी सिरवेहोरामा लेषी तेस्को तपसिल्मा नोट कंपनी मात्र मिली मोहरूमा ४७८२।२५।२ हुनु पर्नेमा ४६८६।२५।२ मात्र लेषीन गयेको र सो मध्ये लेजरबुक पासबुक र अरू फरांहरू छापने कां लाई छापाषानाबाट र मसलंदलाई कौसीतोसाषानाबाट षर्च भएको ज्मा मोहरू ५९०।८७।२ कट्टा गरी वाकी मोरू ३९९१।३८ चाहिनेमा रपोट सदर ले मोहरू ३८९५।३८ मात्र हुन आइ सो रूपैया जिम्मावारी लि सकेको हुदा घटी निकासा भयेको मोरू ९६। छयानव्वे रूपैया सैनीक द्रव्यकोसलाई जिम्मावारी दिनु भंने निकासा पाउ भनी जाहेर गरेको मुनासीव देखिनाले सो ९२ साल आश्वीं २७ गते १ मा सदर भयाका रपोट सदरमा छुट भयेको मोहरू ९६। छयानव्वे रूपैया कौसीतोसाषानाबाट जिम्मावारी ली सैनीक द्रव्यकोस रकंमा

आंदानी वाधने गरी सदर मुल्कीषाना दाषील गर्नु भंन्या निकासा दिनु मुनासीव देषिनाले जाहेर गरेका छौं सो वमोजिं गर्नु गराउनु भंने यो तोक सदर गरी वक्सेपछि कौसीतोसाखानाका नाउमा जो चाहिने व्यहोराको सनद गरी पठाई यो तोक सदर सैनीक द्रव्यकोसमा पठाई दिने ठहरायुं जो मर्जि हुकुम – – – – – – – – – – – – – –

सुव्वा कृष्णबाहादुर – – – १
ना. सु. इन्द्रमान्सीं – – – १
ष. कृष्ण मान – – – – १
ष. शेर मान – – – – १
मु. जगंनाथ लाल – – – – १

इति संवत १९९२ साल चैत्र १४ गते रोज ५ शुभम् – – – – –

पजनीमा पर्ने कर्मचारीको व्यवस्था

द्रव्यकोसका हाकिम कारिन्दाले पुर्जि हेरी जंगी निजामतिहरूको पजनी श्रावण संक्रान्ती देषी यही पजनी हुने भै आयाकोबाट निजामति तर्फ पजनी कागज दी सकेपछि पजनी तसको काम्मा सुस्तीर गरी अैं सवालका म्याद टायंमा निकासा हुनुपर्ने निकासा नभै सरकारको गीरानी नोक्सानी कलम पनि पर्न आउने दुनीयालाई पीरमरका पर्न जाने हुन आउने भयाको हुनाले टायें टायेंम्मा काम होस भंना निमित्त निजामती तर्फ यो ९३ सालका वालीलाई ९२ साल जेष्ट लाग्दैमा पजनी गराई वकसभयेको हो जंगी तर्फलाई पनि पल्टं वैसाष देखि घर विदा छुटीगै सामेल भयापछि पजनी हुँदा षोसिनेहरू सातै फेरी घरतर्फ फर्किजानु परी मरका परीरहेको जाहेर भयको हुनाले वैसाष संक्रान्ती लागेपछि पजनी गरे घरविदा जानेपनि पजनी सिध्याई विदा जानेर षोसिनेहरू पनी पजनी सकेपछि घर जानपाई सुविस्ता हुने हुनाले जंगी निजामती दुवै तर्फका ज्वांलाई ठूलो भर्ना मिति भाद्रको कायें भै आयाकोमा अव जेष्ट गरी वैसाख १ गते ले पुरावाली पाउने गरी पजनी समेत गरी बक्सेकोहुनाले सिधै वाली रहेको वालो केही तलवी समेत भयाकाले ज्वां जतिको यो ९३ सालमा गरी वक्सेको पजनी ९४ साल साउं ८ मैनावारी तलव भत्ता षानेले जंगी तर्फ भर्ना भयाका आर्को महिना देषी पाउने षोसिय छोडे सरे वा षारेज भयाको रहेछ भने मैना पुरा भयापनि तेस मैनाको पुरा पाउने निजामती तर्फ मैनापुरा नभयाकोमा दीं गन्तीले पाउने दर्दर्माहाको १०।२५ नं. का अैं हुनाले सो बमोजिम षोसिय छोडेमा

तलव पाउने हुंदा तलवी जवांलाई ९२ साल्मा भयाका पजनीबाट ९२ साल चैत्र सम्मको तलव खाई सकेको हुनाले ९३ सालमा भयाको पजनी ९३ साल कै पजनी कायम गरी लेखिय बमोजिम गर्ने गरी वक्सेको छ सो बमोजिम गर्ने गर्नालाई अघि भैरहेको अें सवाल भयमा गरी मिलाई जारी गरी बक्सेको हुनाले जंगी निजामती वाली षाने गैह्र जवां लाई ९३ सालको वाली षुवाउने हकमा तपसिल बमोजिम गर्ने गरी सो वमोजिम गर्नालाई जजसका नाउमा चाहिन्छ जो चाहिने तेसै अड्डा मार्फत सनद गरी पठाई तेस अड्डाबाट पनि सो वमोजिम गर्ने गराउने कांगर भंने यस अडाका नाउमा ९३ साल जेष्ट ५ गते २ मा षड्ग निसाना सनद भै आयको हुनाले तेस अड्डाबाट पनि लेखिया बमोजिम गर्ने गराउने काम गर भंने द्रव्य कोसका नाउमा सनद गरी वक्सनु पर्ने ठहरायूं जो मर्जि हुकुं भनि जंगी अड्डाका हाकिम कारिंदाहरूले हाम्रा हजुर्मा विन्ती पार्दा जाहेर भयो तसर्थ सो ठहरायाकोमा हामिबाट पनि सदर गरी बक्सेको छ सो बमोजिम गर्ने काम गर – – – – – –

तपसिल्

९३ सालको वाली लाई ठूलो भर्ना मिति भाद्र कायम भै पजनी भयाको हुनाले दर्दर्माहाका अें ले ९३ साल श्रावण संक्रान्तीले पुरा वाली पाउने तेस अगावै वैसाष देखि आषाड संम्म परेमा षंडेमात्र पाउने भै श्रावण संक्रान्ती भंदा अघि षोसिने सर्ने लाई पुरा वाली षुवाउंदा अघिका अें रूलले नोक्सानी पर्ने भयापनि यहि ९३ साल वैशाख १ गते ले पुरै वाली पाकने गरी षुवाउने गरीबक्सेको छ सो बमोजिम गर्नु गराउनु – – – –१

९३ सालको वालीलाई ९३ साल वैसाष १ गते पुरै वाली पाकने गरी बक्सेको हुनाले तेस अगावै पर्नेको हकमा सो ९३ साल्को वालीलाई ठूलो भर्ना मिति भाद्र कायम भै पजनी भयाको वैसाषका लागी षाने वाली नपाउने हुनाले तेस अगावै तेसलाई षंडेवाली षुवाउनु पर्दैन नषुवाउनु – – –२

९३ सालको वालीको दसै किस्ता अर्थात नगदीकीस्ता पनि साविक वमोजिम श्रावण लागेदेषि फाराम चलाउनु सुरूगरी दसै अघिनै वाडने कायमै गरी वक्सभको छ थमौती हुने जतिलाई नगदी किस्ता र गएकोजिलामातेजारथबाट कांली सापटी पाउन आयाको हुनाले अवपनि सापटी दिनुपर्दैन माथी दफामा लेषीया बमोजिम यहि ९३ साल वैसाष १ गते ले वाली पाउने गरी वक्स भको हुनाले पजनीमा षोसिने जवांलाई पाकी सकेको वाली लिनालाई वाली पाउने टायम अर्थात ३।४ महिना पर्षी रहनु पर्ने हालै घरजानालाई षर्च पनि नपाउने हुन जाने हुंदा सो पजनीमा षोसिने जवांका हकमा पाकी सकेको दरीया बमोजिम नगदी कोसमा जम्मै तेजारथबाट निर्व्याजी सापटी पाउने गरी वक्स भको छ लेषीया वमोजिम षोसिने ले नगदी कोसमा सापटी पाउन आयामा निजहरूसंग सर्कारी रकम कलम ईत्यादी कट्टामट्टा गर्नु पर्ने समेत जुन जुन अड्डा वुझ्नु पर्छ बुझी कटाउनु पर्ने वाहेक वांकी रहेको रूपैयां निर्व्याजी सापटी हालै दिने दिलाउने गर्नु गएको जिलामा भने सापटी दिनु पर्दैन लेषीया वमोजिम नगदी किस्ता वाट सापटी लिने जवानको रकं कट्टा मट्टा गर्नु पर्ने र तेजारथ सापटी गयाको समेत नगदी किस्ता को फाराम चलाउंदा अैं सवाल वमोजिम कट्टा गरी लिने दाषिल गराउने गर्नु गराउनु - - - -३

वाली पाकी सकेपछि धानको तिर्जामा सापटी माग्न आउने लाई सरदर श्रावण-देषी पौषसम्म मैना ।३ को सैक्रा ३। ले हिसाव गरी सापटी दीदामा सो रूपैयां सैक्रा ।३ का दर्ले अगावै कट्टी गरी व्याजी सापटी दिने व्याजी सवालको ६९ दफामा लेषियको अव वैसाष संक्रान्तीले वाली पाउने गरी वक्सेको हुनाले ९३ सालको धानको तिर्जामा सापटी माग्न आउने जागिरलाई हालै देषी सापटी दिन पाउने गरी वक्सेको छ अवलाई पनि सो बमोजिम सापटी दिदा साविकै वमोजिम सुद वापत सो रूपैयां मोहरू ।३ तिं पैसा का दर्ले कट्टा गरी सापटी दिने दिलाउने गर्नु - - - - - - -४

पजनीमा षोसिने तलव षाने जवांहरूलाई षोसियाका मैनाको तलव रूट वमोजिम मात्र वाडी पाउने भयाकोमा रूट पर्षनु नपर्ने गरी षोसिने वितिकै

निजहरूले पाउने तलव वाट कट्टा गर्ने गरीभैरहेका सवाल सनद वमोजिम तेजारथ सापटी पाउने गरीवक्सेको छ लेषीया बमोजिम सापटी दिनालाई रकं कट्टी जो बुझ्नु पर्ने बुझी पाउने सम्म षोसिने तलवी जवां लाई तेजारथ वाट सापटी दिने गर्नु - - - - - - -५

ईति सम्वत १९९३ साल जेष्ट १४ गते रोज ४ शुभम् ।

मार्ग मसान्तसम्ममा बांकीको पजनी गर्ने

सैनीक द्रवे कोसका हाकीम् कारीन्दाले पुर्जि हेरी जङ्गि निजामति दुवै तर्फका ज्वानलाई ठुलो भर्ना मिति भाद्र कायं भै आयेकोमा अव जेष्ट गरी वैसाष १ गतेले पुरा वाली पाउने गरी साल साल पजनी गर्ने वन्दोवस्तको ९३ साल आखाड १ गतेमा सदर गरी वक्सेका खड्ग नीसाना रिपोट् सदर वमोजीं तेस अडामा दरीयाका जङ्गि निजामतिका वालि खाने र तलव षाने जागिरदारमा पजनी सकिया पछि विच विचमा खालिखाल्सा भया वाहेक साल साल पजनी थमौति गर्नु पर्ने गैह्र पिपाखलासि वाहेक वालि षानेको मार्ग मसान्त सम्ममा कालिदल छ्यास्का मिति पिपाषलासि समेतको श्री पन्चमिको म्याद पुग्नु ७ दीं अगावै जजस्लाई तरताकिति जाहेर जो गर्नु पर्छ गरी गराई पजनी गराउनु वाकी भया यस यस कारणले यो यो जागिरदारको पजनी वाकी छ भनी फाट्वारी र वाकि न भया छैन भन्या कागज लेषी सो म्यादपुग्नु ७ दिन अगावै कम्याडरी कितापखाना दर्सन् फाट्मा दि पजनी वाकीको सोही मार्ग मसान्त श्री पन्चमिको म्याद भीत्र पजनी गराउनु लेषीया बमोजि म्यादमा कागज नदियामा मोरू ५ पाचर मुनासिव माफिकको कारणले वाहेक सोहि मार्ग मसांत श्री पन्चमीको म्याद नघाई पजनी वाकि राषे माफी ज्वानको मोरू ५। पाचका दर्ले हाकींलाई जरीवाना हुनेछ भंने सैनीक द्रवे कोस अडाका नाउमा सनद गरी वक्सनु पर्ने ठहरायौं जो मर्जि हुकुं भनी कोशलका हाकीं कारीन्दाले हाम्रा हजुर्मा विंती पार्दा जाहेर भयो तसर्थ सो ठहरायाकोमा हामी वाट पनी सद्दर गरी वक्सेको छ सो वमोजिम गर्ने काम गर इति सम्वत १९९३ साल श्रावण ८ गते रोज ४ शुभम् – – – – – –

रकम स्वध भर्नागर्ने

सैनिक द्रव्यकोसका हाकिम् कारिन्दाले पुर्जि हेरि सैनिक द्रव्यकोसमा जम्मा भयाका दामबाट ९२ साल पौष २९ गते रोज २ का सनद वमोजिम महुतरी रेलवेको काम निमित्त नोट्रू २००००० साल ९२ माघ महिनामा गयको र स्व रेलवेको कामबाट आयस्ता आउने वखत भै सकेको सैनिक द्रव्यकोसलाई भयाका सवालले सैनिक द्रव्यकोसमाजम्मा भयाका दामवाट आयको फायदा वर्ष वर्षमा हिसाव हेरी मिटिङ गरी श्वही दाम राखनेहरूलाई थप चढाई दिनू पर्ने श्व विनालाई रेलवेको काम्मा रहेको दाम्को आयस्ता नआयेसम्म श्व दामको फायदा कं हुन आउने हुदा श्व सैनिक द्रव्यकोसमा जम्मा भयाका दामबाट रेलवेको काममा रहेको दामलाई सैनिक द्रव्यकोसको व्येंकमारहेको दाममा सैक्रा रू. ३।। का दरले व्याज आउने हुनाले रेलवेको काममा रहेको दामको पनि सैक्रा रू ३।। का दरले ठहरेको दाम रेलवेको आम्दानी आयपछि स्वध भर्ना गर्ने गरी मुल्कीषानाका सर्व रकमवाट सापटी लिने दिने गरी सैनिक द्रव्यकोसमा जम्मा भयाको दामको थप दिने मिटिङ हुदा श्व सापटि आयको रूपैया आयस्ताको हिसावमा राखने गरी वक्सेको छ माथि लेखियाको नोट् रू २००००० दुईलाख ९२ साल माघ मैह्नामा रेलवेको काम्मा गयको हुनाले ९२ माघदेखि ९३ साल आषाड सम्म मैह्ना ६ छ को वर्ष १ को सैक्रा नोट् रू ३।। तिन रूपैया आठ आनाका दरले हुने नोट् रू ३५००। तिन हजार पानसय मुल्कीषानाको सर्व रकमवाट निरव्याज सापटी लि श्व रूपैया स्मेत ९२ सालको आयस्ताको हिसावमा चढाई रेलवेको आयस्ता आयपछि श्व सापटी आयको रूपैया डाइरेक्टरको दस्षतगराई दस्षत वमोजिम श्वधभर्ना स्मेत गर्ने काम गर ईति सम्वत १९९३ साल श्रावण २८ गते रोज ३ शुभम् – – –

◆

पब्लिक वर्क रकमबाट सापटी

सैनिक द्रव्य कोसका हाकिम् कारिन्दाले पुर्जिहेरी सैनिक द्रव्य कोसमा जम्मा हुन आयको दाम वाट स्वधभर्ना गर्नेगरी स्वफन्डको फायदा हुने काम्मा लगानी गर्नालाई ९२ साल कार्तिक २९ गते रोज ५ का खड्ग निसाना सनद वमोजिम नोट रू. १००००० सापटी आयकोमा नोट रू. ९२००० स्वधभर्ना भै सकि वांकी नोट रू. ८००० पनि यो आस्विन कार्तिक मैह्लाको तलव पेस्की वाट स्वधभर्ना भैसकने भयको छ। सैनिक द्रव्य कोसमा जम्मा गर्ना निमित्त कट्टा भै आयको दामलाई सवालले मैह्ला मैह्लामा जम्माहुन आयको दाम अर्को मैह्लाको १५ गते सम्ममा लगानी गर्नुपर्ने भयको व्यहोरा जाहेर हुंदा स्व सैनिक द्रव्य कोसमा जंमा भयका दामवाट स्वधभर्ना गर्ने गरी नोट रू. १००००० को पकट गरी वरावर निकाशावक्सी आयको वेहोरा समेत सैनिक द्रव्य कोस मार्फत जाहेर भयो सैनिक द्रव्य कोसमा जमा गर्ना निमित्त कट्टा भै आयको दाम मैह्ला मैह्लामा लगानी गर्नु भन्दा ५।७ मैह्लाको यकैचोटी लगानी गर्नामा राम्रो भै हरहिसाव लाई समेत सजिलो पर्ने भै लेषिया वमोजिम निकाशा वक्सी आयको हुनाले अव लाई पनि स्व वमोजिम सैनिक द्रव्यकोसमा जम्मा गर्ना निमित्त पल्टनिया ज्वानको कट्टी भै आयको दामवाट स्वधभर्ना गर्नेगरी स्व काम्को फायदा हुने काम्मा लगानी गर्नालाई फेरी पवलीक वर्क रकमवाट नोट रू. १००००० यक लाष सापटी दिने लिने निकासा वक्सेको छ स्व नोट रू. १००००० यक लाष पवलीक वर्क रकमवाट सापटी षर्च लेषि सैनिक द्रव्य

कोस तर्फ श्रेस्तामा सापटी आम्दानी वांधी सैनिक द्रव्य कोसका हाकिम जिम्मा जिम्मावारी दि पल्टनिया ज्वानको सैनिक द्रव्यकोसमा जम्मा गर्ना निमित्त कट्टा भै आयको रूपैयां बाट स्व नोट रू. १००००० यक लाख भुक्तानी नहुञ्ज्याल सम्म श्री नानी सुप्रदिप्त मान्येवर नेपाल तारा सुप्रसिद्ध प्रवल गोर्खा दक्षिणवाहु पूर्व तर्फका कम्याण्डिङ जनरल ववर शम्शेर जंग वहादुर राणा जि. वि. ई. केसि यस. आई केसि आई ई आनरेरी कर्णेल वृटिस आर्मि नेपाल प्रताप वर्धक का दस्षत बमोजिम स्वधभर्ना मिलाउने काम गर भंने सदर मुलकि षानाका नाउमा खड्ग निसाना सनद भै गयको हुनाले तेस अड्डावाट पनि स्व वमोजिम गर्ने काम गर ईति सम्वत १९९३ साल आश्विन ३० गते रोज ५ शुभम् ।

कौशीतोषाखानाबाट खर्च लेख्ने

कौसीतोषानाका हाकिम् कारिन्दाले पुर्जी हेरी सैनीक द्रव्यकोसका नाउमा गरिवक्सेका सवालको २७ दफामा सैनीक द्रव्योसमा रहेका दाम कुनै फायदा हुने काममा लगाई तेसबाट आयको फायदामा यस काम निमित्त रहने मदतको षर्च मध्ये पल्टंवाट र अड्डाषानावाट काज षटी आउने हाकिम् अफिसर हुदा सिपाही वाहेक अरू कामदार कारिंदा मसलंद षर्च कटाई जो बाकी रहन्छ श्वदाम यस सैनीक द्रव्यकोसमा दाम राषनेहरूलाई नै दामासाहीबाट ठहरे वमोजिम थप दिने गरी लेषीयाकोमा पछि हुकूंका प्रमांगी वमोजिम हामीवाट कामदार कारिन्दाको तलव षर्च र मसलंद षर्च कटागर्ने हुकुं नवक्सेसम्म पल्टनिया जवान्को कटी भयाको दामवाट आयको फायदामा कटी नगर्ने गरी वक्सेको हुनाले श्व कट्टी नगर्ने भयाको तलव मसलंद आग्ये सालदेषी साल साल षर्च भयाको साल तमाम् भयापछि यकैचोटी षर्च भयाको फाट् स्मेत गात्सी कौसीतोसाषानाका नाउंमा सनद गराइ लि भर्ना राषने गर्नु भंन्या ९२ साल मार्ग १२ गते ४ मा श्री कम्यांडरइनचिफ साहेवको स्ही निसाना र श्री ३ माहाराजको ठुलो छाप लागेको रपोट सदर भै आएको र ९३ साल श्रावण देषि ९४ साल आषाढ मसान्तसम्मको थप दिने मिटिङ हुदा पनि कामदार कारिंदाको तलव मसलंद षर्च आयस्तामा कट्टी गर्ने हुकुं वक्सी नसकेको भै आयस्तामा कटाउंनु नपर्ने हुदा श्व षर्च कौसीवाट भर्ना आउंने भन्या वोली परी थप दिने राय कायेम भयेको हुनाले श्व वमोजिम ९३ साल श्रावण देषी

९४ साल आषाड मसान्तसम्ममा षर्च भयाको कामदार कारिन्दाको तलव मसलंद मोहरू ६८२२।१३ छहजार आठसय वाईस रूपैया तेर पैसामा अडिटरको भत्ता मोहरू २११७।३ दुई हजार यक सय सत्र रूपैया तीं पैसा कौसीतोसाषानावाट षर्च लेषी षाने भै भर्नानचाहिने हुनाले वाकी यस सैनिक द्रव्यकोसका ४ नंवर फाराममा ९३ साल श्रावण देषी ९४ साल आषाड मसान्तसम्म षर्च लेषीयको तपसिल बमोजिमको मोहरू ४७०५।१० चार हजार सातसय पाच रूपैया दस पैसा सैनीक द्रव्यकोस रकंमा भर्ना राषना निमित्त सैनीक द्रव्यकोषका हाकिम् जिम्मा जिम्माबारी दिनु भंन्या कौसीतोसाषानाका नाउँमा सनद गरी वक्सनु पर्ने ठहरायु जो मर्जि हुकुम भनी सैनिक द्रव्यकोसवाट ठहरायको हाम्रीबाट पनि सदर गरी बक्सेको छ सो बमोजिम गर्ने काम गर – – –

तपसिल

सैनीक द्रव्यकोसको		३३७२।५२
मोहरू षर्च भयको मोहरू	३३६६।२७	
फंरू ५ षर्च भयको सवाईका दर्ले हुने मोहरू	६।२५	
सैनीक द्रव्यकोस अडिटर आफिसको मोहरू		६८५।३७
सदर मुल्कीषानाको मोहरू		२८५।२१
जंगी वाली तलव जाचको मोहरू		१३३।
कम्यांडरी किताप षाना वर्ता फाटको मोहरू		२२९।
		४७०५।१०

ईति सम्वत् १९९४...... गते रोज शुभम् – – – –

महोत्तरी रेलवेसित वार्षिक व्याज साढे तीन प्रतिशत

सैनिक द्रव्यकोसका हाकिम कारिन्दाले पुर्जि हेरी सैनिक द्रव्यकोसमा जम्मा भयाका दामवाट ९२ साल पौष २९ गते २ का सनद वमोजिम् महुतरी रेलवेको काम निमित्त नोट रू. २००००० साल ९२ माघ मैह्लामा गयको र स्व रेलवेको कामबाट आयस्ता आउने वषत भै नसकेको सैनिक द्रव्यकोसलाई भयाका सवालले सैनिक द्रव्यकोसमा जम्मा भयाका दामवाट आयको फायदा वर्ष वर्षमा हिसाव हेरी झिटिङ गरी स्वही दाम राषनेहरूलाई थप चढाई दिनु पर्ने स्व दिनालाई रेलवेको काम्मा रहेको दामको आयस्ता नआयसम्म स्व दामको फायदा कं हुन आउने हुदा स्व सैनिक द्रव्यकोसमा जम्मा भयाका दामवाट रेलवेको काम्मा रहेको दामलाई सैनिक द्रव्यकोसको व्येंकमा रहेको दाममा सैक्रा रू ३।। का दरले व्याज आउने हुनाले रेलवेको काम्मा गयको दामको पनि ९२ साललाई सैक्रा रू ३।। का दरले ९३ साल आषाडसम्म मैह्ला ६ को नोट् रू ३५०० रेलवेको आम्दानी आयपछि स्वध भर्ना गर्ने गरी सापटी लिने दिने निकासा वक्सेकोले ९३ साललाई पनि स्व रेलवेमा गयेको नोट रू २००००० को ९३ साल श्रावण देखि ९४ साल आषाढ मसान्तसम्म वर्ष १ को सैक्रा ३।। का दर्ले हुने नोट रू ७०००। सात हजार रेलवेको आमदानी आएपछि स्वधभर्ना गर्ने गरी मुलकिषाना सर्व रकम वाट सापटी लिने दिने गरी

निकासा वक्सेकोछ ९३ साल श्रावण देखि ९४ साल आषाढ मसान्त सम्म सैनिक द्रव्यकोसमा जम्मा भयाका दामको थप दिने मिटिङ हुदा पनि स्व सापटी आयको नोट रू ७००० सातहजार आयस्ताको हिसावमा राषने गरी राय कायें भयको हुनाले स्व रेलवेको काम्मा गयको नोट् रू २००००० दुई लाखको ९३ साल श्रावणदेखि ९४ साल आषाड मसान्तसम्म वर्ष १ को सैका नोट् रू ३।। तिन रूपैया आठआनाका दर्ले हुने नोट् रु ७००० सात हजार मुलकि षानाको सर्व रकम्बाट निरव्याजि सापटी लि स्व रूपैया ९३ सालको आयस्ताको हिसावमा चढाई रेलवेको आयस्ता आयपछि स्व सापटि आयको रूपैया डाइरेक्टरको दस्षत् गराई दस्षत् वमोजिम स्वधभर्ना स्मेत् गर्ने काम गर ईति सम्वत् १९९४ साल श्रावण २८ गते रोज ५ शुभम् - - - - - -

◆

द्रव्यकोषको रकम लगानीमा

सैनिक द्रव्यकोशका हाकिं कारिन्दाले पूर्जि हेरी सैनीक द्रव्यकोशमा ज्मा हुन आएको दामवाट स्वधभर्ना गर्ने गरी सो फण्डको फायदा हुने काममा लगानी गर्नालाई ९३ साल आश्विण ३० गते ५ का खड्गनिसाना सनद वमोजिम नोट रू १०००००। सापटी आयेकोमा नोट रू ७६०००। स्वधभर्ना भैसकी वाकी नोट रू २४०००। पनि यो दसैं किस्तावाट स्वधभर्ना भै सक्ने भयको छ सैनिक द्रव्यकोशमा ज्मा गर्ना निमित्त कट्टा भै आएको दामलाई सवालले मैह्ला मैह्लामा ज्मा हुन आएको दाम अर्को मैह्लाको १५ गतेसम्ममा लगानी गर्नु पर्ने भएको वेहोरा जाहेर हुदा स्व सैनिक द्रव्यकोशमा ज्मा भएको दामबाट स्वधभर्ना गर्ने गरी नोट रू १०००००। को पटक गरी वरावर निकासा वक्सी आयको वेहोरा समेत सैनिक द्रव्यकोस मार्फत जाहेर भयो सैनिक द्रव्यकोशमा ज्मा गर्ना निर्मित्त कट्टा भै आएको दाम मैह्ला मैह्लामा लगानी गर्नु भनी ५।७ मैह्लाको यकैचोटी लगानी गर्नामा राम्रो भै हरहिसावलाई स्मेत सजिलो पर्ने जाहेर भै लेखिए वमोजिम निकासा वक्सी आएको हुनाले अवलाई पनि स्व वमोजिम सैनिक द्रव्यकोशमा ज्मा गर्ना निमित्त पल्टनिया ज्वानको कट्टा भै आयेको दामबाट स्वधभर्ना गर्ने गरी स्व कामको फायदा हुने काममा लगानी गर्नालाई फेरी पवलिक वर्क रकमबाट नोट रू १०००००। येक लाख सापटी दिने लिने निकासा वक्सेको छ स्व नोट रू १०००००। येक लाख पवलिक वर्क रकमबाट सापटी षर्च लेषि सैनिक द्रव्यकोश तर्फ श्रेस्तामा सापटी आम्दानी

बांधी सैनिक द्रव्यकोसको हाकिम जिम्मा जिम्मावारी दी पल्टनिया जवानको सैनिक द्रव्यकोसमा ज्मा गर्ना निमित्त कट्टा भै आयको रूपैयावाट सो नोट रू १०००००। येक लाख भुक्तान नहुंज्यालसम्म श्री नानी सुप्रदिप्त मान्येवर नेपाल तारा सुप्रसिद्ध प्रवल गोर्खा दक्षिण वाहु पुर्व तर्फका कम्यांडिङ जनरल ववर सम्सेर जंगवाहादुर राणा जि. वि. ई. के. सि. येस. आई. के. सी. आई. ई. आनरेरी कर्णेल वृटिस आर्मी नेपाल प्रतापवर्धकका दस्षत बमोजिम स्वधभर्ना मिलाउने काम गर भंन्य सदर मुलकीषानाका नाउमा ९४ साल भाद्र १ गते २ रोजमा षड्ग निसाना सनद गरी वक्सेको हुनाले सो वमोजिम गर्ने कामगर ईति सम्वत १९९४ साल भाद्र ३ गते ४ रोज शुभम् – – – – –

संचयकर्ताहरूलाई फाइदाको रकम दिने

सैनिक द्रव्यकोशका हाकिम् कारिन्दाले पुर्जि हेरी सैनिक द्रव्यकोशका नाउमा गरिबक्सेका सवालको २७ दफामा सैनिक द्रव्यकोशमा रहेका दाम कुनै फायदा हुने काममा लगाई तेसबाट आयको फायदामा यस काम निमित्त रहने मदतको षर्च मध्ये पल्टनवाट र अड्डाखानावाट काज षटि आउने हाकिम अफिसर हुदा सिपाही बाहेक अरू कामदार कारिन्दा मसलंद षर्च कटाई जो वाकी रहन्छ स्व दाम यस सैनिक द्रव्यकोसमा दाम राखनेहरूलाई नै दामासाहीबाट ठहरे बमोजिम थप दिने गरी लेषीयाकोमा पछि हुकुंका प्रमांगी वमोजिम् हामीवाट कामदार कारिन्दाको तलव षर्च र मसलंद षर्च कट्टा गर्ने हुकुम नवक्सेसम्म पल्टनिया जवानको कट्टी भएको दामबाट आयाको फायदामा कट्टी नगर्ने गरी वक्सेको हुनाले स्व कट्टी नगर्ने भयो तलव मसलंद आगे सालदेषी साल साल षर्च भयाको साल तमाम भयापछि येकै चोटि षर्च भयाको फाट स्मेत गासी कौसीतोसाषानाका नाउमा सनद गराइ ली भर्ना राखने गर्नु भंन्वा ९२ साल मार्ग १२ गते ४ मा श्री कम्यांडर इनचीफ साहेवको स्ही निसाना र श्री ३ महाराजको ठुलो छाप लागेको रपोट् सदर भै आयाको र ९३ साल श्रावणदेषि ९४ साल आषाढ मसांतसम्म थप दिने मिटिङ हुदा पनि कामदार कारिन्दाको तलव मसलंद षर्च आयस्तामा कट्टी गर्ने हुकुं वक्सी नसकेको भै आयस्तामा कटाउन नपर्ने हुदा श्व षर्च कौसीबाट भर्ना आउने अन्या वोलि परी थप दिने राये कायेम भयको हुनाले श्व वमोजिम ९३ साल श्रावणदेषि ९४

साल आषाढ मसान्तसम्ममा षर्च भयाको कामदार कारिन्दाको तलब मसलंद मोहरू ६८२२।१३ छ हजार आठसये वाइस रूपैया तेर पैसामा अडिटरको भत्ता मोहरू २११७।३ दुई हजार येकसय सत्र रूपैया तिं पैसा कौसीतोसाषानाबाट षर्च लेषी षाने भै भर्ना नचाहिने हुनाले बाकी येस सैनिक द्रव्यकोसका ४ नंवर फाराममा ९३ साल श्रावणदेषि ९४ साल आषाढ मसान्त षर्च लेखीएको तपसिल बमोजिमको मोहरू ४७०५।१० चार हजार सात सये पाच रूपैया दस पैसा सैनिक द्रव्यकोस रकममा भर्ना राषना निमित्त सैनिक द्रव्यकोसका हाकिम जिम्मा जिम्मावारी दिनु भंन्या कौसीतोसाषानाका नाउमा सनद गरी वक्सनु पर्ने ठहरायुं जो मर्जि हुकुम भनी सैनिकवाट ठहरायेको हामीवाट पनि सदर गरी वक्सेको छ सो वमोजिम गर्ने काम गर भंन्या कौसीतोसाषानाका नाउमा ९४ साल भाद्र १ गते २ मा खड्गनिसाना सनद भै गयेको हुनाले सो मोहरू ४७०५।१० चार हजार सात सये पाच रूपैया दस पैसा कौसीवाट जिम्मावारी ल्याइ लेषिय वमोजिम गर्ने काम गर - - - - -

तपसील

सैनिक द्रव्यकोसको - - - - -		३३७२।५२
मोहरू खर्च भयेको मोहरू - - -	३३६६।२७	
कंरू ५ षर्च भयेको सवाईका दरले हुने मोहरू - -	६।२५	
सैनिक द्रव्यकोस अडिटर अफिसको मोहरू- - -		-६८५।३७
सदर मुल्कीषानाको मोहरू - - - -		-२८५।२१
जंगी बाली तलव जाचको मोहरू - - - -		-१३३।
कम्यांडर किताप षाना दर्ता फाटको मोहरू - -		-२२९।
		४७०५।१०

ईति सम्वत १९९४ साल भाद्र ३ गते रोज ४ शुभम् - - -

नातादार भर्ना गर्ने सम्बन्धमा

फकी दर्ता फाटवाट   सैनीक द्रवे कोस अडीटर के

पुर्जी

उप्रान्त हार्की तहरीरले आफु जागीर भैरहेका अडाषानामा तहवील्दार भन्डारे सराफी परेषीया वाहेक अरू दर्जामा नातेदार भर्ना गर्न नपाउने सनद सवाल भैरहेकोमा हार्की असिष्टेन्ट तहरीर सम्मले आफु वाहाल रहेका अडामा र जील्ला गौडा गोश्वाराका वडाहार्कीले आफ्ना मातहत्का ईलाका भीत्रका अडाषानाहरूमा समेत् तहवील्दार भंडारे सराफी परेषीया आफ्ना नातेदार भये पनी भर्ना गर्न हुंछ अरू दर्जामा आफ्नु भाइमा अपुताली परेमा नपाउने ३ पुस्ता सम्मका नाताका र आफ्नै ससुरा जेठान साली मीत फुफाजु ठूलो सानो वावु मामा छोरी दीदी वहीनी दियाको जुवाई र भानीज छोरीको छोरा नाती आमाको वावु मंत्र सुनाउने गुरू मंत्र सुनायेको सिष्य आफ्ना यकाघरका जहान्लाई भर्ना गर्न हुंदैन भंने वेहोराको जागीरदार वाहाली वर्षासीको २४ नंम्वरको अैन जारी हुने भयेको हुनाले अैन जारी नहुदै अघी भर्ना सदर भैरहेका नातादार जवान्हरूका हकमा जुन जुन् ओदामा भर्ना भैरेहेको छ सोही सोही ओदामा कार्य गरी कामकाज गराई राषने र अव देषी सोही वाहाली वर्षासीका २४ नं का अैनमा भर्ना गर्न हुंदैन भनेकालाई भर्ना गर्न नपाउने गरी वक्सेको छ सो वमोजीं गर्ने गराउने र सो वेहोरा सवै अडा अडालाई थाहादीना नीमीत सदर मोफसलका गौडा गोश्वारा र अडाषानाका नाउमा तेसै अडाको पुर्जी गरी पठाई दीने कां गर भंन्या यस अडाका नाउमा ९४ साल मार्ग २३ गते रोज ३ मा षड्ग नीसाना सनद भै आयाको हुनाले सो मुतावीक थाहादीना नीमीत लेषने काम भयेको छ अैन सवाल वमोजीं गर्ने काम गर ईतीसम्वत १९९४ साल फागुण... गते रोज शुभम् –   –

⁂

सोध भर्ना मिलाउने

सैनिक द्रव्य कोसका हाकिम् कारिंदाले पुर्जि हेरी सैनिक द्रव्य कोसमा ज्मा हुन आयको दाम वाट सोध भर्ना गर्ने गरी सो फण्डको फायदा हुने काम मा लगानी गर्नालाई ९४।५।१।२ का षड्ग निसाना सनद वमोजिम नोट रू. १००००० यक लाख सापटी आयको भनीगैसकेको छ सैनिक द्रव्य कोसमा जम्मा गर्ना निमित्त कट्टा भै आयको दामलाई सवाल ले मैह्ला मैह्लामा ज्मा हुन आयको दाम अर्को मैह्लाको १५ गते सम्ममा लगानी गर्नु पर्ने भयको व्यहोरा जाहेर हुंदा सो सैनिक द्रव्य कोसमा ज्मा भयको दाम वाट स्वध भर्ना गर्ने गरी नोट रू. १००००० को पटक गरी वरावर निकासा वक्सी आयको ब्यहोरा समेत सैनिक द्रव्य कोश मार्फत जाहेर भयो सैनिक द्रव्य कोसमा ज्मा गर्ना निमित्त कट्टा भै अयाको दाम मैह्ला मैह्लामा लगानी गर्नु भन्दा ५।७ मैह्लाको यकै चोटी लगानी गर्नामा राम्रो भै हर हिसावलाई समेत सजिलोपर्ने जाहेर भै लेषिय वमोजिम निकासा वक्सी आयको हुनाले अवलाई पनि सो वमोजिम सैनिक द्रव्यकोसमा ज्मा गर्ना निमित्त पल्टनिया जवानको कट्टी भै आयको दाम वाट सोध भर्ना गर्ने गरी स्वकामको फायदा हुने काममा लगानी गर्ना लाई फेरी पवलीक वर्क रकं वाट नोट रू. १००००० यक लाख सापटी दिने लिने निकासा वक्सेको छ स्व नोट रू. १००००० यक लाख पवलीक वर्क रकं वाट सापटी षर्च लेखि सैनिक द्रव्य कोस तर्फ श्रेस्तामा सापटी आमदानी वाँधी सैनिक द्रव्य कोसको हाकिम जिम्मा जिम्मावारी दि पल्टनिया जवानको सैनिक द्रव्य

कोस मा ज्मा गर्ना निमित्त कट्टा भै आयको रूपैयाँ वाट सो नोट रू. १००००० यक लाख भुक्तानी नहुंज्याल सम्म श्री नानी सुप्रदिप्त मान्यवर नेपाल तारा प्रवल गोर्खा दक्षिण वाहु पुर्व तर्फका कम्यांडिङ जनरल ववर सम्सेर जंगवहादुर राणा जि. वि. ई. केसियस आई. के. आई. ई आनरेरी कर्णेल वृटिस आर्मि नेपाल प्रताप वर्धक का दस्षत वमोजिम स्वध भर्ना मिलाईने काम गर भन्ने सदर मुल्की षानाका नाउमा ९५ साल आषाढ ३० गते रोज ५ मा षड्ग निसाना सनद गरी वक्सेको हुनाले सो बमोजिम गर्ने काम गर ईति सम्वत १९९५ साल श्रावण ४ गते रोज ३ शुभम् ।

कम्पनी र मोह रु. दुबै लिने दिने गर्ने

सैनिक द्रव्य कोस अडाका हाकीम कारीन्दाले पुर्जि हेरि देवानी फौज्दारि अमीनी तहसिल हरूमा कंपनी वुझाउनु पर्ने र कंपनीले मोहर दाखेल गर्न ल्यायमा मुल्की षानाका दर्ले वुझीलिने सवाल भैरहेको हुनाले आज अघि वमोजिम लीने गरी आएको थियो ऐले वजार्को भाउ तेज भै सैंका करिव ४०।४२ सम्म पनी पुगीसेकेकोले कंपनीको लगतमा कंपनी नै लीने वा सवाल वमोंजि मुलकी षानाका दर्ले लीने निकासा पाउ भनी जाहेर गरेकोमा कंपनी बुझाउनु पर्नेले मोहर बुझाउन ल्याएमा पनी सवालै वमोजिम् मुल्की षानाका दर्ले कंपनीको मोहर बुझी लीनु भन्ने हुकुम् वक्से वमोजिम् ९२ साल पौष २५ गते १ छापे भै गयको र अदालत तहसिल देवानी फाट का नाउमा भएको ९१।१।१४ का २ छापे सनदको ७ दफामा अव उप्रांत मोहरको कंपनी कंपनी को मोहर फिर्ता दिनु वुझ्न वुझाउन वाधा परेमा स्मेत मुल्की षानाका दर्ले लीने दीने गर्नु भन्ने स्मेत लेषिएको व्यहोर श्री ३ महाराज वुवाज्यूका हजुर्मा जाहेर हुदा नेपालमा दंड कुंड वुझ्नेमा मुल्की षानाका दर्ले मोहर वुझ्नु विगोर मालपोत लगतमा कंपनीको कंपनी नै वुझ्नु भन्ने हुकुं वक्सेको हुनाले हुकुं वक्सेकोलेषिया वमोंजि गर्न जजस्का नाउमा चाहिंछ चाहिने वेहोराको सनद सवाल गरी पठाउने कां गर भनी यस कौशल का नाउमा भै आयको ९४ साल चैत्र ४ गते रोज ५ को १ छापे ९४ साल चैत्र ७ गते दाखिल भयकोमा हुकुं वक्सेको माथी लेषिया वमोजिम् सनद सवाल गर्नालाई विचार गरी हेरेमा नेपालमा डंड कुंड वुझ्नेमा

मुल्की षानाका दर्ले मोहर वुझ्नु विगारे माल पोत लगतमा कंपनीको कंपनी नै वुझ्ने गर्नु भन्न्या सदरका माल तहसिल अदालतहरू स्मेतका नाउमा सनद गरी पठाउनु पर्ने मनासिव देखिंदा जाहेर गहेका छौं सो वमोजिम गर्नु गराउनु भनी यो रीपोट् सदर गरी वक्से पछि सदरका देवानी फौज्दारी अमीनी तहसिल विगो फाट र सदरका ४ माल भक्तपुर ललितपुर अदालतहरू स्मेतका नाउमा सनद गरी पठाउनु भनी यो मीसिल स्हीतको रीपोट् नेपाल पहाड रिपोट् नीक्सारीमा पठाई वीने ठहराई जाहेर गरेका छौं जो मर्जि हुकुम् भनी कोशलवाट जाहेर गरेकामा ९४ साल चैत्र १७ गते खड्ग निसाना सदर गरीवक्सेको रीपोट् सदर ९५।१।१२।१ मा यस अडामा दाखिल भयाको हुनाले माल्का नाउमा सनद गर्नालाई या. वं. रिपोट् फाट्का नाउमा र भक्तपुर ललितपुर अदालत् अमीनी तहसिल देबानी फौज्दारी तहसिल विगो फाट रकं वन्दोवस्त मत्सेन्द्र गुठी श्रेस्ता अदालत श्री ५ सर्कार गुठी वंदवस्तहरूका नाउमा स्व वमोजिम सनद भै गयाकोले सो सनद भै गयाको अडाहरू वाहेक अरू नेपाल्का गैह्र अडाहरूका नाउमा सनद गर्ने निकासा पाउ भनि कोशल मार्फत जाहेर गरेकोमा रपोट् सदर वमोजि जजस्का नाउमा चाहिंछ चाहिने वेहोराको सनद गरी पठाय हुने जाहेर गरी रहन नपर्ने भने ९५।६।३० मा कोशल्का तालुकवालावाट तोक फैस्ला भै आएको हुदा सो माथी लेषिया वमोजि गर्नु भनी सैनिक द्रव्य कोस अडाका नाउमा सनद गरी वक्सनु पर्ने ठहरायौं भनी नेपाल पहाड निक्सारीका हाकिम् कारींदाले हाम्रा हजुर्मा विंति पार्दा जाहेर भयो तसर्थ सो ठहरायाको मा हामीवाट पनी सदर गरी वक्सेकोछ लेषिया वमोजि गर्ने काम गर सम्वत १९९५ साल मार्ग गते रोज शुभम् – – –

◆

फाइदा हुने काममा लगानी गर्ने

सैनिक द्रव्य कोसका हाकिम् कारिन्दाले पुर्जि हेरी सैनिक द्रव्य कोसमा ज्मा हुन आयको दामवाट सोधभर्ना गर्ने गरी सो फंडको फायदा हुने काममा लगानी गर्नालाई ९५ साल आषाढ ३० गते ५ का खड्ग निसाना सनद वमोजिम नोट रू. १००००० सापटी आयकोमा नोट रू. ९७००० सोधभर्ना गर्ने निकासा भैसकी वाँकी नोट रू. ३००० पनि यो पौष मैह्लाको तलववाट सोधभर्ना भै सक्ने भयको छ सैनिक द्रव्य कोसमा ज्मा गर्ना निमित्त कटा भै आयको दामलाई सवालले मैह्ला मैह्लामा ज्मा हुन आयको दाम अर्को मैह्लाका १५ गते सम्ममा लगानी गर्नु पर्ने भयको व्यहोरा जाहेर हुँदा सैनिक द्रव्य कोसवाट ज्मा भयाको दामवाट सोधभर्ना गर्ने गरी नोट रू. १००००० पटक गरी निकासा वक्सी आयको व्यहोरा समेत जाहेर भयो सैनिक द्रव्य कोसमा ज्मा गर्ना निमित्त कटा भै आयको दाम मैह्ला मैह्लामा लगानी गर्नु भन्दा ५।७ मैह्लाको यकैचोटी लगानी गर्नामा राम्रो भै हर हिसावलाई समेत सजिलो पर्ने जाहेर भै लेखिय वमोजिम निकासा वक्सीयको हुनाले अवलाई पनि सो वमोजिम सैनिक द्रव्य कोसमा ज्मा गर्ना निमित्त पल्टनिया ज्वानको कटा भै आयको दामवाट सोधभर्ना गर्ने गरी सो दामको फायदा हुने काममा लगानी गर्नालाई फेरी पवलीक वर्क रकमब्राट नोट रू. १००००० यकलाख सापटी लिनेदिने गरी निकासा वक्सेको छ ९५ साल आषाड ३० गते ५ का सनद वमोजिम सापटी गयको सोधभर्ना भैसकेपछि लेखिय वमोजिमको नोट रू. १००००० यकलाख पवलीक

वर्क रकमवाट सापटी षर्च लेखी सैनिक द्रव्य कोस तर्फको श्रेस्तामा सापटी आम्दानी वाँधी सैनिक द्रव्य कोसका हाकिम जिम्मा जिम्मावारी दि पल्टनिया ज्वानको सैनिक द्रव्यकोसमा ज्मा गर्ना निमित्त कटा भै आयको रूपैयाँवाट सो रूपैयां भुक्तान नहुंज्याल सम्म श्री नानि सुप्रदिप्त मान्यवर नेपाल तारा सुप्रसिद्ध प्रवल गोर्खा दक्षिण वाहु पुर्व तर्फका कम्यांडि जनरल ववर सम्सेर जंग वहादुर राणा जि. वि. ई. केसियस आई केसि आई ई आनरेरी कर्णेल वृटिस आर्मि नेपाल प्रताप वर्धकका दस्षत वमोजिम सोधभर्ना मिलाउने काम गर भन्ने सदर मुल्की खानाका नाउमा श्री कम्यांडर ईन चिफको स्ही निसाना र हाम्रो ठुलो छाप लागेको सनद गरी वक्सेको हुनाले तेस अड्डावाट पनि सो वमोजिम गर्ने काम गर ईति सम्वत १९९५ साल पौष १४ गते रोज ५ शुभम् ।

रकम भुक्तानी दिने

सैनिक द्रव्य कोसमा हाकिम कारिन्दाले पुर्जि हेरी तावे दानिको षसम गणेशदल पल्टनका ह. दलबहादुर विष्ट क्षेत्री प्यूठान ९३ साल मार्ग २५ गते मरेको हुनाले जो गर्नुपर्ने काजक्रुया यहा नेपालमै काम चलायको र सैनिक द्रव्यकोसमा षसमको तलवबाट कट्टी भै रहेको रूपैयाँ झिकनालाई तावेदानीको विवाहा गरी नसकेकोले ईछ्यापत्र वावु लिलामुनिका नाउमा भयको हो वाबुका नाउमा ईछ्यापत्र भयपनि पासबुक यो संग रहेको छ भन्नये वाबुलाई दिनु पर्दैन स्वास्नीलाई दिनु भन्या प्रमांगी पाउँ भन्या चावेल वस्ने राम कुमारी विष्ट क्षेत्रीनिले चढाएको विंतीपत्र श्री ३ माहाराजका हर्जुमा जाहेर हुंदा वाबुचांहीलाई दिसकेको र द्वेन घर ईनी विवाहीता स्वास्नीहो र विवा हुनु भंदा अगाडी ईछ्यापत्र भएको र पासबुक पनि इनैसंग रहेछ भन्ये वाबु चांहीका नाउमा ईछ्यापत्र भयको र सवाल ले ईछ्यापत्र वाला लाई दिनु पर्ने होता पनि ईनैलाई दिनु भन्ने हुकुम वक्सेको छ भन्ने चिट्ठी जाहेरी निक्सारी मार्फत ९५।५।३१ ६ मा हुकुम प्रमांगी भै आएकोले प्यूठान माललाई निज ईछ्यापत्र वाला वाबु लिला मुनीलाई रूपैया फिर्ता षर्च लेषी गै नसकेको भया निज लिलामुनिलाई झिकी मर्ने जागीरदार ह. दलबहादुर विष्ट को विन्तीपत्र वाला राम कुमारी नै विवाहिता स्वास्नी हो होईन हो भन्ये कुं सालसैन्हामा विवाहगरेको हो सो सवै स्वधी खुलाई कागज गरी यस अड्डाबाट पठायको टिपलीकेट फाराम समेत पठाई दिनु भनी लेषी पठायमा निज लिलामुनिको मेराछोरा दलबहादुरको

अघिल्लो विवाहिता स्वास्नी मरी सकेपछि नेपाल तर्फ गयको घर आउँदा नेपालमै स्वास्नी ल्यायको छु भन्ये कुरा गऱ्यो यसको छोरी यो नाउ गरेको विवाहा गरी वा जारि गरी ल्यायको भन्ये केही भनेन बुहारीलाई मैले देखेको पनि छैन भन्ये कागज गराई टीपलीकेट फाराम समेत फिर्ता पटायको र निज राम कुमारी वुझ्दा ९३ साल वैसाष २७ गते मलाई विवाह गरी लगेको हो देषने मानिस चन्द्रकान्त अर्ज्याल समेत ४ जना छ भनी कागज गरी दियकोले निजले साछी दियका ४ जनालाई झिकाई बुझ्दा निजहरूले पनि विवाह गरी लगेको हो भन्ये कागज गरी दियकोले बुझेसम्मका प्रमाण परीवंद वाट निज राम कुमारी ह. दल बहादुरको विवाहिता स्वास्नीनै देषिन आयको र ईछ्यापत्र पनि ९१ सालमा दाम राषदा कितावषाना वाट लेखी दिएका फाराममा वावु लिलामुनिका नाउमा ईछ्यापत्र भयको मेटी लेषेको विवाहा ९३ सालमा भयको भै विवाह हुनुभंदा अघावै ईछ्यापत्र भयको देषीन आयको र पासवुक पनि निजै संग भयको पनि देषियको यस अड्डाबाट निजका वावुलाई दाम फिर्ता दिने गरी पठायको फाराम पनि दाम फिर्ता नदी फिर्ता पठायकोले जिनका वावु लाई दि नसकेको हुँदा सो हुकुम प्रमांगी वमोजिम निज गणेशदल पल्टं ८।५ ह. दल बहादुर विष्टको तलव वाट कट्टा भै यस अड्डामा जमा भयको मोहरू ६८।११ निज ह. दल बहादुरका स्वास्नी राम कुमारीलाई फिर्ता दिनु पर्ने हुन आयकोमा सो फिर्ता दिनालाई लेषीय वमोजिमको मोहरू ६८।११ अठसट्ठी रूपैयां यघार पैसा यस अड्डाको श्रेस्ता मा उजरातीमा लेखि प्यूठान माल को आमदानी वाट फिर्ता, फिर्ता दिने गरी यस अड्डालाई भयका सवाल वमोजिम प्यूठान मालकी सर्व रकमका आमदानी मध्ये भनी ६५ साल वैसाख २६ गते १ मा सदर मुल्को षाना दाषिल भैसकेकोले सो रूपैयां फिर्ता लिमात्र ईनै राम कुमारीलाई दिनु पर्ने हुन आयकोमा माथि लेषिय वमोर्जि प्यूठान मालको आमदानी मध्ये भनी यस अडा वाट दाषिल गरेको मोहरू ६८।११ लो प्यूठान मालवाट नि ह. दल वहादुरका वावु लिलामुनि विष्ट लाई फिर्ता दि नसकेको हुनाले सो रूपैयां प्यूठान माल वाट सदर मुल्की षाना दाषिला षर्च लेषेमा मिन्हा दिनु पर्दैन अँ

सवाल वमोजिम गर्नु भन्ये श्री कुमारी चोक लाई सनद भै जाने हुंदा लेखे वमोजिम ९५ साल वैसाष २६ गते १ मा यस अड्डावाट प्यूठान माल्को आमदानी मध्ये भनी दाषिल गरेको मोहरू ६८।११ अघि प्यूठान मालवाट भरपाई गरी आएपछि षर्च षखने गरी यस अड्डाको श्रेस्तामा उजरातीमा राषी प्यूठान मालको आमदानी मध्ये भनी सदर मुल्की षानामा दाषिल हुन गयको हुनाले सो उजरातीमा लेखेको तहवील भनी राष्नालाई सो मोहरू ६८।११ अठसट्ठी रूपैयां यघार पैसा यस अड्डाका हाकिम हस्ते हस्तेवारी दिनु भन्ये कौसीतोसाषानाका नाउमा श्री कम्याडर ईन चिफ को स्ही निसाना र हाम्रो ठूलो छाप लागेको सनद गरी बक्सेको हुनाले तेस अड्डा वाट पनि सो वमोजिम गर्नेकाम् गर ईति सम्वत १९९५ साल पौष २६ गते रोज ३ शुभम् ।

छुट्टी दिने

श्री कम्यांडर इन चिफबाट

श्री भाई पु. क. ज. के शुभ आशिष उप्रान्त लेफटें गणेशवहादुर षत्रीले टनेल्को काम सकेपछि ३ सालको घरविदामा महुतरी आफना मौजामा जान पाउ भनी जाहेर गरेको वेहोरा श्री ३ महाराज वुवाज्यूका हजुरमा जाहेर गर्दा हुन्छ भंने हुकुं वक्सियो भनी सवारी क्याम्प सिमल्टारवाट फागुण २६ गते ५ मा श्री भाइ पु. क. ज. ले लेषी पठायेको हुनाले सो वमोजिम गर्ने काम गर निजले गणेशवहादुरको फों यसैंसाथ पठाई वक्सेको छ ईति सम्वत् १९९५ साल फागुण २७ गते रोज ६ शुभम् – — — — — — — —

छुट्टी दिई सामेल गराउने

श्री कम्याण्डर इन चिफबाट

श्री भाई प. क. ज. के शुभ आशिष उप्रान्त चुरे टनेल काम्को इन्जिनियर यम यस नीजको साथमा रही काम गर्नें भैरूं ४।३६ सि षड्गवहादुर थापा पुर्व १ नं फुलवारीले निज इंजीनियेरलाई भीमफेदी पुऱ्याई फर्कने भयाको र भैरूं पल्टंले चैत्र ३ गते भाडा बुझाई वाटोको विदा वस्ने भयकोले निज भैरूं ४।३६ सि षड्गवहादुरलाई चैत्र ३ गतेदेषी दिं १० विदा दिनु भंने गरी पाउ भनी कप्तान् फत्यवहादुर पाडेले विंती चढाउदा जाहेर भयो निज भैरूं ४।३६ सि षड्गवहादुर थापालाई चैत्र ३ गतेदेषी दिं १० दस विदादी सामेल गराउने काम गर ईति सम्वत् १९९५ साल चैत्र १० गते रोज ५ शुभम् – ––

छुट्टी थप्ने

श्री कम्यांण्डर इन चीफबाट

श्री भाई सुप्रदिप्त मान्यवर नेपाल तारा सुप्रसिद्ध प्रवल गोर्खा दक्षिण वाहु प. क. ज. मोहन सम्शेर जंगवहादुर राणाके शुभ आसीष उप्रान्त मलाई जरो आयाको हुँदा पाच दिन विदा थप पाउ भनी वृ क डील्ली जं ले कलकत्ता बाट तार पठायाको भनी क प टेक जं थापाले जाहेर गरेको फों जाहेर भो तसर्थ नीज व् क डिल्लीजंलाई दिं ५ पाँच विदा थप दिने छौ ईति सम्वत १९९५ साल चैत्र गते शुभम् — — — — — — —

स्वदेशी कपडा लाउने

सैनीक द्रव्य कोश अडाका हार्की कारीन्दाले पुर्जि हेरी र मलकका वासिन्दाहरूलाई घर खर्चका नीमित्त चाहिने लत्ता कपडा चर्खा तान द्वारा तयार पारी व्यवहारलाई आयाकोमा काल वा प्रमानले गर्दा मेसिनद्वारा तयार भै आयाका मसीना रंगीचंगी विदेशी कपडाको अगाडी खस्रो सोदेशी घर वुनाको रूचि कम हुदै आई तिनको वीदेशी कपडा तर्फ नै मानीसको रूचि स्वभाव वढदै आएकोले सो देशि कपडाको पहिरन सवैले छोडी दिदा देशको लाखौ करोडौ रूपैयां विदेश तर्फ गैरहेको र वस्त्र कलामा नीजहरूले वीर्सदै गई तस कां का कारीगरहरूले अरू पेसा लिन कर लागेको छ यदि गनपती कपडा र अरू माल स्मेतमा वीदेशको भर गर्नु पऱ्यो भने परीणाममा देशलाई धेरै हानी हुन जाने हुदा मुलुक भरी घर वनाको प्रचार वढाई सकेसम्म गृह उद्योग (घरेलु ईलम) वाट नै मुलुक भरलाई चाहीने कपडा लताको निमित्त अरू देशको भरोसा गर्नु नपर्ने गरी स्वावलम्वी वनाउने यसका साथ मुलुकका गृह उद्योग इत्यावि काम गर्ना निमित्त गर्नु पर्ने अरूको नमगका निमित्त तल लेखीए वमोजिम कां योजना श्री ३ महाराज वुवाज्यूका हजुरमा जाहेर हुदा सो काम गर्ना नीमित्त नेपाली कपडा र घरेलु ईलम प्रचार अडा नामको अडा खडा गरी तेसको काम घलाउनालाई तपसिलमा लेखीया वमोजिम डाईरेक्टर जनरल असिष्टेन्ट सेक्रेटरी सदस्यहरू नीयत गरी तपसिलका काम कामलाई तपसिल मै लेषीया वमोजि सालवसाली खर्च के रू. १००००० एकलाखको निकासा वक्सेको छ सो निकासा

वक्सेको रूपैयां षर्च गर्नालाई डाईरेक्टर जनरलका दस्षत वमोजिम् षर्च गर्ने गरी यस वारे जजसलाई चाहींछ जो चाहीन्य व्यहोराको सनद सवाल गरी दिनु भन्ने हुकुं वक्सेको लेषी आय मुताविक गर्नु गराउनु भन्ये स्व कां मामुकर गरि वक्सेका डाईरेक्टर जनरल श्री प्रसिद्ध प्रवल गोर्खा दक्षिण वाहु मे. जनरल ब्रह्म सम्शेर जंग वाहादुर राणाका नाउमा गरी वक्सेका ९५ साल चैत्र २८ गतेका खड्ग नीसाना सवालको २४ दफामा सो अडाका उद्देश्य वमोजिमको काम प्रचार गर्ना नीमित्त सहर, मध्यस, पाहाडका अडा गढी गौडा गोश्वारा जीमिदार, पटुवारी, जीम्मावाल थरी मुखीया तालुकदार समेतलाई सो अडावाट उर्दि पुर्जि भै गएमा नीजहरूले यस काममा मद्दत दी चाहीन्य खवर लीन अथवा प्रचार गर्ने चल्ती वढाउने उद्देश्यले पठायेको फाराम समेत रीत पुर्वक भरी पठाउनु पर्ने हुनाले सो वमोजिम गर्नु गराउनु भंने लेखीयाको हुनाले सो वमोजिम् गर्ने गर्नु भनी सैनीक द्रव्य कोस अडाका नाउमा सनद गरी वक्सनु पर्ने ठहराई कौशलवाट जाहेर गरेको हामिवाट पनि सदर गरी वक्सेको छ सो वमोजिम् गर्ने कां गर ईति सम्वत १९९६ साल जेष्ठ २७ गते रोज ६ शुभम् –

सरुवा

सुवा सोमराजले पुर्जि हेरी यो ९६ सालको निजामति पजनीमा सैनिक द्रव्य कोषका सुवा चन्द्रलाल तिम्रा ठाउमा जंगी अड्डाको काम्मा र तिमिलाई सुवा चन्द्रलालको ठाउमा सैनिक द्रव्य कोसको काममा सरुवा गरी तिमिहरूको सटा पटा चेन्ज गरी वक्सेकोले तिमिले जो वुझ्नु वुझाउनु पर्ने नगदी जिन्सी कागज पत्र जो भयाको ऐं सवाल वमोजिम वसोवास गरी वुझी वुझाई तिमिले द्रव्य कोसलाई भैरहेका अै सवाल सनद वमोजिम काम काज गर्ने गराउने काम गर ईति सम्वत १९९६ साल श्रावण ३२ गते रोज ४ शुभम् ।

सैनिक द्रव्य कोष रकममा जम्मा गर्ने

सैनिक द्रव्य कोस का हाकिम कारिन्दाले पुर्जि हेरी सैनिक द्रव्य कोसका नाउमा गरी वक्सेका सवालको २७ दफामा सैनिक द्रव्य कोसमा रहेका दाम कुनै फायदा हुने काममा लगाई तेसवाट आयको फायदामा यस काममा रहने मदत को षर्च मध्ये पल्टनवाट र अड्डाषाना वाट काज षट्टी आउने हाकिम अफिसर हुंदा सिपाही वाहेक अरू कामदार कारिन्दाको तलव मसलंद षर्च कटाई जो वाँकी रहन्छ स्वदाम यस सैनिक द्रव्य कोसमा दाम राषनेहरूलाईनै दामासाही वाट ठहरे वमोजिम थप दिने गरी लेषीयकोमा पछि हुकुम का प्रमांगी वमोजिम हामीवाट कामदार कारिन्दाको तलव षर्च र मसलंद षर्च कट्टागर्ने हुकुम नक्बसेंसम्म पल्टनिया जवानको कट्टी भयाको दामवाट आयको फायदामा कट्टी नगर्ने गरी वक्सेको हुनाले स्व कट्टी नगर्ने भयाको तलव मसलंद आगे साल देषी साल साल षर्च भयाको साल तमाम भयापछि यकै चोटी षर्च भयाको फाँट समेत गासी कौसी तोसाषानाका नाउमा सनद गराई लि भनी राषने गर्नु भंन्या ९२ साल मार्ग १२ गते ४ मा श्री कम्यांडर ईन चिफ साहेव को स्ही निसाना र श्री ३ महाराजको ठूलोछाप लागेको रपोट् सदर भै आयको र ९५ साल श्रावण देषि ९६ साल आषाढमसान्त सम्मको थप दिने मिटीं हुंदा पनि कामदार कारिन्दा को तलव मसलंद षर्च आयस्तामा कट्टी गर्ने हुकुं वक्सी न सकेको भै आयस्तामा कट्टाउनु नपर्ने हुँदा सो षर्च कौसीवाट भर्ना आउने भन्ये वोली परी थप दिने राय कायम भयको हुनाले स्व वमोजिम९५ साल श्रावण देखि ९६

साल आषाढमसान्त सम्ममा षर्च भयाको कामदार कारिन्दाको तलव मसलंवको रु.५ मोहरू ७०४९।३८ मा अडिटर को भत्ता मोहरु २३४३।५० तेईस सय त्रिचालिस रुपैया पचास पैसा कौसी तोसाषानावाट षर्च लेखीषाने भै भनी नचाहिने हुनाले बाँकी यस सैनिक द्रव्य कोसमा ४ नम्वर फाराममा ९५ साल श्रावण देषी ९६ साल आषाढ मसान्त तक षर्च लेखेको तपसिल वमोजिम को कं. रु. ५ पाँच मोहरू ४७०५।८८ चार हजार सात सय पाँच रुपैयाँ अठासी पैसा सैनिक द्रव्य कोस रकंमा भनी राष्ना निमित्त सैनिक द्रव्य कोषका हाकिम जिम्मा जिम्मावारी दिनु भंन्ये कौसी तोसाषानाका नाउमा सनद गरी वक्सनु पर्ने ठहरायूं जो मर्जि हुकुम भनी सैनिक द्रव्य कोस वाट ठहरायको हामीवाट पनि सदर गरी वक्सेको छ। स्व वमोजिम गर्ने काम गर भंन्ये कौसी तोसाषानाका नाउमा षड्ग निसाना सनद गरी वक्सेको हुनाले तेस अड्डावाट पनि सो वमोजिम गर्ने काम गर।

तपसिल

सैनिक द्रव्य कोसको ४ नम्वर फाराम वमोजिम को कंपनी पाँच — - —५
मोहरू चार हजार सातसय पाँच रुपैयाँ अठासी पैसा - - - ४७०५।८८
इति संवत १९९६ साल भाद्र ९ गते रोज ६ शुभम् -- -- --- --

पब्लिक वर्क रकमबाट द्रव्यकोषलाई सापटी

सैनिक द्रव्य कोसका हाकिम कारिन्दाले पुर्जि हेरी सैनिक द्रव्य कोसमा जम्मा हुन आयेको दामवाट सोधभर्ना गर्ने गरी सो फंडको फायेदा हुने काममा लगाउनी गर्नालाई ९५ साल मांघ १० गते २ का सनद वमोजिम नोट रु. १००००० यक लाख सापटी आयकोमा नोट रु. ८०००० असी हजार सोधभर्ना गर्ने निकासा भै सकी वाँकी नोट रु. २०००० वीस हजार पनि श्रावण मैह्लाको तलव वाट सोधभर्ना भैसकने भयको छ सैनिक द्रव्य कोसमा जमा गर्ना निमित्त कट्टा भै आयेको दाम लाई सवालले मैह्ला मैह्लामा जम्मा हुन आयको दाम अर्को मैह्लाको १५ गते सम्म मा लगानी गर्नुपर्ने भयको व्यहोरा जाहेर हुंदा सैनिक द्रव्य कोसवाट ज्मा भयको दाम वाट सोधभर्ना गर्ने गरी नोट रु. १०००० यक लाख पटक गरी निकासा वक्सी आयको व्यहोरा समेत जाहेर भयो सैनिक द्रव्य कोसमा ज्मा गर्ना निमित्त कट्टा भै आयको दाम मैह्ला मैह्लामा लगानी गर्नु भन्दा ५।७ मैह्लाको यकैचोटी लगानी गर्नामा राम्रो भै हर हिसाव लाई समेत सजिलो पर्ने जाहेर भै लेषीय वमोजिम निकासा वक्सीयको हुनाले अबलाई पनि सो वमोजिम सैनिक द्रव्य कोसमा जम्मा गर्ना निमित्त पल्टनिया जवानको कट्टा भै आयको दाम वाट सोध भर्ना गर्ने गरी सो दामको फायदा हुने काममा लगानी गर्नालाई फेरी पवलीक वर्क रकं वाट नोट रु. १००००० यक

लाष सापटी लिने दीने गरी निकासा वक्सेको छ ९५ साल माघ १० गते २ का सनद वमोजिम सापटी गयको सोधभर्ना भैसकेपछि लेषिय वमोजिमको नोट रु. १००००० यकलाष पवलीक वर्क रकं वाट सापटी षर्च लेषी सैनिक द्रव्य कोस तर्फको श्रेस्तामा सापटी आम्दानी बाँधी सैनिक द्रव्य कोस तर्फको श्रेस्तामा सापटी आमदानी वाँधी सैनिक द्रव्य कोसका हाकिम जिम्मा जिम्मावारी दि पल्टनिया जवानको सैनिक द्रव्य कोसमा ज्मा गर्ना निमित्त कट्टा भै आयको रुपैया वाट सो रुपैयाँ भुक्तान नहुंन्ज्याल सम्म श्री नानी सुप्रदिप्त मान्यवर नेपाल तारा सुप्रसिद्ध प्रवल गोर्षा दक्षिण वाहु पुर्व तर्फका कम्याण्डिङ जनरल ववर सम्सेर जंग वहादुर राणा जि. वि. ई. केसियस आई के सि आई ई आनरेरी कर्णेल वृटिस आर्मी नेपाल प्रताप वर्धकका दस्षत वमोजिम सोधभर्ना मिलाउने काम गर भन्ये सदर मुल्की षानाको नाउमा षड्ग निसाना सनद गरी वक्सेको हुनाले तेस अड्डावाट पनि सो वमोजिम गर्ने काम गर ईति सम्वत १९९६ साल भाद्र ९ गते रोज ६ शुभम् ।

⁂

सर्व रकमवाट निर्व्याजी सापटी

सैनिक द्रव्य कोशका हाकिम कारिन्दाले पुर्जि हेरी सैनिक द्रव्य कोसमा जमा भयका दामवाट ९२ साल पौष २९ गतेका सनद वमोजिम महुतरी रेलवेको काम निमित्त नोट रू. २००००० साल ९२ माघ मैह्नामा गयको स्व रेलवेको कामवाट आयस्ता आउने वखत भै नसकेको र सवालले जो भयको आयस्ता दाम राखनेहरूलाई वर्ष वर्षमा थप चढाई दिनु पर्ने भै थप चढाउनालाई आयस्ता कम हुन आउने हुंदा रेलवेको आयस्ता आयपछि स्वधभर्ना गर्ने गरी आयस्ताको हिसावमा राषनालाई स्व नोट रू. २००००० को ९४ सालसम्म लाई पनि वर्ष १ को सैंक्रा ३॥ का दर्ले हुने रूपैयां सर्व रकमवाट निर्व्याजी सापटी दिने गरी वक्सेको हो स्व रेलवेको आयस्ता आउने वषत भै नसकेको हुनाले स्व नोट रू. २००००० दुईलाखको ९५ साल श्रावण देषी ९६ साल आषाड मसान्तसम्म वर्ष १ को सैंक्रा ३॥ सांढेतिनका दर्ले हुने नोट रू. ७००० सातहजार सर्व रकमवाट सैनिक द्रव्य कोशलाई निर्व्याजी सापटी दिने गरी वक्सेको छ रेलवेको आयस्ता आयपछि स्वधभर्ना गर्नेगरी लेखियवमोजिमको नोट रू. ७००० सातहजार सैनिक द्रव्य कोषका हाकिम जिम्मा जिम्मावारी दि रेलवेमा ईरडेका दामको आयस्ता आयपछि स्वधभर्ना गरी लिने काम गर भंने सदर मुल्की खानाका नाउमा खड्ग निसाना भयकोले तेस अड्डाले पनि सोही वमोजिम गर्ने काम गर ईति सम्वत १९९६ साल भाद्र ९ गते रोज ... शुभम् ।

◆

अड्डाको नाम फेरिएको

सैनीक द्रव्य कोस अडाका हाकीं कारींदाले पुर्जि हेरी कोशल अडालाई मुलुकी अडा अैंसवाल फाट भंन्व नाउ कायें गरी बक्सेको हुनाले अैंसवाल र भै गयाका आडर पुर्जि सनद सवाल तोक वमोजिं कौशल मार्फत जाहेर गर्नु पर्ने र सो अडा मार्फत जाहेर गरी नीकासा लिनु पर्ने कां कुरामा अव उप्रान्त मुलुकी अडा अैंसवाल फाट मार्फत जाहेर गर्ने र नीकासा लिने गर्नु ईति सम्वत १९९६ साल भाद्र २९ गते रोज ५ शुभम् — — — — — — — —

मौज्दातबाट सापटी

सैनिक द्रव्य कोषका हाकिम कारिन्दाले यो पुर्जि हेरी सैनिक द्रव्य कोशमा ज्मा भयको रूपैया फायदा आउने काम्का लागि रहेकोले ज्वांको काम दीन नसकनेभै पल्टनबाट कीकी खाली भयाको ज्वानकोसमेत द्रव्य कोशमा ज्मा भै रहेको रूपैयां हालै फिर्ता दिनालाई मौज्दातवाट नपुग्ने भयाको व्यहोरा जाहेर हुंदा मो रू. ४००००।– चालिस हजार रूपैयां सर्व रकममा मौज्दातवाट सापटी खर्च लेखी सैनिक द्रव्य कोश रकममा आम्दानी वांधी चाहिदो पटक गरी सैनिक द्रव्य कोषका हाकिम जिम्मा जिम्मावारी दि सैंनिक द्रव्य कोशको मौज्दातमा ज्मा भयपछि ज्मा भई सोधभर्ना गराई लिनु भन्ने हामी श्री ३ महाराजवाट हुकुम वक्से मुताविक भाद्र २७ गते ३ मा १ छापे भै गयाको जाहेर भयो सो वमोजिम काम गर भन्ने सदर मुल्की खानाका नाउमा वाहु नी साना भै जाने हुनाले सो वमोजिम गर्ने काम गर ईति सम्वत १९९६ साल .. आस्विन १९ गते ५ रोज शुभम् ।

घरेलु इलम प्रचार अड्डा

सैनीक द्रब्य कोसका हाकीं कारीन्दाहरूले पुर्जी हेरी मुलुकको कां काज वेला वेलामा हुनु पर्ने वेला वेलामा अचल हीसावसंग चाडो कांचली शर्कार रैति दुनीयां सवैको असल नेहत रहवस् भन्या निमित्त नेपाली कपडा र घरेलु ईलं प्रचार अड्डा स्मेत परवारहरू मार्फत हाम्रा हजुरमा जाहेर गरी निकासा वक्से बमोजिम गर्ने गरी आयकोमा यस कांको छलफलका निमित्त सदस्यहरू स्मेत उद्योग परिषदमा रहने गरी सो अडाहरूलाई भयाका सवाल सनद वमोजिम् जाहेर गर्नु पर्ने जति सो अड्डा अड्डाले सिधा उद्योग परीषदमा पठाई उद्योग परीषदका राय सहीत सोही अडा अडाहरूले नै सो नयां थप गरी वक्सेको सदस्यहरू स्मेत राषी हांम्रा हजुरमा जाहेर गर्ने मुखत्यार छेउ साधी रहनु नपर्ने गरी बक्सेको हुनाले सो अडावाट गर्नु पर्ने कां अघीका सवाल वमोजिम् जमै गर्नु नपर्ने हुदा यस नेपाली कपडा घरेलु ईलं प्रचार अडालाई गरी वक्सेका ९५ साल चैत्र २८ गतेको सवाल षारेज गरी तपसिलको काममा तपसिल् वमोजिम् गर्ने गरी सो कां चलाउनलाई तपसिलको कां कां के साल वसाली खर्च कंरु १००००० यक लाषको नीकासा बक्से को छ सो वमोजिम गर्नालाई जजसका नाउमा चाहींछ चाहीने वेहोराको सनद सवाल गरी पठाई दिनु भनी तेस अडालाई लेषी पठाई दिनु भंने श्री ३ महाराज वुबाज्यूवाट हुकुं वक्सेको हुनाले सो हुकुं वक्से मुतावीक गर्ने काम गर भंन्ये स्मेत छोरा नाती उ. क. ज. वाट मुलुकी अडा अैंन सवाल फाँटलाई लेषी

पठायाको व्यहोरा मुल्की अडा अँसवालफाट मार्फत हांम्रा हजुरमा जाहेर भयो लेषीया वमोजिम अघी ९५ साल चैत्र २८ गतेमा गरी बक्सेका सवाल षारेज गरी तपसिलको काममा तपसिल वमोजिम् गर्ने गरी सो कां चलाउनलाई तपसिलको कां कांके साल वसाली षर्च कंरु. १००००० यक लाषको नीकासा वक्सेको छ लेषीया बमोजिम् काम काज गर्ने काम गर भंन्ये डाईरेक्टर जनरल श्री प्र. प्र. गो द वा मेजर व्रह्म सम्सेर जङ्ग वहादुर राणाका नाउमा गरी वक्सेका ९६ साल मार्ग २५ गते रोज १ का खड्ग नीसाना सवालको १४ दफामा सो अड्डाका उद्देश्य वमोजिम्को काम प्रचार गर्ना निमित्त सदर मध्य पाहाडको अडा गढी गौडा गोश्वारा जीमीदार पटुवारी जीम्मावाल थरी मुखीया तालुकदार समेतलाई सो अडावाट उर्दिपुर्जि भै गयमा नीजहरूले यस काममा मदत दी चाहीन्य खवर लीन अथवा प्रचार गर्ने चलती वढाउने उद्देश्यले भएको फारां स्मेत रीत पुर्वक भरी पठाउनु पर्ने हुनाले सो वमोजिम गर्नु गराउनु भंने लेषीयाको हुनाले सो वमोजिम् गर्ने गर्नु भनी सैनीक द्रव्य कोष अडाका नाउमा सनद भरी वक्सनु पर्ने ठहराई मुलुकी अडा अँनसवाल फाट्वाट जाहेर गरेको हामीवाट पनी सदर गरी बक्सेको छ सो वमोजिम् गर्ने काम गर ईति सम्वत १९९६ साल फागुं १७ गते रोज ५ शुभम् — — — — — — —

तहविल र श्रेस्ता जाँचने

सैनीक द्रव्ये कोस अडीटरका हाकीम कारिन्दाले पुर्जी हेरी अडा अडामा राम्रोसंग काम चलोस भंना नीमीत तपसीलका अडा अडाहरू तपसीलमा लेखिय वमोजीम् वाड्फाट् मीलाई खड्ग नीसाना मुल्की अडा कौसलका हाकीम्हरूले हप्ताको १ पटक जाचने गरी वक्सेको छ तोकीयका अडा अडामा हप्ताको १ पटक १ अडामा आलोपालोसंग गै सो अडामा कसैका सुस्थीले वा नीकासा नभै वा केही कारणले काम रोकीन गैरहेको रहेछ भने तेस्तो अडकाउ र अड्बड् परेमा अडाखानावाट अडकाउ गरे गरायेमा तरताकीता गर्नु पर्नेमा तरताकेता गरी जाहेर गर्नु पर्नेमा जाहेर स्मेत गरी टायें टायेंमा गर्नु पर्ने काम राम्रोसंग गराउने गरी खड्ग नीसाना मुल्की अडा कौसलका नाउमा स्मेत सनद गरी पठाउने गरी तपसीलका अडा अडा खोली ९३ साल भाद्र ९ गते तेस अडाका नाउमा खड्ग नीसाना सनद भयेकोमा अघी मुल्की अडा यौटै भयाकोमा अव मुल्की अडा पुर्जी फाट् १ रीपोट् फाट् १ गरी २ अडा भयेको र कौसललाई मुल्की अडा अैंसवाल फाट् गरी वक्सेको हुनाले अडा जाचने कां को हकमा नीकास पुकास् गर्ने र असुल तहसील हुने गर्ने अडाहरू र अरू काम कान धेरै पर्ने अडाहरूमा पुरा जाच गर्नु पर्ने सो वमोजीम गर्नु अरू सानातीना अडाहरू स्मेत यकै कीसिमवाट जाच गर्ने सवाल सनद भै रहेवाट सानातीना अडाको टायेंले अरू अडाको जाच राम्रो हुन नसकेको वेहोरा जाहेर भयाको हुनाले अडा अडावाट हुनु गर्नु पर्ने काम राम्रोसंग सवाल सनद वमोजिम् टायें टायें मा

चलोस् भंना नीमीत्त अव देखी सो अघी ९३ सालमा वाड् फाट् गरी खड्ग नीसाना मुल्की अडाकौसलका नाउमा भयेका खड्ग नीसाना सनद वमोजिम् गर्न गराउन नपर्ने गरी अडा जाचले सावीक सवाल बमोजिम् जाच गर्ने अरू तोकीयाका मानीस्ले जाचने स्मेत्मा अब देषी तपसील वमोजिम् गर्ने गरी वाड् फाट् मीलाई तपसीलमा लेषीया वमोजिम गर्ने वक्सेको छ सो वमोजिम् गर्न गराउन जजसका नाउमा चाहींछ सनद गरी पठाई सो वमोजिम गर्ने गराउने काम गर भंन्ये सीर वेहोरामा र तपसीलमा दफा दफा खोली यस अडाका नाउमा ९६ साल मार्ग १९ गते रोज २ मा खड्ग नीसाना सनद गरी वक्सेको र सो खड्ग नीसाना सनद को तपसीलमा देहायको अडा अडाहरूमा सावीक सवाल सनदले मुचुल्का मात्र लीने र पजनी कागज सम्म लिने औ मुचुलका र पजनी कागज स्मेत नलीने अडा अडाहरूको हकमा अडा जाचलाई भैरहेका सवाल सनद वमोजिम् गर्नु सो देषी वाहेक अरू अडा अडाहरूमा तहवील भयेया अडा सालको ३ पटक र श्रेस्ता जाचने काम सालको २ पटक जाचने सवाल सनद भैरहेकोमा अव उप्रांत तहवील रहेका अडाहरू जतीको तहवील सम्म भैरहेका सनद सवाल वमोजिम् अव पनी जाच गर्ने र स्व तहवील भयेका अडा र तहवील नभयेका अडाहरूको स्मेत पजनी कागज सम्म लाने गर्नु अघीका सवाल वमोजिम् अडा अडामा गै जाच गरी रहनु पर्दैन भंन्य १ दफामा र तेस्को देहायमा अडा जाच श्रेस्ता दोश्रा फाट्वाट जाचने भै आयाको सैनीक द्रवे कोस १ स्मेत भंन्ये लेषीयाको हुनाले सो वमोजि गर्नु गराउनु भंन्या सैनीक द्रवे कोसअडाका नाउमा सनद गरी वक्सनु पर्ने ठहरायौं जो जर्मी हुकुम् भनी मुलुकी अडा अैंसवाल फाट्का हाकीम् कारीन्दाले हाम्रा हजुर्मा वीन्ती पार्दा जाहेर भयो तसर्थ सो ठहरायाकोमा हामीवाट पनी सदर गरी वक्सेको छ सो वमोजीम् गर्ने काम गर ईति सम्वत १९९६ साल चैत्र ३ गते रोज ६ शुभम्—

तालुकवालालाई जरिबाना

सैनीक द्रवेकोस अडाका हाकिम कारीन्दाले पुर्जि हेरी जिल्लाको धारामा वडा हाकीं रहेका अडाहरू लाई मुद्दामामिला र अडासनवंधी कामकारवाईमा अडाषानावाट भयाको जरीवाना स्मेत वडा हाकीं लगायेत लागने भै आयाकोमा हुकुं बक्से मुताविक अडा सनवंधी कामकारवाईमा असीष्टेन्ट तहरीर कारिन्दाले अैंसवाल सनदको ख्यालराषी कां गर्नु पर्छ सो वमोजिम नगरेमा असिष्टेन्ट तहरीर कारीन्दाहरूलाई पटकै जरीवाना जो गर्नु पर्ने गर्नु तैनाथवालालाई जरीवाना गर्नु पर्ने भय हुकुं मर्जिवाट हुने हुदा अडाषानावाट तैनाथवाला क. जनरल हीरंण्य सम्सेर जङ्ग वाहादुर राणा मे. ज. माहावीर सम्सेर जङ्ग वाहादुर राणा मेज राम सम्सेर जङ्ग वाहादुर राणा मेज माधव सम्सेर जङ्ग वाहादुर मेज टुङ्ग सम्सेर जङ्ग वाहादुर राणा कर्णेल मेघ राज सम्सेर जङ्ग वाहादुर राणाहरूलाई पटकै जरीवाना नगर्नु भंन्य ९४ साल मार्ग २ गतेमा र ९४ साल चैत्र २८ गते १ मा खडग नीसानातदर भंया वमोजिम सनद भै गयाकोमा अडा सनवंधी कारवांईमा तालुकवाला वडाहाकींहरूको स्मेत छाप दस्षत लागी कां कारवाई हुंन्य हुनाले मुद्दामामिला र अडा सनवंधी कां कारवाईमा भया गरेको जरीवाना अघी भै आया वमोजिम तालुकवाला वडाहाकीं असीष्टन्ट तहरीर फाटवाला कारीन्दालाई स्मेत लाग्छ सो वमोजिम लाग्न्य तीर्ने गरी अर्को सनदगरी दिनु भंन्य श्री ३ माहाराज वाट हुकुं वक्सेको छ सो बमोजिम जसलाई चाहीं छ जो चाहिन्य व्यहोरको सनद गरी दिनु भंन्य

श्री कम्पाण्डर ईनचीफ साहेववाट यस अडाका हाकींका रोहवर्मा र्मजि वक्सेको हुनाले हुकुं वक्से मुताविक सनद गरी पठाई दिन्य ठहराई यस अडावाट रीपोट जाहेर गरेको षडग नीसाना अडामार्फत श्री ३ माहाराज का हजुर्मा जाहेर हुदा अडा सनवंधी सवैमा जरीवाना लगाउने गर्न हुदैन हुकुं र्मजिवाट तालुकवाला वडा हाकीं खुद आफैले गर्ने गरी आदर भयाको मालपोत असुल फछर्योट गर्ने चोरी डाँका पक्रने सीवाना वीसये स्मेत २ सर्कार सनवंधी काम वांध वें वरवन्दोवस्त गरी अगा अवाड गर्ने जिल्लाको सासना वरवन्दोवस्त गर्ने स्मेत यस्तै ठुला ठुला काम षोली यो यो काममा तलमाथी परेमा भयाको जरीवाना सजाय तालुकवाला वडाहाकीं असिष्टेन्ट स्मेतलाई सवाल सनद वमोजिम लाग्छ भंन्य र मुद्दामामिलाको जरीवानाको सजायका हकमा पनी अब नयां वन्दोवस्ती हुदा वांधा नपर्ने गरी मीलाई गोश्वाराहरूमा रहेको जिंसी माल कागज पत्रको वुझवुझारथ तालुकावाला वडाहाकींहरूले गर्नु पर्ने असिटेन्ट हरूले गर्नु नपर्ने भै रहेकोमा कागज पत्र जति तालुकवाला वडाहाकींहरूले वरवुझारथ गर्नै नपर्ने असिटेन्टले गर्ने गरी र जींसीमालको हकमा पनि खरा वजाना ३ सांचाको नगदी वाहेक अरू हुन्य सम्म असिटेन्ट कै जिम्मामा राषी असिटेन्टका हाल साविक हुदा वरवुझारथ गर्ने स्मेत सवै कुरा तलविज मिलई वाधा नपर्ने गरी सनद गरी दिनु भंन्य हुकुं वक्सेको हुनाले सो हुकुं वक्से मुताविक गर्ने कां भया वेस होला भनी खड्ग नीसाना अड्डावाट ९६ साल मार्ग २६ गतेका पुर्जि साथ सो रिपोट स्मेत आयाको र सो खड्ग नीसानावाट जाहेर भै लेषीत आउदै अब उप्रांतलाई गौडा गोश्वारालाई भयाका जरीवाना छाप लगाउने तैनाथवाला लगायतलाई लगाउने वदोवस्त गर्नु भंन्य श्री ३ महाराजबाट हुकुं वक्सेको चिठी निक्सारीले मुलुकी अडालाई लेषी पठायकोले सो वमोजिम गर्ने ९६ साल मार्ग १ गतेमा १ छापे मै यस अडामा आयाकाले सो भंदा पछि हुकुं वक्सेको षड्ग नीसाना अडावाट लेषी आया वमोजिम वंदोवस्त गर्नालाई वीचार गर्दा वडाहाकींहरूको वरवुझारथ गर्ने हकमा गारने तर्फको वंधुक गोली गट्टा गोश्वाराका तैनाथवाला वडाहाकींका जिम्मा र कागज

पत्रहरू षरीदारहरूका जिम्मा गरी राषन लाउने महुतरी गोश्वारालाई तोक सदर भै गयाको र वुझवुझारथ गर्नेमा सो वंधुक गोली गठ्ठा कागजपत्र मात्र नभै अरू सर्कारीया मालतामां नगदी जींसी स्मेत ईत्यादी भयाको सो स्मेत क कसको जीम्मामा राषी हाल साविक कहा क कसले वुझवुझारथ गरेमा वडा हाकीं असिष्टेंट खरीदारहरू कसैलाई वाधा नपरी आफ्ना आफ्ना जीम्माको आफू आफुले वुझवुझारथ गर्न पाई सुविस्ता हुने हुंछ सवै जिल्ला गोश्वारा वुझी वंदोवस्त भया पछि सम्मलाई वाधा नपर्ने भै कां चलने हुनाले लेषीया वमोजिम वुझी ठहराई चाडो जाहेर गर्न भनी सवै जिल्ला गोस्वारालाई यस अडावाट लेषी पठाई दिन्य र जरीवानाका हकमा अदालत अमीनी तर्फको नयाँ वंदोवस्त भया पछि झगडा मुद्दा तर्फको कां को फाटै छुट्टा रहने हुदा गोश्वारा तर्फ सरोकारैं नरही सो नया वंदोवस्त भया पछि जो वंदोवस्त भो सोही वमोजिम गर्ने हुनाले सो हुकुं वक्सेको लेषी आया मुताविक हुकुं मर्जिवाट तालुक वाला वडाहाकीं खुद आफैले गर्ने गरी भयाको मालपोत असुल फछर्यौंट गर्ने चोरी डांका पक्रने सीवाना वीषय स्मेत र सर्कार सनवंधी काम काज वेंवर वंदोवस्त गरी जगा अवाद गर्ने माल ३ साचा अडाको तहविलको काम बंहक षर षजानाको काम देसावर तर्फ नोट सटही गर्ने दाषील गर्ने काम जङ्गलको रेष देष गरी लकडी वीक्री वन्दोवस्त गर्ने र षैराहा वसाउने कां सर्कारको हानी नोक्सानी परेको नहर हातिसार व्यारेकको काम अमला ठुलाठालुहरूले जिल्लामा जोरजुलं गरी दुष पीर दिएको जील्लाको सासन र वरवन्दोवस्त गर्ने स्मेत यस्तै ठुलाठुला काममा तलमाथि परेमा र हुकुं मर्जिवाट वडाहाकींलाई तोकी भयाको जरीवाना औ अदालत अमीनी तर्फको नया वन्दोवस्तको नीकासा भै सो वमोजिम काम नचले सम्म माथि लेषीया वमोजिम मुद्दामामिलाको साधक फैसला रिपोंट तोक भयाकोमा र झेलषानाको काममा स्मेत भयाको जरीवाना वडाहाकीं असिष्टेन्ट दुवैले गरेमा दुवैलाई लाग्ने वडाहाकीं नभयाका वषत असिष्टेन्टले गरेकोमा असिष्टेन्ट नभयाकोमा वडाहाकींलाई मात्र लाग्न्ये सो देषी बाहेक अरू अडा सनवंधी को कामकारवाईमा

भयाको जरीवाना असिष्टेन्ट र षरीदार फाटवाला कारीन्दाहरूलाई लाग्न्ये भयामा मुनासिव पर्नें देषीयाको हुनाले जाहेर गरेका छौ अव उप्रान्त मध्यस गोस्वारालाई जरीवाना गर्दा लेषीया वमोजिम गर्नें गराउनु अन्य सरोकारवाला अड्डाहरूलाई र सो वमोजिम गर्नें गराउनलाई मध्यस सवै गोस्वारालाई स्मेत सनद गरी पठाई दीन्य ठहरायौं मर्जि हुकुं भनी मुलुकी अडा अैंसवालफाटका हाकीम् कारीन्दाले हाम्रा हर्जुमा वीन्ती पार्दा जाहेर भयो तसर्थ सो ठहरायकोमा हामीवाट पनी सदर गरी वक्सेको छ सो वमोजिम् गर्नें काम गर ईति सम्वत १९९६ साल चैत्र ३ गते रोज ६ शुभम्— — — — — — -- --

* * *

हाकिम कारिन्दाको बुझबुझारथ

सैनीक द्रवे कोस अडाका हाकिम कारीन्दाहरूले पुर्जि हेरी जिल्लाको धारामा वडा हाकीं रहेका अडाहरूलाई मुद्दा मामिला र अडा सनवंधी कां कारवाईमा अडाषानावाट भयाको जरीवाना स्मेत वडा हाकीं लगायेत लागने भै आयाकोमा हुकुं वक्से मुताविक अडा स्म्वंधी काम कारवाईमा असीष्टेन्ट तहरीर कारिन्दाले अँसवाल सनदको ख्यालराषी कां गर्नु पर्छ सो वमोजिम नगरेमा असिष्टेन्ट तहरीर कारीन्दाहरूलाई पटके जरीवाना जो गर्नु पर्ने गर्नु तैनाथवालालाई जरीवाना गर्नु पर्ने भय हुकुं मर्जिवाट हुने हुदा अडा षानावाट तैनाथवाला क. जनरल हीरंण्य सम्सेर जङ्ग वाहादुर राणा मे. ज. माहावीर सम्सेर जङ्ग वाहादुर राणा मे ज राम सम्सेर जङ्ग वाहादुर राणा मे ज माधव सम्सेर जङ्ग वाहादुर राणा मे. ज. तुङ्ग सम्सेर जङ्ग वाहादुर राणा कर्णेल मेघराज सम्सेर जङ्ग वाहादुर राणाहरूलाई पटके जरीवाना नगर्नु भंन्य ९४ साल मार्ग २ गतेमा र ९४ साल चैत्र २८ गते १ मा खड्ग नीसाना सदर भया वमोजिम सनद भै गयाकोमा अडा सनवंधी कारवाईमा तालुकवाला वडा हाकींहरूको स्मेत छाप दस्षत लागी कां कारवाई हुन्य हुनाले मुद्दा मामिला र अडा सनवंधी कां कारवाईमा भया गरेको जरीवाना अघी भै आया वमोजिम तालुकवाला वडाहाकीं असीष्टेन्ट तहरीर फाटवाला कारीन्दालाई स्मेत लाग्छ सो वमोजिम लाग्न्य तीर्ने गरी अर्को सनद गरी दिनु भंन्य श्री ३ माहाराज वाट हुकुं वक्सेको छ सो बमोजिम जजसलाई चाहींछ जो चाहिन्य व्यहोराको सनद

गरी दिनु भंन्य श्री कम्याण्डर ईन चीफ साहेववाट यस अडाका हाकींका रोहवर्मा र्मजि वक्सेको हुनाले हुकुं वक्से मुताविक सनद गरी पठाई दिन्य ठहराई यस अडावाट रीपोट जाहेर गरेको षड्ग नीसाना अडा मार्फत श्री ३ माहाराज का हजुर्मा जाहेर हुदा अडा सनवंधी सवैमा जरीवाना लगाउने गर्न हुदैन हुकुं र्मजिवाट तालुकवाला वडाहाकीं खुद आफैले गर्ने गरी आडर भयाको मालपोत असुल फछ्र्यौंट गर्ने चोरी डांका पक्रने सीवाना वीसये स्मेत २ सर्कार सनवंधी काम वांध वे वरवन्दोवस्त गरी जगा अवाद गर्ने जिल्लाको सासना वरवन्दोवस्त गर्ने स्मेत यस्तै ठुला ठुला काम षोली यो यो काममा तलमाथी परेमा भयाको जरीवाना सजाय तालुकवाला वडाहाकीं असिष्टेन्ट स्मेतलाई सवाल सनद वमोजिम लाग्छ भंन्य र मुद्दा मामिलाको जरीवाना सजायका हकमा पनी अव नयाँ वन्दोवस्त हुदा वाधा नपर्ने गरी मीलाई गोस्वाराहरूमा रहेको जिसी माल कागज पत्रको वुझवुझारथ तालुकवाला वडाहाकींहरूले गर्नु पर्ने असिष्टेन्टहरूले गर्नु नपर्ने भै रहेकोमा कागज पत्र जति तालुकवाला वडा हाकींहरूले वरवुझारथ गर्नँ नपर्ने असिष्टेन्टले गर्ने गरी र जींसी मालको हकमा पनि खरखजाना ३ सांचाको नगदी वाहेक अरू हुन्य सम्म असिष्टेन्ट कै जिम्मामा राषी असिष्टेन्टका हाल साविक हुदा वर वुझारथ गर्ने स्मेत सवै कुरा तजविज मिलाई वाधा नपर्ने गरी सनद गरी दिनु भंन्य हुकुं वक्सेको हुनाले सो हुकुं वक्से मुताविक गर्ने कां भया वेस होला भनी खड्ग नीसाना अडावाट ९६ साल मार्ग २६ गतेका पुर्जि साथ सो रीपोट स्मेत आयाको र सो खड्ग नीसानावाट जाहेर भै लेषीन आउदै अव उप्रान्तलाई गौडा गोस्वारालाई भयाका जरीवाना छाप लगाउने तैनाथवाला लगायतलाई लगाउने वंदोवस्त गर्नु भंन्य श्री ३ माहाराज वाट हुकुं वक्सेको चिठी नीक्सारीले मुल्की अडा लाई लेषी पठायाकोले सो वमोजिम गर्ने ९६ साल मार्ग १ गतेमा १ छापे भै यस अडामा आयाकाले सो भंदा पछि हुकुं वक्सेको षड्ग नीसाना अडावाट लेषि आया वमोजिम वंन्दोवस्त गर्नालाई वीचार गर्दा वडाहाकींहरूको वरवुकारथ गर्ने हकमा गारने तर्फको वंधुक गोली गट्ठा गोस्वाराका तैनाथवाला वडा

हाकींका जिम्मा र कागजपत्रहरू षरीदारहरूका जिम्मा गरी राषन लाउने महुतरी गोस्वारालाई तोक सदर भै गयाको र वुझवुझारथ गर्नेमा सो वंधुक गोली गट्ठा कागजपत्र मात्र नभै अरू सर्कारीया मालसामां नगदी जींसी स्मेत ईत्यादि भयाको सो स्मेत क कसको जीम्मामा राषी हाल साविक कहा ककसले वुझवुझारथ गरेमा वडाहाकीं असिस्टेन्ट खरीदारहरू कसैलाई वाधा नपरी आफ्ना आफ्ना जीम्माको आफु आफुले वुझवुझारथ गर्न पाई सुविस्ता हुने हुंछ सवै जिल्ला गोस्वारा वुझी वंन्दोवस्त भया या पछिसम्मलाई वाधा नपर्ने भै कां चलने हुनाले लेषीया वमोजिम वुझी ठहराई चाडो जाहेर गर्न भनी सवै जिल्ला गोस्वारालाई यस अडावाट लेषी पठाई दिन्य र जरीवानाका हकमा अदालत अमीनी तर्फको नयां वंदोवस्त भया पछि झगडा मुद्दा तर्फको कां को फाटै छुट्टा रहने हुदा गोस्वारा तर्फ सरोकारै नरही सो नयाँ वंन्दोवस्त भया पछि जो वंन्दोवस्त भो सोही वमोजिम गर्ने हुनाले सो हुकुं वक्सेको लेषी आया मुताविक हुकुं मर्जिवाट तालुकवाला वडा हाकीं खुद आफैले गर्ने गरी भयाको मालपोत असुल फछ्यौट गर्ने चोरी डाका पक्रने सीवाना वीषय स्मेत र सर्कार सम्वंधी काम वाध वे वरवंन्दोवस्त गरी जगा अवाद गर्ने माल ३ साचा अडाको तहविलको काम बंहक खर षजानाको काम देसावर तर्फ नोट सटही गर्ने दाषील गर्ने काम जङ्गलको रेषदेष गरी लकडी वीक्री वन्दोवस्त गर्ने र षैराहा वसाउने कां सर्कारको हानी नोक्सानी परेको नहर हातिसार व्यारेकको काम अमला र ठुलाठालुहरूले जिल्लामा जोरजुलं गरी दुख पीर दियको जिल्लाको शासन र वरवन्दोवस्त गर्ने स्मेत यस्तै ठुलाठुला काममा तलमाथि परेमा र हुकुं मर्जिवाट वडाहाकींलाई तोकी भयाको जरीवाना औ अदालत अमीनी तर्फको नयाँ बन्दोवस्तको नीकासा भै सो वमोजिम कां नचले सम्म माथी लेषीया वमोजिम मुद्दा मामिलाको साधक फैसला रीपोट तोक भयाकोमा र झेलषानाको काममा स्मेत भयाको जरीवाना वडाहाकीं असिष्टेन्ट दुवैले गरेमा दुवैलाई लाग्ने वडाहाकीं नभयाका वषत असिष्टेन्टले गरेकोमा असिष्टेन्टलाई र असिष्टेन्ट नभयाकोमा वडाहाकींलाई मात्र लाग्न्ये सो देषी वाहेक अरू अडा सनवंधीको कामकारवाईमा

भयाको जरीवाना असिष्टेन्ट र षरीदार फाटवाला कारीन्दाहरूलाई लाग्न्ये भयामा मुनासीव पर्ने देषीयाको हुनाले जाहेर गरेका छौं अव उप्रान्त मध्यस गोस्वारालाई जरीवाना गर्दा लेषीया वमोजिम गर्नें गराउनु भंन्य सरोकारवाला अडाहरूलाई र सो वमोजिम गर्ने गराउनलाई मध्यस सवै गोस्वारालाई स्मेत सनद गरी पठाई दीन्य ठहरायौं जो मर्जि हुकुं भनी मुलुकी अडा अैंसवाल फाटवाट जाहेर गरेकोमा ९६ साल चैत्र २७ गते रोज २ मा खड्ग नीसाना सदर गरी वक्सेकोले सो वमोजिम गर्नु भनी सैनिक द्रव्य कोसका नाउमा सनद गरी वक्सनु पर्ने ठहराई मुलुकी अडा अैंसवाल फाटवाट जाहेर गरेको हामीवाट पनी सदर गरी वक्सेको छ सो वमोजीं गर्ने गर्न लाउने कां गर ईति सम्वत १९९७ साल आषाढ २६ गते रोज शुभम् — — — — — —

समयमै वेरुजु फस्र्योट गर्नुपर्ने

स्वस्ती श्री मदति प्रचन्ड भुजदण्डे त्यादि ओजस्वि राजन्य प्रोज्वल नेपालतारा अतुल ज्योतिरमये त्रिसक्तीपट्ट अतिप्रवल गोर्षा दक्षिण वाहु पृथुलाधिस श्री श्री श्रीमहाराज जुद्ध सम्सेर जङग वहादुर राणा जि सि वि जि सि यल यच जि सि यल जि वि यस आइ जि सि यन यल जि सि यस यम यल जि सि आई ई जि केआर के वि तेङ्ग पावटिङ सुनचियान लुचुयात स्पाहू च्याङ आनरेरि लेफ्टन्याण्ट् जनरल वृटिस आर्मी आनरेरि कर्णेल अफ अल दि गोर्षा राईफल रेजिमेन्ट्स इटालीयान आर्मी प्राइमीनीस्टर एण्ड सुप्रिम कम्याण्डर इनचिफ कस्य रुक्का--

स्वस्ति श्री मद्राज कुमार कुमारात्मज श्री सुप्रदिप्त मान्यवर नेपाल तारा सुविख्यात त्रिसक्तीपट्ट सुप्रसिद्ध प्रवल गोर्षा दक्षिण वाहु कम्याण्डर इन चिफ जनरल पद्म सम्सेर जङ्ग वहादुर राणा लिविइ केसि यस आई के सि आई के ई पद्धि आर के नेपाल प्रताप वर्धक कस्यपत्रम् आग्ये सैनिक द्रव्य कोष का हाकीं कारींदा के येथोचित उप्रान्त क. प दुर्गा जङ्ग राणा मार्फत को दैलेख गौडामालको ६९ सालको श्रेस्ता जाचवाट वेरुज निस्केकोमा छोराचाहीलाई श्रेस्ता अदालतवाट पक्राउ भै छविस २६ वर्ष अघीको कुरामा वुवा मरेको १२ वर्ष पछि पक्राउ हुन आयेको भनी ले. धन प्रताप जङ्ग राणा ले विंतिपत्र चढायको जाहेर हुदा सो वेरुजु वाकी राषेमा असुलिवालाहरू पक्रने सवारी चिठी निक्सारीवाट हुकं वक्से मुताविक लेषी आयको वुझिदा ६९ सालको श्रेस्ता ७० सालमा दाषीलभै ७१ साल सम्ममा फरछ्याइ सक्नु पर्नेमा ७० साल देषि ८४ साल सम्म श्री कुमारी चोक पहाड दोश्रा फाट तेस पछि वक्यौता फाट ९१ साल देखि लगत वमोजिं असुल नगरी राखेको श्रेस्ता अदालत स्मेतको सुस्ति भयकोमा ७१ साल देखि ७८ साल सम्मको हाकींहरू मरीसकेको र तेस पछि

महजुद भयेकोमा पनि एस वषत साल सालको साल सालमै वेमाष गर्न नसके खांगी दामासाही गर्ने कवुलियेत भै वाकी राषेको कवुलियेत वमोजिं षांगी दामासाही भै काही षोसि समेत सकेको र श्रेस्ता अदालतले लगत वमोजिं असुल नगरी राखेकोमा पनि सो अडाका कां अनुसार महलखांगी थप निकासा लाई रिपोट गरेको भन्न्या स्मेत श्री ३ महाराज वुवाज्यूका हजुरमा जाहेर हुदा हाकींहरूले खांगी दामासाही जरीवाना स्मेत वुझाई सकेकोले कसैसंग लीनु पर्दैन हांगा काटी दिनु मौकैमा श्रेस्ता जाच भयेको भय देखि येस्तो सुस्ति गरी राषन नपाईने वन्दोवस्त मिलाउनु भन्ने हुकुं वक्सेको सवारीवाट लेखि आयको हुनाले सो वेरूजु लगत काट्ने वहि श्रेस्ता अदालतका नाउमा मुलुकि अड्डा पुर्जि फाट मार्फत सनद भै जाने भयेकोले अरू वन्दोवस्त नगर्ने वारेमा हुकुम् वक्सेको लेषि आये वमोजिं गर्ने कां गर भंने ९६ साल फागुण ३ गते भै आयेका १ छापे ९६ साल फागुण ७ गते येस अडामा दाषील हुन आयेकोमा विचार गर्दा पक्राउ भयेको सो वेरूजुको लगत काट्ने मुलुकि अडा पुर्जिफाटवाटै सनद भैजाने भै आयेका १ छापेका वेहोरावाटै देषियेको र श्रेस्ता अदालतले महल थप लाई छुट्टै रपोट् जाहेर गरेका भन्ने लेषियेकोलाई सो रीपोट वाटै निकासा भये वमोजिं हुने हुनाले अडा अडाले गर्नु पर्ने काममा अडा अडालाई भयाका सनद कवुलिक्षतका म्यादमा अैंसवाल वमोजिं गरी फछ्र्याउने वेमाष गर्ने गर्नु पर्छ गर्न पर्ने म्याद म्यादमा नगरी ढिला सुस्ति गरेकावाट हानि नोक्सानी भयेमा सनद कवुलियत वमोजिं सजाय भै परेको हानि नोक्सानीमा ठहरे वमोजिं हुनेछ भन्ने सदर मोफसलका अडा अडाका नाउमा सनद गरी पठाइने ठहराई यस अड्डावाट जाहेर गरेको रीपोट् ९६ साल चैत्र ७ गते ३ मा २ छापे सदर गरी वक्सेकोले स्व वमोजिं गर्नु भंने सैनिक द्रव्य कोस का नाउमा सनद गरी वक्सनु पर्ने ठहरायौं जो मर्जि हुकुं भनि मुलकी अड्डा अैंसबाल फाट का हाकीं कारींदाले हाम्रा हजुरमा विति पार्दा जाहेर भयो तसर्थ यो ठहरायाको हाम्री वाट सदर गरी वक्सेको छ स्व वमोजिं गर्ने कां गर इतिसंवत १९९७ साल आषाढ २६ गते रोज ३ शुभम् — — — — — — —

◆

गोश्वाराका जागिरदारलाई कार्यअनुसारको जरिवाना गर्ने

जरीवाना छाप लगाउने तैनाथवाला लगायतलाई लगाउने वंदोवस्त गर्नु भंन्ये श्री ३ माहाराजवाट हुकुं वक्सेको चिठी नीक्सारीले मुल्की अडालाई लेषी पठायाकोले सो वमोजिम गर्ने ९६ साल मार्ग १ गतेमा १ छापे भै यस अडामा आयाकाले सो भंदा पछि हुकुं वक्सेको षड्ग नीसाना अडावाट लेखि आया वमोजिम वंन्दोवस्त गर्नालाई वीचार गर्दा वडाहाकींहरूको वुझवुझारथ गर्ने हकमा गारत तर्फको वंधुक गोली गट्ठा गोस्वाराका तैनाथवाला वडाहाकींका जिम्मा र कागजपत्रहरू षरीदारहरूका जिम्मा गरी राषन लाउने महुतरी गोस्वारालाई तोक सदर भै गयाको र वुझवुझारथ गर्नेमा सो वंधुक गोली गट्ठा कागजपत्र मात्र नभै अरू सर्कारीया मालसामां नगदी जींसी स्मेत ईत्यादी भयाको सो स्मेत क कसको जीम्मामा राषी हाल साविक कहा क कसले वुझवुझारथ गरेमा वडाहाकीं असिष्टेंट खरीदारहरू कसैलाई वाधा नपरी आफ्ना आफ्ना जीम्माको आफु आफुले वुझवुझारथ गर्न पाई सुविस्ता हुने हुंछ सवै जिल्ला गोस्वारा वुझी वन्दोवस्त भया पछि सम्मलाई वाधा नपर्ने भै कां चलने हुनाले लेषीया वमोजिम वुझी ठहराई चाडो जाहेर गर्न भनी सवै जिल्ला गोस्वारालाई यस अडावाट लेषी पठाई दिन्य र जरीवानाका हकमा अदालत अमीनी तर्फको नयां वंदोवस्त भया पछि झगडा मुद्दा तर्फको कां को फाटँ छुट्टा रहने हुदा गोस्वारा तर्फ सरोकारै नरही सो नयां वंदोवस्त भयापछि जो वन्दोवस्त भो सोही वमोजिम गर्ने हुनाले सो हुकुं वक्सेको लेषी आया मुताविक

हुकुं मर्जिवाट तालुक वाला वडाहाकीं खुद आफैले गर्ने गरी भयाको मालपोत असुल फछ्यौंट गर्ने चोरी डांका पक्रने सीवाना वीषय स्मेत २ सर्कार सनवंधी काम वाध वें वरवन्दोबस्त गरी जग्गा अवाद गर्ने माल ३ सांचा अडाको तहविलको काम वंदुक खर षजानाको कां देसावर तर्फ नोट सटही गर्ने दाषील गर्ने काम जङ्गलको रेष देष गरी लकडी वीक्री वन्दोवस्त गर्ने र षैराहा वसाउने कां सर्कारको हानी नोक्सानी परेको नहर हातिसार व्यारेकको काम अमाली र ठुलाठालुहरूले जिल्लामा जोरजुलं गरी दुख पीर दिएको जील्लाको सासन र वरवन्दोवस्त गर्ने स्मेंत यस्तै ठुलाठुला काममा तलमाथि परेमा र हुकुं मर्जिवाट वडाहाकींलाई तोकी भयाको जरीवाना औ अदालत अमीनी तर्फको नयाँ वन्दोवस्तको नीकासा भै सो वमोजिम कां नचले सम्म माथी लेषीया वमोजिम मुद्दा मामिलाको साधक फैसला रीपोट तोक भयाकोमा र जेलषानाको काममा स्मेत भयाको जरीवाना वडाहाकीं असिष्टेन्ट दुवैले गरेमा दुवैलाई लाग्ने वडाहाकीं नभयाका वषत असिष्टेन्टले गरेकोमा असिष्टेन्टलाई र असिष्टेन्ट नभयाकोमा वडाहाकींलाई मात्र लाग्न्ये सो देषी वाहेक अरू अडा सनबंधीको काम कारवाईमा भयाको जरीवाना असिष्टेन्ट र षरीदार फाटवाला कारीन्दाहरूलाई लाग्न्ये भयामा मुनासीव पर्ने देषीयाको हुनाले जाहेर गरेका छौं अव उप्रान्त मध्यस गोस्वारालाई जरीवाना गर्दा लेषीया वमोजिम गर्ने गराउनु भंन्या सरोकारवाला अडाहरूलाई र सो वमोजिम गर्ने गराउनलाई मध्यस सवै गोस्वारालाई स्मेंत सनद गरी पठाई दीन्या ठहरायौं जो मर्जि हुकुं भनी मुलुकी अडा अैंसवाल फाटवाट जाहेर गरेकोमा ९६ साल चैत्र २७ गते रोज २ मा खड्ग नीसाना सदर गरी वक्सेकोले सो वमोजिम गर्नु भनी सैनिक द्रव्य कोसका नाउमा सनद गरी वक्सनु पर्ने ठहराई मुलुकी अडा अैंसवाल फाटवाट जाहेर गरेको हामीवाट पनी सदर गरी वक्सेको छ सो वमोजीं गर्ने गर्न लाउने कां गर ईतिसम्वत १९९७ साल आषाढ २६ गते रोज शुभम् ——–— —–—

◆

गोश्वारा गाभ्ने

सैँनिकद्रव्य कोश अडाका हाकीम कारीन्दाहरूले पुर्जि हेरी अदालत तर्फ को नयाँ बन्दोवस्त बाट मध्यस गोश्वाराहरू बाट मुद्दा मामिला हेर्न नपाउन्ये गरी जिल्ला जिल्लामा अपिल अडा खडा गरी भ्रापा छोटी रौतहट सर्लाही षजहनी कै. कं. स्मेत ४ गोश्वारा षारेजगरी सो गोश्वारा बाट गरी आयाको कां स्मेत भ्रापा गोश्वाराको बीराटनगर गोश्वाराले र रौतहट सर्लाही गोश्वाराको रौतहट तर्फको बीरगंज गोश्वाराले सर्लाही तर्फको महुत्तरी गोश्वारा बाट र कै. कं गोश्वाराको वाके र्बदिया गोश्वारा बाट षजहनी गोश्वाराको पाल्ही माझषंड गोश्वारावाट गर्ने गरी गाभि वक्सेकोले सो गोश्वाराको नाउ साबीकै कायं राषन मुनासीब नपर्ने हुनाले बारा पर्सा रौतहट सावीकमा यकै गोश्वारा छदा पनी वीरगंज गोश्वारा भंन्या नाउ कायं भै आयाकाले हाल पनी वीरगंज गोश्वारा र सप्तरी गोश्वारा कायं भै रहेको हुदा सो वाहेक वीराटनगर गोश्वारालाई मोरङ गोश्वारा भंन्ये र महुत्तरी गोश्वारालाई महुत्तरी सर्लाही गोश्वारा भंन्ये र पाली माझषंड गोश्वारालाई बुटौल गोश्वारा भंन्य र बाके र्बदिया गोश्वारालाई नयाँ मुलुक गोश्वारा भंन्ये नाउ कायं गरी कां काज गर्न र लेषापढी गर्ने स्मेत ९७ साल भाद्र १४ गते खड्ग नीसानाबाट सदर गरी बक्सेको हुनाले लेषीया बमोजिम गोश्वाराको नाउ कायं गरी कां काज गर्ने र लेषापढी गर्ने कां गर भंन्ये सैनिक द्रव्य कोश अडाका नाउमा सनद गर्नु पर्ने ठहराई र मुलुकी अडा अँसवाल फांटबाट जाहेर गरेको हामि वाट पनी सदर गरी बक्सेको छ सो बमोजि गर्मे कां गर ईति संबत १९९७ साल भाद्र २८ गते रोज ५ शुभम् — — — — — — — —

⁂

जंगी अफिसर निजामतीतर्फ सरुवा भएमा द्रव्यकोश कट्टागर्ने

मुल्की अड्डा ऐनसवाल फाटबाट जाहेर गरेको रिपोट –

उप्रान्त पल्टन तर्फ नोकरीमा रहन पाउने उमेरको हद पुगेपछि खाली हुने गरी यो साल पजनीमा सीविल तर्फ सारी वक्सेको अफिसरहरूको सैनिक द्रव्यकोसमा ज्मा भयेको दाम सवाल्ले फिर्ता दिनु पर्ने भयेतापनि हालै फिर्ता नदिने निजामति तर्फ सो पनि सैनिक द्रव्य कोशका दरवंदी वमोजिम जो कट्टी हुने रूपैया वहाल छन्ज्यालसम्म कट्टा गरी सैनिक द्रव्यकोशमा ज्मा गरी निजहरूको वहाल टुटेपछि मात्र फिर्ता दिने श्री ३ महाराज वुवाज्यूवाट हुकुं वक्सेको र तलवी जतिको भाद्र मैह्नाकै तलव देखि कट्टी गर्नु पर्ने हुनाले सो वमोजि गर्नालाई सैनीक द्रव्यकोश वारे भैरहेका सवालमा जो गर्नुपर्ने थपघट गरी मिलाई अरू अडाअडालाई स्मेत जजस्का नाउमा जो चाहिने सनद सवाल चाडो गरी दिने कां गर भंन्या ९७ साल आश्वीन १ गते २ को श्री सुप्रदिप्त मान्यवर नेपाल तारा सुविख्यात् त्रिशक्ति पट्ट सुप्रसिद्ध प्रवल गोर्खा दक्षिण वाहु पुकज ववर सम्शेर जंगवहादुर राणा जीवीइकेसीयस आइई आनरेरी कर्णेल वृटिस आर्मी नेपाल प्रताप वर्धकवाट यस अडाका नाउमा दस्खत भै आयाको हुनाले सो वमोजिम ९७ सालमा जंगी अफिसरहरूको पजनी हुदा निजामति तर्फ सारी वक्सेका पल्टनीया अफिसरहरूको निजामति तर्फ सारी वक्से पनि निजहरूको पाउने तलववाट सैनीक द्रव्यकोशमा राखने गरी निकासा वक्से वमोजिम राखने गर्नालाई सो पजनीमा निजामति तर्फ सारी वक्सेका अफिसर-

हरूमा पनि तलवी जतिको गयेका भाद्र मैह्नादेखिको तलववाट कट्टा गरी सैनीक द्रव्यकोशकै रूल वमोजिम राखनु पर्ने भै वुझ्दा सो निजामति तर्फ सारीवक्सेका अफिसरहरूमा तलवी जतिको गयेका भाद्र मैह्ना देखी नै कट्टा गरी सैनीक द्रव्य कोशमा राखी आयेको वुझियेकाले अव निकासाको हकमा माथि लेखिया बमोजिम ९७ सालमा पल्टनिया अफिसरहरूको पजनी हुदा निजामती तर्फ सारी वक्सेका अफिसरहरूको भै आयका प्रमांगी वमोजिम निजामति तर्फ सारी वक्से पनि निजहरूको वाली तलववाट सैनिक द्रव्य कोशका रूल वमोजिम कट्टा गरी राखनालाई निजामति तर्फ सारी वक्सेका जवान हुनाले निजहरूको पल्टनिया अफिसरहरूको सरह गरी श्रेस्ता गर्न नमिलने भनी छुटयाई राखने गर्दा श्रेस्ता फारां छुटा गर्नु पर्ने भै सो कांको सम्वन्धवाला अडा सवैलाई कां वढने र मद्दत स्मेत चाहिने हुन जाने हुनाले पल्टनिया अफिसरहरूको पाउने वाली तलववाट कट्टा भै सैनीक द्रव्यकोशमा रही आया सह्र यो ९७ सालमा पल्टनिया अफिसरहरूको पजनी हुदा निजामती तर्फ सारी ठेकीवक्सेका अफिसरहरूको पनी पाउने वाली तलववाट कट्टा गरी राखदा सैनिक द्रव्यकोसकै दरवंदी रूल वमोजिम गरी राखेमा श्रेस्ता छुटा गर्न नपरी ठेकीरहेकै मद्दतले कां हुन आइ कां गर्न स्मेत सजिलो हुन जाने देखियेकाले जाहेर गरेका छौ निकासाको हकमा यो ९७ सालमा पल्टनिया अफिसरहरूको पजनी हुदा निजामती तर्फ सारी वक्सेका अफिसरहरूको पनि सैनिक द्रव्यकोसकै रूल दरबंदी वमोजिम गरि पाउने वाली तलववाट कट्टा गरी सैनीक द्रव्य कोषमा सो निजामति तर्फ सारी वक्सेका तलव खाने अफिसरहरूको जति गयेका श्रावण भाद्र मैह्ना देखिनै कट्टा गरी रही आयेको सदर गरी आइन्दादेखिलाई लेखियेका जवानहरूको र यस्तै सिविल तर्फ सारी सो जवान सिविल तर्फ परेपनि जंगी सरह द्रव्यकोश कट्टा गर्ने हुकुंको प्रमांगी भै आयेका तिनीहरूको स्मेत वही रूल वमोजिं गर्ने गरी वक्सेको छ सो वमोजिं निजामती तर्फ सारी वक्सेका वाली तलव खाने अफिसरहरूको निजहरू वहाल छनज्याल निजहरूको वाली तलववाट कट्टा गरी सैनिक द्रव्यकोशमा सैनिक द्रव्यकोशकै रूल दरवंदी वमोजिम अरू पल्टनिया अफिसरहरूको सह्र

गरी वेहोरा जनाइ राखने र खाने गर्नु गराउनु भंन्या यो रिपोट सदर गरी बक्सेपछि लेखिया वमोजि गर्नु भंने कम्यांडरी किताप खाना वाली तलव कंपु तिर्जा अड्डा सदर मुल्कीखाना कौसीतोसाखाना स्मेत जजस्का नाउमा चाहिंछ जो चाहिने वेहोराको समद यस अडावाट गरी पठाई सो वमोजिम गर्नु भनि यो रिपोट स्हीत सैनिक द्रव्य कोशमा पठाई दिने ठहरायुं जो र्मजि हुकुं – – – –

माने. प्र. त्रि. प. क. क. डम्वर सम्शेर थापा क्षत्री सी आइइसीवीइ

सुवा कृष्ण वाहादुर – – –	१
ना. सु. इन्द्रमान – – – –	१
ख. जगंनाथ– – – – – –	१
मु. रत्न प्रसाद – – – – –	१

ईति सम्वत् १९९७ साल कातिक ... गते शुभम् ———— ————

◆

सोधनी

मुल्की अडा ऐन सवाल फांटवाट सैनिक द्रव्यकोशके

पुर्जी

उप्रांत भै आयेका प्रमांगी वमोजिम निकासालाई वुझ्नु पर्ने भै लेखिंछ तसर्थ यो ९७ सालमा पल्टनीया अफिसरहरूको पजनी हुदा कुनै अफिसरहरू निजामती तर्फ सारी वक्सेको हुनाले सो निजामति तर्फ सरेका अफिसरहरूको सैनिक द्रव्यकोशका दरवंदी वमोजिम तलववाट कट्टा गरी भाद्र मैह्ना देषी राषन लाउने गरी प्रमांगी भै आयेकाले सो पजनीमा को को अफिसरहरू निजामति तर्फ सारी वक्सेका हुन सो र निजहरूको गयेका भाद्र मैह्नादेषीको तलव वाट कट्टी गर्दै सैनीक द्रव्यकोशमा रहन आयेका छ छैन भया सोही वेहोराको खुलासा जवाफ र नभया छैन भंन्या लेषी तुरून्त लेखी पठाई दिने कां भया वढी या होला संवत ९७।७।२३।६ शुभम् ——— ———— ———

जवाफ पठाएको

सैनिक द्रव्यकोशवाट

येस्मा सीविलमा सर्ने ज्वानहरूको नाउंनामेसी र भयेको वेहोरा स्मेत तपसील्मा लेषी पठाई दिनेकां भयको छ — — — — — — — — — — — — — — —

तपसिल

सीवीलमा सर्ने देहायका जवानहरूको र यस सैनिक् द्रव्यकोस वापत कट्टी गर्न नपायको मैह्लामैह्लाको रूपैंया कार्तिक मैह्लाको तलवि रपोटवाट र मार्ग देषी दरवंदी वमोजिमको रूपया मैह्ला मैह्लामा कट्टी गरी मुल्कीषाना दाषिल गरी सो जनाउं सैनिक द्रव्यकोशमा पठाई दिनु भंन्या कौसीतोसाषानाका नाउँमा श्री पु. क. ज. साहेवको दस्षत भै गयेको कट्टी दाखिला गरेको जनाउ आयेको छैन — — — — — — — — — — — — — — — — — —

देवीदत्त वृ. क. सीव प्रताप सम्सेर थापा - - - - - -	१
नरसिं ले. क. वाहादुर साहा - - - - - - - - - -	१
गणेश ले. क. इन्द्रवाहादुर वस्न्यात् - - - - - - -	१
देवी ले. क. वलवाहादुर वस्न्यात् - - - - - - - -	१
नरसिं मे. क. ललितवाहादुर राई - - - - - - - -	१
का. व. क. प. चन्द्रवाहादुर पाडे - - - - - - - -	१
राम ले. सुर्ज्येवाहादुर वस्न्यात् - - - - - - - -	१
पु. गो. क. प. गोहविक्रम राणा -- - - - - - - - -	१

वर्द क. प. रणवीर पाडेले कौसीवाट जिम्मावारी ल्याई म्यूनीसपलवाट तलव षाने गरी सीवीलमा सरियेको वुझियेकोले नीजको कट्टी गर्न नपायेको रूपैया कार्तिक मैह्नाको तलववाट र मार्ग देषी दरवंदी वमोजिम रू. १२। का दरले कट्टी गरी मुल्कीषानामा दाषिल गर्नु भंने म्यूनिसपल अड्डाका नाउँमा स्मेत श्री पु. क. ज. साहेवको दस्षत भै गयेको जनाउ आएको छैन – – – –– –

वाली खाने गरी सीवीलमा सर्ने ––– — — — — — —

दोश्रा रैफल क. क. गंगावाहादुर वस्न्यात् – — –– १

भैरू क. क. गंभीरजं थाछे – — — — — १

राज कर्णेल नरवाहादुर वस्न्यात् — — – — १

सेर क. प्रताप जं राणा — — — — — — १

श्री नाथ क. सम्सेर विक्रम — — — — — १

जवर क. डील्लीजं थाछे — — — — — –– १

क. कि दर्ता फाटवाट जनाउ आयेसम्मको नाउं नामेसीको फाट माथी लेषी पठाई दियेको छ अरू भयेनभयेको कितापषाना वुझे थाहा होला नाउ नामेसीको फाट षोली सनद् सवाल गर्दा पछि सर्नेहरूलाई कट्टी गर्न वाधा पर्न हुन जालाकी सो विचार रहने छ –– –– –– –– –– –– - -

ईति सम्वत् १९९७ साल मार्ग ५ गते रोज ४ शुभम् –– –– –– ––

ट्रलीमा आएको माल म्यादभित्र नलगे ड्यामरेज लाग्ने

सैनीक अडिटर अडाका हाकिं कारींदाले पुर्जी हेरी ट्रलिवाट गीरेका माल वुझि सके पछि जुन अडाको हो सो अडालाई जनाउ दीई सो जनाउ पायेका ३ दीन भित्र ट्रलिमा आई माल जिम्मा वुझी लिनु पर्छ सो म्याद भित्र लग्येका माल ८ दिन भित्र राख्नु पर्ने साछी राखी खोलि श्रेस्ता गर्न सो जनाउ पायेका ३ दिन भित्र माल लिन नआये नआउनेलाई र दीन नसके जिन्सी अडालाई ८ दिन भित्र बोलाउन नपठाये जिन्सी अडा भंसार र खोलाउन नदिये माल झिकाउने अडा समेतलाई भंसारवाट लिने गरी आया वमोजिम दिमारेच समेत लिने दीमारेच लागेका ८ दिन भित्र माल नलगेमा र म्याद भित्र नखोलिनेमा जाहेर गरी हुकुम मर्जि वक्स्ये वमोजिम सजाये गर्नु गराउनु भंने यस अडालाई गरी वक्स्येका ९६।४।८।१ का २ छापे सनदको १०९ क मा लेखियाकाले सो लागेको दीमारेच यो अडाले असुल गर्नु भन्ने कीटी लेखियाको नदेखिनाले र कसैले असुल गरी आयाको पनी नहुनाले कीटाई नीकासा पाउ भनी यस अडावाट जाहेर गरेका रीपोटमा सो सनद वमोजिम ३ दिन भित्र माल लिन नआउनेहरूको र म्याद भित्र माल नखोलने खोलाउन नदिने माल लिन जादा नदिने समेतको यो येती अदत येती तौलको येती दिन म्याद नघाई लिन आयेको भंने र लिन जादा नदियेको औ म्याद भित्र माल नखोलने खोलाउन नदिने समेत हरूको मौकैमा रोपन गदी फाट्लाई जनाउ गर्न पुर्जि पठाई दिनु सो दिमारेच लागेका ७ दिन सम्ममा पनी माल लिन नआउनेका हक्मा पनी सो म्याद

नाघनासाथ जाहेर गरी हुकुम मर्जीवाट नीकासा वक्स्ये वमोजिम गर्नालाई पनी सोही नगदी फांट मै पठाई दिनु भंने र सो माल लिन नआउनेहरूलाई लागेको दीमारेच र सो म्याद भित्र पनि लिन नआउदा भयेको सजाये असुल फछ्र्यौंट गर्नालाई र म्याद भित्र माल खोलाउन जादा खोलाउन नदिनेलाई लागेको दीमारेच असुल गर्नालाई जिंसी अडाले र म्याद भित्र माल लिन जादा नदीनेलाई र म्याद भित्र मालखोलने समेतलाई लागेको दीमारेच असुल गर्नालाई पनी अरू माल झिकाउने दिलेभरी लिने अडा अडाले समेत लगत दिने सो लगत दीने ले लगत वमोजिम नी रोपन गर्दा फांट्वाट कितापमा लगत कसी असुल फछ्र्यौंट् गर्ने गराउने गरी नीकासा दिन मुनासिव हुंदा सो वमोजिम गर्नु गराउनु भंने यो तोक सदर गरी वक्स्ये पछि यसका अंगवाट जजसलाई चाहींछ जो चाहीने वेहोराको सनद गराई पठाई लेखीया वमोजिम गर्नु गराउनु भनी तोक सहितको रपोट सिंहदरवार जिंसी अडामा पठाउन नेपाल भारदारी रिपोट् नीक्सारीमा पठाई दिने ठहराई मुल्की अडा अँन सवाल फांटले तोक वोली जाहेर गरेको ९६ साल चैत्र १३ गतेमा खड्ग निसानावाट सदर भै आयाकाले सो वमोजिम देशवाट झिकाई आयाका माल जिन्सी अडाका मतलीमा रहेका व्रान्चले ट्रली वाट गीरनासाथ वुझी ली जुन अडाको हो सो अडालाई जनाउ दिनेछन सो जनाउ पायेका ३ तीं दिन भित्र सो मतलीमा गै माल अदत वुझी लिनु सात दिन भित्र खोल्नु षोलाउनु पर्छ सो म्यादमा माल वुझी नलियेमा र खोल्नु खोलाउने काम नगरेमा समेत रोज १ येकके मं. १ येकको मोहरू ।४ चार पैसाका दरले र १ मं देखि घटीको अदतमा अदतै पिछे सोही मोहरू ।४ चार पैसाका दरले नै ७ सात दिन सम्म दमारेज लगाई लिने सो दिमारेज लागेका ७ सात दिन सम्ममा पनि गर्नु पर्ने काम नगरे जाहेर गरि हुकुम मर्जिबाट नीकासा बक्से वमोजिम गर्नालाई रोप नगदी फांट मा लगत पुर्जी पठाई असुल फछ्र्यौंट गर्ने गरी सो रोप नगदीफाटका नाउँमा समेत सनद भै जाने हुनाले अव उप्रान्त तेस अडाका कांको नीमीत्त कुनै माल आफ्नै अडाबाट वा जिन्सी अडा मार्फतबाट देशबाट झिकाई मतलीमा रहेका सिंहदरवार जिंसी

अडाको व्रान्चमा आई पुग्नासाथ तेस अडालाई जनाउ दिनेछन् । सो जनाउ आयपछि सो लेखियका तोक सदर सनद वमोजिम हुनेछ भन्ने सैनीक अडीटर अडाका नाउँमा सनद गरी वक्सनु पर्ने ठहराई जिन्सी अडाले जाहेर गरेको हामीवाट सदर गरी वक्सेको छ सो वमोजिम गर्ने काम गर इती सम्वत १९९७ साल मार्ग ... गते रोज शुभम् — — — — —

* * *

तहविल मासेमा सम्बन्धित अड्डाले कैद तोक्ने

सैनिक द्रव्य कोष अडिटर अड्डाका हाकिम कारिन्दाले पूर्जी हेरी जुन अड्डाको वाँकी वाला हो सोही अड्डाले अैन सवाल वमोजिम जति दरले जति कैद म्याद ठेक्नु पर्छ ठेक्ने र कैदी थुनुवा जिम्मा लिने अड्डाले पनि सोही पूर्जी वमोजिम कैद म्याद ठेकी अैन सवाल वमोजिम गर्नु भंन्या सवै जिल्लालाई सनद गरी दिने गरी जाहेर गरेकोमा वुझ्दा सर्कारीया मालपोत वांकीमा कैद म्याद ठेकी जनाउ दिनु भंन्या भैरवहादुर पुर्नसिलाई अदालतमा पठायाको आजसम्म कैद म्याद नठेकी तेसै थुनामा राखेको उदैपुरमालका जाहेरीबाट र मालले दिएको पूर्जीबाट यो दरले कैद ठेक्नु भंन्या नलेखिएको दण्ड सजायका '५१ नं' ले सर्कारीया विगो भए रू. १८ का दरले र तहविल मासी खायाको भया मैह्ना १ को रू. ९ का दरले कैद ठेक्नु पर्ने तहविल मासी खायाको र सर्कारीया विगो समेत केही कैद म्याद ठेक्न वाधा अडकाउ नहुन्या गरी खुलाई पठाई कैद ठेक्न दिनु भंन्या उदैपुर मालका नाउमा तोक प्रभागीं गरी पाउं भंन्या उदैपुर अदालतवाट जाहेर गरेको डण्ड सजायका ५१ नंका विगो दण्ड जरीवाना दसौद वीसौद वक्सौनी समेत इत्यादिमा कैद गर्नु पर्दा देवानी मुद्दाको भया मैह्ना १ को १८ का दरले र फौज्दारी मुद्दाको भया मैह्नाको १२ रूपैयांका दरले कैद ठेक्नु सर्कारीया तहबिल मासेको विगोमा कैद हुने भएमा भने सो विगोमा सम्म महिनाका ९ रूपैयाका दरले कैद हुन्छ भंन्या लेखिएको मध्येस मालको सवाल को २० दफा वाँकी नतिर्नेको १ नं दण्ड सजायका ५१ नं मा जुन अड्डाको

वाँकी वाला हो उसै अड्डाले यो दरले यति कैद ठेकी दिनु भंन्या चलानी पूर्जीमा खोली पठाउनु भंन्या नलेखिएकोबाट उदैपुर माल अदालतको हांनथाप भै रहेको देखिनाले हानथाप नहुन्या गरी वन्दोवस्त मिलाइ दिन मुनासिव देखिनाले जाहेर गरेका छौं अव उप्रान्त कैद म्याद ठेक्न पठाउंदा जुन अडावाट कैद म्याद ठेकन पठायाको छ सो अडाले यो अैनसवाल वमोजिम मैह्नाको यो दरले यति कैद ठेकी दिनु भंन्या चलानी पुर्जी मै खोली पठाई दिने गर्नु कैद थुनुवा वुझी लिने अड्डाले पनि भै आयाका चलानी पुर्जी र अैनसवाल वमोजिम कैद म्याद ठेकी दिनु भनी नेपाल मध्यस पाहाड सवै अडालाई जो चाहिन्या व्यहोराको सनद यसै अडाबाट गरी पठाइ यो तोक सहितको रिपोट मध्यस रिपोट निक्सारी पछिम फाँटमा पठाई दिने ठहरायूं जो मर्जी हुकुम भनी मुलुकी अडा अैन सवाल फाटवाट तोक वोली जाहेर गरेकोमा ९७ साल मार्ग २४ गते रोज २ मा २ छापे तोक सदर गरी वक्सेकोले सो वमोजिम गर्नु भनी सैनिक द्रव्य कोष अड्डाका नाउंमा सनद गरी वक्सनु पर्ने ठहराई मुल्की अडा अैन सवाल फाटवाट जाहेर गरेको हामीवाट पनी सदर गरी वक्सेको छ सो वमोजिम गर्ने काम गर । इति सम्वत १९९७ साल फागुण १९ गते रोज १ शुभम् -- -- -- -- -- -- -- -- -- -

त्रिखण्डी तलब पाउने

सैनिक द्रव्य कोस का हाकिम कारीन्दाले पुर्जि हेरी यस सैनिक द्रव्य कोस वारे काम गर्ने सवालको २० दफामा यो सैनिक द्रव्य कोसमा रहेको दाम वाहाल नटुटी कुनै अवस्थामा पनि झिक्न नपाउने गरी वक्सेको हुनाले माथि दफामा लेखिय वमोजिम वाहाल टुटी सकेपछि वाहाल टुटेको कम्यांडरी किताव खाना दर्ता फांटको जनाउ आइ सकेपछि सो दाम लिन आयमा सरज्मी वुझ्नु पर्ने वाहेक अरूमा लिन आयका मितिले १५ दिन भित्र ३ नम्वर को लेजर वुक फाराम वमोजिम को दाम सोही लेजर वुक फाराममा खर्च लेखि दि अरू फाराम समेत मा खर्च लेखी श्रेस्ता मिलाउने गरी वक्सेको छ भन्ने लेखियको र यो साल मुष्यता गरी थमौती मा तपसिलका जवानहरूले षाई आयका षांगीको त्रिखंडी मात्र षानपाउने गरी थमौती भएको हुनाले सो जवान हरूको सैनिक द्रव्य कोसमा राषने दामलाई श्री ३ माहाराज वुवाज्यू का हजुर्मा जाहेर हुंदा राषन मंजुर हुनेको यो साल देखि को पनी राषीदिनु राषन मंजुर नहुने झीकछु भन्येहरूलाई झिकन पनि दिनु भन्या हुकुम वक्सेको हुनाले हुकुम वक्सेवमोजिम गर्ने काम गर भनी श्री प. क. ज साहेवको ९७।४।२०।१ का दस्षत भै आयको हुनाले तपसिलको जवान हरूले रूपैयाँ राखन मन्जुरी नगरी यस सैनिक द्रव्य कोसमा राखेको दाम फिर्ता लगी सकेको हुनाले हुकुंका प्रमागींवमोजिम फिर्ता लगेको सदर गरी वक्सनु पर्ने ठहरायूं जो र्मजिहुकुम भनी सैनिक द्रव्य कोसका हाकिम कारिन्दाले विन्ती पार्दा जाहेर भयो तसर्थ सो

ठहरायको हामीवाट सदर गरी वक्सेको छ सो वमोजिम गर्ने काम गर ।

तपसिल

रंफल क. विस्नु विक्रम राणा -- -- -- -- -- -- ---	१
भ. प्र. मे क. तेज विक्रम राणा - — — — — — ---	१
सम्सेर ल. सान्त नरर्सिं राणा - — — — — — ---	१
नरर्सिंदल ले क टेक नरर्सिं राणा- -- — -- -- -- ----	१
सेर क. प भक्त विक्रम ध्वज राणा -- -- -- -- -- ---	१
वर्द यकदोर राय विक्रम राणा -- -- — -- -- ---	१

इति सम्वत १९९७ साल फागुण २४ गते रोज ६ शुभम् -- — ——

◆

पब्लिक वर्क रकमबाट फेरि एकलाख सापटी

सैनीक द्रव्यकोसका हाकिम कारिन्दाले पुर्जी हेरी सैनीक द्रव्यकोसमा ज्मा हुन आयको दाम वाट सोधभर्ना गर्ने गरी सो फंडको फायदा हुने काममा लगानी गर्नालाई ९६ साल भाद्र ८ गते ५ का षड्ग निसाना सनद वमोजिम नोट रू. १००००० यक लाष सापटी आयको सोधभर्ना गर्ने निकासा भैसकेको छ सैनीक द्रव्यकोसमा ज्मा गर्ना निमित्त कट्टा भै आयको दामलाई सवालले मैह्ला मैह्लामाज्मा हुन आयको दाम अर्को मैह्लाको १५ गतेसम्म मा लगानी गर्नु पर्ने मैह्ला मैह्लामा लगानी गर्ने गर्न भंन्दा ५।७ मैह्लाको यकैचोटी लगानी गर्नामा राम्रो भै हरहिसावलाई स्मेत सजिलो पर्ने जाहेर हुँदा सैनीक द्रव्यकोसको ज्मा भयपछि सोधभर्ना गर्ने गरी नोट रू १००००० यक लाष पटक गरी निकासा वक्सी आयाको वेहोरा स्मेत जाहेर भयो अवलाई पनि सो वमोजिम सैनीक द्रव्यकोसमा ज्मा गर्ना निमित्त पल्टनिया जवानको कटी भै आयको दामवाट श्वधभर्ना गर्ने गरी सो दामको फायदा हुने काम मा लगानी गर्नालाई फेरीपवलीक वर्क रकंवाट नोट रू १००००० यकलाष सापटी लिने् दिने गरी निकासा वक्सेको छ लेषिय वमोजिम नोट रू १००००० यकलाख पवलीक वर्क रकंवाट सापटी षर्च लेषी सैनीक द्रव्यकोस तर्फको श्रेस्तामा सापटी आम्दानी वाधी सैनीक द्रव्यकोसका हाकिं जिम्मावारी षर्च दि पल्टंनिया जवानको सैनीक द्रव्यकोसमा ज्मा गर्ना निमित्त कट्टा भै आयको रूपैयावाट सो रूपैया भुक्तान नहुंज्याल सम्म श्री नानी सुप्रदिप्त मानेवर नेपाल तारा सुविख्यात त्रिसक्तिपट्ट

सुप्रसिद्ध प्रवल गोर्षा दक्षिण वाहु पुर्व तर्फका कम्यांदिङ जनरल वबरसम्सेर जंगवाहादुर राणा जीवीई केसीयस आई केसीआई ई आनरेरी कर्णेल वृटिस आर्मी नेपाल प्रताप वर्धकका दस्षत वमोजिम सोधभर्ना मिलाउन्ये काम गर भन्ये सदर मुल्कीषानाका नाउँमा ९७।१२।७।५ मा षड्गनिसाना सनद गरी वक्सैको हुनाले तेस अड्डावाट पनि सो वमोजिम गर्ने काम गर ईति सम्वत् १९९७ साल चैत्र १२ गते रोज ३ शुभम् — — — — —

खान नपाउने रकम सर्वरकममा जम्मा गर्ने

सैनीक द्रव्यकोशका हाकिम कारिन्दाले पुर्जी हेरी यस अड्डाका कामलाई भयाका ९१।६।१७।४ का सवालको देहायका १९ दफामा यो सैनिक द्रव्य कोशमा दाम राषने जागीरदारहरूको सैनीक द्रव्यकोस कट्टी लेषी फारां चली सकेपछि सो मैह्लाको तलव नपाउने गरी खोसी खाली भयमा सो खान नपाउने तलववाट कट्टी भयेको सैनिक द्रव्यकोशको दाम जागीरदारले तलव नपाउने भयाकोले सो दाम पनि नपाउने हुनाले तेसतो पर्न गयेमा तेस्को जनाउ क. कि. दर्ता फाटवाट सैनीक द्रव्यकोसमा आयपछि खान नपाउने तलववाट कट्टी भयको दाम मुल्कीखानाका सर्व रकंमा दाषील गरी दिनु भन्या लेषीयेको र तपसिल्का जवानहरूको मैह्ला मैह्लाको तलववाट येस सैनिक द्रव्यकोश वापत कट्टी लेषी फारां चली सकेपछि क. कि. दर्ता फाटका जनाउले खान नपाउने तलववाट कट्टी भयाको देषीयको हुनाले सोही सवाल वमोजिम रूपैया मुल्कीखाना सर्व रकंमा दाषील गरेको सैनीक द्रव्यकोश अडिटरवाट श्रेस्ता जाचदा तपसीलका वेहोरामै वढी दाषिल भयको थप आम्दानी वाधीने गरी श्री पु. क. ज. साहेवको फारषको दस्षतमै आयको ९७।९।२३ मा दाषिल भयकोले भुल पारी दाषिल गर्ने फाटवालालाई मोरू ।८ आठ पैसा यसै अड्डावाट जरिवाना गरिसकेको हुदा तपसिलका वेहोरा मै तपसिल वमोजिम दोहरा परेको मोरू १२।५० वाह्र रूपैया पचास पैसा सैनीक द्रव्यकोश रकंमा राषना निमित्त सैनीक द्रव्यकोशका हाकिम जिम्मा जिम्मावारी षर्च लेषीदिनु भंने गरी पाउं भनि सैनीक द्रव्यकोश

का हाकिं कारिन्दाले हाम्रा हर्जुमा विन्तिपार्दा जाहेर भयो तसर्थ लेषीयेका सवाल वमोजिम मुल्कीखानाका सर्व रकंमा दाषील गर्दा तपसिलका वेहोरामै वढी दाषील भयको तपसिल वमोजिमको मोरू १२।५० वाह्र रूपैया पचास पैसा सैनीक द्रव्यकोशमा भर्ना राषना निमित्त सैनीक द्रव्यकोशका हाकिम् जिम्मा जिम्मावारी खर्च लेषी दिने कांगर भनि कौसितोसाषानाका नाउँमा ९७ साल चैत्र ८ गते सनद भै गयेको हुनाले तेस अड्डाले पनि सोही वमोजिम कांगर–

तपसिल

मैना ७।५५ सि नषुवाहादुरको कार्तिक मैह्नाको ९७।२।२७ मा र ९७।३।२९।६ मा दाषील भै दोहरा परि षंडि दाषिल भयाको मोहरू दुइ रूपैया – – –– २।

खाली भयेका मैह्नाको तलव नपाउने भंने क कि. दर्ताफाटका जनाउ वमोजिम खान नपाउने तलववाट कट्टी भयेको रूपया मुल्कीखाना दाषील गर्न लगतमा लेषी सकेपछि जागीरदारले कार्तिक मैह्नाको तलव पेस्की खाई सकेको छ भनेफोले जंगीवाली तलव अड्डा बुझ्दा पेस्की खायेको छ भनी जवाफ दियेको हुनाले पेस्की खायेको सदर गर्ने ९२।१।१९।४ मा भयेका तोक सदर वमोजिम जागीरदारले कार्तिकसम्म फिर्ता लगेफोले खान नपाउने तलववाट कट्टी भयेको भनी मुल्कीखाना दाषील गरेको वढी दाषील भयको मोरू ––––––– ६।५०

सुर्ज्ये ५।५५ सि नरवाहादुर थापा छेत्रीको कार्तिक मैह्नाको भनी ९७।१।२४।२ मा सदर मुल्कीखाना दाषील भयेको मोरू – – – – – – – – – – – – – –२।

राज १।४ ह सेरवाहादुर खत्रीको ऐ ऐ को यती ९६।१२।३० मा सदर मुल्कीखाना दाषील भयेको मोरू – – – – – – – – – – – – – – – – – – २।५०

श्री नाथ ८।१४ सि पदंवाहादुर खत्रीको ऐ ऐ को भनी ऐ ऐ दाषील मोरू–२।

कट्टी नभयेको मैह्नाको खान नपाउने तलववाट कट्टी भयेको भनी भुलवाट मुल्कीखानामा ९६।१२।३० मा दाखील भयको मोरू – – – – – – – – –– ४।

राज ३।७ सि दुर्दासिं कंवरको माघ मैह्नाको मोरू – – – – – – – – – – २।

फाप्र ८।३० सि तुलमान घलेको फागुण मैह्नाको – – – – – – – – – – –– २।

ईति सम्वत् १९९७ साल चैत्र १९ गते रोज २ शुभम् – – – – – – – – – –

फिर्ता खर्च लेख्ने

सैनिक द्रव्यकोषका हाकिम कारिन्दाले पुर्जिहेरी तपसिल्का पल्टन कट्टीका ज्वानहरूको खाननपाउने तलव वाट कट्टी भयको भनी सदर मुल्की खाना सर्व रकममा दाखिल भयको तपसिलमा लेर्षिये वमोजिम जागिरदारले खाननपाउने भै फिर्ता खर्च लेखि दिनु पर्ने र सैनिक द्रव्य कोश रकंमा दाखिल गर्नुपर्ने मोरू ६।– छ रूपैया सैनिक द्रव्य कोशका हाकिम जिम्मा जिम्मावारी खर्चलेखि दिनु भन्ने कौसी तोषाखानाका नाउमा यो सनद सदर गरी वक्सनु पर्ने ठहरायूं जो मर्जि हुकुम भनी सैनिक द्रव्य कोसका हाकिम कारिंदाले जाहेर गरेको जाहेर भयो तसर्थ सो ठहराई जाहेर गरेको हामिवाट सदर गरी वक्सेको छ सो वमोजिम गर्ने काम गर भन्ने कौसी तोसा खानाका नाउमा ९८ साल वैसाष १६ गते रोज २ मा सनद भै गयकोले तेस अड्डाले पनि सोही वमोजिम गर्ने काम गर ।

तपसिल

रैफल ५।८ प्यु. जगत वहादुर गुरूं पु ३ नं. वषलढुंगा माझकिरातको कार्तिक मैह्नासम्मको यस सैनिक द्रव्य कोश वापत कट्टी भै दसै पेस्की तलवी फाराम चली सकेपछि खाली भयका मैन्हाको तलव खान पाउने गरी आस्वीन ५ गते अनफिट खाली भनि ९७।६।११।५ मा क. कि. दर्ता फांट वाट जनाउ दियको हुनाले कार्तिक मैन्हाको पेस्की तलवी फाराममा कट्टी भयको मोहरू २।– खान नपाउने भएकोले सवाल वमोजिम ९७।७।१२।२ मा सदर मुल्की खाना सर्व

रकम मा दाखिल भै सकेपछि मार्ग मैन्हाको तलवि फाराममा खडागरी चली आयकोले खाननपाउने कार्तिकको पेस्की तलव कुं मितिमा मुल्की खाना दाखिल भयको भनो जंगी वाली तलव जाच अड्डा वुझ्दा आफनै पट्टी नम्वरमा कार्तिकको तलव पाउने गरी कार्तिक ९ गते थामियो भनि क. कि. दर्ता फाटका कार्तिक २१ गते ४ का जनाउ वमोजिम जागीरदार हस्ते ९२ साल मार्ग ४ मा खर्च भै गयको देखिन्छ भनि पिठज्वाफ दियाको कार्तिकको तलव पाउने गरी थामियकोले कार्तिको तलव १७ नं वाट खुवाउने गरी फाराम चलायको भये १७ नं फाराम वाटै सो मैन्हाको मोहरू २।– यस अड्डा वाट कट्टी गर्न पाउनेमा १७ नं फाराम चली तलबी फाराममानै कार्तिकको तलव खर्च लेखि खुवायको पिठ जवाफ वाट देखिन आयकोले यस अड्डा वाट खान नपाउने तलव वाट कट्टा भयको भनी ९७।७।१२।२ मा मुल्की खाना दाखिल भयको मोहरू २।– वदर भै यस अड्डाको कार्तिक मैह्नाको कट्टी मोरू २।– घटी हुन आयको पछिका मैह्नाको फाराममा खपटचाई कट्टी भै सकेको हुनाले दोहरा कट्टी हुन गयको हुंदा निज जागिरदार हस्ते ४ नं. का फाराममा फिर्ता खर्च लेखि दिने मोरू. – – – – – – – – – – – – – २।–

देविदत्त ४।४७ सि लाल वहादुर खत्र् ललितपुर ई. सैबु नषुडोल पप्र ८।५१ सी वाट ९७ साल आषाढ सम्मको तलवी फाराम चली सकेपछि जेष्ट २१ गतेको मिति कायम गरी सो देविदत्त ४।४७ सी मा भर्ना भयकोले आषाडको तलव ३६ नं. को फारा चलाई देविदत्त वाट खुवाउनु पर्ने प्र. प्र. ८।५१ सि वाट खायको खान नपाउने भयको हुनाले सो आषाड मैह्नाको खान नपाउने प्र. प्र. ८।५१ सि को तलव वाट यस सैनिक द्रव्य कोश वापत कट्टी भयको मो रू. २।- सवाल्ले सदर नहुने भयकोले मुल्की खाना दाखिल गर्ने गरी सो आषाडको मोहरू २।– समेत खपटचाई मो रू. ४।– देखि ४।४७ सि वाट श्रावण मैह्नाको तलवी फाराममा कट्टा गरी प. प्र. ८।५१ सि वाट आषाड को तलवमा कट्टी भयको मो रू. २।– सवाल वमोजिम सदर मुल्की खाना सर्व रकमा ९७।५।७।५ मा दाखिल भै सकेपछि श्री ३ महाराज बुवाज्यू वाट हुकुं वक्से मुताविक

कम्याण्डरी किताव खाना जंगी वाली तलव लाई दस्षत गरी वक्सेको हुनाले तेस अड्डा वाट षनि सरूवा वढुवा ज्वांको १ नं फाराम वाट कट्टी भयको मुलकी खाना दाखिल गरी ३६ नं चली आयपछि दरवन्दी वमोजिम कट्टी गर्ने गरी आयकोमा सो वमोजिम दाषिल गर्नु पर्दैन अघि तलव खायको सदर गरी थपको मात्र खुवाउने गरी ३६ नं. चली आयकोमा सैनिक द्रव्य कोसमा जम्मा भयको सदर गरी दर्जा घटी वडी कट्टी गर्नु पर्ने सम्म ३६ नं. वाट कट्टी गरी लिने गरी वक्सेको छ सो वमोजिम गर्नु भन्ने श्री प. क. ज. साहेव वाट ९७ साल पौष ५ गते ५ मा यस अड्डाका नाउमा दस्षत गरी वक्सेको हुनाले कुं किसिमसंग ३६ नं. फाराम चली आयको छ भनी जंगी वाली तलव जाँच वुझ्दा प्र. प्र ८।५१ सि वाट जेष्टको मिति कायम गरी देवी ४।४७ सो सरुवा भयकोमा आषाडको तलव प. प्र. वाट आयको र ३६ नं. फाराम देविदत्तवाट खाली चली आयको देखिन्छ भनी पीठज्वाफ दियकोवाट प. प्र. ८।५१ सि वाट खायको आषाडको तलव सदरै गरी ३६ नं. फाराम चलेको देखिन आयकोले देवी ४।४७ सि को प्र. प्र. ८।५१ सि वाट कट्टी भयाको आषाड मैह्लाको मोरू २।– सदर हुने भै श्रावण मैह्लामा दोहरा कट्टी भयाको निज जागिरदार देवी ४।४७ सि. लाल वहादुर खत्री हिन्दुस्थानमा भयाकोले निजका ईच्छावाला हस्ते ४ नं. फाराममा फिर्ता खर्च लेखि दिने मो रू. —— — — —२।– का. प्र. ३।२८ सि. मान वहादुरको ९७ साल जेष्ट मैह्लाको तलवी फाराममा यस सैनिक द्रव्य कोश वापत मोरू. २।– कट्टि गरी फाराम चली सकेपछि क. कि. दर्ता फांटका जनाउले ९७ साल जेष्ट मैह्लाको तलब खान नपाउने देखियाकोले खान नपाउने तलववाट कट्टी भयाको मुल्की खाना सर्व रकममा दाखिल गर्दा ९७।३।२९ मा रू. ९७।७।२२ मा दाखिल भै दोहरा भयको सैनिक द्रव्य कोश रकममा भर्ना गर्न मोहरू — — — — -- -- -- -- --२।

ईति सम्वत १९९८ साल वैसाख २१ गते रोज ३ शुभम् ।

सर्व रकमको मौजदात बाट सापटी लिने

सैनिक द्रव्य कोशका हाकिम कारिन्दाले पुर्जिहेरी सैनिक द्रव्य कोशमा ज्मा भयाको रूपैया फायदा हुने काममा लागि रहेकोले पज्नीमा खाली भयका पल्टनिया ज्वानको द्रव्य कोशमा जमा भएको रूपैया हालै फिर्ता दिनालाई सैनिक द्रव्य कोशको मौज्दात बाट नपुगने भयको व्यहोरा जाहेर हुदा मो रू. ६०००० साट्ठी हजार रूपैया सर्व रकम को मौज्दात बाट सापटी खर्च लेखी सैनिक द्रव्य कोश रकममा आम्दानी वांधी चांहिने जति दो पटक गरी सैनिक द्रव्य कोशका हाकिम जिम्मा जिम्मावारी खर्च लेखि दि सैनिक द्रव्य कोशको मौज्दात ज्मा भयपछि श्री नानी सुप्रदिप्त मान्यवर नेपालतारा सुविख्यात त्रिशक्तिपट्ट सुप्रसिद्ध प्रवल गोर्खा दक्षिण वाहु पूर्व तर्फका कम्यांडिङ्ग जनरल ववर शम्शेर जङ्ग वहादुर राणा जि. वि. ई. केसि यस आई केसि आईइ आनरेरि कर्णेल वृटिस आर्मि नेपाल प्रताप वर्द्धकका दस्तखत वमोजिम सोधभर्ना गराउनु भन्या हामि श्री ३ महाराज वाट हुकुं वक्से मुताविक ९८ साल वैसाख २७ गते रोज ३ मा १ छापे भै गयको सदर गरी वक्सेको छ सो वमोजिम गर्ने काम गर भन्ने सदर मुल्की खानाका नाउमा ९८ साल जेष्ट १३ गते रोज २ मा खड्ग निसाना भै गयकोले तेस अड्डाले पनि सोही वमोजिम गर ईति सम्वत १९९८ साल जेष्ट... गते रोज शुभम् — -- -- -- -- -- -- --

उज्रातीको फच्चावारी लेख्ने

सैनिक द्रवे कोष अडीटरका हाकिम फारिन्दाले पुर्जी हेरी अडा जाचवाट अड्डा अड्डाको तहविल जाँचदा उज्राती रहेकोमा कुनै अड्डाको श्रेस्तावाट नदेखिने कुनै अडाले उज्राती यती भनी लेखेतापनि यो आडर पुर्जीले यो काममा खर्च भएको भन्ने कचा नलेखिये कुनै अडाले भने मितिमै र कुनै अडाले साविक मैन्हावाट जिम्मावारी आउँदा र पछिला मैन्हामा जिम्मावारी सार्दा फचावारी लेखने भै अडा अडाको रूल चलन नमिलेकोले तेसतो उज्राती मिति मितिको आम्दानी खर्च वाकीमा खुद वाँकी यती उज्राती बाँकी भन्नेर आखिर मितिमा उज्रातीको फचा समेत लेखि श्रेस्ता गर्नु भन्या सनद गरी बक्से श्रेस्ता वोर हुन पाउने थिएन भनी अडा जाँचले जाहेर गरेवाट जाहेर भयो सो लेखिया वमोजिम खुलाई श्रेस्ता दाखिल गर्नु भंन्ये अडा अडाका नाउँमा सनद गरी दिने काम गर भंन्या ९७ साल चैत्र २२ गते यस अड्डाका नाउँमा भयको १ छापे ९८ साल वैशाख २ गते यस अड्डामा दाखिल। भयकोमा श्रेस्ता जाचने कुमारी चोक नेपाल पाहाड मध्येस फांट फांटहरू बुझीदा ९८ साल जेष्ठ वेमितिमा नेपाल दोश्रा मध्येस पैह्ला समेतले जवाफ बिएको हुनाले निकासालाई रीत अंग पुगी निकासा तर्फ बिचार गर्दा सबै अडाको योटै रूलवाट श्रेस्ता नभएको र जाँच गर्ने अडावाट जाहेर भै यौटै रूल मिलाई श्रेस्ता गर्नालाई सनद गरी दिनु भंन्या आडर भै आएको र सर्कारी रूपैया सर्कारी काममा सनद आडर वमोजिम खर्च भएको श्रेस्तामा खर्च लेखन रीत नपुगेतापनि श्रेस्तामा उज्राती जनाई

राख्न मुनासिवै हुनाले सो वमोजिम सदर मोफसलका जम्मै अडाखानाका नाउमा सनद गरी दिनु पर्छ की भंनालाई बुझी आएको कुमारी चोक फाँट फाँटका जवाफबाट उज्राती रहेको जती स्याहा फारामको मिति मितिको वाँकीमा खुद वाँकी येती उज्राती येती यो रीत पुगे पछि खर्च लेखिने भंन्ये समेत मध्येस पाहाडका आम्दानी खर्चको श्रेस्ता गर्ने अडाहरूले श्रेस्ता दाखिल गरी आयेको र सदरका अड्डामा गुठी तहसिलले उज्राती लेखेको म्यूनीसीपलले पनि उज्राती लेखेको विजुली अड्डा जुद्ध वारूण यन्त्रले उज्राती नलेखेको ईस्कुल गोश्वाराले साल तमाममा मात्र उज्रातीको मुल अंक लेखेको समेत देखिएकाले जिल्ला अड्डाहरूका नाउंमा सनद गरी रहन नपरी वेग्लावेग्लै किसिमवाट काम भैं आएको सदरका अड्डाका हकमा सम्म भै आयका आडर वमोजिम सनद गरी दिए पुग्ने हुंदा जाहेर गरेका छौं निकासाका हकमा मासतमाम सालतमाम काम तमाम गरी दाखिल हुने मिसिल वांकी श्रेस्ता फाराम स्याहाहरूमा खर्च लेखन रीत पुगी नसकेको रूपैयां भने सनद आडर बमोजिम खर्च भै सकेको पछि रीतपुगी खर्च लेखिने रूपैयां मिति मितिको मौज्दात वांकीमा खुद वांकी येती उज्राती यति भन्ने समेत र सुरू मिति र आखिर मितिमा उज्रातीको कचा वारी समेत लेखि श्रेस्ता दाखिल गर्नु गराउनु भंन्या यो रिपोट सदर गरी वक्से पछि सदरको आम्दानी खर्च गर्ने विजुली अड्डा समेत अड्डा अड्डाका नाउंमा र वही वुझ्ने कुमारी चोकका नाउंमा समेत सनद गरी पठाई अडा जांच लाई समेत सोही वेहोराको जनाउ पठाई दिने ठहरायूं जो मर्जी हुकुम भनि यस अड्डावाट रिपोट जाहेर गरेकोमा ९८ साल ज्येष्ठ २२ गते ४ मा खड्ग निसानावाट सदर गरी वक्स्येको हुनाले सो वमोजिम गर्नु भंन्या सैनिक द्रव्य कोस अडिटरका नाउंमा सनद गरी वक्सनु पर्ने ठहरायूं जो मर्जी हुकुम भनी मुल्की अड्डा अैन सवाल फांटका हाकिम कारिन्दाले हाम्रा हजुरमा विन्ती पार्दा जाहेर भयो तसर्थ सो ठहरायाकोमा हामीवाट पनि सदर गरी बक्सेको छ सो वमोजिम गर्ने काम गर इति सम्वत १९९८ साल आषाढ ११ गते रोज ३ शुभम- - -

◆

ईच्छाई पाउनेको सनाखत गर्ने

मुल्की अड्डा अँसवाल फांटवाट जाहेर गरेको रपोट -- -- --

उप्रान्त सैनिक द्रव्यकोसमा जम्मा भएको दाम फिर्ता पाउनेहरूले जिल्लावाटै फिर्ता पाउं भंन्या दर्षास्त विंतिपत्र पठायेमा जु ईलाका माल्वाट दिलाउनु पर्छ सो मालको आम्दानी मध्ये भनी सदर मुल्कीषानामा दाषील गरी सो फाराम ईलाका मालमा पठाई दिने फाराम दाषील भयपछि ईलाकामालबाट फिर्ता पाउने मानिसलाई षवर दी सो मानिस चिह्न्ते १।२ जना साछी राषी पासवुकमा लेषायेको हुलिया स्हीछाप भीडाई हेरी मिले मानिसको पाउने सैनिक द्रव्वकोसले सवर मुल्कीषानामा दाषील गरे वमोजिमको रूपैया मालको आम्दानी मध्येवाट दिने स्मेत वेहोराको इलाका माल तहसिल अड्डाहरूका नाउमा सनद भै गै सो बमोजिम काम भै चली आयकोमा हाल पास वुकदाषील गर्न नसकेकोले हुलीया स्हीछाप स्मेत भिडाउन नपाई रूपैया फिर्ता दिन वाधा पऱ्यो भनी श्री ३ सर्कार तर्फ पोषरा तहसीलले सैनिक द्रव्यकोषलाई लेषी पठायेको वेहोरा जाहेर भयो पासबुक लगीनसकेको र लगी सकेकोमा पनि पास वुक हराई वा कुनै दैवी परी दाषील हुन नसकेको औ पासवुक दाषील भयपनि जागीरदार वा ईछयाई राषेको मानिस स्मेत मरी अरू हकवालाहरूले फिर्ता पाउने भयको इक्षाई पाउने मानिसले नै फिर्ता पाउनेमा पनि सो इक्षाईवालापाउने भयको इक्षाई पाउने मानिसले नै फिर्ता पाउनेमा पनि सो इक्षाईवाला-

वाट फिर्ता दिनु पर्ने रूपैया फिर्ता नरोकी राषन मनासीव नपर्ने भै त्यस्तो परी आयमा सैनिक द्रवेकोसवाट सनाषत् गर्ने साछी वुझी जमानीली रूपैया फिर्ता दिने र पासवुक हरायो भनी दर्षास्तदीयमा मोहरू ।२५ पचीसपैसा जरिवाना गरीली सो जरिवाना वापत आयेको रूपैया सैनीक द्रवेकोसको श्रेस्तामा आम्दानी वंधी अर्को पासवुक गरी दिने सवाल भयकोले सो वमोजिम लगीसकेकोपासवुक फिर्ता दाषील गर्न नसकने लाई मोहरू । २५ पच्चिस पैसा जरिवाना गर्ने गरी आयेकाले ईलाका माल तहविलहरूवाट फिर्ता जानेमा पनि पासवुक दाषील हुन सकेन वाहुलीमा स्हीछाप भिडाउन पायेन भनी दिनु पर्ने रूपैया फिर्ता नदि रोकी राषनु पर्ने गर्नालाई जो चाहिने वन्दोवस्त मिलाई जजस्कानाउमा चाहिंछ जो चाहिने वेहोराको सनद निकासा गराई पठाई दिने कां गर भने वेहोराको ९८ साल भाद्र १३ गते ५ मा श्री सुप्रदिप्त मान्येवर नेपालतारा सुविष्यात त्रिसक्तिपट्टसुप्रसिद्ध प्रवलगोर्खा दक्षिणवाहु पुर्व तर्फका कम्यांडिङ ववरसम्सेर जंगवाहादुर राणा जीवीइ केसीयस आइ केसी आइ इ आनरेरी कर्णेल वृटिस आर्मी नेपाल प्रताप वर्धकवाट दस्षत भैआयेको हुनाले सो वमोजिम सवालसनद गर्नालाई अव के वन्दोवस्त गर्न मुनासिव पर्छ भनी विचार गर्दा इलाकामालवाट फिर्ता जानेमा पासवुक दाषील गर्न नसके १।२ ज्वां साछी वुझी हार्किले पत्यायेको मानिस जमानीली फिर्ता दिने दिलाउने र सोपासवुक दाषील गर्न नसकेवापत ।२५ पचीसपैसा जरिवाना स्मेत गर्ने गरी निकासा दिन मुनासिव हुंदा जाहेर गरेका छौं निकासाका हकमा सैनीक द्रव्येकोशको जनाउ वमोजिम फिर्ता दिने दिलाउने र पासवुक लगीसकेकोमा पासवुक हराई वा कुनै दैवी परी दाषील हुन नसकेको औ पाषवुक दाखील भएपनी जागीरदार वा ईछ्याई राषेको मानिस समेत मरी अरू हकबालाहरूले फिर्ता पाउने भयेको र इछ्याई पाउने मानिसलेनै फिर्ता पाउनेमा पनि सो ईछ्याईवालाको हुलिया र औठाको स्हीछाप पासवुकमा भैनसकेको स्मेत ईत्यादी कुनै कारणबाट हुलिया र औंठाको स्हीछाप स्मेत भिडाउन नपायेमा स्मेत १।२ जना साछी वुझी हार्किलेपत्यायेको मानिस जमानी ली सवालसनदको रितपु-

न्याई फिर्तादिने दिलाउने गरी वक्सेको छ लेषीये वमोजिम पासवुक लगिसकेको दाषील गर्न नसकेमा सो दाषील गर्न नसकेवापत मोरू ।२५ पचिस पैसा जरिवाना गरी सो जरिवाना भयेको नगदी रू ।२५ पचीसपैसा नगद वा टिकट षरिद गरी सैनीक द्रव्यकोसमै चलां गरी पठाई दिने स्मेत गरी वक्सेको छ सो वमोजिं गर्नु गराउनु भंन्या यो रपोट सदर गरी वक्सेपछि पाहाड जिल्लाका गैह्रमाल तहसिलहरूका नाउँमा जो चाहिने वेहोराको सनद गरी पठाई लेखाये वमोजिम गर्नु गराउनु भनि सैनीक द्रव्यकोसमा पठाई दिने ठहरायुं जो मर्जि हुकुं – –

मा. ने. ता. प्र. त्रीप. क. क. डम्वर सम्सेर थापा छेत्री

सी आइइ. सी. वीई – – – – – –	१
सुव्वा कृष्णवाहादुर – – – – – – –	१
ना. सु. इन्द्रमानसि – – – – – – –	१
ष. डिल्लीवाहादुर – – – – – – –	१
मु. रत्न प्रसाद – – – – – – – –	१

ईति सम्वत् १९९८ साल आश्विन ...गते रोज... शुभम् – – – – –

मुलुकीखाना दाखिल गर्नु नपर्ने

सैंनिक द्रव्यकोसका हाकिम कारिन्दाले पुर्जि हेरी नरसिं ३।३ सिं छत्र वहादुर षडका पुर्व १ नम्वर चौतरा ९८ साल श्रावण २७ गते गैर भाद्र १२ गते षाली भयकोले गैर परेका मैन्हाको तलव षान नपाउने भन्या कम्यांडरी किताव षाना दर्ता फांटका ९८।७।१५।६ का जनाउ आयको र निज को श्रावण देखि कार्तिक तकको तलवि पेश्की १ नं. फाराम वाट मैन्हाको २।– का दर्ले कट्टी भयको मोरू. ८।– षाननपाउने तलव वाट कट्टी भएको सवाल को १९ दफाले सदर मुलुकी षानाको सर्व रकम मा दाखिल गर्नुपर्ने हुनाले सो कट्टी गरी वांकी सैंनिक द्रव्यकोसमा जम्मा भयको सावा र थप समेत जम्मा मोरू ५०।८ इछावाला निज जागिरदारको आमा मान कुमारी हस्ते ९८।७।१५।६ मा षर्चलेखी गैसकेपछि निज छत्र वहादुर घर आयको वेरामी भै आश्वीं ११ गते मरेकोले श्रावण भाद्र आस्विन मैन्हा ३ को तलव पाउं भनी विन्ति चढाउंदा वक्सेका हुकुं प्रमांगी मुताविक जंगी वाली तलव वाट आस्विं सम्मको तलव दियको हुनाले सैंमिक द्रव्य कोसकट्टि भयको सो मैन्हा ३ को मो रू. ६।– पनि पाउने पर्ने हो भनी विंति चढायबाट जंगी वाली तलव वुझीदा श्रावण देखि आस्विन तकको तलव ९८।७।१७।५ का हुकुम को वोली परेको श्री प. क. ज. का प्रमांगी बमोजिम षर्च लेखी गयको देखिन्छ भन्या जवाफ आयाको सैंनिक द्रव्य कोसमा दाम नराखेको भय सो द्रव्य कोस कट्टी भयको मोरू ३।– समेत पुरै तलव वाली तलव वाट खर्च लेखी दीने या सैंनिक द्रव्य कोसमा दाम राखेको हुंदा सो द्रव्य

कोस कट्टी भयको कट्टी गरी वांकी आस्विन तकको तलव प्रमांगी मुताविक वाली तलव वाट खर्च लेखि सकेको वेहोरा समेत जाहेर हुंदा सो सैनिक द्रव्य कोस कट्टी भयको मो रू. ६।– छ रूपैयां पनि षाननपाउने तलव वाट कट्टी भयाको भनी सवाल वमोजिम सदर मुलुकी षाना दाखेल गर्नु पर्दैन ईछावाला मानकुमारी हस्ते फेर्ता षर्च लेखी दिनु भन्या हामी श्री ५ माहाराजवाट हुकुम वक्से मुताविक श्री नान प्र. क. ज. ले रोहवर्मा प्रमांगीदिय वमोजिम ९८ साल कार्तिक २१ गते ५ मा सैनिक द्रव्य कोस वाट फेर्ता षर्च लेखी दियको सदर गरी वक्सेको छ सदर मुलकी षाना दाखेल नगरेमापक्राउ हुने छैन ईति सम्वत १९९८ साल कार्तिक ...गते रोज ...शुभम् ।

सर्वरकमको सापटी रेलवेको आयस्ता आएपछि सोध भर्नागर्ने

सैनिक द्रव्य कोशका हाकिम कारिन्दाले पुर्जि हेरी सैनिक द्रव्यकोशमा जम्मा भयका दामवाट ९२ साल पौष २९ गतेका सनद वमोजिम महुतरी रेल्वेको कामको निमित्त नोट रू. २००००० दुइलाख ९२ साल माघ मैह्नामा गएको र स्व रेल्वेको कामवाट आयस्ता आउने वखत भै नसकेकाको र सवालले जो भयको आयस्ता दाम राखनेहरूलाई वर्ष वर्षमा थप चढाई दिनु पर्ने भै थप चढाउनलाई आयस्ता कम हुन आउने हुंदा रेलवेको आयस्ता आयेपछि स्वधभर्ना गर्ने गरी आयस्ताको हिसावमा राखनलाई स्व नोट रू. २००००० दुई लाखको ९६ सालसम्म पनि वर्ष १ को सैका ३।। का दर्ले हुने रूपैया सर्व रकमवाट निर्व्याजी सापटी दिने गरी वक्सेको हो स्व रेलवेको आयस्ता आउने वखत भै नसकेको हुनाले स्व नोट रू. २००००० दुईलाखको ९७ साल श्रावण देखि ९८ साल आषाढ मसान्तसम्म वर्ष १ को ३।। का दर्ले हुने नोट रू. ७००० सात हजार सर्व रकमवाट सैनिक द्रव्य कोषलाई निर्व्याजी सापटी दिने गरी वक्सेको छ रेल्वेको आयस्ता आएपछि स्वधभर्ना गर्ने गरी लेखिए वमोजिमको नोट रू. ७००० सात हजार सैनिक द्रव्य कोसका हाकिम जिम्मा जिम्मावारी वि रेल्वेको आयस्ता आयपछि स्वधभर्ना गरी लिने काम गर भंने सदर मुल्की खानाका नाउमा ९८ साल आस्विण २८ गते रोज २ मा खड्ग निसाना भयको हुनाले तेस अड्डाले पनि सोही वमोजिम गर्ने काम गर ईति सम्वत १९९८ साल कार्तिक १५ गते रोज ६ शुभम् ।

卐

मन्जूर हुने जतिको कोष कट्टी गर्ने

मुल्की अड्डा औंसवाल फांट वाट जाहेर गरेको रिपोट

उप्रान्त सदर पल्टनका मैह्नाको मो रू. ११।– देखि वढी तलव खाने पल्टनिया ज्वानहरूले सैनिक द्रव्य कोषमा दाम राखन पाउने सनद सवाल भै रही आएकोमा मैह्नाको मो रू ११।– तलव खाने पल्टं पल्टनका फाइल दानादारहरूले र म्यूवव्याट्री पल्टनका ज्वानहरूले समेत सैनिक द्रव्य कोषमा दाम राखन पाउँ भनि विन्ति चढाएको व्यहोरा जाहेर हुंदा निजहरूले पनि सैनिक द्रव्य कोशमा दाम राखन मनजुर हुने जतिलाई राखन दिनु भन्या श्री ३ माहाराज वुवाज्यूवाट हुकुं वक्से मुताविक राखन मनजुर हुने ज्वानको ९८साल श्रावण मैह्ना देखि रही आयाकोले निजहरूको ३ नंवर वेजखुक फारां खडागरी सिटरोल भर्ना तेस अड्डामा पठायकोमा कालिदल छास्कामिनी पल्टनका ज्वानको सिटरोल खडा भयको छैन भनि जवाफ दियको व्यहोरा जाहेर भयो सैनिक द्रव्य कोशमा दाम राखने ज्वानको सिटरोल खडा गर्न पर्ने हुनाले द्रव्य कोशले दियका नामासि फाँट वमोजिमका ज्वानहरूको चाँडो सिटरोल फाराम खडागरी गराई ती ३ नंम्वर लेजरवुकमा भरी सैनिक द्रव्य कोशमा पठाई दिने काम गर एस वारे जो चाहिने सनद सवाल गरी दिनु भन्या मुल्की अड्डा अैं सवाल फांटलाई पनि दस्षत गरी वक्सेको हुनाले जो चाहिने सनद पछि भै आउने छ भन्या कम्याण्डरी फ़िताव खाना दर्ता फांटका नाउँमा दस्षत गरी वक्सेको हुनाले हुकुम वक्सेको लेखिया वमोजिम गर्न गराउन जजसका नाउमा चाहिन्छ जो चाहिने व्यहोराको सवाल सनद गरी दिने कां गर भन्या श्री सुप्र-

दिप्त मान्यवर नेपाल तारा सुविख्यात त्रिशक्तिपट्ट सुप्रसिद्ध प्रवल गोर्खा दक्षिण वाहु पुर्व तर्फका कम्याण्डिङ्ग जनरल ववर सम्सेर जंग वहादुर राणा जी. वि. ई. सि. एस. आई. के. सि. आई. ई. आनरेरी कर्णेल वृटिस आर्मी नेपाल प्रताप वर्द्धकवाट ९८ साल मार्ग २४ गते रोज ३ मा दस्षत भै आयाको हुनाले सो वमोजिम सवाल सनद गर्नालाई वुझदा मैह्लाको मो रू. ११।– तलव खाने पल्टं पल्टंका फाईव वानादारहरूले र म्यूवव्याट्री पल्टंका ज्वानहरूले स्मेत सैनिक द्रव्य कोशमा दाम राखन पाउँ भनि विन्ति चढायको व्यहोरा जाहेर भयवाट माथि लेखिए वमोजिम हुकुम प्रमांगी भै आयको देखिनाले जाहेर गरेका छौं निकासाको हकमा सदर पल्टंका मैह्लाको मो रू. ११।– यघार तलव खाने पल्टन पल्टनका फाईल वानादारहरूले र म्यूलव्याट्री पल्टनका ज्वांहरूले समेत सैनिक द्रव्य कोशमा दाम राखन मनजुर हुने जतिलाई राखन दिने गरी वक्सेको हुंदा सो वमोजिम राखन मनजुर हुने ज्वानको ९८ साल श्रावण मैह्ला देखि रही आयाको समेत हुनाले सो र आईन्दा पनि सदर पल्टंका मैह्लाको मो रू. ११ येघार तलव खाने पल्टल पल्टंनका फाईल वानादारहरूले र म्यूलव्याट्री पल्टंका ज्वानहरूले समेत सैनिक द्रव्य कोशमा दाम राषन मंजुर हुने ज्वानको समेत सवाल सनदको रित पुऱ्याई सैनिक द्रव्य कोषमा दाम राखन पाउने गरी वक्सेको छ सो रही आयाको र अव रहने ज्वानको समेत सिटरोल खडा गर्न पर्ने हुनाले द्रव्य कोशले दियका नामासी फांट वमोजिमका ज्वानहरूको चांडो सिटरोल फाराम खडा गरी गराई लि अँ सवालको रित पुऱ्याई ३ नं. लेजर वुकमा भरी सैनिक द्रव्य कोशमा पठाई दिने समेत गरी वक्सेको छ सो वमोजिम गर्नु गराउनु भन्या यो रिपोट सदर गरी वक्सेपछि लेखी लेखिया वमोजिम गर्न गराउन क. कि दर्ता फांट जंगी हाजिर गोश्वारा सदर मुलुकी खाना सदर तेजारथ जंगी वाली तलव सैनिक द्रव्य कोश अडिटर समेतका नाउमा जो चाहिने व्यहोराको सनद गराई पठाई लेखिया वमोजिम गर्नु गराउनु भनी यो रिपोट् सैनिक द्रव्य कोशमा पठाई दिने ठहरायूं जो मर्जि हुकुं ।

मा. ने. ता. प्र.त्री.प. क. क. डम्वर सम्सेर थापा क्षेत्री सि. आई.ई. सि. वि.ई.१

सुव्वा कृष्ण वहादुर – – – – – – – – – – – – – – – १

ना. सुव्वा ईन्द्रमान सिं – – – – – – – – – – – – – – –१

ख. डिल्ली वहादुर – – – – – – – – – – – – – – – –१

मु. रत्न प्रसाद – – – – – – – – – – – – – – – – –१

ईति सम्वत १९९८ साल पौष ३० गते रोज ३ शुभम् — — — —

फाइल वानादारहरूको द्रव्यकोष कट्टी गर्ने

सैनिक द्रवे कोस अडिटर अड्डाका हाकिम कारिन्दाले पूर्जी हेरी सदर पल्टनका मैन्हाको मोरू. ११।– देखि वडी तलव खाने पल्टनीयां जवानहरूले सैनिक द्रवे कोषमा दाम राख्न पाउने सनद सवाल भै रही आएकोमा मैन्हाको मोरू ११।– तलव खाने पल्टनका फाइज थानादारहरूले र म्यूल व्याट्री पल्टनका जवानहरूले समेत सैनिक द्रव्य कोषमा दान राख्न पाउ भनी विन्ती चढाएको वेहोरा जाहेर हुंदा निजहरूले पनि सैनिक द्रवे कोषमा दान राख्न मन्जुर हुने जतिलाई राख्न दिनु भन्या श्री ३ माहाराज वुवाज्यूवाट हुकुम वक्सेमुताविक राख्न मन्जुर हुने जवानको ९८ साल श्रावण मैन्हा देखि रही आएकोले निजहरूको ३ नं. लेजर वुक फाराम खडा गरी सिट रोल भरन तेस अड्डामा पठाएकोमा कालीदल छ्यास कामीनी पल्टनका जवानको सिटरोल खडा गर्नै पर्ने हुनाले द्रवे कोषले दिएको नामासी फांट वमोजिमका जवानहरूको चाडो सिटरोल फाराम खडा गरी गराई ली ३ नंम्वरको लेजर वुकमा भरी सैनिक द्रवे कोषमा पठाई दिने काम गर यस वारे जो चाहिने सनद सवाल गरी दिने भन्या मुल्की अड्डा अैन सवाल फांट लाई पनि दसखत गरी वक्सेको हुनाले जो चाहिने सनद पछी भै आउने छ भन्या कम्यांडरी किताप खाना दर्ता फांटका नाउंमा दसखत गरी वक्सेको हुनाले हुकुम वक्सेको लिखिया वमोजिम गर्न गराउन जजसका नाउंमा चाहिन्छ चांहिने वेहोराको सवाल सनद गरी दिने काम गर भन्या श्री प्रदिप्त मानेवर नेपालतारा सुवीख्यात त्रीसक्तीपट्ट सुप्रसिद्ध प्रवल गोर्खा दक्षिण वाहु पूर्व तर्फ का कम्यांडीं

जनरल ववर समसेर जंग वाहादुर राणा जी बी. ई. के. सी. इस. आई. के. सि. आई. ई. आनेररी कर्णेल वृटिस आर्मी नेपाल प्रताप वर्धकवाट ९८ साल मार्ग २४ गते रोज ३ मा दसषत भै आयेको हुनाले सो वमोजिम सवाल सनद गर्नालाई वुझ्दा मैन्हाको मोरू ११।– तलव खाने पल्टन पल्टनका फाइल वानादारहरूले र म्यूलव्याट्री पल्टनका जवान हरूले समेत सैनिक द्रवे कोषमा दाम राख्न पाउ भनी विन्ती चढाएको वेहोरा जाहेर भयवाट माथी लेखिये वमोजिम हुकुम प्रमांगी भै आयेको देखिनाले जाहेर गरेका छौं निकासाको हकमा सदर पल्टनका मैन्हाको मोरू ११।– एघार तलल खाने पल्टन पल्टनका फाईल वानादारहरूले र म्यूलव्याट्री पल्टनका जवानहरूले समेत सैनिक द्रवे कोषमा दाम राख्न मन्जुर हुने जतिलाई राख्न दिने गरी वक्सेको हुंदा सो वमोजिम राख्न मन्जुर हुने जवानको ९८ साल श्रावण मैन्हा देखि रही आएको समेत हुनाले सो र आइन्दा पनि सदर पल्टनका मैन्हाको मोरू ११।– एघार तलव खाने पल्टन पल्टनका फाईल वानादारहरूले र म्यूलव्याट्री पल्टनका जवानहरूले समेत सैनिक द्रवे कोषमा दाम राख्न मन्जुर हुने जवानको समेत सवाल सनदको रीत पुऱ्याई सैनिक द्रवे कोषमा दाम राख्न पाउने गरी वक्सेको छ सो रही आयाका र अव रहने जवानको समेत सिट रोल खडा गर्नै पर्ने हुनाले द्रवे कोषले दियका नामासी फांट वमोजिमका जवानहरूको चांडो सिटरोल फाराम खडा गरी गराई ली अैन सवालको रीतपुऱ्याई ३ नं. लेजर वुकमा भरी सैनिक द्रवे कोषमा पठाई दिने समेत गरी वक्सेको छ सो वमोजिम गर्नु गराउनु भन्या यो रिपोट सदर गरी वक्से पछि लेखिया वमोजिम गर्न गराउनु क. की दर्ता फांट जंगी हाजिर गोश्वारा सदर मुल्की खाना सदर तेजारथ जंगी वाली तलव सैनिक द्रवे कोष अडिटर समेतका नाउंमा जो चाहिने वेहोराको सनद गराई पठाई लेखिया वमोजिम गर्नु गराउनु भनी यो रिपोट सैनिक द्रवे कोषमा पठाई दिने ठहरायूं जो

मर्जी हुकुम भनी यस अडावाट जाहेर गरेका रिपोटमा ९८ साल पौष ३०।३ मा श्री ३ माहाराजाको ठूलो छाप श्री कम्यांडर इनचिफको वाहुली निसानावाट सदर गरी वक्सेको हुनाले सो वमोजिम गर्ने काम गर भन्ने सैनिक द्रवे कोष अडिटर अडा का नाउंमा सनद गरी वक्सनु पर्ने ठहरायूं जो मर्जी हुकुम भनी मुल्की अड्डा अैन सवाल फांटका हाकिम कारिन्दाले हाम्रा हजुरमा विन्ती पार्दा जाहेर भयो तसर्थ सो ठहरायाको हामीवाट पनि सदर गरी बक्स्यो सो वमोजिम गर्ने काम गर इति सम्वत १९९८ साल माघ १२ गते रोज १ शुभम्– – ––

त्रिखण्डी खानेको द्रव्यकोष कट्टी नगर्ने

सैनिक द्रव्य कोशका हाकिम कारिन्दाले पुर्जिहेरी यस सैनिक द्रव्य कोश वारे काम गर्ने सवालको २० दफामा यो सैनिक द्रव्य कोशमा रहेको दाम वहाल नटुटी कुनै अवस्थामा पनि झिकन नपाउनेगरी वक्सेको हुनाले माथी दफामा लेषीय वमोजिम वाहाल टुटी सकेपछि वाहाल टुटेका कम्यांडरी– किताबषाना दर्ताफाटको जनाउ आई सके पछि सो दाम लिन आयमा सरज्मीन बुझ्न पर्ने वाहेक अरूमा लिन आयका मितिले १५ दिन भित्र ३ नंम्वर लेजर वुक फाराम वमोजिम को दाम सोही लेजर वुक फाराम मा षर्च लेषी दि अरू फाराम समेतमा खर्च लेखि श्रेस्ता मिलाउने गरी वक्सेको छ भन्ने लेषियको र क प युद्धनरसिंह राणाको त्रिखंडीमै द्रव्य कोशमा रहेको दाम झिक्छु भन्न आया दिने काम गर भंने र लेक. डम्बर विक्रम राणा क्षेत्रपाटीको अरू त्रिषंडी षाने हरू सह्ल निजको पनि सैनिक द्रव्य कोशमा कट्टी गरी राषनु पर्दैन भंने श्री ३ महाराज वुवाज्यू वाट हुकुम वक्सेकोहुनाले हुकुम वक्से मुताविक गर्ने कां गर भंने समेत श्री पकज साहेवको दस्षत भै आयको हुनाले फिर्ता लगी सकेको र यस्तै ९७ सालमा पांगीको त्रिषंडी हुने रैफल क. विश्नु विक्रम राणा समेत जवान ८ को हुकुं का प्रभांगी वमोजिम फिर्ता दियको सदर गरी वक्सेकोहुनाले

लेषीयाकातपसिलका ज्जानहरूको फिर्ता लगेको सदर गरी वक्सनु पर्ने ठहरायूं जो मर्जि हुकुं भनी सैनिक द्रव्य कोसका हाकिम कारिन्दाले विन्ति पार्दा जाहेर भयो तसर्थ सो ठहरायको हामीवाट सदर गरी वक्सेको छ सो वमोजिम गर्नें कां गर ।

तपसिल

ले. क. डम्वर विक्रम राणा – – – – – –
क. प. युद्ध नरसिं राणा – – – – – – –
ईति सम्वत १९९९ साल श्रावण ३२ गते रोज १ शुभम् ।

पटना अलैंची कोठीका क. प. को कोष कट्टी गर्नें

सैनिक द्रव्य कोषका हाकिम कारिन्दाले पुर्जि हेरी श्रीनाथ क. प. ववर वहादुर सिं को ९८ साल फागुन मैनाको तलवी १ नं फाराममा पटना अलैंची कोठी वाट तलव खाने भंने कैफियत जनिएकोले सैनिक द्रव्य कोस कट्टी गर्न नपाई तेस अड्डालाई लेखदा पटना अलैंची कोठी लाई लेषी पठाई असुल उपर गर्नु भन्ये जवाफ दियको मा स्व रूपैयां सैनिक द्रव्य कोशमा दर्खास्त गराउनु पर्नेभै श्रेस्ता नमिल्ने र यस्तै सदर पल्टन वाट अरू जिल्ला गौडा अड्डामा खटिनेहरूको पनि जंगी वाली तलव ले १ नं. को फाराम वाटैं कट्टी गरी दाखील गर्नें सनद भै रहेको तेस अडा लाई था हुने भै सनद भयको वाट यस्तो वाधा अडकाउ पर्न आयाकोले सो नपर्नें गरी अर्को सनद निकासा गराई पठाई दिन भनी फेरि लेखी पठायकोमा अघि जवाफ दिसकेकै हुनाले बुझी लिने काम भयन भंने – जवाफ दिएको र तलव खर्च लेखी दिने पटना अलैंची कोठीलाई लेखी कट्टी गराउदा सो रूपैया अलैंची कोठी कागजमा आम्दानी बधाउनु नहुने सदर मुल्की षाना सैनिक द्रव्य कोष रकंमा दाखिला गराउनालाई यस वारे गरी वक्सेको सवाल सनदमा समेत जंगी वाली तलवमार्फत कट्टी भै दाखिल हुन आयाको आम्दानी वाधिने खांगीमात्र. भयको अरू अड्डा वाट कट्टी भयको पनि सोही खानामा घुसाई आम्दानी वधाउन सदर मुलुकी खानाले न मांने निकासी गराई आम्दानी बधाउवा पनि जंगी वाली तलव सदर मुलुकी षाना यस अडाको फाराम श्रेस्ता दुरुस्त मिली हुन नआई फरक पर्नें पटना अलैंची कोठी मार्फत

कट्टी भै आयको भंने फारांमा छुट्टा षाना थपने निकासा गराउन पनि ११।१ जवांका निमित्त फारामा ११।१ षाना थपिदै अनिवार्य हुन गै गरी बक्सेका रूल माफीकको फाराम श्रेस्ता हुन नजाने समेत हरयक कारणवाट अंत जिल्ला गौडा अडाहरूमा खट्टिजानेहरूको पनि जंगी वाली तलव बाटै कट्टी गरी दाषिल गर्ने सनद भैरहेको समेत वेहोरा जाहेर भयो यस्मा सो कट्टी छुटेको ९८ साल फागुण मैना देखि को भुक्तान भयसम्म मैन्हा को २४ का दरले समेत भुक्तान भयपछि मैना को १२ का दर्ले १ नं. को फाराम वाटै कट्टी गरी लिन पाउने सो वाहेक वांकी तलव मात्र पटना कोठी वाट खान पाउने वा अंत अरू जिल्ला गौडा अडामा खट्टिने अरु कट्टी हुने तलव खान पाउने सनद भयमा वाधा अडकाउ नपर्ने हुन जाने देषीयको व्यहोरा श्री पकज दाज्ये ज्यू का हजुरमा जाहेर गरी निकासा वक्सेमोताबिक सनद पुर्जि गरी दिने काम गर भनी ९९ साल ज्येष्ट १५ गतेमा श्री प. क. ज साहेबको दस्षत भै आयको हुनाले सो वमोजिम कप्तां ववर वहावुर सिं ले पटना अलैंची कोठी बाट तलव खाई सकेको फागुन देखि जेष्ट तक मैना ४ को मैनाको मोहर १२।– का दर्ले चाहिने ज्मा मोहोर ४८।– अठचालिस रूपैया कप्तां ववर वहादुर सि संग असुल गरी सैनिक द्रव्य कोषमा चलां गरी पठाई दिनु भनी श्री प.क. ज. साहेबको दस्षत भै सकेको हुनाले निज श्रीनाथ पल्टंका कप्तां ववर वहादुर सिं ले पाउने,तलब मोहर १८० मा ९९ साल आषाड मैना देखि मैना १ को मोहोरू १२।– बाह्र कट्टी गरी सो मोहोरू १२ सैनिक द्रव्य कोसमा दाखिला गर्ने ९९ साल आषाड ५ गते तेस अडाका नाउमा सोही वमोजिम पटना अलैंची कोठीका नाउमा समेत सनद भै गयाको मा मैनाको १२ का दर्ले द्रव्य कोश कट्टी गरी वाकी दाखिल गर्ने अंक भुलले वढी लेखन गयाको र कट्टी नभयको मैह्नाको दाखिला गर्ने हकमा निज कप्तां ववर बहादुरले पौष मैन्हादेखि खान पाउने गरी दर्ता भयकोले जनाउदिने कां भयाको छ भंने क. कि दर्ता फाँटको ९८ साल फागुन ११ गते को जनाउ र माघ ३ गतेको वाहाली सनद वमोजिम ९८ साल पौष देखि यस कोठी वाट वर्ष १ को कं रु. १६४० का दामसाहीले तलव जिम्मावारी ल्याई खर्च लेखी खाय खुवाय

को अक्षर वाट देखियको हुँदा निज कप्तां ववर वहादुरले यस कोठी वाट खर्च लेषी षायाको ९८ साल पौष मैना देखि ९९ साल जेष्ट तक मैना ६ को मैना १ को १२ का दर्ले ज्मा मोहोरू ७२।- सैनिक द्रव्य कोशमा पठाउनु पर्ने हो षा दस्षत वमोजिम फागुं देखि जेष्ट ;तक मैना ४ को मात्र रू ४०।- पठाय पनि हुने के हो भन्ने पटना अलैंची कोठी वाट लेखी पठायको ले सैनिक द्रव्य कोस लाई सोधनी गरी पठायको मा यस्मा लेषीयाको श्रीनाथ कप्तां ववर वहादुर सिं पौष मैना देखी अलैंची कोठी वाट षाने हुंदा १ नं. फाराम चली आयको पौष माघ मैना २ को तलव दाखिल गर्नु पर्ने हुंदा तेस अड्डा वाट कट्टी गरेको सदरैं गरी निज ले पाउने अंक सम्म यस अड्डा वाट सदर मुलुकी खाना दाखिल भयाको हुनाले भयाको व्योहोरा लेखने कां भयाको छ भनी ९९ साल आषाड ३१ गते मा जंगीवाली तलव ले जवाफ दिया को भनी सोजवाफी पुर्जि समेत सैनिक द्रव्य कोसले पठाई दियाको भै सो अघि सदर भयाको सनद वमोजिम गर्न नमिलने भयाको हुनाले वाली तलवको जवाफ वाट ९६ साल पौष माघ मैना २ को सैनिक द्रव्य कोस कट्टा भै सकेको देखियाको सो पौष माघ मैना २ को तलव पटना कोठी वाटै निज कप्तांले पुरै षायको हुनाले सो २ मैनाको र फागुण देखि ९९ साल श्रावण मैना ६ को मैना १ को मोहोर १२।- का दर्ले ज्मा मोहरू छयानव्वे ९६ रूपैया सो श्रावण मैनाको तलव वाट कट्टी गरी लि सैनिक द्रव्य कोस दाखिल गर्ने ९९ साल भाद्र मैना देखि मैना १ को मोहोरू १२।- का सवाईले हुने कं. रू. ९- ।।। का दर्ले मैना मैन्हामा कट्टी गरी बाँकी मात्र अें सवालको रित पुऱ्याई ९८।१०। ३ गतेका सनद वमोजिम तलव खर्च लेखिदिने काम गर भनी पर्सासालका नाउमा र सो वमोजिम गर्नु भनी पटना अलैंची कोठी का नाउमा समेत सनद भै गयाको हुदाले सो वमोजिम गर्नु भनी सैनिक द्रव्य कोसका नाउमा सनद गरी वक्सनु पर्ने ठहऱ्यायूं जो मर्जि हुकुम भनी मध्येस रीपोट नीक्सारीपर्चा फाँटका हाकिम कारिंदाले हाम्रा हजुरमाविन्ती पार्दा जाहेर भयो तसर्थ सो ठहरायाकोमा हामीवाट पनी सदर गरी बक्सेको छ । सोवमोजिम गर्ने काम गर ईति सम्वत १९९९ साल भाद्र ९ गते ३ रोज शुभम्-

⁂

१८७)

सोमराजलाई तलव थप

सैनिक द्रव्य कोस आफिसका हार्कि कारिन्दाले पुर्जि हेरी १९९९ साल आस्विन २ गते ६ का दिन सिंहदरबार पटांगीनीमा राखी हामी वाट तेस आफिसका सुवा सोमराज जोसीका साविक वर्ष १ को तल्वी मोहरू १४४५।– निजले पाउनजेल थपमोहरू १००।– ज्मा वर्ष १ को तल्वी मोहरू १५४५।– मा मोहरू १००।– थपि ज्मा बर्ष १ को तल्वी मोहरू १६४५।– सोह्लसय पैंतालिस रूपैंयां भाद्र ३१ गतेको मिति कायं गरी किताव दरीदीने काम गर भन्या ९९ साल कार्तिक १८ गते रोज ३ मा कम्याण्डरी किताव षाना दर्ता फाँटका नाउमा खड्ग निसाना सनद भै गयाकोले सो वमोजिम मैना मैनाको तेस अड्डालाई भयाको अंन सवालको रीत पुर्‍याई तलव दिने काम गर ईति सम्वत १९९९ साल ... गते रोज शुभम् ।

रू पैंतीस सय हाकिम जिम्मा दिने

सैनिक द्रव्य कोसका हाकिम कारिन्दाले पुर्जि हेरी सैनिक द्रव्य कोसमा ज्मा भयका दाम वाट ९२ साल पौष २९ गते का सनद वमोजिम महुतरी रेल्वेको काम निमित्त नोट रू. २००००० साल ९२ माघ मैह्नामा गयको र स्वरेलवेको काम वाट आयस्ता आउने वषत भैंनसकेको र सवालले जो भयको – आयस्ता दाम राखने हरूलाई वर्ष वर्षमा थप चढाई दिनु पर्ने भै थप चढाउनालाई आयस्ता कमहुन आउने हुंदा रेल्वेको आयस्ता आयपछि स्वधभर्ना गर्ने गरी आयस्ता हिसावमा राषनलाई स्व नोट रू. २००००० का ९७ साल सम्म पनि वर्ष १ को सैंका ३।। का दर्ले हुने रूपैयाँ सर्व रकं वाट निर्व्याजी सापटी लिन्ये गरी वक्सेको हो यो साल नोट रू. १००००० को सैका ३।। का दर्ले नोट रू. ३५०० रेल्वेका आम्दानी वाट दिने दिलाउने हुंदा नोट रू. १००००० को ९८ साल श्रावण देखि ९९ साल आषाड सम्म वर्ष १ को ३।। का दर्ले हुन्ये नोट रू. ३५०० तिन हजार पानसय रूपैयाँ सर्व रकं वाट सैनिक द्रव्य कोशलाई जिम्मावारी दिन्येगरी वक्सेको छ रेल्वेको आयस्ता आयपछि सोधभर्ना गर्ने गरी लेखिया वमोजिमको नोट रू. ३५०० तिनहजार पानसय रूपैयाँ सैनिक द्रव्य कोशका हाकिम जिम्मा जिम्मावारी दि रेल्वेको आयस्ता आयपछि सोधभर्ना गरी लिने काम गर भंने सदर मुल्की षानाका नाउमा ९९ सालआस्विन १५ गते रोज ५ खड्ग निसाना सनद भयको हुनाले तेस अड्डाले पनि सोही वमोजिम गर्ने काम गर ईति सम्वत १९९९ साल आस्विन २३ गते रोज शुभम्।

卐

आठ पैसा जरिवाना गर्ने

सैनिक द्रव्य कोशका हाकिम् कारीन्दाले पुर्जी हेरी येस अड्डाको काम्लाई भयेका ९।६।१७।४ का सवाल्को देहायेका १९ दफामा यो सैनिक द्रव्यकोससा दाम राषने जागीरदारहरूको सैनिक द्रव्यकोस कट्टी लेषी फाराम चली सकेपछी सो मैह्नाको तलव नपाउने गरी खोसी खाली भयमा सो षान नपाउने तलववाट कट्टी भएको सैनिक द्रव्य कोसको दाम जागीरदारले तलव नपाउने भयकोले सो दाम पनी नपाउने हुनाले तेस्तो पर्न गयमा कम्यांडरी कीतापषानावाट जनाउ सैनीक द्रव्यकोशमा आयपछी षान नपाउने तलववाट कट्टी भयेको दाम मुल्की षानाका सर्व रकंमा दाषील गरी दिनु भंने लेषीयको र तपसिलका ज्वानहरूको मैह्ना मैह्नाका तलववाट यस सैनिक द्रव्य कोश वापत कट्टी लेषी फाराम चली सकेपछी कम्यांड़री कीतापषाना दर्ता फाट्का जनाउले षान नपाउने तलववाट कट्टी भयेको देषीयकोले सो रूपैया सदर मुल्कीषानाका सर्व रकंमा दाषील गरेकोमा कारीन्दाको भुलले दोहरा परेको देषीयेकोले सो भुल पारी दाषील गर्ने फाट्वालालाई तजवीजी मोहरू ।८ आठ पैसा अड्डैवाट जरीवाना भयकाले तेस कुराको नीकासा नचाहीने हुंदा तपसिल् वमोजिम्को दोहरा परेको मोरू ६। छ रूपैयां सर्व रकंवाट जीम्मावारी ली द्रव्य कोस रकंम्मा भर्ना गर्नु पर्ने भयेकाले जाहेर गरेका छौं सो मोरू. ६। छ रूपैयां सैनिक द्रव्यकोशका हाकिम् जीम्मा जीम्मावारी षर्च लेषी दिनु भंन्या फौसी तोसाषानाका नाउंमा सनद गरी बस्सनु पर्ने ठहरायुं जो भर्नी हुकं भनी सैनिक द्रव्यकोसका हाकिं कारीन्दाले

हाम्रा हजुर्मा वीन्ती पार्दा जाहेर भयो तसर्थ सो ठहरायको सदर गरी वक्सेको छ सो वमोजीम गर्ने कांगर भंने कौसी तोसाषानाका नाउंमा ९९।६।२११४ मा सनद भयेको हुनाले तेस अड्डाले पनी सोही वमोजिम् गर्ने कां गर — — —

तपसिल

९८ साल फागुण ३० गतेमा र ९९ साल जेष्ठ ९ गतेमा

दाषीलमा दोहरा परी वढी दाषील् भयेको- - - - -

का प्र ५।४ सी संगवाहादुर ९८ साल माघ २ गते गैर १८ गते षाली हुदा माघ मैह्नाको षान नपाउने तलववाट कट्टी भयको मोहरू दुई रूपयां ——२।

९९ साल जेष्ठ १४ गतेमा र ९९ साल आषाढ २९ गतेमा ऐ ऐ

वर्द ३।१८ सी षड्गवाहादुर तामां ९८ साल फागुण ३० गते वेपत्ता षाली जनी आयेका हुदा फागुण चैत्र मैन्हा २ को मोरू चार रूपैयां — — —४।

ईती सम्वत् १९९९ साल कार्तिक १६ गते रोज १ शुभं — — — -

सोध भर्ना गर्नें

सैनिक द्रव्य कोसका हाकिम कारिंदाले पूर्जि हेरी यें जे जे रेल्वेका ९९ साल श्रावण १ गते देखि २००० साल आषाड मसान्त तक वर्ष १ को वजेट जाहेर गर्दा रेलको आम्दानी वढेको हुनाले नैयें जे जे रेल्वे वनाउने कांलाई आयस्ता आयपछि स्वधभर्ना गर्नें गरी सैनिक द्रव्य कोस मार्फत गयाको नोट रू. २००००० को ९२ साल माघ देखि ९३ साल आषाड सम्म मैन्हा ६ को व्याज नोट रू. ३५०० पैंतिस सय भर्ना गर्न जजस्का नाउमा चाहिंछ चाहिने सनद गरी पठाई दिनु भन्ये श्री ३ महाराज ज्यू वुवाज्यूवाट हुकुं वक्सेको हुनाले स्व वमोजिम गर्नें कां गर भन्ये ९९ आस्वि ४ गतेको श्री मे. ज. नर सम्सेर जंग वहादुर राणा साहेवको दस्षत भै आयको र सैनिक द्रवे कोस वुझ्दा नोट रू. २००००० को सैका ३।। ले ९२ साल माघ देखि ९३ साल आषाड सम्म मैन्हा ६ को व्याज नोट रू. ३५०० मुल्की षानावाट जिम्मावारी ल्याई आम्दानी वाधेको मिसिलका वेहोरावाट देखियाकोले स्व यें जे जे रेल्वे बनाउने कांलाई आयस्ता आयेपछि स्वधभर्ना गर्नें गरी सैनिक द्रवे कोस मार्फत गयाको प्रोभिडेंट फण्डको नोट रू. २००००० को ९२ साल माघ देखि ९३ साल आषाड सम्म मैना ६ को व्याज वापत मुलकी षानावाट जिम्मावारी आयको नोट रू. ३५०० पैंतिस सय सोधभर्ना गर्नें गरी वक्सेको छ स्व नोट रू. ३५०० नेपाल जय नगर जनकपुर रेल्वे आफिस मार्फत जिम्मावारी लि श्रेस्तामा आम्दानी वाधि अैंसवाल वमोजिम गर्नु भन्ये सैनिक द्रव्य कोष अड्डालाई सनद

र स्व नोट रू. ३५०० सीह्ला मालवाट मेनेजर कारीक्यूजी सं. वमोजिम रेल्को क्यासीयोरले हस्तेवारी ल्याई श्रेस्तामा आम्दानी वाधि सैनिक द्रव्य कोसका हाकिम जिम्मा जिम्मावारी अैं सवालको रीत पुऱ्याई षर्च लेषी दिनु भन्ने नेपाल जयनगर जनकपुर रेल्वे आफिसलाई तालुक वालाको दस्षत भै जाने हुनाले स्व वमोजिम यैं जे जे रेल्वे वनाउने कांलाई आयस्ता आयेपछि स्वधभर्ना गर्ने गरी सैनिक द्रव्य कोस मार्फत गयाको प्रोभिडेंट फण्डको नोट रू २००००० को सैका ३।। ले ९२ साल माघ देखि ९३ साल आषाड सम्म मैन्हा ६ को व्याज नोट रू. ३५०० पैंतिस सय रेल्को आम्दानीवाट पुगे रेल्को आम्दानीबाट र नपुगेपछि भर्ना गर्ने गरी सर्व रकंको आम्दानीवाट भयपनि भैरहेका सवाल सनदको रित पुऱ्याई मेनेजर कारिक्यूजी सं वमोजिम रेल्को क्यासीयोर हस्ते अैंसवालको रीत पुऱ्याई षर्च लेषि दिने कांगर भन्ये सिह्ला मालका नाउमा ९९।७।१८ गतेका षड्ग निस्साना सनद भै गय वमोजिम यैं जे जे रेल्वे वनाउने कामलाई सैनिक द्रव्य कोस मार्फत गयाको प्रोभिडेंट फण्ड नोट रू. २००००० को ९२ साल माघ देखि ९३ साल आषाड सम्म मैन्हा ६ को व्याज वापत नोट रू ३५०० सिह्ला मालबाट मेनेजर कारिक्यूजी सं वमोजिम रेल्को क्यासियोरले हस्तेवारी ल्याई तेस अड्डाका हाकिम जिम्मा जिम्मावारी अैं सवालको रित पुऱ्याई षर्च लेखि दिने काम गर भन्ने यैं जे जे रेल्वे आफिसका नाउमा तालुकवालाको दस्षत भै जाने हुनाले स्व वमोजिम यैं जे जे रेल्वे वनाउने कामलाई तेस अड्डा मार्फत गयाको प्रोभिडेंट फण्ड नोट रू. २००००० को ९२ साल माघ देखि ९३ साल आषाड सम्म मैन्हा ६ को व्याज वापत नोट रू. ३५०० पैंतिस सय यैं जे जे रेल्वे आफिसवाट जिम्मावारी लि श्रेस्तामा आम्दानी वांधी अैं सवाल वमोजिम गर्ने काम गर भन्ने सैनिक द्रव्य कोसका नाउमा सनद गरी वक्सनु पर्ने ठहराई जाहेर गरेका छौं जो मर्जी हुकं भनी नेपाल गभरमेन्ट रेल्वे हेड आफिसका हाकिम कारिंदाले हाम्रा हजुर्मा बिंति पार्दा जाहेर भयो तसर्थ स्व ठहरायाको हामीवाट पनि सदर गरी वक्सेको छ स्व वमोजिम गर्ने काम गर ईति सम्वत १९९९ साल मार्ग २ गते रोज ३ शुभम्

मौजदात जम्मा भएपछि सोध भर्ना गर्ने

सैनिक द्रव्य कोषका हाकिम कारिन्दाले पुर्जि हेरी सैनिक द्रव्य कोषमा जम्मा गर्ना निमित्त मैह्ला मैह्लामा कट्टी भै आयाको दाम अर्को मैह्लाको १५ गते सम्ममा लगानी गर्नुपर्ने सवाल गरी वक्सेको मैह्ला मैह्लामा लगानी गर्नु भन्दा ५।७ मैह्लाको यकै पटक लगानी गर्नामा राम्रो र हरहिसाव लाई समेत सजिलो पर्ने जाहेर हुंदा सैनिक द्रव्य कोषको जमा भयपछि सोधभर्ना गर्नेगरी नोट रू. १००००० को पटक गरी निकासा वक्सी आयको ९७ साल चैत्र ७ गते ५ का खड्ग निसाना वमोजिम सापटी आयको नोट रू. १ लाख सापट सोधभर्ना भै सकियो ९९ साल को नगदी किस्ता वडादसैको पेस्की कार्तिक मैह्ला सम्मको कट्टी समेत वाट सैनिक द्रव्य कोषको सदर मुल्कीषानामा सोरू. ९०५०८।६९ मोहरू ३५०० मौज्दात रहेको वेहोरा समेत जाहेर भयो सो मौज्दात र अधकट्टी सैनिक द्रव्य कोसमा ज्माहुन आउने रूपैयाँवाट श्री नानी सुप्रदिप्त मान्यवर नेपालतारा सुविख्यात त्रिशक्तिपट्ट सुप्रसिद्ध प्रवल गोर्खा दक्षिणवाहु पुर्वतर्फका कम्याण्डीङ जनरल ववर शम्शेर जंग बहादुर राणा जी. वी. ई. के. सि एस आई. के. सि. आई. आनरेरी कर्णेल वृटिस आर्मि नेपाल प्रतापवर्धक का दस्षत वमोजिम सापट सोधभर्ना गर्ने गरी सैनिक द्रव्य कोषको लगानी गर्नालाई नोट रू. २००००० दुईलाख रूपैयाँ सापटी लिनेदिने गरी निकासा वक्सेको छ। पवलीक रकंवाट सापटी खर्चलेखी सैनिक द्रव्य कोसको श्रेस्तामा आम्दानी वाधी सो नोट रू. २००००० दुईलाख रूपैया हाल सैनिक

द्रव्य कोषका हाकिम जिम्मा जिम्मावारी खर्च लेखी दि सैनिक द्रव्य कोसको मौज्दात ज्माहुन आयापछि लेखीयावमोजिम सोधभर्ना गरी श्रेस्तामिलाउने कांगर बन्ने सदर मुल्की षानाका नाउमा ९९ साल मार्ग १ गते रोज २ मा षड्गनिसाना सनद वक्सेको हुनाले तेस अड्डाले पनि सोही वमोजिम गर्ने काम गर ईति सम्वत १९९९ साल मार्ग १० गते रोज ४ शुभम् ।

सर्व रकमबाट रकम झिक्ने

सैनीक द्रव्यकोशका हाकिं कारिन्दाले पूर्जी हेरी तपसिल वमोजिम पल्टं पट्टी नम्वरका जागीरदार खाली भएको भंने जनाउ आय वमोजिम खान नपाउने मैन्हाको तलवी फारामवाट कट्टी भएको देषीन आई सदर मुल्कीखानाको सर्व रकममा दाखिल भएकोमा फेरि श्व दाषील भएका मैन्हाको तलव जागीरदारले खान पाउने भंने जनाउ पठायवाट तपसिलका मैन्हा मितिमा सदर मुल्कीखाना दाषिल भएको तपसिल वमोजिम जम्मा मोहरू ८। आठ रूपैंया वदर भएकाले श्व दाषील भएको रूपैया सर्व रकंवाट झिकी सैनिक द्रव्यकोसमा भर्ना गर्नु पर्ने रूपैया जिम्मावारी लिनु पर्ने वेहोरा सैनिक द्रव्यकोशका हाकिम् कारिन्दाले हाम्रा हजुर्मा विन्तिपार्दा जाहेर भयो तसर्थ श्व वमोजिं गर्नालाई मोहरू ८। आठ रूपैका सैनीक द्रव्यकोशका हाकिं जिम्मा जिम्मावारी खर्च लेषी दिन्ये काम गर भंन्ने कौसीतोसाखानाका नाउमा २०००।३।४।६ मा सनद भयको हुनाले तेस अड्डाले पनि सोही वमोजिम गर्ने कां गर — — — —

तपसिल

राज ८।७ सी विष्णु प्रसाद पाध्या पुर्व २ नं चरिकोट मकैवारी ९९ साल भाद्र ४ गते गैर ऐं २० गते खाली भयको भंन्ने क. कि दर्ता फाटवाट ९९ साल मार्ग २१ गते १ मा जनाउ पठायकोले सवाल वमोजिं खान नपाउने तलववाट कट्टी भयको ९९ साल भाद्र आश्विण कार्तिक मैन्हा ३ को मैन्हा १ को रू. २। का

दरले पेस्की तलवि फारामवाट कट्टी भएको मोहरू ६। छ रूपैया ९९ साल पौष १३ गते रोज २ मा सदर मुल्कीषानाको सर्व रकम्मा दाषीलभै सकेपछि निज जागीरदार सि विष्णु प्रसाद पाघ्या श्री प. क. ज. साहेवका प्रमांगी मुताविक ज. हा. गो. वाट आएको जनाउले ९९ साल आश्विण ४ गते गैर ऐं २० गते खाली भयको भंने श्वही क. कि. दर्ता फाटवाट ९९ साल पौष २३ गते ५ मा जनाउ दियकोले अघि दियेको जनाउ वमोजिम खाली मैन्हा मिति वदर भै आश्विन मैन्हाको खाली मिति कायम् हुन आएकोले माथी लेखीए वमोजिम् ९९ साल पौष १३ गते रोज २ मा सदर मुल्कीखानाको सर्व रकंमा दाखील भयाको भाद्र आश्वीण कार्तिक मैन्हा ३ को मोहरू ६। छ रूपैया मध्ये आश्विण कार्तिक मैन्हा २ को तलव जागीरदारले खान नपाउने हुदा श्व खान नपाउने तलवी फारामवाट कट्टी भएको मोहरू ४। चार रूपैया दाषिल गरेको सदर हुने र भाद्र मैन्हाको तलव ९९।९।२३।५ मा जागीरदारले खाई सकेको जंगीवाली तलव जाचको पीठ ज्वाफीलेखौट् वाट देषियाको ले श्व खान पाउने भाद्र मैन्हाको तलववाट कट्टी भएको मोहरू २। दुई रूपैया दाषील भएको वदर भै सर्व रकमवाट झिकी जागीरदार हस्ते फिर्ता खर्च लेषी दिनु पर्ने मोहरू दुई रूपैया – –

२।– श्रीनाथ ४।६ सी नंदकेसर पाघ्या पुर्व २ नं. नामाडी ९९ साल मार्ग मैन्हाको तलविफाराम चली आउदा ९९ साल श्रावण ९ गते मरूवाखाली भनि जनिआएकाले भाद्र आश्विण कार्तिक मैन्हा ३ को तलव खान नपाउने देखाई मैन्हा १ को मोहरू २। का दर्ले मोहरू ६। छ रूपैया सवाल वमोजिम खान नपाउने तलवि फारामवाट कट्टी भएको भनि ९९ साल मार्ग ३० गते ३ मा सदरमुल्कीखानाको सर्व रकममा दाषील भएपछि ९९ साल पौष मैन्हाको तलविफाराम चलिआउदा निज जागीरदारले तलव खान पाउने गरी खडै चलि आएको देखीन आई मार्ग मैन्हाको तलविफाराम्मा के कारणले मरूवा खाली जनि आएको भनि क. कि. दर्ताफाट वुझ्दा यस अड्डाले खाली जनाउने नहुदा जंगीहाजिर गोश्वरा वुझ्नु भनि ज्वाफ दिएकाले श्व अड्डावुझेमा भुल्ले खाली जनीफाराम चलेको हुदा भुल गर्ने लाई जरिवाना गरी १७ नं. फारामवाट तलव

खाई सकेको श्रेस्तावाट देखिन्छ भनि पीठ्ज्वाफ दियको हुदा जंगीवाली तलव जाच वुझेमा श्व मार्ग मैन्हाको तलव मोहरू १३। तलवी फाराम्मा खाली कट्टीमा लेखी आई सदर मुल्कीखाना दाषील भैसकेको भंन्ने र श्व मैन्हाको तलव जागीरदारले खान पाउने गरी १७ नं. फाराम चली आई २००० साल वैसाष २३ गते ५ मा जागीरदारहस्ते गयेको देखिन्छ भंने ज्वाफ आएकाले माथि लेषीया वमोजिमसदर मुलुकीखाना को सर्व रकममा दाषील भयको ९९ साल भाद्र आश्विण कार्तिक मैन्हा ३ को मोहरू ६ छरूपैया ६।- - - - - - - -

ईति सम्वत् २००० साल आषाड १७ गते रोज ५ शुभम्- - - - - - -

◆

फिर्ता हुन नसकेको रकम सदर मुलुकीखानामा खर्च लेख्ने

सैनिक द्रव्य कोषका हाकिम कारिन्दाले पुर्जि हेरी तपसिलमा पल्टं पट्टी नम्वर नम्वरको जागिरदारहरू खालीभै निजहरूको सैनिक द्रव्य कोश वापत राखेको रूपैया ईलाका मालबाट फिर्ता पाउ भन्यां दर्षास्त वमोजिम ईलाका मालबाट फिर्ता दिलाउनाके तससिल वमोजिम को मोहोरू ४७।२२ सतचासि रूपैया वाईस पैसा यस श्रड्डाको श्रेस्तामा उजराति लेखी ईलाका मालको आम्दानी वाट फिर्ता दिन्ये गरी यस अड्डालाई भयाका सवाल वमोजिम माल्को सर्व रकम का आम्दानी मध्येभनी मीति मितिमा सदर मुल्की खाना दाखिल गरी टीवील्कैट फाराम पठायमा मालवाट जागीरदारलाई रूपैया फिर्ता दी टिप्लीकेट फाराम वापस नपठायकोले तरताकिता गरेमा निज जागिरदार हरू हाल घरमागै वृटिश पल्टंमा जागिरभै वसेको भन्या समेत वारेको मुचुल्का गराई टिविल्केट फाराम माल मालवाट फिर्ता पठाई दिएको र निज जागिरदारहरूले हालसाल फिर्ता लिन नआउने भै लिन आउने ठेकाना नभयको हुंदा यस अड्डाको श्रेस्तामा साल वसाल उजराती लेखी राख्न मुनासिव नपरेकोले मुल्की षाना दाषिल भयको रूपैयां फिर्ता लि तहविल्मा भर्ना राख्नु पर्ने हुन आयको हुनाले तपसिल्का मालमालवाट जागिरदारलाई फिर्ता दिं नसकेको हुंदा सो रूपैया सदर मुल्की खाना दाषिला खर्चलेखेमा निस्सा दिनु पर्दैन अैं सवाल वमोजिम गर्नु भन्या श्री कुमारी चोक लाई सनद भै जाने हुंदा लेखियका तपसिल वमोजिमका माल्को आम्दानी मध्ये भनी मुल्की खाना दाखिल गरेको मोहरू ४७।२२

सतचालिस रूपैयां वाईस पैसा तहविलमा भर्ना राख्नालाई यस अड्डाका हाकिम समेत हस्ते वारी दिनु भन्या कौसि तोसाखानाका नाउमा २०००।३।४।६ मा श्री ३ महाराजको ठूलोछाप श्री कम्यान्डर इनचिफको वाहुली निसाना भयको सनद हुनाले सो वमोजिम गर्ने काम गर – – – – –

तपसिल

भ. प्र ३।२९ सि. अम्वर वहादुर कार्किको माफ्त किरात माल्को आम्दानी मध्ये भनी ९९।४।१९।३ मा मुल्की खाना दाखिल भयको मोहरू– – –६।२

पार्श्व २।११ प्यु पृथीवहादुर गुरूंको स्यांजा माल्को आम्दानी मध्ये भनी ९९।१०।५।२ मा ऐ ऐ– – – – – – –४१।२०

ईति सम्वत २००० साल आषाढ १७ गते रोज ५ शुभम् – – –

* * *

प्रायोरिटी लाइसेन्स मगाउने

श्री कम्यांडर इनचिफवाट

श्री भाई पु. क. ज. के शुभ आसीक उप्रांत डाइरेक्टर जनरलहरूको आफीसवाट आफ्ना आफ्ना मातहतका अडाहरूलाई चाहिने मालहरूको प्रायोरिटीलाइसेंस मगाउन परेमा र मानिस षाली भएमा इंडिया गभर्नमेंटको कुनै अफिसमा लेषापढी गर्न परेमा डाइरेक्ट नगरी मुंसि षानाद्वारा वृटिस मिनिष्टर मार्फत भंने १ छापे सवै डाइरेक्टर जनरलहरूका नाउमा आजै पठाई दिनु भंने श्री ३ महाराज वुवाज्यूवाट हुकुं वक्सेको श्री भाई उ. क. ज. ले लेषी पठायेको हुनाले हुकुंवक्सेको लेषीया वमोजिम गर्ने कां गर ईति सम्वत २००० साल आषाड २४ गते रोज ५ शुभम् – – – – – –

लेखा परीक्षकको प्रतिवेदन

सैनिक द्रव्यकोश अडिटरका हाकिं मे. क. नरेन्द्रवाहादुर साहा डिल्ली वंजारले चढाएको रिपोट – – – – – – –

उप्रान्त ९१ साल आश्वीं १७ गतेका खड्ग निसाना सनद वमोजिम यस अडामा ठेकियका कांदार कारिन्दाको सैनिक द्रव्यकोशवाट तलव खाने ज्वां ६ को कम्यांडरी कितापखाना दर्ता भए वमोजिं रकं कट्टी भै खान पाउने वर्ष १ को खान्गी सोरू १०४१।६० मध्य भर्ना गर्न वाकी ज्वां १ को मोरू १९३।८० कट्टी गरी वाकी पाउने ज्वां ५ को मोहरू ८४७।८० मा २००० साल आषाढ १ गते देखि ऐ मसान्ततक मैह्ना १ को तलव मोहरू ७०।६५ सत्री रूपैया पैसठ्ठी पैसा चाहिन्छ यस्मा श्री ३ महाराजको सलामी र श्रेस्ता अदालत को स्मेत कट्टी गरी वांकी पाउने तपसिलमा लेखीय वमोजिम दुरूष्त छ फर्क छैन फर्क पारी लेखी दिएको ठहरे अैंसवाल वमोजिम बुझाउला जो मर्जि– – –

बपसिल

… … … … असामी … … …	रकंकट्टी भै खानपाउने वर्ष १ को खान्गीमोरू	ताके मैह्ना १ को	तेस्मध्ये श्री ३ माहाराजको सलामी	… … श्रेस्ता अदालत्को		बाकी जमा पाउने रू.
त.मु. भगवती प्रसाद पाध्या डिल्लीबजार – – –	३४२।	२८।५०	–	–	–	–
ना.रा. कृष्ण प्रसाद गोतामी	१९३।८०	१६।१५	–	–	–	–
नौ.यादव राजपाध्या बानेस्वर	१३२।	११।	–	–	–	–
नौ. फत्येबाहादुर श्रेष्ट	१३२।	११।	–	–	–	–
ट. पुर्णमहरजन्	४८।	४।	–	–	–	–
भर्ना गर्न बाकी ना. रा. १ के	१९३।८०	–	–	–	–	–
	१०४१।६०	७०।६५	–	–	–	७०।६५

ईति सम्वत २००० साल श्रावण ३ गते रोज १ शुभम् – – – – – – – –

सैनिक द्रव्य कोषको आमदानी खर्च विवरण

सैनिक द्रव्यकोसवाट जाहेर गरेको– – – – – – – – –

यस सैनिक द्रव्य कोसमा रहेको दाम फायदा हुनेकाम्मा लगाई आयको फायदामा यस काम निमित्त रहने मदतको खर्च मध्ये पल्टनबाट अड्डाखानावाट काजखटि आउने हाकिम् अफिसर हुदासिपाही वाहेक अरू काम्दार कारिन्दाको तलव मसलन्द खर्च कटाई जो वाकि रहन्छ सव दामराखनेहरूलाई दामा साहीवाट ठहरे वमोजिं थप दिने गरी वक्सेको छ वर्ष को १ पटक आयको फायदा र यस कामको खर्च औ वाकि वचौट स्मेत्‌देखिने गरी मिटिङ्मा पेस गरी यतिथपदिनू भन्ये कायम् गराउनू भन्ने सवाल को २७ दफामा र थप पाउंने हिसाव गर्दा वालि दस किस्तावाट आउंनेलाई डवल र तलबवाट मैह्ला मैह्लामा कट्टा हुनेलाई आधा पाउने गरी मिलाई अंक निकालि थप पाउंने अंक यकिन् गर्नू भन्या सवाल को ३२ दफामा लेखि तेसपछि ९२ साल आश्वीण २७ गते १ मा सैनिक द्रव्यकोस मा राखेको दामको आयस्ताको हिसाव गर्दा हामिवाट काम्दार करिन्दाको तलव खर्च र मसलन्द खर्च कट्टा गर्नें हुकुम् नवक्सेसम्म आयको फायदामा कट्टा नगर्ने गरी वक्सेको हुनाले तलव मसलन्द कौंसितोसाखानावाट भर्ना लिनू भन्न्या खड्गनिसानावाट रपोट् सदर गरी वक्सेको र यो साल कौंसिवाट तलव खानेगरी भर्ना भै अडीटरको काम्मा खटिरहेको मेफ नरेन्द्रवाहादुर साहको तलव कौंसिवाट खर्च भयको सवालले कट्टि गर्न नपर्नें हुदा द्रव्यकोस वाट खर्च भयको काम्दार कारीन्दाको तलव

मसलन्द खर्च आयस्तालेनै पुग्ने भयकाले यौ साल तलव मसलन्द खर्च कौसिवाट भर्ना लीनू पर्दैन भन्न्ये हुकुम्‌वक्सेको हुनाले ९९ साल श्रावण देखि २००० साल आषाड्‌ सम्ममा कट्टा भएको मध्ये फीर्ता गयको कटाई वाकि रहेको र ९९ साल श्रावणदेखि २००० साल आषाड सम्मको बालि तलववाट जम्मा हुन आएको दाम र यस काम्को खर्च औ फायदा स्मेत्‌ देहायमा लेखि सवाल वमोजिको तेरीजी फाराम स्मेत राखि जाहेर गरेका छौं – – – – –

२००० साल आषाड सम्ममा जम्मा भयको दाममा श्व आषाड सम्मको जनाउले खर्च भै सकेको र खर्च हुने कट्टि गरी वाकि कायमिको सावा मोहरू तेह्‌ लाख सत्रहजार चारसय बयालिस रूपंया पचास पैसा – – – –

२००० साल आखाड सम्ममा जम्मा भएको दाममा श्व आषाढ सम्मको जनाउंले खर्च भै सकेको र खर्च हुनेकट्टि गरी वाकि कायमिको सावामोहरू तेह्‌ लाख सत्रहजार चारसय वयालिस रूपैया पचास पैसा – – १३१७४४२।५०

साविक वाकिमा पछिका जनाउंले खर्च भयको र घटवढ हुने मिलाई वाकि कायमि ठहरेको मोहरू – – – – – – – – –१०२२२६०।

९९ साल श्रावण देखि २००० साल आषाडसम्मको कट्टि मध्ये

मोहरू – – – – – – – – – – – —— २९५१८२।५०

वालिबाट कट्टि भयको मोहरू – – – – – – – – १७७७९।

तलविवाट कट्टि भयको मोहरू – – – – – – – –२९५१८२।५०

वालीवाट कट्टि भयको मोहरू – – – – – – – – १७७७९।

तलविवाट कट्टि भएको मोहरू – – – – – – – –२७७४०३।५०

साविकको थप मध्ये २००० साल आषाड सम्ममा खर्च भयको र हुने कटाई वाकि कायमि ठहरेको थप मोहरू यकलाख तेह्‌ हजार तिनसय छ रूपैया यकान्नवे पैसा – – – – – – – – – – –११३३०६।९१

यो सालको आयस्ता मोहरू छयालिस हजार वयासि रूपैया वाउंन्न पैसा – – – – – – – – – – – – – ४६०८२।५२

साविक वाकि मोहरू ७३६०।४६ लेखियकोमा तेसमध्ये महुतरी रेलवेवाट

आयको नोट् रू. ३५०० सनद वमोजिं सदर मूलकि खानामा श्वधभर्ना मयकोले स्व नोटरू ३५०० को सैंका २८ ले हुने मोहरू ४४८०। कट्टी गरीवाकी २८८०।४६ मा पछीका जनाउंले घटिबढी हुने मिलाई कायमि ठहरेको मोहरू २९४५।७ यो सालको लगानि भयका रूपैयाको आउने सुद व्याज नोट रू. ३३६८३।। ११ को सैंका २८ ले हुने मोहरू — — — — ४३११५।१९

पास वुक हरायमा आयको जरीबाना मोहरू — — — — २२।२६

तेसमध्ये खर्च सवाल वमोजि साविक मिटिङ कायमभैं गयाकोमोरू २१८६।३८

बाकि कायमि मोहरू — — — — — — — ४३८९६।१४

यस काम्को तलव मसलन्द खर्च मोरू पचपन्नसय रूपैया सतासि पैसा ५५००।८७

वाकि अठतिस हजार तिनसय छयान्नवे रूपैया सात पैसा — — ३८३९६। ७

हाकिम सुव्वा सोमराज जोसि - - - १

त. नाडी चेतमान अमात्ये - - - - १

ईति सम्वत् २००० साल ... गते रोज... शुभं - - - - - - -

साउनको लेखा प्रतिवेदन

सैंनिक द्रव्यकोश अडिटर आफीसका हाकीं मे. क. नरेन्द्रवाहादुर साहा डिल्ली वजारले चढाएको रिपोट् — — — — — — —

उप्रान्त ९१ साल आश्वीं १७ गतेका खड्ग निसाना सनद वमोजिम यस अडामा ठेक्किएका कांदार कारिन्दाको सैनिक द्रव्य कोशवाट तलव खाने ज्वां ६ को कम्यांडरी किताप खाना दर्ता भए वमोजिम रकं कट्टी भै खान पाउने वर्ष १ को खाग्गी मोहरू १०४१।६० मध्ये भर्ना गर्न वाकी ज्वां १ को मोरू १९३।८० कट्टी गरी वाकी पाउने ज्वां ५ को मोरू ८४७।८० मा २००० साल श्रावण १ गते देषि ऐ मसान्त तक मैह्ना १ को तलव मोरू ७०।६५ सत्री रूपैया पैसठी पैसा चार्हिछ यस्मा तपसिल वमोजिम कट्टी गर्नु पर्नें र श्री ३ माहाराजका हजुरमा लाग्ने सलामी र श्रेस्ता अदालतको कट्टी स्मेत कट्टी गरी वाकी पाउने मोरू तपसिलमा लेषिया वमोंजि दुरूष्त छ फरक छैन फरक पारि लेषिदिएको ठहरे अँसवाल वमोजिम वुझाउला जो मर्जि–

वषसिल

… ·· असामी … …	रकं कट्टी भैखान पाउने वर्ष १ को खान्गी मोरू	ताके सैह्ला १ को	तेस्मध्ये श्री ३ माहाराजको तलामी	श्रेस्ता अदालतको	वाकी पाउने ज्मा मोरू
त. मु. भगवतिप्रसाद पाध्या डिल्लि बजार	३४२।	२८।५०	–	–	–
ना. रा. कृष्णप्रसाद गोंतामी	१९३।८०	१६।१५	–	–	–
नौ. यादव राज पाध्या	१३२।	११।	–	–	–
नौ. फत्येवाहादुर श्रेष्ठ	१३२।	११।	–	–	–
ट. पुर्ण महर्जन	४८।	४।	–	–	–
भर्ना गर्न बाकी					
ना. रा. १ के	१९३।८०	—	–	–	–
	१०४१।६०	७०।६५	–	–	७०।६५

ईति सम्वत २००० साल भाद्र १ गते रोज ३ शुभम् – – – – – – – – – – – – –

* * *

सैनिक द्रव्यकोषमा रकम भर्ना गर्ने

सैनिक द्रव्यकोसका हाकिम् कारिन्दाले पुर्जिहेरी तपसिल्का पल्टंपट्टि नंवरका जागीरदार खाली भएको जनाउ आए वमोजिम खान नपाउने मैह्नाको कट्टि भयेको रूपैया तपसिल्का मिति मितिमा सदर मुल्कीखानाको सर्व रकम्मा दाखिल भएका देखिन आयकोले श्व वढी दोहरा दाखिल भयको रूपैया सर्व रकमवाट झिकी सैनिक द्रव्यकोसमा भर्ना गर्नु पर्ने वेहोरा सैनिक द्रव्यकोसका हाकि कारिन्दाले हाम्रा हजुर्मा विन्तिपार्दा जाहेर भयो तसर्थ स्व वमोजिम गर्नालाई मोहरू ४। चार रूपैया सैनिक द्रव्यकोसका हाकि जिम्मा जिम्मावारी खर्च लेखि दिने काम गर भंने २०००।६।१३।४ मा कौसितोसाषानाका नाउंमा श्री नानी कम्यांडर इनचीफको स्हीनीसान्नी परेको हाम्रो ठुलो छाप लागेको सनद भै गएको हुनाले तेस अड्डालेपनि श्वही वमोजिम गर्ने कां गर – – –

तपसिल

राजदल पल्टं ८।११ सि ललितवाहादुर खड्का पूर्व १ नंवर ठोकर्पा फाँसिथली २००० साल वैशाख २६ गते गैरे जेष्ठ १२ गते खाली भन्ने ककी दर्ताफाटको आषाड ३ गते रोज ५ मा जनाउ आयाकाले गैर परेको वैसाक मैह्नाको तलवि फाराममा कट्टि भयको रूपैया जागीरदारले खान नपाउने भै २००० साल आषाड ६ गते रोज १ मा सदर मुल्कीखानाको सर्व जकम्मा दाखिलभै सकेपछि फेरी २००० साल आषाढ २९ गते रोज ३ मा श्वहीे रकमै दोहरा दाखिल भयको मोहरू दुई रूपैया – – – – – –२।

राजदल १०।४६ सि वीरवाहादुर वस्न्यात् का. इ. गोकर्ण २००० साल जेष्ठ १० गते गैर ऐ २६ गते खाली भन्ने क. कि. दर्ताफाटवाट २००० साल आषाड २२ गते रोज ३ मा जनाई आई गैर परेको जेष्ठ मैह्लाको तलवि फाराम्मा कट्टी भएको रूपैया जागीरदारले खान नपाउने हुदा श्व जेष्ठ मैह्लाको मात्र सदर मुल्कीखानाको सर्व रकममा दाखिल गर्नु पर्नेमा २००० साल आषाड २९ गते रोज ३ मा दाखिल गर्दा आषाड मैह्लाको तलवि फाराममा कट्टी नभयको स्मेत सर्व रकंमै बढी दाखिल भएकाले श्व बढी दाखिल भएको २००० साल आषाढ मैह्लाको मोहरू दुई रूपैया– -- – – – –२।

४।

ईति सम्वत् २००० साल आश्वीं २८ गते रोज ५ शुभम् – – –

रकम भर्ना गर्नें

सैनिक द्रव्यकोसका हाकिम् कारिन्दाले पुर्जि हेरी तर्पासिलका पल्टनका ज्वानहरूको खान नपाउने तलववाट कट्टी भयको वदर हुने भै तपसिल्मा लेखिया वमोजिम सदर मुल्कीखानाको सर्व रकंमा दाखिल भएको मोहरू ४। चार रूपैंया तपसिलमा लेखिए वमोजिमको कारणले मुल्कीखानाको सर्व रकंमा दाखिल गर्नुनपर्ने दाखिल भएको हुदा श्व रूपैया सर्व रकंवाट झिकी सैनिक द्रव्यकोसमा भर्ना गर्नु पर्ने वेहोरा सैनिक द्रव्यकोसका हाकि कारिन्दाले हाम्रा हजुरमा विन्तिपार्दा जाहेर भयो तसर्थ श्व वमोजिम गर्नालाई मोहरू ४। चार रूपैया सैनिक द्रव्यकोसका हाकि जिम्मा जिमावारी खर्च लेखि दिने कांमर भंने २०००।७।२२।१ मा कौसीतोसाषानाका नाउंमा श्री नानी कम्यांडर इनचीफको स्हीनीसाना परेको हाम्रो ठुलो छाप लागेको सनद भै गयको हुनाले तेस अड्डाले पनि श्व वमोजिम गर्ने कांगर– – – – – – –

तपसिल

[सुज्यें ३।६० सि जीतवाहादुर लिम्बु पुर्व धंकुटा ९९ साल आषाड १५ गते हिन्दुस्थान हाजिर हुनु पर्ने नभयकोले श्वही आषाढ १५ गतेका मितिले गैर खाली गर्नु भन्ने श्री पकज साहेवको दस्षत भै आय मुताविक खाली भएको भंने कर्कीदर्ताफांट २००० साल आषाढ २२ गते रोज ३ मा जनाउं दियकोले निजको श्व ९९ साल आषाढ मैह्नादेखि २००० साल आषाढतक वर्ष १।१ सम्म मैह्नाको रू २। का दर्ले कट्टी भयको मोहरू २६। छविस रूपैया श्व जनाउ

वमोजिम खान नपाउने भै २००० साल आषाढ २९ गते रोज ३ मा सदर मुलकिखानाको सर्व रकममा दाखिल भैसके पछि २००० साल आषाढ मैनाको १ नं फाराम्मा श्व ज्वांको कट्टि वदरभै जंगीवाली तलव जाच अड्डाको स्हीछाप परेको देंखिदा के कारणले वदर भयको भनि लेखि वुझेमा श्व ज्वानको तलवि फाराम्मा खाली कट्टी भएको भन्ने जवाफ दियकाले लेखिय वमोजिम आषाढ मैह्नाको सदर नभयको द्रव्यकोसकट्टि मोहरू २। स्मेत तोहरू २६। दाखिल हुदा वढी दाखील भयको देखिन आयको मोहरू दुई- - २ - -

९९ साल माघ मैह्नाको तलवि फाराम्मा सेर ७।५ सि गणेसवाहादुर नगरकोटी पौष ५ गते गैर २१ गते खालि भंन्ये जनि आएकोले निजले खान नपाउन्ये पौष मैह्नाको तलववाट मोहरू २। द्रव्यकोष कट्टि भयको वदर हुने देखियकोले फागुण २४ गते मुलुकी खानाको सर्व रकम्मा दाखिल भयकोमा निज गैर खाली भयेको नभै सेर ७।४ सि गणेशवाहादुर खत्री पौष ५ गते गैर २१ गते खाली भन्या कर्की दर्ताफाटवाट जनाउ आयको र सेर ७।५ सि गणेसवाहादुर नगरकोटी खडंरही निजले श्व पौष मैह्नाको तलव खाई सकेको जंगीवाली तलव जाचको ज्वाफ आयको हुदा श्व तलववाट द्रव्यकोस कट्टि भएको सदर हुने भएकाले दाखील गर्नु नपर्ने दाखील भयको मोहरू दुई - - - -२

ईति सम्वत् २००० साल कार्तिक २९ गते रोज १ शुभम् - - -

प्रमेसरीनोट व्यांकमै राख्ने

श्री पु. क. ज. वाट

सैनिक द्रव्यकोशका हाकिं कारिन्दाले पुर्जि हेरी इम्पेरियल वेंकमा रहेको सैनिक द्रव्यकोशको करेण्ट अकाउंण्टको मौजदातवाट रू ३३००० को जी. पी. नोट षरिद गर्ने सो व्याङ्कलाई लेषि वक्सेकोमा करेन्ट अकाउण्टको मौज्दात २९७६९९६ र न पुगेको व्याङ्कवाटै गयको २७६५९६ समेत ज्मा नोट रू ३२५३४ षर्च गरो सं. १८४२।४३ को सैका ३।। दर्ले सुद आउने तपसील वमोजिमको ३३००० को जी. पी. नोट षरिद भो भन्ने ईम्पारियल व्याङ्कवाट चिठी आयेको हुनाले करेण्ट यकाउण्टका मौजदातवाट र नपुगेको व्याङ्कवाटै षर्च भयेको व्याङ्कलाई भर्ना दिनु पर्ने स्मेत वेहोरा जनाई व्याङ्क तर्फको हिसावमा मिलाई नोट रू ३२५३४ वतिस हजार पानसये चौतिस रूपैया येक आना षर्च लेषि सो षरिद भयको ३३००० को जी. पी. नोट कित्ता ५ आमदानी वाधी सो प्रामेश्वरी नोट् ईम्पीरियल व्याङ्कमै राषने गरी वक्सेकोले व्याङ्क जिम्मा षर्च लेषी तेस्को स्टकसर्टिफिकेट आयेपछि कितापमा आमदानी वाधी सदर मुलुकीखाना दाषिल गरी राष्नेकांगर– – – – –

तपसिल

ज्मा षरिद भयको कित्ता ५ को प्रमेश्वरि नोट रू – – –३३०००

नं सीए ०१७९५ को कित्ता १ को रू– – – –२५०००।

नं २३०७४८ को कित्ता १ को रू– – – – १०००।

नं सीए ०१८७७९ र ८० को कित्ता २ को रू १००० ले रू– २०००।

नं सी ए ०१५८०८ को कित्ता १ को रू – – – ५०००।

सो कितापको प्रमेश्बरी नोट रू ३३०००। षरिद गर्दा लागेको खर्चनोट रू३२५३४

जी. पी. नोट् ३३००० को द्र ९७॥ ले पर्ता– – – ३२२३६॥

सो नोटको अघिको व्याज नोट रू २९१।।। ४ मा इन्कं

टचाक्स ७६९४ कट्टि गर्दा बाकि गयेको – – – २१५।।।

कमिसन – – – – – – ८१।

ईति सम्वत् २००० साल मार्ग ३० गते रोज ४ शुभम् – – –

जमानीको मंजूरनामा

लीखीत्म नगोले रत्नमान गुरूं पु १ नं वुगाथली आगे कावा मेक जयवहादुर गुरूंको तलबवाट कट्टीभै सैनिक द्रव्यकोसमाज्मा भैरहेको रूपैया निजको स्वास्नी गणेसकुमारी हस्ते तिम्री ज्मानीभै फिर्ता दिलायेकोमा हिसावमा भुलपरी मोहरू १००। येकसये वढी गयेको देषीयकोले फिर्ता असुल गर्न पठायमा फेला नपरी घरतर्फ गएको वुझियकोले तिमी जमानी भै फिर्ता गएको सो रूपैया दाखिल गराई देउं भनी श्रावणदेषि मार्ग तक मैह्ना ५ को दर रू २४। ले रू १२०। हुनेमा २२०। लेषीई मोहरू १००। वढी गयको ३ नंवर लेजरवुक फायल स्मेत देषाई मलाई वुझाई भया होलाई श्व रूपैया निज मेर्जानि गणेश कुमारीले ति घरतर्फ गएकिले लेषापढी गरी झिकाई फिर्ता दाषिल गरी दिउला भनी मेरा मनोमानी खुसि राजीसंग मंजूरनामाको कागज लेषी सैनिक द्रव्यकोसमा चढाया सम्वत २००० साल माघ २८ गते रोज ५ शुभम् – – – –

म्यादभित्र जाहेर गरी सवाल गराई लिने

स्वतिश्री मदति प्रचण्ड भुजदण्डेत्यादी ओजश्वी राजन्य प्रोज्ववल नेपाल तारा अतुलजोतिर्मय त्रिशक्तिपट्ट अतिप्रवल गोर्षा दक्षिणा वाहु पृथुलाधिश श्री श्री श्री महार'ज जुद्धसम्मेर जंगवहादुर राणा जी सी वी जिसि यच जि सियल जिसी यस आई जिसियन यल जीसीयस यस यम यल जीसी आई ई जिफे आई यितेङ पावटिङ सुन चियान लुचुयान स्याङ च्याङ्ग आनेरी जनरल वृटिश आर्मी आनरेरी कर्णेल अफ अल दी गोर्षा राइफल रेजिमेन्टस इन्डियन आर्मी प्राइमिनिष्टर याण्ड सुप्रिम कम्याण्डर इन चीफ कस्येरूवका — —

स्वस्तिश्री मद्राजकुमार कुमारात्मजश्री सुप्रदिप्त मान्येवर नेपालतारा सुविख्यात त्रिशक्तिपट्ट सुप्रसिद्ध प्रवल गोर्खा दक्षिण वाहु श्री कम्याण्डर इन चीफ जनरल पद्म शम्शेर जंगवाहादुर राणा जिविई केसि यस आई केसि आइइ यष्टी आरके नेपाल प्रताव वर्धक कस्येपत्रम् — — —

आग्ये सैनीक द्रव्यकोसका हाकिम कारिन्दाके यथोचित उप्रान्त सनद रिपोट निकासा दिने वारेको मु. स. को २० दफाले सालवसाली काम गर्ने सनद भै आउनासाथ १५ दिं भित्र सकल गराउनलाई जाहेर गर्नु पर्ने हुदा श्व वमोजिम गरी आयकोमा अव विचार गरी हेरेमा सो साल वसालीकांको सनद निकासा गर्दैमा सो सनद गर्ने अड्डाहरूवाट सवाल वनाउने मु. अ. अंस फाट्लाई अडर दी सनद नपठाई श्व कुरा को सवाल भै आयेमा सनदवाट सवाल गर्न जाहेर गरी रहन नपर्ने र निकासा गर्ने अड्डालाई पनि कांको हानी नभै दोहरो

तेहरो फी नपर्ने र सबै अड्डाखानालाई सुविस्ता र मसलंदको पनि हानी नहुने हुनाले जाहेर गरेको छु श्व वमोजिम गरिवक्सन जो तवविज भनि मुलामि माल्ले जाहेर गरेकोमा साल वसाली कुराको सनद गरी नपठाउने सवालै गरी पठाउने मुनासिव ठहराइ पा. वं. रिपोट फाटले तोक लेखेको ने. पा. री. नि. ले सदर गरी पठायाको विचार गर्दा सालवसाली कुराको सनद भै आयेवाट भैरहेको सवाल थप घट गर्न पर्ने हुन आएकोमा र छुट्टै सवाल गराई लिनालाई समेत सनद भै आयेका १५ दिन भित्र जाहेर गर्नु भंने मु. स. सनद रिपोट निकासा वारेको २० दफामा लेखियेको स्व वमोजिम थप सवाल गराउन समेत जाहेर गरी पठायाका अड्डाहरूको लेखिय वमोजिम सवाल भै जाने गरेको र रिपोट लेखाइ वमोजिम सालबसाली कुराको सनद गरी नपठाई सवालै गरी पठाउनालाई गर्नु पर्ने काम र वाधा अडकाउको कारण समेत फुकाई रूल नियम स्मेत लेखि सनद भै गै श्व सनद वमोजिम कामकाज गर्न वाधा अडकाउ पर्ने नपर्ने स्मेत केही बुझी वाधा अडकाउ हानि नोक्सानी केही नपर्ने देखिये पछि श्व वमोजिम सवाल गर्नलाई जाहेर गरी सवाल गराई निकासा भै रहेकोले सो वमोजिम नगरी अव साल वसाली कुराको ठाडै सवाल गरी पठाउने भनि विन्ति चठाउनु मुनासिव नपरेकोले भैरहेका सवाल वमोजिम गर्नु पर्छ अरू थोक निकासा हुन सक्तैन भनि पठायेपनि हुने देखिन्छ तर तेसो भंनालाई पनि सबै तेस्तो किसिको सनद जाने नभै कुनै कुनै सालवसाली कांको सनद गरी नपठाई सवालै गरी पठाये पनि हुने निकासा भै जाने भयेकोले रिपोट लेखाई विलकुलै वेमुनासिव भंन नभयेको र महलदारीवाट सवाल भै गयेपछि तेस्तो साल वसालिको कुराको सनद भै गयका अड्डाखानाहरूमा कुनै कुनैले सनद सवाल गराई लियको देखियेको धेरै अड्डाखानाहरूले सो मुस सनद रिपोट निकासा वारेको २० दफा वमोजिम सवाल गराउन जाहेर गरेको नदेखिनाले सवाल वमोजिम जरिवाना गरी पठाई सवाल गराउन जाहेर गर्नु भनी अड्डाको पुर्जि लेखि पठाई दिनु भन्नालाई पनि महल दारीवाट सवाल भै गएपछि भै गएका साल वसाली सनदहरूवाट सवाल गर्नु पर्ने यति भंने फाट् जाहेरी नआई

ठेगाना नलाग्ने हुनाले लेखिया वमोजिम सवाल गर्न पर्ने १ सनदको १ रिपोट् गरी यो निकासा पुगेका ३५ दिन भित्र जाहेर गरी सवाल गराई लिनु लेखिय वमोजिम नगरे ठहरे माफिक जरिवाना भै आंउने छ यो निकासा भै आये पछिको तेस्तो सालवसाली कुराको सनदको सवाल गराई लिनु पर्ने जति सवालका स्याद भित्र जाहेर गरी सवाल गराई लिनु सो सवालका स्याद भित्र सवाल गराउन जाहेर नगरे सवालै वमोजिम जरिवाना गरी पठाउनेछ भंने सारा अड्डाखानाका नाउमा सनद थरी पठाई दिनु भंने २००० साल फागुण १९।५ मा श्री ३ महाराजको ठुलो छाप को कम्यांडर इनचिफ साहेवको सही निसानावाट सदर गरी वक्सेको हुनाले सो वमोजिम गर्नु गराउनु भंन्या सैनिक द्रव्य कोसका नाउँमा सनद गरी वक्सनु पर्ने ठहरायुं जो मर्जि हुकुम भनि मुलुकि अड्डा अँन्सवाल फाटका हाकिं कारिंदाले हाम्रा हजुर्मा विन्ता पार्दा जाहेर भयो तसर्थ श्व ठहरायेको हामीवाट सनद गरी वक्सेको छ सो वमोजिम गर्ने काम गर इति सम्वत २००० साल चैत्र ४ गते रोज ५ शुभम् – – – –

बढी फिर्ता भएको रकम दाखिला

सैनिक द्रव्यकोस अडीटर वाट सैनिक द्रव्यकोसके

पुर्जि

उप्रान्त मे. क. जयवहादुर गुरूंको मोरू १९१४।९५ फिर्ता दीदा मोरू १००। वढी फिर्ता षर्च लेषी गयेकोमा धंनजमानीले रत्न मान गुरूंलेनै सो बढी गएको मोरू १००। फिर्ता दाषिल गर्न ल्यायेको भन्ये सम्म मात्र तेस अडाका रषोटवाट थेखीयकोले वुझनु पर्दा लेखिंछ सो रूपैया तेस अडाको ४ नं स्याहामा कुंसाल मितिमा आंदानी वाधीयेको हो श्रेस्ता हेरी जवाफ दिने कांम भए वेस होला सम्वत २००० साल चैत्र... गते रोज .. शुभम् – – – –

बढी गएको रकम फिर्ता भैसकेकोले डण्डगर्नु नपर्ने

सैनीक द्रव्यकोशवाट चढायेको रिपोट – – – – – –

उंप्रान्त तेस अडाको २००० सालको श्रेस्ता जाच्दा मे. क. जयेवाहादुर गुरूंको येही श्रावणदेषी मार्ग तक दरवंदी वमोजिम कट्टी भै २०००।८।३० मा म षा भन्ये ३ नं फारांमा जनीयको र पौष १९ गतेमा निज जागीरदारको स्वस्नी गणेश कुमारी हस्ते सावा मोरू १६९५। थप मोरू २१९।९५ ज्मा मोरू १९१४।९५ षर्च लेषि गयेको देषियेको निजको साल सालको कट्टी ज्मा हेर्दा सावा मोरू १५९५। थप मोरू २१९।९५ स्मेत ज्मा मोरू १८१४।९५ मात्र कट्टी भयको सोही ३ नं फारांवाट देषीयेकोले कट्टी भये भन्दा मोरू १००। येकसये रूपैंया षर्च लेषी दियेको देषीदा सो वढी षर्च लेषीयेको वीगो मोरू १०० बीगो वमोजिम दण्ड मोरू १००। स्मेत ज्मामोरू २००। आमदानीवांधी जनाइ दिने काम गर भन्ये स्मेत वेहोराको अडीटरवाट पुर्जि भै आयेको यो ३ नं लेजरवुकमा २००० साल श्रावण देषी मार्ग तक मैह्ना ५ को मैह्ना १ को मोरू २४। का दर्ले मोरू १२०। हुनेमा कारिन्दाका भुलवाट मोरू २२०। लेषीयेकोवाट सावा मोरू १६९५। थप मोरू २१९।९५ स्मेत ज्मा मोरू १९१४।९५ कायें हुन जादा सोही वमोजिम फिर्ता षर्च लेषी गयेकोले बढी गयेको मोरू १००। फिर्ता असुल गर्नं पठायेमा निज मेजर्नी फेला नपरी निजको घर पूर्व १ नं वुगाथली तर्फ गयेको वुझियेकोले निजको धंज्मानी हुने ले रत्नमान गुरूंलाई षवर गर्दा निज आई श्रेस्ता हेरी भुलले मोरू १००। बढी गयकै रहेछ फिर्ता झिकाई दाषील

गरी दिन्छु भनी दाषील गर्न नल्याउंदा नीज मेजर्नी गणेश कुमारीसंग तुरुन्त असुल गरी पठाई दिनु भनी पुर्व १ नं गोश्वारालाई पुर्जी स्मेत भै गैरहेकोमा येही चैत्र १ गते २ मा निजले रत्नमान गुरुङलेनै फिर्ता दाषील गर्न ल्यायेकोले सो वढी गयेको मोरू १००। येक्सये रूपैया ४ नं को फारांमा आमदानी वांधी श्व रूपैया पक्राउ नगर्नु भनी पुर्व १ नं गोश्वारालाई जनाउ पनी गैसकेको तेस्तो कारिन्दाको भुल परी वढी गयेको रूपैया मा लेषीये वमोजिमको कारवाई गरी फिर्ता असुल भै आमदानी वाधी तहवील दाषील भै सकेको कलंमा डण्ड गर्नु नपर्ने हुदा जाहेर गरेका छौं सोडण्ड मोरू १००। येक्सये रूपयामा प्रकाउ गर्नु पर्दैन भन्ये यो रिपोट सदर गरी पाउ जो मर्जी – – – –

सुवा सोमराज जोसी डील्लीवजार – १
त.ना.डी. चेतमान अमात्ये ल.पु. छापेवहाल– १
रा. देवकृष्ण श्रेष्ठ पु २ नं दोलषा – – १

ईति सम्वत २००० साल चैत्र ११ गते रोज १ शुभम् – – –

सैनिक द्रव्यकोषलाई पचास पैसा जरिवाना गर्नें

श्री पु.क.ज.वाट

यो रिपोटमा लेखिएको वेहोरा अडिटर मार्फत जाहेर भयो सो बढी खर्च लेखेको मोरू १००। येक सये रूपैया साल २०००।१२।१ मा असुल गरी आम्दानी वांधी तहविल दाखिल भैं सकेकोले सो गल्ती काम गरे मा सैनिक द्रव्यकोस अड्डालाई मोहरू ।५० पचास पैसा जरिवाना गरी सो दण्ड मोहरू १००। यकसये रूपैया को पक्राउ काडी दिने काम गर ईति संवत २००० साल चैत्र १३ गते रोज ३ शुभम् – – – – – –

निरञ्जन प्रसाद श्रेष्ठको विन्तिपत्र

विन्तिपत्र

उप्रान्त महाराज करूणा निधान बयासागर धर्म औतार प्रभु, जागिरदारहरूको जागिर छउन्ज्याल आफ्नु दर्जा अनुसार रहनु परी जुनसुकै दर्जावाल लाई पनि मैह्ला, मैह्लाको तलब मैह्ला मैह्लालाई खर्च ठिक हुने जागीर छुटेपछि तेसमानिसलाई ठुलो पीर मर्का परी आयको वेहोरा सरकारमा जाहेर हुँद्रा जंगीतर्फ पल्टनियां जवानहरूले ऐले पाईरहेका खान्गीवाट केही रूपैया शैनिक द्रव्यकोसमा जम्मागरी नोकरी छुटेपछि जीविकाको बाटो रही सुविस्ता हवस भन्ना निमित्त ९१ सालमा शैनिक द्रव्य कोश अफिस खडागरी वक्सेबाट हाल राम्रो वन्दोवस्त भैसकेको, निजामति तर्फको द्रव्यकोस खडागर्ने बारे आजसम्म केही वन्दोवस्त नभएको र अड्डा अड्डाका हाकिं कारिन्दाहरूले वहाल टुटेपछि अरू ईलम रोजगार गर्नालाई रूपैयां बिना कुनै काम पनि नचल्ने भै अन्त्यमा जीविकाको वाटो नपाई दु.ख पाई रहनु पर्ने हुनाले जंगीको सरह निजामतिको पनि द्रव्यकोस खडा भए हुंदो हो भन्ये निजामती जागीरदार धेरै को राय भएको वुझीएकोले सो निजामती तर्फको द्रव्य कोस खडा गर्ने विषयको वन्दोवस्त लाई तावेदारको छोटो वुद्धिले देखेको कुरा तपसिलमा खोली विन्ति चढाएको छु प्रभु जो मर्जि हुकुम

तपसिल

सो निजामती द्रव्यकोसमा राख्ने रूपैया कट्टी गर्ने हक्मा जंगी तर्फ कट्टी

गर्ने गरी आएको दामासाहिले देहाए वमोजिमका दरले कट्टी गरी राख्ने वन्दोवस्त गरी वक्सनु पर्ने देखिएकोले जंगी तर्फ कट्टी गर्ने दरवन्दी र अब निजामती तर्फ कट्टी गर्ने दरवन्दी समेत देहायमा लेखिए बमोजिम कट्टी गर्नु पर्ने मुनासिव देखिएकोले जाहेर गरेको छु प्रभु जो तजवीज – – – –

जंगीतर्फ शैनिक द्रव्य कोसमा कट्टी गर्ने दरवन्दी

असामी	मैह्ला १ के	वर्ष १ के
कम्याण्डर कर्णेल के	–७५।–	९००।–
चिफ कर्णेल बृगडियर कर्णेल के	–७०।–	८४०।–
कर्णेल के	–६४।–	७६८।–
लेफटीनेन्ट कर्णेल के	–३६।–	४३२।–
मेजर कप्तान के	–२४।–	२८८।–
कप्तान के	–१२।–	१४४।–
लेफटेन, सेकीन लेफटेन, सुनकातोडा लाउने ऐटम के	–१०।–	१२०।–
चाँदीका तोडा लाउने ऐटन, ईनशाईल मेजर सुवेदार के	५।–	६०।–
जमादार के	३।–	३६।–
हवल्दार अमल्दार के	२।५०	३०।–
सिपाही वानादार के	२।–	२४।–

निजामती तर्फ द्रव्य कोस कट्टी पर्नु गर्ने देखिएको

असामी	मैह्ला १ के	वर्ष १ के
वडा काजीके	–७५।–	९००।–
काजीके	–६४।–	७६८।–
जज सरदार खजान्चीके	–३६।–	४३२।–
मीरसुब्बा, मुलुकी सुव्वाके	२४।–	२८८।–
सुव्वाके	१६।–	१९२।–
नाएव सुव्वाके	१२।–	१४४।–

खरिदार डिट्ठा के ६ सयदेखि माथि खानेके	१०।–	१२०।–
६ सय सम्म र ६ सय देखि माथि के	८।–	९६।–
विचारी मुखिया के	५।–	६०।–
राइटर के	४।–	४८।–
नायव मुखिया नायव राइटरके	३।–	३६।–
वहिदार नौसिन्दा के	२।–	२४।–

लेखिए देखि बाहेक अरू दर्जाका जागिरदार के

३ हजार, ३ हजार देखि माथि खानेके	३६।–	४३२।–
३ हजार देखि मुनि १६ सय देखि माथि खानेके	२४।–	२८८।–
१६ सय खानेके	१६।–	१९२।–
१६ सय देखि मनि १२ सय सम्म खानेके	१२।–	१४४।–
१२ सय देखि मनि ६ सय सम्म ऐ	१०।–	१२०।–
८ सय देखि मनि ६ सय सम्म ऐ	८।–	९६।–
६ सय देखि मनि ४ यस सम्म ऐ	५।–	६०।–
४ सय देखि मनि ३ सय सम्म ऐ	४।–	४८।–
३ सय देखि मनि २ सय सम्म ऐ	३।–	३६।–
२ सय देखि मनि खानेके	२।–	२४।–

सो निजामती द्रव्य कोस कट्टी गर्ने रूल सदर मोफसल गैह्र ठाउँमा चलाउनु पर्ने मुनासिव थियो तर शुरूको काम हुँदा हाललाई नतिजा निमित्त सदर नेपाल ४ भन्ज्याङ्ग भित्रको मात्र लेखिए बमोजिम द्रव्य कोस कट्टी गर्ने रूल चलाई सके पछि मोफसल तर्फको वन्दोवस्त पनि गर्दै रहे हुने भै सदर ४ भन्ज्याङ्ग भित्रको मात्र चलाउनलाई शैनिक द्रव्य कोस को काम राम्रो हिसाव संग चलिसकेकोले यो निजामति द्रव्य कोस पनि सोही अड्डामा गाभी केही मद्दत थप गरीदिए पनि काम चल्ने जस्तो देखिन्छ । तर निजामती द्रव्य कोस पनि शैनिक द्रव्य कोस कै मुकाविला हुन आउने र निजामती तर्फ फाराम चलाउने

बन्दोवस्त भैनरहेको खाली तलव झिक्नेमा पनि त्रुटिङ केही नभएकाले लेखिए वमोजिम गाभी दिदा स्रेस्ता बोर भै जंगी तर्फ समेत को स्रेस्ता गोलमाल हुन जाने सम्भव भएकाले केही मदत वढीनै ठेक्नु परेपनि छुट्टै निजामती द्रव्य कोस अड्डा खडा गरी वक्सेका खण्डमा राम्रो हिसावसंग काम चल्ने देखि एकाले निजामती द्रव्य कोस छुट्टै खडागरी वक्सनु पर्ने र मदत मसलन्द ठेकी दिने हकमा शैनिक द्रव्य कोसलाई ठेकी रहेका दामासाहीले देहाए वमोजिम ठेकी वक्से पुग्ने देखिएको हुँदा जाहेर गरेको छु प्रभु जो तजवीज १२

सैनिक द्रव्य कोसलाई ठेकी रहेको तलव मसलन्द–

हाकिम सुवा १ के मोरू	१६००।–
मुखिया १ के	५००।–
राईटर ४ के दर ३००।– ले–	१२००।–
नायव मुखिया १ के	२४०।–
तहविल्दार १ के	३००।–
ना. रा. ४ के दर २०४।– ले	८१६।–
नौसिन्दा ४ के दर १३२।– ले	५२८।–
टहलुवा १ के	४८।–
	५२३२।–
मसलन्द के रू.	१०००।–
मोरू	६८।–
बिछ्याउना टेबिल वेन्चहरू आलमाडी शेफ देशी फाईल कागज ईत्यादि के १ पटक मात्र दिने के रू–	१०००।–
मोरू	२२०।–
६।६ वर्षमा दिने विछ्यौना के मोरू	७५।–

अब निजामती द्रव्यकोसलाई ठेकी वक्सनु पर्ने तलव मसलन्द

हाकिम खरिदार १ के मोरू	८००।–
तहरिर मुखिया १ के	३६०।–

राईटर १ के	३००।–
ना. मु. १ के	२४०।–
तहविल्दार १ के	२४०।–
ना. रा. २ के दर २०४।– ले	४०८।–
नौसिन्दा २ के दर १३२।– ले	२६४।–
सिपाही २ के दर ७२।– ले	१४४।–
टहलुवा १ के	४८।–
	२८०४।–
मसलन्द कं. रू.	५००।–
मोरू	३४।–
विछौउना टेबुल वेन्चहरू आलमाढी शेफ देशी फाईल कागज ईत्यादि के १ पटकमात्र दिने कं रू	१०००।–
मोरू	२२०।–
६।६ वर्षमा दिने विछचौना के मोरू.	७५।–
विछचौना टेविल वेन्चहरूले आलमाडी शेफ देशी फाईल कागज मसी समेत ईत्यादि के १ पटक मात्र दिने कं. रू.	१०००।–
मोरू.	११०।–
६।६ वर्षमा दिने विछचौना के मोरू.	४०।–

सो वमोजिम निजामती द्रव्य कोसलाई मदत मसलन्द ठेकी वक्सेमा सर्कारको नोक्सान जस्तो देखिन्छतापनि सो द्रव्य कोसमा कट्टी भै आयाको रूपैयाँ वैंकमा वा अरू व्याजमा आउने कुनै काममा लगाई साल वसाल सांवा सुद् वढदै जाने हुनाले पैह्ला दोश्रा सालसम्म सरकारको केही नोक्सान भै तेश्रा चौथा साल देखि व्याजैले कारिन्दा मसलन्द खर्च पुग्न आई केही वर्ष वाद सर्कारको फाईदै हुन आउने र यसतर्फ निजामतीका जागिरदारहरूलाई वहाल टुटेपछि जीवीकाको वाटो रही सुविस्ता हुने देखिन्छ प्रभु जो तजवीज ——३

सो निजामता द्रव्य कोस कट्टी गर्नेमा सर्कारी समेत रकं कलंवाट २।३ वर्ष मात्रको पनि खान्गी रोक्का र खान्गीवाट्ट कट्टी होइरहने तेस्ताजवानसंग सो द्रव्य कट्टी गर्ने समेत देखिन्छ तर जंगीतर्फ शैनिक द्रव्य कोसमा जम्मा भैरहेका रूपैयाँ राजकाज लगायत कुनै किसिमको खतवात कसुर गरेमा होस सर्वस्व हुने कसुर औ सर्कारी रकंकलं लिनमा समेत कट्टी र हरण नहुने नगर्ने र अंसियार भाई छोरा कसैको अंस हक समेत नलाग्ने वन्डा पनि गर्नु नपर्ने साहुहरूको दावा नपुग्ने गरी वक्सेको हुनाले निजामती तर्फपनि सोही वमोजिम गर्ने र सरकारी वांकी समेत रकंकलंवाट खान्गी रोक्का र खान्गी कट्टी होई रहने जवानसंग पनि दर्शन भेट सरसलामी रकं कट्टी गरी आया सरह सो द्रव्य कोस कट्टी गरी वांकी खान्गीमा मात्र रोक्का र सोही वांकी खान्गीवाट सरकारी वांकी कट्टी गर्ने समेत वक्सनु पर्ने – – – – – ४

जंगीतर्फ जमादार सिपाही वानादारसम्मलाई द्रव्य कोसमा राख्न कर नलगाउने आफू खुसी राखे मात्र राखन दिने गरी वक्सेको हुनाले निजामती तर्फपनि साल्को तलव रू. ३००।- भन्दा घटी खाने जवानलाई कर नलाउने आफूखुसी राख्छ भनेमात्र राख्न दिने गरी वक्सनु पर्ने – – – ५

अरू यस विषयको कामकुरालाई जंगी तर्फ शैनिक द्रव्य कोस खडाभै राम्रो काम चलि सकेको हुनाले निकासाको हकमा शैनिक द्रव्य कोसलाई भैरहेको हेरी बुझी जो चाहिने सनद सवाल दरबन्दी गरी निजामती द्रव्यकोस खडा गर्ने तजवीज मिलाई जाहेर गर्नु भन्ये वन्दोवस्ती अड्डालाई प्रमांगी वक्से जंगी सरह निजामती जागिरदारहरूको पनि द्रव्य कोसमा विस्तार विस्तार रूपैयाँ जम्मा भै नोकरी छुटेपछि पनि सोही वचत रूपैयाँवाट यौटा ईलम रोजगार गरी जिवं त्रिती चलाउन पाई सर्कारको ठूलो शुयस् स्थापित हुने थियो प्रभु जो मर्जि हुकुम — — — — — — ६

तावेदारले पुराना ६ पाठ बुझाई ८९ साल फाल्गुन १ गते देखि सरकारको अड्डाखानामा नोकरी गरी बनाउने अड्डा, भुकम्पा अड्डा सातातिर्थ छोटी भन्सार भै काठमाडौं गोश्वरा भंसार अड्डामा मो. रू. २०४।- को ना.

रा. दर्जासम्म खाई ९९ साल आषाढ ३ गते यस राज्य जाजरकोट मालमा रू. ६००।– को हाकिं, खरिदारमा सरूवा बढुवा गरी वक्सेकोले सरकारको निमकको साफो चिताई कामकाज गरी आएको छु। तावेदारको जाहेरी मुनासिव ठहराई निजामती द्रव्य कोस अड्डा खडा गरी वक्सेको खण्डमा सो निजामती द्रव्य कोसको हाकिममा तावेदारलाई सरूवा गरी वक्से काम गर्न चलाउन सक्छु प्रभु जो मर्जि हुकुम — — — — — — ७

ईत सदा तावेदार सहर का. ई. ह्नचौखा टोल
घर भै हाल जाजरकोट वस्ने ख. निरन्जन
प्रसाद श्रेष्ठको कोटि कोटि कुर्णेश कुर्णेश ––३

ईति सम्वत २००० साल चैत्र १६ गते रोज ३ शुभम — — —

काम बढेकोले बजेट बढाउने

सैनिक द्रव्य कोषबाटः-

यस्मा सोधनी भएको देखाएका कुराको जवाफ देहाय मै लेखतपठाई दिनेकाम भएको छ आउदो श्रावण महिना देखिनै काम गर्नु पर्ने हुंदा अडकाउ ढिला नहुने गरी चांडो चाहिने निकासा गराई दिनेकां हवस - - - - - -

५०० भंदा घटी षाने जागीर दार संग कुन कुन दर्जा को कति दर्ले कट्टी गरी राख्न मुनासीव पर्छ भंने हकमा - - - - - - - - - - - - - - -

५०० भन्दा घटी ४०० सम्म षाने मुखीया विचारी राइटर तहविलदार समेत दर्जा दर्जा संग मैन्हाको - - - - - - - - - - - - - - - ५।-

४०० भन्दा घटी ३०० सम्म षाने ऐं - - - - - - - - - - ३।-

३०० भन्दा मुनि २१० सम्म षाने ना. मु. रा. समेत ऐं- - -२।५०

तेस मनि मैन्हा का १२ सम्म षाने वहिदार नौसिंदा समेत दर्जा का जागीरदार संग मैन्हाको - - - - - - - - - - - - - - - -२।-

सदर भएका दरवन्दी वमोजिम तलव षाने संग मैन्हा मा खाली षांगी षाने संग नगदी वाली वाट वर्ष को यकै पटक एक मुष्ट कट्टी गरी गर्ने समेत द्रव्य कोषका नाउमा गरी वक्सेका सवालै वमोजिम कट्टी गर्ने — — —

सावीक भन्दा कति को वडन आउछ भन्ने हकमा निजामति तर्फ ५०० सम्म षानेले द्रव्य कोषमा दां राख्न पाइने गरी वक्सेकोमा ४८६ जवान ले राख्न मंजुर गरी कां भैरहेको मा ५०० भन्दा घटी खाने हरूमा ककस्ले राख्न

मंजुर गर्छन् भनि हाजीर गोश्वारा मार्फत बुझी आएकाले फांटवारी वाट ५४१ जतिले हालै देखी राख्न मन्जुर भएकोले सावीक भंदा डवल दोवर भन्दा पनि बढी काम पर्न आउने र पछि साल सालै द्रव्य कोषमा दाम राख्ने ज्वां बढदै गै कां पनि साल साल बढदै जाने देषीन्छ — — — — — —

सो कां वडे अनुसार मदत मसलंद समेत मुनासिव माफीक के कती थप चाहिन्छ भन्ने हकमा अघिनै ५०० सम्म खाने जवान ४८६ को काम गर्न ठेंकी दरवन्दी भैरहेको यस अड्डालाई तहरीर के जंगी तर्फ बाट षानेमा थप रू. १०० तहवीलदारके ५७ जनां जवान २ के ४१७ मसलन्द ७८ जम्मा रू. ५९२ र ऐं अडीटरलाई तहरीर के जंगी तर्फवाट षाने मा थप १०६।५० नौसीन्दा १ के थप ३९ ममलन्द १२ जम्मा १५७।५० कौषी तोसा षाना के नौसिन्दा १ के १३२। मसलन्द रू. ६। समेत जम्मा मोहरू ८८७।५० निकासा भएको हाल काम बढेको ले यसै साल देषी थप चाहिने यस अड्डालाई मोहरू – –४४९।–

तहरीर के सावीक षान्गीमा रू. ६००। मा थप चाहिने मोरू – १००।–

तहविलदार के ऐं — — ३६० मा ऐं — — — — ४०।–

नीजामती तर्फ द्रव्य कोष रहने निकासा हुंदा ठेकीयका राईटर षांगी मो. रू. ३३६ मा थपने मुखीया दर्जा गरी दिन थप चाहिने मो. रू. — — — — — — ६४।–

नया थप वहीदार के रकम कट्टी भै षान पाउने मोरू — — २०९।–

मसलन्द — — — — — —३६।–

मिति सदर अरू अड्डा अड्डा लाई के कति चाहिन्छ सोही अड्डा बुझ्नु –

जाहेर गर्नें

श्री कम्यांडर इनचीफवाट

सैनीक द्रव्यकोस् अड्डाका हार्कीं कारीन्दाले पुर्जी हेरी जङ्गीतर्फकोसरह नीजामतीको द्रवेकोस् षडागर्नें वन्दोवस्त वारे दफा दफा षोली जाजरकोट् राजेमाल् अडा को ष. नीरंजं प्रसाद श्रेठ्ठले जाहेर गरेको वींतीपत्रमा चीठीजाहेरी नीक्सारीवाट येस्मा जो गर्नु पर्ने गर्नु भंने तोक्क लगाई मुल्की अड्डा अंसवाल फांठमा पठायको वेहोरा जाहेर भयेको हुनाले सो वींतीपत्र स्मेत् येसै साथ पठाई दियेकोछ जंगी तर्फको सरह नीजामतीको तर्फको पनि द्रवेकोस कायेम गरी तेसै अडामा गाभी काम् चलाउने वा नीजामती को छुट्टै षडा गर्नें औ नीजामती तर्फको द्रवेकोस षडा गर्न मील्ने नमील्ने समेत् केही तज्वीज् गरी ठहराई तालुक वन्दोवस्त अड्डा मार्फत् जाहेर गर्नें काम् गर ईति सम्वत् २००१ साल जेष्ठ ८ गते रोज १ शुभम् — — — — —

निजामतितर्फको कोष कट्टी गर्ने

सैनिक द्रव्येकोसवाट चढायको रिपोट— — — —

उप्रान्त जंगी तर्फको सरह नीजामतीको द्रव्यकोश षडा गर्ने वन्दोवस्त वारे दफा दफाखोली जाजरकोट राज्य माल अडाको ष· निरंजं प्रसाद श्रेष्ठले जाहेर गरेको वींतीपत्रमा चीठि जाहेरी नीक्सारीवाट यसमा जो गर्नु पर्ने गर्नु भंन्ये तोक लगाई मुलुकी अडा अैंसवाल फांट्मा पठायेको वेहोरा जाहेर भयेको हुनाले सो वीन्तीपत्र स्मेत यसैसाथ पठाई दिएको छ जंगीतर्फको सरह नीजामती तर्फको पनी द्रव्येकोस कायें गरी तेसै अड्डामा गाभी काम चलाउने वा नीजामतिको छुट्टै षडागर्ने औ नीजामति तर्फ को द्रव्यकोस षडा गर्न मील्ने नमीलने स्मेत केही तजविज गरी ठहराई तालुक वन्दोवस्त अडामार्फत जाहेर गर्ने काम गर भंन्या २००१ साल जेष्ठ ८ गते रोज १ को १ छापे वक्सभै आयाको सो वीसय श्री प. क. ज. साहेवको हजुर्मा जाहेर गर्दा नीजामती तर्फको पनी द्रव्य कोष षडा हुनु वेस हो पल्टं तर्फ को वाली तलवी फारां द्रव्यकोशमा आई द्रव्य कोश कट्टि गरी जंगीवाली तलवमा गएपछि सो कट्टी भया को रूपैया सदर-मूलुकिषाना द्रव्यकोशरकंमा दाषिल गर्ने भै चली आये सरह नीजामति तर्फको पनि तलवि रीपोट् द्रव्यकोशमा आउने सो रीपोटमै द्रव्यकोश कट्टि गरी पठाउने तलव षर्च लेषी षुवाउने अडाले सो द्रव्यकोश कट्टि भएको रूपैया सदर मुलुकी षाना द्रव्यकोस रकंमा दाषील गर्ने गरे मीलब सकने र सैनीक द्रव्य कोशमै गाभी कां चलाउने वा छुट्टै षडा गर्ने हकमा पल्टंतर्फको कामलाई

ठेकियाको मदतवाटै भ्याउन नसक्ने हुनाले थप मदत चाहिने यो यति चाहिंछ भननालाई कुं दर्जा सम्मको के कति ज्वान्ले दां राषने हो सो यकिं नभै अंजाम हुन नसकने व्यहोरा जाहेर गर्नु भन्ने मर्जी वक्सेकाले नीकासा वक्से मुताविक गर्ने ठहराई जाहेर गरेका छौ जो मर्जि हुकुं — — — —

सुव्वा सोमराज जोसी	—	१
नाडी चेतमान अमात्ये	—	१

इति सम्वत २००१ साल जेष्ठ...गते रोज शुभं — — — —

* * *

सोधनी

मुल्की अड्डा अंसवाल्फांटवाट　　　क. कि.. दर्ताफांटके

पुर्जी

उप्रान्त नीजामतीको द्रवेकोस् षडागर्ने वंदोवस्तबारे सैनिक द्रवेकोस्ले जाहेर गरेका रपोट्को निकासालाई वुझ्नुपर्दा लेषने काम भयेको छ सदर ४ भंन्ज्याङ भित्रका जागीरदारहरू मध्ये सीविल तर्फ वडाकाजीदेषी मुषियासम्मका दर्जाको जम्मा जवान् कति छ सो मध्ये कुं कुं दर्जाको कति कति छ डाक्टर माष्टर प्रोफेसर ईत्यादि दर्जाहरूमा ३६०। देषी माथी षाने जवान्हरू के कति ज्वान छ सो र मुषिया देषी मुनिका दर्जाको पनि फांट तेरीज वढाई राषेको भये तेस्को पनि फाँट लेषी तुरून्त पठाई दिने काम् भये वेस्होला ईति सम्वत २००१ साल् आषाड् १२ गते १ शुभम् -- — — — — -

जबाफ

सैनिक द्रव्यकोशवाट

यस्मा तप्सीलमा लेखिया बमोजिं दर्जा र थप बक्सनु पर्ने देखिन्छ — — —

तपसील

असामी — —	रकँकट्टी नभयको साविक	हालथप	जम्मा	रकंकट्टी	खानपाउने तेमध्येसैनिक तर्फबाट	निजामति तर्फबाट		अववक्सनु पर्ने दर्जा
सैनिक द्रव्यकोकतर्फ								
तहरीर नाडी १ को	५००।	१००।	६००।	५११५०	५४८।५०	४४८।५०	१००।	खर्दार मुखिया
यहवीलदार राइटर १ को	२००।	६०।	३६०।	१८।	३४२।	२८५।	५७।	
नयांथप राइटर १ को		३००।	३००।	१५।	२८५।		२८५।	
नयांथप नौसीन्दा १ को		१३२।	१३२।		१३२।		१३२।	
		५९२					५७४।	
मसलन्द —	—		—	—		—	१८।	
							५९२।	

अडितर तर्फ

तहरिर मुखिया १ को	३६०।	१४०।	५००।	५१।५०	४४८।५०	३४२।	१०६।५०	ना. डी.
नौसिन्दा १ को	१३२।	४८।	१८०।	९।	१७१।	१३२।	३९।	वहिदार
मसलन्द	—	—	—	—	—	—	१४५।५०	
							१२।	
							१५७।५०	

कौसिवोसाखाना तर्फ

नया थप नौसिन्दा १ को		१३२।		१३२।		१३२।	१३२।	
मसलन्द	–	–	–	–	–	–	६।	
							१३८।	
ज्मा मोरू आठसय सतासी पचास पैसा					--		८८७।५०	

तलव मोरू – -- ८५ मसलन्द मोरू ३६

ईति सम्वत २००१ साल … … गते रोज… शुभम् – – – – – – – – – –

卐

दरबन्दी माग गर्ने

मुल्की अड्डा अँसवाल्फांटवाट सैनिक द्रव्यकोस्के

पुर्जी

उप्रान्त नीजामतीको द्रवेकोस्कट्टी गर्ने वंदोवस्त जाहेर गर्नालाई कीताप्षाना बुझदा वडाकाजी देषी डीट्ठा षरदार ना. डी. हाकी स्मेत् गरी सदरका ज्बान् ३८४ भनि फांट्वारी लेषी पठायेको हुनाले हार्की डीट्ठा षरदार ना. डी. सम्मको र तेसदेषी माथिको ज्वान् स्मेत् गरी जंमा ज्वान ३८४ को द्रव्येकोस कट्टी गर्ने भयेमा सो काम् तेसै अड्डामा गाभी निजामतीको फांटसम्म छुटयाई काम् गर्नालाई सो काम्के कतिसम्म मद्दत मसलंद निकासा भये काम् चल्छ मनासीव माफिकको फांट्लेषी तुरूतं पठाई दिने काम भये वेस्होला ईति सम्वत् २००१ साल् आढ् २७ गते रोज शुभम् - - - - - -

फरक परेको मिलाउने

सैनिक द्रव्ये कोश का हाकिं कारिन्दाले पुर्जि हेरी २००० साल आश्विव कार्तिक को पेस्फी फारां चलिसकेपछि भाद्र ३१ गते नम्वर चेन्ज हुने जवान् ३ ले १ नम्वर फाराम वाट चल्नेको तलव षाने नभै ३६ नं फारां वाट षाने हुंदा सो मैह्लाको १ नं. तलवि फाराम चलि आयेकोमा काप्र ८।३९ सी तिर्थ वहादुर गुरूं १७ नं. सवा भन्ये लेखियको नम्वर को अंकफुली ३९ को २९ नं जस्तो देखियको ले सोही काप्र ८।२९ सी दिल वहादुर गुरूं को आसिं कार्तिक मैह्ला को खानपाउने तलव वाट कटी भयको मोरू ४।– चार रूपैयां भनि लेखि २०००।७।२५ मा सदर मुलुकी षाना सर्व रकंमा दाखिल भै सकेपछि फाराम भिडाउंदा सो १७ नं मा सर्वाहुने जवान २९ नं को नभै ३९ नंवाट १७ नं मा सर्वा भयको देषियको हुनाले दाखिल गर्नुपर्ने काप्र ८।३९ नं तिर्थ वहादुर गुरूं को दाषील नभै काप्र ८। २९ सी दील वहादुर गुरूंको आसिं कार्तिक को मोरू ४।- चार रूपैया सदर मुलुकी षाना सर्वरकमा दाषिल भयको हुनाले सो रूपैया सर्वरकम वाट झिकी सैनिक द्रव्य कोश रकंमा दाषिल गर्नुपर्ने हुनाले सो वमोजिं श्रेस्ता मिलाउनालाई मोरू ४।- चार रूपैयां सैनिक द्रव्य कोष का हाकिं जिम्मा जिम्मावारी षर्च लेषी दिनु भन्या २००१।३।१५।४ मा कौसी तोषाषानाका नाउमा सनद भैसकेको हुनाले तेस अडाले सोवमोजीम गरी श्रेस्ता मिलाउने काम गर ईति सम्वत २००१ साल आषाढ ३० गते रोज ५ शुभम् – –

सैनिक द्रव्य कोषको हिसाव

सैंनिक द्रव्यकोसवाट जाहेर गरेको — — — —

यस सैनिक द्रव्य कोसमा रहेको दाम फायदा हुने कांमा लगाई आयेको फायदामा यस काम निमित्त रहने मद्दत को खर्च मध्ये पलटंवाट अड्डाखानावाट काज खटी आउने हाकीं अफिसर हुदा सिपाही वाहेक अरू कांदार कारिन्दाको तलव मसलन्द खर्च कटाई जो वाकी रहन्छ श्व दाम राषने हरूलाई नै दामासाहीवाट ठहरे वमोजिं थप दिने गरी वक्सेको छ वर्षको १ पटक आयको फायदा र यस काम्को खर्च औ वाकी वचोट समेत देखिने गरि मिटींमापेस गरी यति थप दिनु भंन्ये कार्यें गराउनु भन्ये सवाल्को २७ दफा मा र थप पाउने हिसाव गर्दा वाली दसैं किस्तावाट आउनेलाई डवल र तलववाट मैह्ला मैह्लामा कट्टी हुनेलाई आधा पाउने गरि मिलाई अंक निकाली थप पाउने अंक येकीन गर्नु भन्ये सवाल्को ३२ दफा लेखि तेस पछी ९२ साल आश्वीण २७ गते १ मा सैनिक द्रव्यकोसमा राखेको दामको आयस्ताको हिसाव गर्दा हामिवाट कांदार कारिन्दाको तलव खर्च र मसलन्द खर्च कटा गर्नें हुकुं नवक्सेमम्म आयको फायदामा कट्टा नगर्नें गरी वक्सेको हुनाले तलव मसलंद कौसितोसाखानावाट भर्ना लिनु भन्ये खड्ग निसानावाट रपोट सदर गरिवक्सेको र परार साल कोसिवाटै तलव खाने गरी मना भै अडिटर को काम्मा खटिरहेको मे. क. नरेन्द्रवहादुर साहको तलव कौसिवाट खर्च भएको सवालले कट्टी गर्नु नपर्नें हुदा द्रव्यकोसवाट खर्च भएको कांदार कारिन्दाको तलव मसलंद खर्च आयस्तालेनै

पुगने भयेकोले तलव मसलंद खर्च कौसिवाट भर्ना लिनु पर्दैन भन्ये हुकुं वक्सेको हुनाले २००० साल श्रावण देखि २००१ साल आखाड सम्ममा कट्टा भएको मध्ये फिर्ता गयेको कटाई वाकी रहेको र २००० साल श्रावणदेखि २००१ साल आखाडसम्मको वाली तलववाट जम्मा हुन आयको दाम र यस कामको खर्च फायदा समेत देहायमा लेखि सवाल वमोजिं को तेरिजी फाराम समेत राखी जाहेर गरेका छौं — — — — — —

२००१ साल आषाडसम्ममा जम्मा भयेको दांममा श्‌व आखाड सम्मको जनाउने खर्च भैं सकेको र खर्च हुने कटी गरी वाकी कायमीको सावा मोरू पन्द्रलाख दसहजार येक्सये त्रीयासी रूपैया १५१०१८३। सावीक वाकीमा पछीका जनाउले खर्च भएको र घटवढ हुने मीलाई वाकी कायमि ठहरेको
मोरू — — — — — — १२०६१९६।५०

२००० साल श्रावण देखि २००१ साल आखाडसम्म को कट्टी मध्ये
मोरू— — — — — — ३०३९८६।५०
वालीवाट कट्टी भएकोमोहरू — — — — १४२४३।
तलविवाट कट्टी भयको मोहरू — — — २८९७४३।५०

सार्वीकको थप मध्यें २००१ साल आखाड सम्ममा खर्च भएको र हुने कटाई वाकी कार्यमि ठहरेको थप मोरू यकलाख चालिस हजार पांचसये सन्तान्नवे
रूपैया छैंसठी पैसा — — — — १४०५९७।६६
यो सालको आबस्ता मोरू येकसठी हजार चौरान्नवे रूपैया उनान्चास-
पैसा — — — — — — ६१०९४।४९
साविक वाकी मोरू ११९९३।८४ मा पछिका जनाउले घटीवढी हुने मिलाई
कायमि ठहरेको मोरू — — — — १२०१८।१६
यो सालको लगानी भयेको रूपैयाको आउने सुद ब्याज नोटरू ३८३२४२ को
सक्रा २८ ले हुने मोरू — — — — ४९०५४।८२
पास बुक हरायमा आयेको जरिवाना मोरू — — — २१।५१

तेसमध्ये खर्च सवाल वमोजिं सवीक मीटीङ्कार्यें भै गयको मोरू १८२०।४९

वाकी कायमी मोरू — — — — — ५९२७४।

यस कामको तलव मसलंद खर्च मोरू — — — ५३७५।६१

वाकी त्रीपन्न हजार आठ सय अन्ठान्नवे रूपैया उनंचासिसपैसा ५३८९८।३९

हाकीं सुव्वा सोम राज जोसी — १

ना. डी. चेतमान अमात्ये — १

ईति संवत २००१ साल... गते रोज... शुभं — — —

रिक्त पद पूर्ति गर्ने

मुल्की अडा अँसवाल फाट्वाट जाहेर गरेको रपोट् — — — —
उप्रान्त सैनीक द्रव्यकोशको कांलाई मुक्रर गरी वक्सेको ट्रष्टीहरूमा षाली भयका ज्वां ४ को सट्टामा देहायका ज्वां मीलाउने गरी कौशल मार्फत जो चाहिने सनद गराई लीनु भंन्या श्री प. क. ज. साहेववाट र्मजि वक्सेको जंगी अड्डाले लेखी पठायकाले लेखने कां भयको छ सो वमोर्जी जो चाहीने सनद् चाडो गराई पठाइ दीने कां हवस भंन्या शीर वेहोरामा र तेस्को तपसील मा कर्णेल नर्सिङ वहादुर वष्नेत १ ले. क. खड्ग वीक्रमसाहा. १ ले. क. धर्मवहादुर सिं १ पृन्सपल मृत्युंजय १ स्मेत् ज्वां ४ को नाउलेषी २००१ साल आषाढ २७ गते रोज २ मा सैनीक द्रव्य कोशवाट लेषौट् भै आयेको हुनाले सो वर्मोजि सनद सवाल गरी दीनालाई वुझदा सो लेषौटमा ट्रष्टीहरू षाली भयको ज्वां ४ चारको सट्टा मा देहाय का ज्वांनलाई मीलाउने भंन्या सम्म लेखीयाको यो यो ज्वां ४ खाली भयाको सट्टामा सो ज्वां ४ मीलाउने भंन्या स्मेत केही नषुलेकोले सैनिक द्रव्य कोश वुझेमा क भक्तवहादुर वस्नेत १ सर्दार हरीगोपाल १ क. क. डम्वर शम्शेर थापा क्षत्रि १ ले. क. अनन्त शम्सेर थापा क्षत्रि वस्नेत जना ४ षाली भयकोले सो ज्वां ४ को सट्टामा तपसील्का ज्वां ४ लाई ट्रष्टीमुकरर गर्नु पर्ने भनी ज्वाफदीयेको हुनाले यो र्मजि वक्सेको लेषी आये वमोजीं वाली भयका ट्रष्टीहरू ज्वां ४ को सट्टामा तपसील्का ज्वां ४ चार लाई राषी नीजहरूले अघि मुक्रर भयका ट्रष्टीहरूले गरी आये वमोजीं कांगर्ने गरी मुकरर गरी दीने गर्न

मुनासीव देषीनाले जाहेर गरेका छौं. नीकासाका हकमा सो सैनिक द्रव्यकोसको कांलाई मुकरर गरीवक्सेको ट्रष्टीहरूमा षाली भयका ज्वां ४ को सट्टामा देहायका ज्वां ४ चारलाई ट्रष्टीकार्यें गरीवक्सेवो छ नीज मुकरर भयका ट्रष्टीहरूले अघि साविक ज्वांहरूले गरी आये वमोजीं सवाल सनदको रीतपु-याई तोकियको दीन हाजीरभै सोवीसयेमा भयका सवाल सनद वमोर्जीकां काज गर्नें गराउने गर्नु भन्या यो रीपोट् सदर गरी वक्स्येपछी लेषीया वमोजीं नीज मुक्रर भयका तपसिल्का ट्रष्टीहरूका नाउँमा स्मेत जो चाहीने सनद् गराई पठाई लेषीया वमोंजि गर्नें गराउने गर्नु भनी यो रिपोट् सैनीक द्रव्य कोशमा पठाउन जंगी अडामा पठाई दीने ठहरायूं जो मर्जि हुकुं — — — — — — -

तपसिल

कर्णेल नर्सिङ वहादुर वस्नेत – – – १ ले. क. खड्गविक्रम शाह — —१
ले. क. धर्मवहादुर सिं — – — १ पृन्सपल मृत्युञ्जये — — –१
श्री गुरू प्रोहीत अक्यूत राज पंडीतज्यू — - — — –१
सुव्वा कृष्ण वहादुर — — — — –१
ना. सुव्वा. ईन्द्रमान्सी — — — — –१
मुषीया रत्न प्रसाद — — — — ––१
ईति सम्वत २००१ साल श्रावण गते रोज शुभं — —

जाहेर भए नभएको खोल्ने

सैनिक द्रव्यकोसवाट   मुल्की अडा अँसवाल फाट्के

पुर्जी

उप्रान्त नीजामती तर्फ द्रव्यकोशको कांलाई रकंकट्टी नभयको मोहरू ९४८।मा रकं कट्टी भै वाकी मोरू ८८७।५० आठसैसाढेसतासी थप चाहिने फाट् जवाफ लेषी पठायको सो फाट् श्री पुकज साहेवका हजुर्मा जाहेर भय नभयको नबुले काले जाहेर नभयको भया जाहेर गरी मर्जि वक्सेको लेषी पठाई दिनु भंन्या तेसअडाबाट पुर्जी भै आयको स्मेत जाहेर हुदा अघि लेषी पठाय वमोर्जी षांगी थप र नयांभर्ना स्मेत मदत मसलंद चाहिने ठीक छ भंन्या मर्जि वक्सेको हुदा भयको वेहोरा लेषीनेकां भयको छ ईति सं २००१ साल् श्रावण १९ गते रोज ५ शुभम्— — — — — — —

ख. निरंजन प्रसाद श्रेष्ठको आर्को विन्ति पत्र

विंतीपत्र

उँप्रांत माहाराज्करूण नीधान् प्रभु तावेदारले नोकरी गरेको सदर मोफसल् वरी अर्छीन १२ वर्व पुगीसक्यो ९९ साल्मा जाजरकोट् राजेमाल्को मोरू ६००। को हाकि षरीदारमा वक्सेको वहाल्सम्म सोही माल्मा रही काम्काज् गरी आयेको छु प्रभु जो नीगाहा.

सदरका नीजामती जागीरदारहरूको पनी जङगीसरह द्रवेकोस्कट्टा गर्ने वन्दोवस्त गरी १ हाकींमा पाउँ भनी तावेदारले दफा षोली जाहेर गरी पठाएकोवाट सुंकातोडालाउँने र ना. डी. हाकींसम्मको द्रवेकोस् कट्टी गर्ने गरी सो काम् सैनीक द्रवेकोस्मै गाभी दिने वन्दोवस्त हुन लागेको छ भंने वुझियेको हुनाले तावेदारको चीत्तमा लागेको कुरा जाहेर गरेको छु प्रभु जो नीगाहा.

सो वमोजि वंदोवस्त भयेमा वडाकाजी देषी सुंकातोडालाउने सम्मका दर्जाको मात्र कट्टा हुने अरू डाक्टर माष्टर ईन्जीनियेर वभरसियर पंडीत मीस्त्री स्मेत् ईत्यादीको कट्टा नहुने भयेको र पेंसन्को वंदोवस्त हुंदा लेषीयेका दर्जाले पनि षान्गीको ६ षंडको १ षंड पेंसन् पाउँने भयेकोले येस्मा पनी देसीमानीस् वाहेक अरू ६००। सम्म षाने र तेस्देषी वढी षाने ज्वान्जतीको पनी षान्गी अनुसार द्रवेकोस्कट्टी गर्ने वन्दोवस्त गरी वक्से लेषीयेका ज्वानहरूको पनि षाहाल् टुटेपछि जीविकाको वाटो रही सरकारको जय मनाउँदा हुन् प्रभु जो तज्वीज्.

सो वमोंजि वन्दोवस्त गरी यो काम् सैनिक द्रवेकोस्मै गाभी वक्सेका षंडमा हाकीं यौटै भयेपनी तहरीर २ हायें गरी सैनिक फांट् र सिविल् फांट छुट्याई सैनिक फांटमा हाल् ठेकिरहेकै तहरिर काम्दार कारिंदा कायें गरी सीवील् फांट् तर्फ तहरिर के मोरू ६०० वा ५०० गरी र ना. रा. १ के २०४ नो १ के १३२! को मद्दत ठेकी वक्से जङ्गी निजामतिको हिसाव् छ्यास्मिस् हुन नपाई छुट्टाछुट्टै हिसाव् कायें रही गोल्माल्नभै रूलकाईदा मुताविक रांम्रो हीसाव्संग काम् चल्दो हो प्रभु जो तज्वीज्.

सो वमोजिम् वन्दोवस्त गरी वक्सी सीवील फांट् तर्फको तहरीरमा तावेदारलाई सरूवा गरी वक्से सरकारका पाउको सेवा गरी उँमेद वडाई काम् चलाउँदा हुं प्रभु जो निगाहा.

सो वमोंजि नभै दुवै तर्फको काम्लाई यौटै तहरीर कायें गरी सिविल तर्फको काम्लाई १ फांट सम्म थप् हुने भये सो थप हुने फांटलाइ मोरू ४००। को मु १ र १३२। को ना ना. १ ठेका वक्सी सो मोरू ४००। को मुषीयामा तावेदारलाई सरूवा गरी वक्से षानगी घटे पनि पाउको सेवा गरी उँमेद वढाई काम् गर्दा हुं प्रभु जो निगाहा.

हरफमा कम् वेसी भयाकोमाफ पाउँनाको आधारमा छु प्रभु जो निगाहा.

ईती सदा तावेदार काई. ह्लोषा टोल् घर भै हाल् जाजर
कोट् राजेमाल् अड्डाका ष. नीरंजन् प्रसाद श्रेष्ठको
कोटी कोटी कुर्णेस् कुर्णेस् – – – ३

ईती सम्वत् २००१ साल् श्रावं... गते रोज... शुभम् – – –

निर्व्याजी सापटी लिने दिने

सैंनिक द्रव्य कोशका हाकिम कारीन्दाले पुर्जिहेरी सैंनिक द्रव्य कोशमा जम्मा गर्ना निमित्त मैह्ला मैह्लामा कट्टीभै आयाको दाम आर्कों मैह्लाको १५ गते सम्म लगानी गर्नु पर्ने सवालगरी वक्सेको मैह्ला मैह्लामा लगानी गर्नु भन्दा ५।७ मैह्लाकौ यकै पटक लगानी गर्नामा राम्रो र हरहिशाबलाई समेत सजिलो पर्ने जाहेर हुंदा सैंनिक द्रव्य कोशको ज्माभयपछि सोधभर्ना गर्ने गरी सालसालै नीक्सा वक्सीयेको ९९ साल मार्ग १ गते २ का खड्गनिसाना वमोजिम सापटि आयाको नोट रू २००००० दुईलाष सापट सोधभर्ना भैसकी श्रावण २३ गते तकको सैंनिक द्रव्य कोशको सदर मुल्की षना मा मो रू. ६५३३५।७१ पैसट्ठी हजार तीनसय पैंतीस रूपैया यकहत्तर पैसा मौजदातै भयाको र श्रावनको तलव र भाद्र आश्विं को पेश्की समेत बाट करीव मोरू ८० हजार समेतजम्मा मोहरू १४५००० करीव भाद्रै मैह्लामा मौजदात हुन जाने वहोरा समेत जाहेर भयो सो मौजदात र अव कट्टिभै सैनिक द्रव्व कोशमा ज्माहुन आउने रूपैयां बाट श्रीनानी पु. क. ज. का दस्षत वमोजिम सापट सोधभर्ना गर्ने गरी सैनिक द्रव्य कोशको लगानी गर्नालाई नोट रू २५०००० दुईलाख पचास हजार नीरव्याजी सापटी दिने लिने गरी निक्सा वक्सेको छ पब्लीक रकंबाट सापटी षर्च लेखी सैनिक द्रव्य कोशका श्रेस्तामा आम्दानी वाधी सो नोट रू २५०००० दुईलाख पचास हजार हालै सैनिक द्रव्य कोशको हाकिं जिम्मा जिम्मावारी षर्चलेषी दि सैनिक द्रव्यकोषको मौजदात ज्माहुन आयपछि लेखिया वमोजिम सोधभर्ना गरी श्रेस्ता मिलाउने कांगर भंने सदर मूल्कीषानाका नाउमा २००१।४।२०।२ मा खड्गनिसाना भै सकेको हुनाले तेसअड्डाले पनि सोवमोजिम गरी श्रेस्ता मिलाउने कांगर, ईति सम्वत २००१ साल भाद्र ६ गते रोज २ शुभम् – – –

* * *

निजामती तर्फको कोष कट्टी गर्नें

क. फि. दर्ता फांटबाट

यस्मा लेषीयाका नीजामती तर्फका लेषीयाका ज्वानहरूको फांट तपसिलमा लेषी पठायाकोछ–

तपसिल

वडाकाजी–	१	काजी–	– १	सर्दार	– ११
मिसुवा–	– ९	सुवा–	– ५४	नासुबा	– ३९
षरीदार–	–१३९	डीठा–	– ८९	नाडिठा	– २८
हाकिम –	– १३	मुखिया	–१८८	प्रृन्सपल	– २
हेडमाष्टर	– ४	प्रोफेसर	– १७	माष्टर	– ६१
डाक्टर --	– ३३				

मिति सदर .. ..

यस्मा डाक्टर माष्टर ईंजिनियर वभरसियर पंडित मिस्त्री स्मेत ईत्यादीको कट्टा नहुने भयेको पेन्सेन्को वन्दोवस्त हुदा लेषीयका दर्जा ले पनि षांगोको ६ षन्डको १ षन्ड षान पाउने भयेका ले विदेसी मानिस वाहेक अरू ६०० सम्म षाने र तेस देषी वढी षाने जवान जतिको पनि द्रव्यकोस कट्टी गर्नें गरी वक्से जिविकाको वाटो रहने सैनिक द्रव्यकोसमै गाभी वक्से पनि सिविल फांट छुटयाई सिविल तर्फ तहरिरके ६००।५०० गरी वा मोहरू ४००० को फाट वाला

मुषियामा तावेदारलाई सरूवा गरी पाउं भनि निज षर्दार नीरंजन प्रसाद श्रेष्ठले बिंतिपत्र चढाई पठायाको वेहोरा स्मेत जाहेर भयो सिवील तर्फका १ दफामा लेषियदेषि वाहेक अरू सवै दर्जाका जागिरदार मध्ये विरान मुलुकका मानिस वाहेक सरहदिया मानिस सदर चार भन्ज्याङ भित्र अड्डाखानामा वर्ष १ कोषांगी रू ५००। र तेसदेषि वडी षाने सवै जागिरदारमा मंजुर हुने जतिको पनि द्रव्यकोस कट्टी गर्ने गरी वक्सेको छ षांगीको अंक अनुसार दर्जा मिलाई १ दफामा लेषीया वमोजिमका दर्ले कट्टी गर्ने गर्नु सो देषी मनीका जागीरदारहरूको हकमा हाललाई द्रव्यकोस कट्टा गर्नु पर्दैन यस्को नतीजा हेरी पछी जाहेर गर्नु षर्दार नीरंजन प्रसाद श्रेष्ठ जाहेर वाला हुनाले नीजलाई सरूवा गरी राषनु वा अरूवाट काम गराउन श्री छोरानानी पु. क. ज. को तजवीज मीलटरीकोमा यो सिविलको गाभनु हुंदैन छुटयाई काम गराउनु अरू सदर ईति सम्वत २००१ साल भाद्र १३ गते रोज २ शुभम्– – – – – –

फाँट छुट्याई काम चलाउने

मुल्की अड्डा अैंसवाल फाटवाट वोलेको

यो मुल्की अड्डा अैंसवाल फाटनं २४० को सैनीक द्रव्य कोसको रीपोट अैंसवाल वमोजि जाचदा यो जंगीतर्फको सरह नीजामति को पनो द्रव्यकोस खडा गर्ने वंदोवस्त वारे जाजरकोट राजेमालका ष. नीरंजन प्रसाद श्रेष्ठले दफा दफा षोली वींतीपत्रमा यस्मा जो गर्नु भंन्या चीठी जाहेरी नीक्सारीवाट यस अड्डामा आयेको हुनाले नीजामति तर्फ द्रव्यकोस षडा गर्न मील्ने नमील्ने के हो राषन मील्ने भया तेसै अड्डामा गाभी काम चलाउने वा नीजामती तर्फ को छुट्टै षडा गर्ने के हो तजवीज गरी जाहेर गर्नु भंन्या १ छापे भै आयेकोले सो कुरा तालुकवाला श्री पु. क. ज. साहेवका हजुर्मा जाहेर गर्दा नीजामति तर्फको पनी द्रव्येकोसषडा हुनु वेस हो पल्टं सरह नीजामती तर्फको तलवी रीपोट द्रव्येकोसमा आउने सो रिपोट मै द्रव्यकोस कट्टी गरी पठाउने तलव षर्च लेषि षुवाउने अड्डाले सो द्रव्यकोसकट्टी भयेको रूपैंया सदर मुलुकीषाना द्रव्येकोस रकंमा दाषील गर्ने गरे मील्न सकने र सैनीक द्रव्यकोसमै गाभी कांचलाउने वा छुट्टै षडा गर्ने भंन्ये हकमा पल्टंतर्फलाई ठेकीयेका मद्दतवाट भ्याउन नसकने हुदा मदत थप चाहींछ यो यती मद्दत चाहींछ भंनालाई कुंदर्जासम्मको के कती जवान ले दां राषने हो सो येक्कीन नभै अंदाज हुन नसकने वेहोरा जाहेर गर्नु भंन्या मर्जि वक्सेको छ भंन्या रीपोटमा लेषीयेको देषीनाले सो वेहोरा श्री कम्यांडर ईनचिफ साहेवका हजुरमा जाहेर गर्दा हाललाई सदरका सुंकातोडा

लाउनेसम्म का ज्वांमा द्रव्यकोसमा रूपैया राषन मंजुर भयेसम्मका ज्वांको राषन लाउने तेतीको राषन मद्दत मसलंदके कति लाग्छ बुझ्ने मर्जि वक्सेको हुनाले मर्जि वक्सेबमोजिं लेषी पठाउन सुंका तोडा लाउने सम्मको जागीरदार सदरमा के कति ज्वां छ भनी क. कि. दर्ता फाट् वुझेमा वडाकाजी १ काजी १ सर्दार ११ मीरसुव्वा ९ सुव्वा ५४ नासुव्वा ३९ खरीदार १३९ डीठा ८९ ना. डीठा २८ हार्कीं १३ समेत ज्मा ज्वां ३८४ देषीनाले तेतीज्वांमा मंजुर हुनेसम्मको राषनालाई मदत मसलंद के कति चाहीने देखिंछ मनासीब माफीकको फाटलेखी पठाइ दीनु भनी कैंफीयत तलव गरी वुझेमा तेतीज्वांसम्मको द्रव्येकोस कट्टी गर्नें कांलाई सैनीक द्रव्येकोस तर्फ सावीक तहरीर ना डीठालाई ५००। मोरू १००। षपी षरीदार गर्नें र तहवीलदार ३०० षानेलाई ६० थपी ३६० को मुषीया गर्नें अडीटर तर्फ ३६० षाने मुषीयालाई १४० थपी रू ५००। को ना. डीठा गर्नें र १३२ षाने नौंसिदा १ लाई सावीक १३२। मा ४८ थपी १८० को बहीदार गर्नें र ज्वानै थप चाहीने द्रव्यकोस तर्फलाई ३०० षाने राईटर १ र १३२ षाने नौंसिदा १ कौसितोसाषानातर्फ नौंसिदा १ के १३२ मसलंद वर्ष १ के द्रव्येकोसतर्फ मोरू १८ अडीटर तर्फमोरू १२ कौसि के मोहरू ६। समेत ज्मा रकं कट्टी भै सकेको तलव के मोरू ८५११५० मसलंदके मोरू ३६। समेत ज्मा मो रू ८८७१५० सालवसाली गरी नीकासा चाहीने भनी फाटवारी पठायेको सो फाट् तालुकवाला छेउ साधेनसाधेको नषुलेकाले ले़षी वुझेमा षान पाउने ८८७१५० थप लेषी पठाये वमोजिं षांगी थप र नया भर्ना समेत मदत मसलंद षर्च लेषेको ठीकछ भंन्या श्री पु. क. ज. बाट मर्जि वक्सेको छ भनी ज्वाफ लेषी आयेको हुनाले सो कांलाई लेषीये वमोजिं मदत मसलंद थप मागेको मुनासिव वेमुनासीव के रहेछ भंन्य तर्फ वीचार गर्दा छुट्टै अड्डावाट गर्नें नभै द्रव्ये कोस अड्डा मा गाभी १ फाट छुट्याई कां गराउने गरी मदत मसलंद द्रव्यकोसलाई मोरू ५९२। अडीटरलाई मोरू १५७१५० र कौसीलाई मोरू १३८ स्मेत ज्मा मोरू ८८७१५० थप मागेको ३८४ ज्वांको कां गर्न पर्नें भयेकाले नभै़नहुनेसम्म मागेको भंनुपरी थप मागेको मुनासिवै देषियेकोले अव कां गर्नें स्मेत नीकासा

तर्फलाई तपसिलमा लेषीयेका कुरामा तपसिलमा लेषीया वमोजिम गर्नें गराउने गरी नीकासा दीनु मुनासिव देषीनाले जाहेर गरेका छौं सो वमोजिं गर्नु गराउनु भंन्या यो तोक्सदर गरी वक्सेपछि सो वमोजिंगर्न गराउन जजसलाई चाहींछ जो चाहीने वेहोराको सनद तेसै अड्डावाट गरी पठाई लेषीये वमोजिं गर्नु गराउनु भनी थो तोक सैनीक द्रव्वेकोसमा पठाई दिने ठहरायूं जो मर्जि हुकुं--

तषसिल

जागीरदारको हीसाव चढाई जम्मा गरी दीने नोट् कंपनी तलव षानेको फारांमा द्रव्यकोष कट्टी गर्ने भया वाधा अड्काउ नपारी कां चल्ने हुनाले सो वमोजिं गर्ने वा द्रव्ये कोसलाई चाहीने द्रवंदी वमोजिं मोहोर असुल गरी ली रीपोट् पास गरी दीने स्मेत जोनीकासा वक्सींछ सो वमोजिं गर्ने भनी लेषीयेकोमा वुझ्दा नोट् कंपनी तलव षाने जागीरदारको नोट् कंपनीनै असुल गरी लीयमा जुंरकं को रहेको छ सोही रकं पाउने हुनाले जुंतलव षांछ उही कट्टी गरे हुने भनी नीकासा दीना लाई तलवको फारांमा नोट् कंपनीको महल नहुनाले रीपोट्को ढाचा वदल्नु पर्ने सो वदली दीयमा पनी माथी लेषीयेको वाधा अड्काउ रहीरहने र नोट् कंपनी षाने जागीरदार ५।७ जना मात्र भयको र तेस्मा जागीर दारले द्रव्ये कोसमा ज्मा गर्नवेमंजुरभया कर नलाग्ने हुनाले द्रव्यकोसमा ज्मा गर्नं मनसुवा भयातेस्मा मैन्हावारी तलव षानेको मैन्हा मैन्हामा तलव फ्रीकेका मीतीले खाली षानेको कीस्ता फ्रीकेका मीतीले ७ दीं भीत्र दरवंदी वमोजिंको मोहरै सदर मुल्कीषाना दाषील गरी द्रव्यकोस रकंमा आंदानी वाधन लगाई सो जनाउ द्रव्यकोश लाई लेषाई वुझाईदी आफना नाउमा ज्मा गर्न लाउनु भंने नोट् तलव षाने द्रव्येकोशमा ज्मा गर्न कवुल गर्नेलाई उर्दी सुनाई सो वमोजिं दाषील गरेको नीसा ली द्रव्येकोसले सो जागीरदारका नाउंमा ज्मा गर्ने गर्नु नोट् कंपनी तलव षानेको तलवको रीपोट्मा द्रव्यकोस कट्टा गरी रहनु पर्दैन येती साल कटाभैरहेको हकमा वजार सटही गरी नपुगे लीने र वढी भया फीर्ता दीने गर्नु भंन्या नीकासा भयेमा वाधा अड्काउ नपरी कां चल्ने हुनाले जाहेर गरेका छौं सो वमोजिं गर्नु गराउनु भंन्या तोक सदर गरी वक्सेपछी सो वमोजिं गर्नु गराउनु भनी सैनीक द्रव्य कोशमा पठाई दीने ठहराईयू जो मर्जिहुकुं

श्री गुरू प्रोहीत अच्यूतराज पंडीतज्यू – १
सुवा कृष्ण वहादुर – – – – १
ना सु वा इन्द्रमान सिं – – – १
मु. रत्न प्रसाद्र – – – – १

इति संवत २००१ साल फागुण ... गते रोज .. शुभं – – – – –

अमिनबाट असूल तह्सिलको काम लिने

स्वस्ति श्री मद्दति प्रचण्ड भुजदण्डेत्यादि ओजस्वि राजन्य प्रोज्ज्वल नेपालतारा अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अति प्रवल गोर्खा दक्षिणवाहु पृथुलाधिस श्री श्री श्री माहाराज जुद्धशम्सेर जंगवहादुर राणा जी. सी. वी जी सी यल यच् जी सी यल जीसी यस आई जी सी यन यल् जी सी येस येस यम यल् जी. सी. आई ई. जी के आर के. यीतेङ्ग पावटीङ्ग सुन चीयान लुचूयान स्याङ्ग च्याङ्ग आनरेरी जनरल वृटिश आर्मी आनरेरी कर्णेल अफ अल्दी गोर्खा राईफल रेजिमेन्टस् ईण्डीयान आर्मी प्राईमिनिष्टर याण्ड सुप्रिम कम्यांडर ईनचीफ कस्य रूक्का

स्वस्ती श्री मद्राजकुमार कुमारात्मज श्री सुप्रदीप्त मान्येवर नेपालतारा सुविख्यात त्रिशक्तिपट्ट सुप्रसिद्ध प्रवल गोर्खा दक्षिणवाहु कम्याण्डर ईनचीफ जनरल पद्म सम्सेर जंगवाहादुर राणा जी वी ई के सी येस् आई के सि आईइ यस्टी आरके नेपाल प्रताप वर्धक कस्यपत्रम् – – – – –

सैनिक द्रव्यकोस अड्डाका हाकिम कारीन्दाले पुर्जी हेरी अघि पुलिसलाई लाईराखेको वाकी वक्योता असुल तहसिल गर्ने जायेजात गर्दा साछी वसे स्मेत ईतलायेनामा तामेल गर्ने स्मेत अह्लोटेकाम ठाना चौकीवाट गरने गराउदा पुलिसको काम रूलमाफिक टायें टायेंमा हुन नसक्ने हुनाले सो काम अमिनीबाटै गर्ने गरी अमिनी पीछे सो जवां ४ चारका दर्ले थप वक्सेको हुनाले लेषियेको काम गरी पठाउनु भनि अमिनवाट लेखि आयेया गर्नु पर्दैन सो वाहेक इन्सपेक्टर

अफिसलाई भयाका दफा दफामा लेखिया वमोजिमको काम पुलिसलाई लाउनु भंन्या हुकुं मर्जिको सनद आडर पुर्जि भै आएको काम र झेलखानामा थुनियाका कैदी भागी गयाको पक्राउ गर्ने औ नावालख र स्वास्नी मानिसलाई मुडीभेष गराउने वाह्रमासे जुवा खेल्ने जीउ मास्ने हुलिया वा रत्तजारी गर्नुपर्ने मुद्दाको प्रतेवादीहरू पक्रने समेत काम तामेल गर्ने सनद पुर्जि प्रमांगी र अड्डा अड्डाबाट लेबौट भै आयेसा समेत तुरुन्त इन्सपेक्टर अफिसबाट र थाना चौकीले गर्नु पर्नेमा इन्सपेक्टर अफिसले ठाना चौकीलाई उर्दि पुर्जि ताकिता गरी अंन सबालका म्याद भित्र काम तामेल गरी गराई तामेली जनाउ लिनलाउनु भंने वीरगंज जलेश्वर राजविराज विराटनगर भैरहवा तौलीहवा नेपालगंज त्रिनगर इन्सपेक्टर अफिसहरूका नाउमा २००१ साल पौष २९ गते रोज ६ मा भयेका सवालको ६५ दफामा लेषियेको हुनाले सो वमोजिम गर्ने गर्नु भनि सैनिक द्रव्य कोस अड्डाका नाउमा पनि सनद गरी वक्सनु पर्ने ठहरायूं जो मर्जि हुकुं भनी मुल्की अड्डा अँसवाल फाटका हाकिं कारिंदाले हाम्रा हजुर्मा विंति पार्दा जाहेर भयो तसर्थ स्व ठहरायाकोमा हामीवाट पनी सदर गरी वक्मेको छ स्व वमोजिम गर्ने काम गर ईति सम्वत् २००२ साल् वैसाष १४ गते रोज ५ शुभम्

सनदको नक्कल पठाउने

मुल्की अड्डा अंसवाल फाटवाट सैनिक द्रव्यकोसलाई

पुर्जि

उप्रान्त सनद रिपोट् निकासा दिने वारेको मु. स. २० दफाले साल वसाली काम गर्ने सनद भै आउना साथ १५ दिन भित्र सवाल गराउनालाई जाहेर गर्नु पर्ने कुन कुन अडाले मात्र थप सवाल गराई लिन जाहेर गरेको धेरै अडाले सवाल वमोजिम गरेको ३५ दिं भित्र जाहेर गरी सवाल गराई लिनु स्व म्याद भित्र पनि जाहेर नगरेको सवाल वमोजिम जरिवाना गरी पठाउने छ भंन्या सवै अडा थानाहरूका नाउमा सनद गरी पठाई दिनु भंन्ये २००० साल फागुं १९।५ को रिपोट सदर वमोजिम सवै अडा अडाका नाउमा सनद भै गयेबाट कुन अडाबाट रिपोट सदर सनदको नकल सम्म सारी पठायेको कुनै अड्डाले महल्दारी पठायेको धेरै जसो अडाले पठाउँदै नपठायको सो नपठाउनेलाई जरिवाना गर्नपनि ९१ साल देखी अैलेसम्म मिलाई पठाउनु पर्ने १ अडामा बढीमा ४ ५ सयें थां सम्म पनि पर्ने भै टाइम लाग्ने जरीवाना गरीरहदा पनि १ थानको २० का दर्ले जरीवाना गर्दा सरका पर्ने आये सम्मको वाट नीकासी गर्नालाई पनि कुनै सनदले धेरै अडाका नाउमा गर्नु पर्ने कुनै सनदले १।२ अडाको नाउमा मात्र सनद गरे पुगने सवै अडालाई पठाउदा फेरी यस्तै बोर हुने भयकाले स्व सदनहरूबाट महलदारी वनाई सवै अडालाई मिल्ने जति सवालमा पारी दीनपाये कां छोटो हुदा स्व वमोजिम गर्नालाई पनि सनद को नकल महल दारी समेत

पठाउदै नपठाउने धेरै अडा भयकोले स्व नपठाउने अडालाई फेरी १ यक पटक ३५ दिनको म्याद दी फिकाई महलदारी खडागरी जाहेर गर्नु भंन्या २००१ साल फागुं ४ गते ५ मा रिपोट् सदर भयको हुनाले सो वमोजिम गर्नालाई तेस अडाको नाउको फिताप सवाल भयपछि साल वसाली कुराको सनद वमोजिम थप सवाल गराउन जाहेर गरेको नदेषीनाले लेषने काम भयाको छ यो लेषौट दाषील भयाको मितिले ३५ दिन भित्र साल बसाली कुरा जतिको सनद वमोजि थप सवाल गराउनु पर्ने रिपोट् तोक सनदहरूको नकल १ प्रति सारी यस अडा मा पठाई दिनु सो म्यादमा पनि नपठाय अंन सवाल वमोजिम भै आउने छ ईति सम्वत् २००२ साल जेष्ठ २ गते रोज ३ शुभम् – – – – – – –

निजामती द्रव्यकोषतर्फ मसलन्द खर्च निकासा

सैनिक द्रब्यकोस का हाकिं कारीन्दाले पुर्जिहेरी निजामति तर्फका ५०० र तेस भन्दा वढी खाने ४ भंज्याङ भीत्रका श्रहदीया जागीर दार हरूमा मंजुर हुनेले रूपैंया राखन पाउने गरी नीजामति द्रव्यकोस खडा गरी बक्सेको श्वकाम निमित्त चाहीने लेजर वुक पास वुक ईत्यादि फाराम फाईल कागज मसी खरीद गर्ने नीजामती तर्फलाई निकासा नभयकोले स्व काम चलाउने सैनिक द्रव्यकोस तर्फलाई ९१।६।१७।४ का सनद वमोजिं निकासा भयको कंरू १००० को सवाई का दर्ले मोहरू १२५०। मध्येवाट श्री पु क ज साहेव का २००१।६।२८ कां दष्षत् वमोजिं स्वधभर्ना गर्नेगरी मोहरू ५२।२० वाउन्न रूपैंया वीस पैसा सैंनिक द्रव्य कोस तर्फवाट सापट लि काम चलायको सापट् श्वध भर्ना गर्नु पनर अवपनि पास वुक लेजर वुक फायल १।३।४। नं फाराम कागज मसी ईत्यादि माल सामान् चाहीयमा खरीद गर्नु पर्ने भयको ले जाहेर गरेकाछौं सैनिक द्रव्य कोसलाई कंरू १००० को मोहरू १२।५० निकासा वक्से स्वही निजामति द्रव्य कोस का कामलाई कंरू २०० को मोहरू २५०। दुई सय पचास रूपैंया निकासा वक्सेकोछ श्री पु क ज का दष्षत वमोजिम सैनिक द्रव्यकोस तर्फ सापट् श्वधभर्ना गर्नु पर्ने मोहरू ५२।२० वाउन्न रूपेया वीस पैसा निजामति द्रव्यकोस तर्फ षर्च लेवी सैनिक द्रव्य कोस तर्फ आम्दानी बाधी श्रेस्ता मिलाउने र बाकी

मोहरू १९७।८० यकसय सन्तानव्वे रूपैया असि पैसा मध्येवाट षर्च गर्नु पर्ने भयमा चाहीयाका वखत् फाट खोली श्री पु क ज का दष्षत वमोजिद निजामति द्रव्य कोस तर्फ खर्च लेषनू भंन्या निकासा वक्सनु पर्ने ठहरायू जो मर्जि हुकुं भनि सैनिक द्रव्य कोसका हाकिम् कारिन्दाले हाम्रा हजुर्मा विंति पार्दा जाहेर भयो तसर्थ श्व ठहरायको हामि वाट सदर गरी वक्सेको छ श्ववमोजिम गर्ने काम गर ईतिसस्वत् २००२ साल आषाढ ..गते रोज.. शुभम्- - - - -

नौसिन्दाको तलव थप

सैनिक द्रव्यकोशवाट चढायको रिपोट – – – – –

उप्रान्त यस अड्डा मार्फत तलव षाने गरी ठेकी बक्स्येको दरवंदीमा नौसिदा १ कै वर्ष १ को मोहरू १३२। षांगी भयकोमा यही गयको २००२ साल पौष मैह्नाको तलव देषी सदर ४ भंज्याङका अड्डा अड्डाको काम दार कारिन्दा मध्ये नौसिदाहरूलाई मैह्नाको १३। का दर्ले वर्ष १ को तलव मोहरू १५६। षान पाउने गरी थप वक्सेको छ मैह्ना मैन्हाको तलव षुवाउँने रपोट् पास गरी दिनु भंन्या क कि दर्ता फाटका नाउँमा षड्गनिसाना सनद गरी वक्से मुताविक पास भै आयका रपोट् सदर वमोजिम यस द्रव्यकोशबाट तलव षाने तपसील वमोजिम भर्ना भयका जवानको तलव षर्च लेषी षुवाई सकेको र भर्ना गर्न बाँकी ज्वां भर्ना भयमा तलव षर्च लेषी षुवाउँनु पर्ने स्मेत हुँदा जाहेर गरेका छौं यस्मा लेषीय वमोजिम नौसिदा १ के मैन्हा १ को मोहरू २। दुई का दर्ले थप बक्सेको स्मेत तपसील वमोजिमको वरवंदी कायें गरी बक्सेको छ सो वमोजिम तलव षर्च लेषी षुवायकोमा पक्राउ हुने छैन भंन्ये यो रिपोट सदर गरी बक्सनु पर्ने ठहरायुं जो मर्जि हुकुम् – – – – – – –

तपसील्

असामी – – – – –	सावीक दरवंदी वमोजिम ठेकिएको	२ साल पौषदेषि षानषाउने गरीमैह्लको रू २। कादर्ले थप वक्सेको	ज्मा वर्ष १ को मोहरू
सैनीक द्रव्यकोशको			
भर्नाभैसकेको			
जंगी तर्फका जवान् २ के – –	२६४।–	४।–	३१२।
निजामती तर्फका नौसिन्दा जवान् १ के – – – – –	१३२।–	२।–	१५६।
भर्ना गर्न बांकी			
जंगी तर्फ भर्ना गर्न बाकी जवान् २ को – – – –	२६४।–	४।–	३१२।
ऐ अडिटरको			
जंगीतर्फ भर्ना भैसकेको नौसिदा जवान् १ के – – – –	१३२।–	२।–	१५६।
भर्ना भैसकेको			
जंगी बाली तलव			
जंगी तर्फ नौसिदा जवान २ के –	२६४।–	४।–	३१२।
फौजी तोसाषाना			
मीजामती तर्फ नौसिन्दा १ के –	१३२।–	२।–	१५६।
	११८८।–	१८।–	१४०४।

सु. सोमराज – – १

त ख. चेतमान् – १

ईति सं. २००३ साल ... गते रोज . शुभम् – – – –

बढ तलब खुवाएको स्वीकृतिवारे

मुल्की अड्डा अैं सवाल फांटवाट वोलेको – – – –

यो मुल्की अड्डा अैं सवाल फांटनं २६६ का सैनीक द्रव्यकोसको रपोट अैं सवाल वमोजिम जांचदा २००२ साल पौख मैह्नाको तलव देषी नौंसिदाहरूलाई मैन्हाको १३। कादर्ले वर्ष १ को मोरू १५६। षान पाउँने गरी दरवंदी गरी दिनु भन्ने खड्गनिसाना सदर गरी वक्सेको हुनाले यस द्रव्यकोसवाट तलबखाने नौंसिदा ज्वां ९ मध्ये भर्ना भईरहेका ज्वांको तलव १५६। खर्च लेषी खुबाई सकेको र भर्ना गर्न वाकीज्वांलाई भर्ना भएका मितिदेषी तलव षर्च लेषी खुवाउँनु पर्ने हुँदा तपसील वमोजिमको दरवंदी कायम गरी तलव खर्च लेषी खुवायेको सदर गरी पाउँ भनी जाहेर गरेकोमा वुझदा सदर ४ भंज्याङ भित्रका अड्डा अड्डाका नौंसिदाहरूलाई २००२ साल पौख मैन्हाको तलवदेषी खान पाउँने गरी वर्ष १ को ज्वां १ के तलव मोहरू १५६। को दर्वंदी कार्यें गरी वक्सेकोछ सावीक जुन जुन रकंवाट खाई आयाको छ अव पनि सोही सोही रकमवाट हस्तेवारी जिम्मावारी पनि साविकै वमोजिम दिने लिने गर्नु भन्ने २००२ साल माध १५ गते रोज २ मा खड्गनिसाना तोक सदर भै सो वमोजिम कौसी कितापको नाउँमा स्मेत सनद भै गएको देषीनाले सो वमोजिम सैनिक द्रव्यकोशलाई सनद नभएवाट जिम्मावारी ल्याई तलव खर्च लेषी खुवाउँन वाधा पर्‍यो भन्ने रिपोट जिकिर वेमनासीव भंन नहुदा जाहेर गरेका छौं निकासाका हकमा सैनिक द्रव्यकोशवाट तलव खाने नौंसिदाहरूलाई २००२

साल पौष मैन्हादेषी मैन्हा १ येक को मोहरू १३। तेह्र रूपैयाको वर्ले तलब खुवाएको सदर गरी आयेंदा पनी साल वसाल सोही वमोजिम खुवाउँने गरी वक्सेको छ सो वमोजिम गर्नु गराउनु भन्ने यो तोक सदर गरी वक्सेपछि तोक सहीतको रपोट सोही सैंनीकद्रव्यकोशमा पठाई दिने ठहराञ्यु जो मर्जी हुकुं -

श्री गुरू प्रोहीत अच्यूतराज पंडीतज्यू - - १
मी. सुव्वा कृष्णवहादुर - - - - १
सु. उपेन्द्र पुरूष ढकाल - - - - १
ना. सुव्वा ईन्द्रमान्सीं - - - - १
मु. रत्न प्रसाद् - - - - - १

ईति सम्वत २००३ साल आषाढ १७ गते रोज...शुभम् - - -

सडाउने खालका कागज कागज कारखानालाई दिने

सैनिक द्रव्यकोस अड्डाका हाकिम कारिन्दाले पुर्जि हेरी उप्रान्त अड्डाखानाको अगल बगल फालियेको टुक्राटुक्री कागज तेसै सडी गली गैरहेको र अरू श्रेस्ता मिसिलहरू पनि सयकडौं बर्षदेखि वेचलती मै वुक्र वुक्रारथमा चलीतेसै परिरहेको र कुनै कुनै कागज वम्वे वुक्र वुक्रारथमा चलि आयेको श्रेस्ता मिसिलहरू समेत जम्माभै फोहर र अड्डाखानाको घर कोठाहरूको ठाउ पनि रोकिरहेकोले तेसवाट सर्कारको नोक्सानी वाहेक फायेदा नदेखियकोले तेस्तो काम नलाग्ने कागजहरू गाली अरू कागज वनाउने ठेक्दारहरू भयेमा धेरै मानिसहरूले काम पाईरही कागजको पनि नया कागज वनि सर्कारको फायेदा र देसोनति समेत वढने भंने समेत वेहोराको दफा दफा खोली साफ खण्ड मालको रा. भगवानदास खत्री छे. ले चढा याको विन्तिपत्रमा ठेक्का वन्दोवस्त गर्न निकासालाई जुन कि अड्डाको अैन सवाल फांटले जाहेर गर्दा ठेक्का वन्दोवस्त गर्नु पर्दैन के वन्दोवस्त गरे मुनासिव पर्छ तजविज मिलाई दिनु भंने तोक लागी आयेको र येस आफिसवाट सु. चूडा विक्रम वुझ्दा वीरगंजदेखि वुटोवलसम्म र पश्चिम १ नंवरदेखि प्यूठानासम्मको तेस्तो कागजहरू पाया कां गर्न मंजुर छ भंनेर नेपाल कागत कारषाना लिमिटेडका मैनेजिङ्ग डाइरेक्टर मु. चैवनिधि वुझेमा सो कागजहरू कम्पनीलाई वक्सेकोमा भर मुलुक सव जिल्लाको गर्न सक्दछु सो कामलाई चाहिने दाउराको निकासा पाउँ सदरमै ल्याई गर्नु पर्छ भंने हुन्छ भने तेस्तो कागज थापले हुलाक वाट कंपनीको कारखानासम्म वोकी

ल्याउने वन्दोवस्त गरी पाउँ भंने स्मेत कागज गरी दियको व्यहोरा उद्योग परीसदको सभामा पेस भै छलफछ हुंदा जिल्लाहरूमा तेस्तो कागजको काम गर्ने मानिस कोही छैन भंने जवाफ आयेको सु. चडाविक्रमलाई दिन सवै ठाउको फबुल नगरेको सबै ठाउँमा काम गर्न मंजुर गर्ने नेपाल कागज कार्यालयलाई दिन तेस्तो वंदेज र खेश्रा कागज धेरथोर मात्र हुने भै कंपनीले जिम्मा कांम गरला भंने पत्यार नपर्ने नेपाल थापले हुलाकबाट बोकाई ल्याउन निरवाह नचल्ने हुदा मुल्की अड्डा अैंसवाल फाँटले अघि जाहेर गरे वमोजिम गढीगौंडा गोस्वारावाट ठेक्का वन्दोवस्त भयामा सु चुडाविक्र कागज कार्यालयले पनि वढावढीमा सकार गर्न पाउने भयेकोले सोही वमोजिम गर्ने ठहरायेको वेहोरा हामीवाट पनि मुनासिव ठहराई वक्सेको श्री ३ माहाराज दाज्यैज्यूका हजुरमा जाहेर हुँदा हुन्छ सोही वमोजिम गर्न लाउनु भंने हुकुम वक्सेकोले उद्योग परीसदले येसवारे बुझाउन ल्यायेको कागजात स्मेत हेरी बुझी लिनु भंने २००३ साल आषाढ २०।५ मा येस अड्डाका नाउमा १ छापेभै आयको हुंनाले येस वारे अघि कुन वन्दोवस्तवाट गढी गौंडावाटै ठेक्का दिने ठहराई जाहेर गरेको रहेछ भनि सिसिल सामेल रहेको ९९।८।२५।५ को खड्गनिसाना हेरेमा गोस्वारा तहविलको काम नलाग्ने कागजहरूवाट सु. चुडाविक्रमले वेसै तबर बाट काम चलाई आयेको देखिनाले नतिजा निमित्त यो माझखण्ड जिल्लाको अैंनसवालले सडाउने कागज र खेस्रा कागजहरूको १ वर्षलाई टासमा वढावढीमा कबुल गर्नेलाई ठेक्का दिने भनि जाहेर गरेको देखियेको र सो पुरानो सडाउने कागज को वन्दोवस्त वारे अघि मुल्की अड्डा अैंनसवाल फाटले ठहराई जाहेर गरे वमोजिम गर्न लाउनु भंने हाल यो १ छापे भै आयेको हुनाले लेखिये वमोजिम नतिजा निमित्त माझ खण्ड १ जिल्लाको मात्र गराई हेरी अरू जिल्लाका पछि मात्र निकासा गरी पठाउने होकी त भंने झल्का देखिन आउछ तर तेसो भंनालाई सु. चुडाविक्रमले सबै जिल्लाको कबुल नगरेको र कार्यालयले थोर थोरै कागजको जिल्लामा काम गरला भंने पत्यार नपर्ने र थापले हुलाकवाट वोकाई ल्याउन निरवाहनचल्ने हुदा मु. अ. अैं. स. फाटले अघि जाहेर

गरे बमोजिम गढी गौडा गोश्वारावाटै ठेका वंदोवस्त गर्न लाउनु भंने हुकुं वक्सेको लेषी आयको हुनाले नतीजा निमित्त १ जिल्लाको गराई हेरी सकेपछि मात्र अरू जिल्लाको वन्दोवस्त गरने मुनासिव नपरेको र जिल्ला जिल्ला वोकी तामेल भै सकेको अघि अघि पुरानो तामेली मिसिल कागज पत्रहरू र अँनसवालले वर्ष वर्षमा सडाउने कागजहरूमा २००० साल कार्तिक १६।२ का खडगनिसाना सदरको तपसिलको १।२।३।४ दफामा लेषियेको कागजहरू वाहेक अड्डा अड्डाको पुरानो नाम नामेसि कागजपत्रहरू स्मेत दी तेसवाट नया कागज तयार गराउन लाउने स्मेत जो चाहिने वन्दोवस्त मिलाई जाहेरगर्नें भंने खड्गनिसाना सदर भै रहेको रिपोट मिसिलवाट देखिनाले लेषिये वमोजिम सवै जिल्लाको यकै पटक वन्दोवस्त गर्न मुनासिव पर्नाले जाहेर गरेका छौं निकासाका हकमा २००० साल कार्तिक ६।२ का खड्गनिसाना तोक सदरको तपसिलमा लेखियेको तपसिलको कागजहरू तपसिल वमोजिमगरी राषी सो वाहेक अरू अँन सवाल सनदले सडाउन हुने कागजपत्र र टुक्राटुक्री कागजहरू अँलेसम्म जो जति छ सो सवै अड्डा अड्डावाट जोखतौंल स्मेत जो गर्नु पर्ने गरी येस अघिको ऐंला वर्षमा र तेसपछि साल साल यो यो अड्डाको यो यति सडाउने कागज छ तेसवाट नया कागज बनाउन कबुल गर्नेहरूलाई दिने गरी वर्ष वर्षमा सो ठेक्का कबुल गर्न मंसुवा भयेकाले इलाका गौडा गोश्वारामा दर्खास्त दिन आउनु र ठेक्का पाउने छ भने इलाका गौडा गोस्वाराहरूवाट आफना इलाका भरको अड्डा खानाको तेस्तो कागज फाइल सवैले देख्ने ठाउँमा र सो कुरा नेपाल कागज कार्यालय र सुवा बुडाविक्रम सबैले थाहापाउने गराउन सो टास टास्नु भंदा केही दिं अगावै गोर्खापत्र छापाखानालाई जनाउदी गोर्खापत्रमा छपाई टास वढावढी गराई जस्को सलामि वढीमा कबुल गर्छ उस्का नाउमा वर्ष १ को ठेक्का पट्टाको वहाली चलं दिनु अँन सवालले हाम्रा हजुरमा जाहेर गर्नु पर्ने होता पनि जाहेर गरी रहनु पर्दैन गौडा गोश्वारावाटै ठेक्का पट्टा दिने गरी वक्सेको छ सो वमोजिम गर्नु गराउनु भंन्या यो तोक सदर गरि वक्सेपछि येस्का अंगवाट जजस्का नाउमा चाहिन्छ

चाहिने सनद सदरका तालुक वन्दोवस्त अड्डावाट गरी पठाई दिनु भनि सो अड्डाहरूका नाउमा येस अड्डावाट सनद गरी पठाइ दिने ठहराई येस अड्डावाट जाहेर गरेकोमा २००३ साल पौष ८ गते २ मा खड्गनिसाना सदर गरिवक्सेको हुनाले सो बमोजिम गर्ने गर्नु भंने सैनिक द्रव्यकोस अड्डाको नाउमा पनि सनद गरी वक्सनु पर्ने ठहराञ्यु जो मर्जि हुकुम भनि जङ्गी अड्डा अैंन सवाल फाट्का हाकिम कारिन्दाले हाम्रा हजुरमा मिटिं गरी जाहेर भयो तसर्थ सो ठहरायको मा हामीवाट सदर गरी वक्सेको छ स्व वमोजिम गर्ने गराउने काम गर – –

तपसील

मालमालमा रहेको नापी खेश्रा अठसट्टा सडाउने हकमा ६६ सालको सम्म राखने अरू सडाउने भनी वीरगंज गोस्वाराले जाहेर गरे वमोजिम १ नापीको सम्म राष्दा पछि मुद्दा मामीला परी बा अरू कुनै परिदवंले साविक हेर्न सम्म नपाई काममा वाधा अडकाउ पर्ने भयको र अरू जिल्ला गोश्वाराहरूले पनि २ नापीको सम्म राषने गरी जाहेर गरेको म.री.ना पुर्व गस्चिम फाटले स्मेत मुनासिव ठहराई जाहेर गरेको देखिनाले १ नापीको सम्म राषी तेस अघि नापीको सडाउने भनि विंति चढाउन मुनासिव नभयकोले मध्येस मालमा रहेको नापी खेस्रा अठ्सट्टा ज्मा वंदीहरूको लगत किताप खडागरी नजीक अड्डाका हाकिम वा तहरिर साछी राखी सडाई दी स्व किताव बुझ्झ बुझारथमा देखाउने गर्नु – – – – – – – –

जिमीदार पटुवारी दाखिल खारेजको मिसीलहरू बुटौल गोस्वाराले लेषे वमोजिम ५ वर्ष नाघीसकेको ज्मै कागज सडाउने गर्दा कुनै कारण परी हेर्न वुझ्नु परेमा हेर्न वुझ्न नपाई काममा बाधा अडकाउ पर्ने भयेको र म. री. ना. पुर्व पस्चिम फाटले ठहराया वमोजिम फारां षडा भयाकोमा फारां वमोजिम र कारिन्दा नभएकोमा १० वर्ष अगाडीको दोश्रा तेश्रा खण्डमा रहने कागज आमदानी गर्या दोश्रा तेश्रा खण्ड रहने कागज फारां खडा भयेकोकां ११५ वर्ष-मा सडने फारां खडा नभयेको ५० वर्ष अगाडिको सम्म सदाउने… …हुने जाने भयेकोले फारां खडा नभयेकोमा पनि फारां खडा हुदा ……… … …मा रहने

देषि वाहेकको दोश्रा तेश्रा खण्डमा रहने कागज १।५ वर्ष भएपछि सदाउ नेगरी दिने मुनासिवै देषिनाले मध्येस मालमालमा रहेको जिमिंदार पटुवारी दाखेल खारेजको अपील उजुरको म्याद नागेका भनि फारा पुगिसकेको कां तामेली छिनु वा मिसिलहरू मध्ये... ... ... खडा भयेकोमा फाराम वमोजिम दोश्रा तेश्रा खण्डमा रहने र फाराम बडा भएकोमा फारां षडा हुने हुदा पैला षण्डमा रहने धंजमानीको स्मेत जो जति कागज रहनेहो स्वसम्म वाकी राखी अरू दोश्रा तेश्रा षण्डमा रहने कागज स्मेत अैले सम्मलाई पुगी सकेको र तेसपछी म्याद पुग्नेमा अैन वमोजिमको म्याद म्यादका रकम अड्डाका हाकिं वा तहरिर साछी राषी सडाइदी सो सडेको फारां खडा भयकोमा फाराम र फारां षडा नभयेकोमा छुट्टै रिपोट खडा गरी हाकिं तहरिर साछीको स्मेत स्हीछा।प गराइ राषी वुरू वुझारथ मा चलाउने गर्नु — — — — — २

६६ साल अघि जिमिदार पटुवारी दाखेल खारेज गर्दा अड्डावाट फैसला नहुने हुकुं मर्जिसम्म पुगी तोकसदर भै आयेपछि मात्र वाहाली जाने र जाहेर गर्नेले सवै कागज पुछारमा गासी जाहेर गर्ने हुदा अड्डाको रिपोट तोकसदर सम्म राषी पुछारमा यो गासेको ज्मै कागज सडाउने भनी नया मुलुक गोस्वाराले जाहेर गरेको धंजमानि पत्र भयेकोमा धंजमानि पत्र स्मेत वाकी राषी अरू सडाउने भनि म. री. नी पुर्व पस्चिम फांटवाट जाहेर गरेको मुनासिवै देषीनाले मध्येस मालमालमा रहेको ६६ साल अघिको जिमिंदारी पटुवारी दाषेल षारेजलाई जाहेर गरेका रिपोट तोकहरूमा अड्डाको रिपोट तोक सकल सनद धंजमानी पत्र सम्म वाकी राषी रिपोटको पुछारमा गासियेको अरू ज्मै कागज नजिकको अड्डाका हाकिं वा तहरिर साछी राषी सडाई यस मुनीको गैह्न कागज फालाना मितिमा सडेभंने हाकिं तहरिर साछीको स्हीछाप गरी राषी वुरू वुझारथमा चलाउने गर्नु — — — — — — — — — ३

वाधपैंनी कुलापानी मुद्दाको पनि फैसला वाहेक अरू कागज सदाउने भनी नया मुलुक गोस्वाराले जाहेर गरेकोमा म. री. नी पस्चिम फाटवाट केही ठहराई जाहेर नगरेतापनि सो स्मेत सडाउन मुनासिव नठहराई म. री. नी पुर्व फाट-

वाट जाहेर गरेको मुनासिवै देषिनाले मध्येस माल माल्मा।रहेको वाध पैनीकुला॰ पानी अड्डाको काम तामेली छीनुवा मिसिलहरू मध्ये अैंन वमोजिमको फारां खडा भयकोमा फारां वमोजिम र फारांषडा गर्ने अैंन जारी हुनु भंदा अघिको फारां खडा भयेकोमा फारां षडा हुदा पैला खण्डमा रहने वादी प्रतेवादी फैसला नकसा।सरजिमी अरू काम लाग्ने प्रामाणिक कागजहरू वाहेक दोश्रा तेश्रा खण्डमा रहने कागज समेत अैलेसम्म म्याद पुगीसकेको हालै र म्याद पुगी नसकेको जति अैंन वमोर्जिमको म्याद म्यादमा नजिक अड्डाका हाकिं वा तहरिर साछी राखि सडाइ सो सडायेको फारां खडा भयेकोमा फाराममै र फारां षडा नभयेकोमा छुट्टै रिपोट् खडा गरी हाकिम तहरिर साछीको समेत सहीछाप गरी राषी वुक वुझारथमा चलाउने गर्नु – – – – – – ४

ईति सम्वत २००४ साल वैसाख १९ गते रोज ६ शुभम् – – –

ट्रष्टी मुक्रर गर्ने

मुल्कीअड्डा अँ सवाल फाट्वाट वोलेको

यो मुल्कीअड्डा अँसवाल्फाट् नं १६ को सैनीक द्रव्यकोशको रीपोट् अँ सवाल्वमोजीं जाचदा यस द्रव्य कोशको कांलाई मुक्रर गरी वक्सेका ट्रष्टीहरूको फाँट् जाहेर गर्दा तपसीलमा लेषीया वमोजीं ट्रष्टी मुक्रर गर्ने गरी वक्सेको हुनाले जो चाहीने सनद नीकासा गराई लीनु भंन्या श्री प क ज साहेव वाट मर्जि वक्सेको हुनाले जाहेर गरेका छौं द्रव्यकोशका नाउँमा गरी वक्सेका सनद सवाल् वमोजीं गर्नुपर्ने कामकाज हाल मुक्रर गरी वक्सेका ट्रष्टीमार्फत गर्नु गराउनु भंन्या नीकासा पाउँ भनी जाहेर गरेकोमा वुझ्दा सो द्रव्यकोसको कांलाई तपसीलमा लेखीया वमोजीं ट्रष्टी मुक्रर गर्ने गरी जांहेर भै श्री प क ज साहेबवाट मर्जि वक्से वमोजीं नीकासालाई जाहेर गरेको वेमुनासिव भन्न नहुदा जाहेर गरेका छौं नीकासाका हकमा सैनीक द्रव्यकोशको नाउमा गरी वक्सेका सनद सवाल् वमोजीं गर्नु पर्ने कां काज हाल मुक्रर गरी वक्सेका तपसील्का ट्रष्टीमार्फत गर्नु गराउनु भंन्या स्मेत यो रीपोट् सदर गरी वक्सेपछी जजस्का नाउमा चाहीन्छ जो चाहीने वेहोराको सनद तेसै सैनीक द्रव्यकोशवाटै गराई पठाई लेषीय वमोजीं गर्न गराउने गर्नु भनी यो तोक सहीतको रीपोट सैनीक द्रव्यकोशमा पठाई दीने ठहरायुं जो मर्जि हुकुं – – – – –

तपसील्

जंगीतर्फ

श्री प. क. ज. – – – – – – १

श्री मे. ज. शारदा शम्सेरजंङगवहादुर राणा– – – १

श्री नायव वडागुरूज्यू हेमराज पंडीतज्यू – – – १

सदर मुलुकी खानाको हार्की -- – – – – १

क. नरसिंवहादुर वस्नेत – – – – – १

ले. क. खड्ग विक्रं साहा – – – – – १

ले. क धर्मवहादुर सिंह – – – – – १

प्रिन्सिपल मृतुन्जये – – – – – – १

जंगी अडाको { मुख्ये अफीसर – – – – १
सीवील अफीसर – – – – १

जंगी अडाको मुख्य अफीसर र सिवील अफीसर आउन नसके

तेस मुनीको – – – – – – – १

निजामती तर्फ

श्री कम्यांडर ईनचीफ – – – – – १

श्री प. क. ज. – – – – – – १

श्री नायेव वडागुरूज्यू हेम राज पंडीतज्यू – – – १

सदर मुलुकी खानाका हाकीम – – – – १

वडाकाजी रत्न मान – – – – – १

खर्दार सोम प्रसाद – – – – – – १

मुल्की अडा पुर्जीफाट्को हार्की – – – – १

ऐ अैनसवाल फाटको हाकीम – – – – १

मुलुकी अडा पुर्जी फाट् र अैन सवाल फाट्को हार्की आउननसके

तेस मनी को – – – – – १

श्री गुरू प्रोहीत अच्यूत राज पंडीतध्यू – – १

मीरसुब्बा कृष्ण वहादुर – – – – १

सुब्बा उपेन्द्र पुरूष – – – – १

ना. सुब्बा ईन्द्रमान्सीं – – – – १ का

ना. डी. रत्न प्रसाद – – – – १ वे

इति सम्वत् २००४ साल वैशाख ... गते रोज ... शुभं – – –

ट्रष्टी मुकररको जानकारी

सैनिक द्रव्यकोसवाट चढाएको रीपोट – – – –

उप्रांत यस द्रव्यकोसको कामलाई मुक्रर गरी वक्सेका ट्रष्टीहरूको फाट् जाहेर गर्दा तपसिलमा लेखिया वमोंजि ट्रष्टी मुक्रर्र गर्ने गरी वक्सेको हुनाले जो चाहिने सनद निकासा गराई लिनू भंन्या श्री पकज साहेव बाट र्मजि वक्सेको हुनाले जाहेर गरेका छौं द्रव्यकोसका नाउँमा गरी वक्सेका सनद सवाल वमोंजिम गनु पर्ने काम काज हाल मुक्रर गरी वक्सेका ट्रश्टी मार्फत् गर्नु गराउनु भंन्या जोचाहीने सनद नीकासा गरीपाउँ जो र्मजि हुकुं – – –

तर्पासिल

जंगीतर्फ

श्री पकज – – – – – –	– १
श्रो मेज सारदा सम्सेर जं. व. रा. – – –	– १
श्री नायव वडागुरूज्यू हेमराज पंडितज्यू – –	– १
सदर मुलकी खानाको हाकिम् – – –	– १
क. नर्रास वाहादुर वस्नेत् – – – –	– १
ले. क. खड्ग विक्रं शाहा – – – –	– १
ले क धर्मवाहादुर सिंह – – – –	– १
पृन्सपल मृतुन्जय – – – – –	– १
जंगी अडाको — { मुख्य अफिसर – – –	– १
सिविल अफिसर – –	– १

जंगी अडाको मुख्य अफिसर र सिविल अफिसर आउँन नसके
तेस मनिको – – – – – – – १

निजामति तर्फ

श्री कम्याण्डर ईनचिफ – – – – – – १
श्री पकज – – – – – – – १
श्री नाएव वडागुरूज्यू हेमराज पंडितज्यू – – – १
सदर मुलकि खानाको हाकीम् – – – – १
वडाकाजी रत्न मान् – – – – – – १
सर्दार सोम प्रसाद – – – – – – १
मूलकि अडा पुर्जिफाट् र अँनसवाल फाट् का हाकि आउन
नसके तसमनीको – – – – – – १

हाकिम् सुव्वा सोमराज जोशी – – १
तख चेतमान् अमात्ये – – – – १

ईति सम्वत २००४ साल वैसाष ... गते रोज ... शुभं – –– –

वेलावेलामा अडा जाँच गर्ने

द्रव्यकोश अड्डाका हाकिं कारिन्दाले पुर्जी हेरी अड्डा अड्डा जाच गर्ने विषये ९६ साल मा वांड फांट भै जांचिने भै रहेको मा थोरै अडामात्र जांचीने भै सो जांचीने भये सरहका अरू अडा नजांचीने भैरहेको देखियकोले यकै सह्लका अडामा कुनै जाचने कुनै नजाचने गर्दा रूल पनि मिल्न नआउने सो छुट भैरहेको अडा जांच गराउन मुनासिव देखियकोले अघि ९६ सालमा निकासा हुदा जांच गर्नु पर्दैन भन्ने भइरहेता पनि अवलाई सो अडाहरू समेत जांच गर्ने गरी निकासा वक्सेको छ सो जांचयुक्त गर्दा अडा जांचका नाउमा भैरहेका सनद सवाल वमोजिम गर्ने वा सोही अड्डावाट गर्ने हुनाले अँसवालले गर्नु पर्ने कांम टायेम वेलामा गराउनालाई जाहेर गरी निकासा लिनु पर्नेमा सो नगरी वाकी राषेको र अँसवाल वमोजिम टायें वेलामा निकासा गरी दिनु पर्ने कुरा निकासा नदिई ढीला सुस्ती हुन गयेबाट कामवाकी रहन गयेको स्मेत हेरी बुझी ताकीती गर्नु पर्नेमा ताकीती जरिवाना गरी गराइ जाहेर गर्न पर्ने कलंमा तुरून्त जाहेर गरी यो कायदाले कां गराउने गर्न तपसीलका अड्डा अड्डाका हाकिं असिष्टेंटहरूले तपसिलका अड्डा अड्डा कमसेकम सालको २ पटक सम्ममा नघटाई लेखीए वमोजिम जांच गर्नु गराउनु भन्ने समेत निकासा दिने ठहराई येस अडाबाट जाहेर गरेको रपोट २००३ साल चैत्र २५ गते २ मा खड्ग निसानाबाट सदर गरी वक्सेको हुनाले सो बमोजिम जाँच गराउने काम गर भन्या द्रव्यकोश अड्डाका नाउमा सनद गरी वक्सनु पर्ने ठहरायुं जो मर्जि हुकुम भनी

मुल्की अड्डा अंसवाल फांटका हाकिं कारिन्दाले हाल हजुरमाथी विन्ती पार्दा जाहेर भयो तसर्थ सो ठहरायाकोमा हामीबाट पनी सदर गरी बक्सेको छ सो बमोजिम गर्ने कां गर

तपसिल

जंगी अड्डाका हाकिंले जांच गर्ने – – – – – –

नेपाल रेल्वे हेड आफिस–	–१	टेलिफोन हेड अफिस –	१
रोप डिपार्टमेण्ट –	–१	बिजुली डिपार्टमेण्ट –	१
पुर्वमिलेसिया – –	–१	पस्चिम मिलेसिया– –	१
जंगीयाली तलब जांच –	–१	द्रव्यकोश– – –	१

ईति सम्वत् २००४ साल जेष्ठ १७ गते रोज ६ शुभम्– – – –

सावा र व्याज हिसाब

श्री· प· क· ज· बाट

सैनिक द्रव्यकोसका हार्कि कारिन्दाले पुर्जि हेरी सैनिक द्रव्यकोसको इम्पेरियल वैंक करेन्ट एकाउण्टमा रहेको नोट रू. ८०३८९। सेवें वैंकमा रहेको रू. १५००० ज्मा ९५३८९। र उजरातिमा लेषि नेपालवाट वीमाछारा चलां भैं गएको नोट रू. २१०००० समेतवाट प्रमेसरी नोट खरिद गर्ने बैंकलाई लेखि वक्सेकोमा नोट रू. ३०५०४४।।। ६ खर्च गरी सं १९४६।८६ को सैक्रा ३ का दरले सुद आउने तपसील वमोंजिको नोट रू. ३००००० को गभर्नमेंटले खरिद भो भन्ने इम्पेरियल वैंकवाट चिठी आएको हुनाले सो नोट रू २१०००० दुईलाख दस हजार चलां भएको ४ नं स्याहामा खर्च लेखि सो नोट रू. २१०००० र करेण्ट एकाउण्टको वैंक मौज्दात रू ८०३८९। सेवें वैंकमा रहेको १५००० ज्मा ३०५३८९। वाट नोट रू ३००००० को प्रमेसरी नोट खरिद गर्दा खर्च भएको तपसील बमोजिम को नोट रू ३०५०४४।६ तिलाख पाच हजार चवालीस रूपैया चार आना छपाई खर्च लेखी सो खरिद भएको प्रमेसरि नोट ३००००० कितापमा आंदानी वाधी सो प्रमेसरि नोट इम्पीरियल वैंकमै राषने गरी वक्सेकोले वैंक जिम्मा खर्च लेखि तेस्को इष्टक सर्टिफिकेट आएपछि कितापमा आंदानी वाधी सदर मुल्की खाना दाखील गर्ने कां गर – –

तपसिल

ज्मा खरिद भएको कित्ता ७ को प्रमेसरी नोटको सैक्रा ३ का दर्ले व्याजआउने

१९४६।८६ को नोट	३०००००
वी. वाई. ०२२८६६।६७ को किता २ को	२०००००
ऐ ऐ १३७३६८।६९।७० को किता ३	७५०००
ऐ ऐ १२५७७१।१३६६४९ को ऐ २ ऐ	२००००
ऐ ऐ १३६९१५।१३६८९७ को ऐ ऐ ऐ	४०००
ऐ ऐ ०९१३१४ को किता १ को	५००
ऐ ऐ १३७५२५ को ऐ	२००
ऐ ऐ ०९६४०२।३१४ ऐ ३ को	३००

सो नोट २७५००० को सैक्रा १००।।।६ दर्ले खरिद गर्दा लागेको २७६६३२।।। तेस्को सं ४७ सेप्टेम्बर १६ तारेख देखी सं ४८ फेबुअरी १० तारेख तक मैना ४ दिं २५ को व्याज ३३२२।।। ८ मा इन्कं टयाक्स रू. १०३८।५ कट्टी गरी आयको व्याज गयको – – – – – – २२८४।।३

२७८९१७।३

कमिसन – – – – – – – ६९७।।

२७९६१४।।।३

११९ नंको मे मो बमोजिम

सो नोट रू. ४७०० सैक्रा १००।।३ का दर्ले खरिद गर्दा लागेको नोठ ४७३२। तेस्को सं ४७ सेपटेंवर १६ तारेख देखी फेब्रुअरी १२ तक मैना ४ दिन २७ को ब्याज ५७।। २ मा इन्कं टयाक्स १७ ।।। ११ कट्टी गरी व्याज गयको ३९।।३

४७७१।।।३

कमिसं – – – – – १२

४७८३।।।३

१४७ नं को मेमो बमोजिम

सो नोट रू २०३०० को सैका १००।। का बर्ले खरीद गर्दा लागेको २०४०१।।
तेस्को सं ४७ सेप्टेम्बर १६ तारेख देखी सं. ४८ मार्च १ तारेख तक मैना ५
दिन १६ को व्याज २८०।।। माईन्कं टयाक्स ८७।।।कट्टी गरी व्याज गएको १९३

—————

२०५९४।।

कमिसं – – – – – – ५१।।

—————

२०६४६

ईति सम्बत २००४ साल चैत्र ३१ गते रोज २ शुभम् – – – – –

निकासाबमोजिम खर्च गर्ने

सैनिक द्रव्यकोसका हाकिम कारिन्दाले पुर्जि हेरी द्रव्यकोसको कामलाई चाहिने सेप दराज आलमाडी फायल कागज मसि ईत्यादी खरिद गर्न तैनाथवालाका दस्तखत वमोजिम खर्च गर्ने गरी जंगी तर्फ ९११६।१७।४ का सनदले कंरू १८०० को सवाईका दर्ले मोहोरू २२५० निजामती तर्फ २।५।४।२ का सनदले कंरू २०० को सवाईले मोरू २५० निकासा बक्से मध्ये साल सालै काम काममा खर्च भै जंगीतर्फ मोरू ।७२ निजामती तर्फ मोरू ५।९० मात्र वाकी रहेको र फारामहरू साल सालै छपाउनालाई मड्चाएको र साधा कागज मसि चाहिएको फायल इत्यादी तयारी माल सामान खरिद गर्नु पर्ने वेहोरा जाहेर भयो सो कामलाई अघि निकासा वक्से सरह तैनाथवालाका दस्तखत वमोजिम चाहिएका वखत खर्च गर्ने गरी जंगी तर्फ कंरू १००० को सवाईका दर्ले मोरू १२५०। एक हजार दुई सये पचास रूपैया र निजामती तर्फ कंरू ५०० को सवाईका दर्ले मोरू ६२५। छ सये पचीस रूपैया निकासा वक्सेको छ चाहिएका वषत फाट खोली तैनाथवाला छेउ जाहेर गरी चाहिने कागज मसि फायल ईत्यादि माल सामान खरिद गरी लागेको मोल दस्तखत वमोजिम जंगी निजामती जुंकामलाई खर्च भएको छ उसैतर्फ श्रेस्तामा खर्च लेखि दिने कां गर ईति संवत २००५ साल जेष्ठ गते रोज शुभम् — — — —

मौलिक हक सम्बन्धमा

सैनिक अडिटरका हाकिम ना. सु. ले पुर्जी हेरी २००५ साल वैशाख २ गते देखि लागु हुने गरी जारी गरेको मौलिक हक सम्वन्धि ऐनको दफा दफामा नखुलेको तपसिलमा लेखिया वमोजिमको कुरा खुलाई प्रकाश गरनु भन्ये २००५।३।३ मा खड्ग निसाना सदर गरी वक्से वमोजिम तपसिलका दफा दफामा लेखिया वमोजिम गर्ने गराउनु भनी तेस अड्डाका नाउँमा सनद गरी वक्सीने ठहराई मुलुकी अड्डा ऐन सवाल फाँटका हाकिम कारिन्दाले जाहेर गरे वमोजिम हामीवाट सदर गरी वक्सेको छ सो तपसिलका दफा दफा वमोजिम गरने गराउने काम गर — — — — — — -

तपसिल

छापाखाना र प्रकासन सम्वन्धि ऐनमा दफा दफामा अख्तियार पाएका अफिसर भनी लेखिएकोमा सदरमा गो. प. छापाखानाका तालुकवालालाई र मोफसलमा गौडा गढी गोश्वाराका हाकिम वडा हाकिमलाई सो कामको अख्तियारी वक्सेको छ - - - - - - - - १

सोही ऐनको दफा १३ को (१) क १४, १६ वमोजिम किताव बुझन र सो सम्वन्धि अरू काम गर्न ने. भा. प्र. समितिलाई अख्तियारी वक्सेको छ - - २

सोही ऐनको दफा १७ मा लेखिए वमोजिम अखवार बुझने अख्तियारी सदरमा ने. भा. प्र. समितिका तातुकवालालाई र मोफसलमा गौडा गढी गोश्वाराका हाकिम वडा हाकिमलाई वक्सेको छ लेखिए वमोजिम सदरमा छापिएका भए

दुवै प्रति अखवार ने. भा. प्र. समितिका तालुकवालाकहाँ र मोफसलमा
छापिएको भए १ प्रति गौडा गढी गोश्वाराका हाकिम वडा हाकिमकहाँ र १
प्रति सदर ने. भा. प्र. समितिका तालुकवाला कहाँ बुझाउनु पर्ने – – – ३
सोही ऐनको दफा २६ वमोजिम काम कारवाई गर्न सदरमा पुलिस विभागका
हाकिमलाई अखितयारी वक्सेको छ – – – – – – ४
सोही ऐनको दफा ३३ बमोजिम किताव रजिष्टरी गर्न ने. भा. प्र. समितिका
तालुकवालालाई अख्तियारी वक्सेको छ – – – – – ५
संस्था या संघ सम्वन्धि ऐनको दफा १४ वमोजिम काम कारवाई गर्न
अख्तियारी सदरमा पुलिस विभागका हाकिमलाई र मोफसलमा गौडा गढी
गोश्वाराका हाकिम वडा हाकिमलाई वक्सेको छ – – – – ६
इति सम्वत २००५ साल श्रावण १५ गते रोज ६ शुभम् – – –

बाली तलबको रकम जंगीतर्फ सार्ने

श्री प. क. ज. वाट

मुल्की अड्डा अँसवाल फाटका हाकिं कारींदाले पुर्जी हेरी पल्टंतर्फको लगतमा दरीयाको पल्टं पल्टं कै १ नं फारामवाट वाली तलव खाने नीजामती दर्जाका द्रव्यकोसमा दाम राषन मंजुर हुने जागीरदारहरूको लगत नीजामती तर्फ रहदा उही एउटै फारांवाट वाली तलव खाने ज्वांहरूमा कुनै जंगी तर्फ कुनै नीजामती तर्फ पर्न गै सो १ नं. को वाली तलवी फारामवाट द्रव्यकोस कट्टी भएको ज्मा मोठ अंक फोरी जंगी नीजामती तर्फ तर्फको छुटचाई छुट्टाछुट्टै गर्नु पर्दा द्रव्येकोस जंगी वाली तलव सदर मुल्की खाना स्मेत अड्डा अड्डामा दोहरो कां पर्न जाने र सो मोठ अंक फोरी जंगी नीजामती तर्फ तर्फको छुटचाई छुट्टाछुट्टै स्मेत गर्दा कुनै अड्डाको कुनै कारीन्दाको भुल हुन गयमा यका तर्फको यका तर्फ परी श्रेस्ता वोर हुन जाने जाहेर गरी नीकाला सदर गराई सच्याउन परी काम लामू हुन जाने भै रहेको वेहोरा जाहेर हुदा पल्टंपट्टीका फारांवाट वाली तलव खाने ज्वांहरूको ५ साल श्रावण मैना संम नीजामती तर्फ द्रव्येकोसमा दाखील जम्मा भैरहेको रूपैया नीजामती तर्फवाट फीकी जंगी तर्फै दाखील जंमा गराई भाद्र मैना देखीलाई जुंजुं पल्टंवाट वाली तलव खाने हुन उस उसै पल्टंको जंगी तर्फकै लगतमा कायें राखी श्रेस्ता स्मेत दुरूस्त राखी कामकाज गर्नु भंने श्री मीनीष्टर याण्ड कम्याण्डर ईनचीफ दाज्यैज्यूवाट मर्जी वक्से मुतावीक काम काजभै आयाको हुनाले सो वमोजीं गरेको सवर गरी अवलाई स्मेत जो चाहीने सनद सवाल गरी दीने काम गर ईती संवत् २००५ साल आश्वीं १२ गते रोज २ शुभं – – – –

बाली तलब सम्बन्धी रिपोर्ट

मुल्की अडा अँ सवाल फाट्वाट जाहेर गरेको रीपोट – – – –

उप्रान्त पल्टं तर्फको लगतमा दरियाको पल्टं पल्टंकै १ नं फारामबाट बाली तलब खाने नीजामती बर्जाको द्रव्येकोशमा दाम राखन मंजुर हुने जागीर दार हरूको लगत नीजामती तर्फ रहवा उही एउटै फारांबाट बाली तलव खाने ज्वांहरूमा कुनै जंगी तर्फ कुनै नीजामती तर्फ पर्न गै सो १ नं को वाली तलबी फारांवाट द्रव्येकोश कट्टी भयेको जम्मा मोठ अंक फोरी जंगी नीजामति तर्फ तर्फको छुटचाई छुट्टा छुट्टै श्रेस्ता गर्नु पर्दा द्रव्येकोश जंगी बाली तलब, सदर मुल्कीखाना स्मेत अडा [अडामा दोहोरो कां पर्न जाने र सो मोठ अंक फोरी जंगी नीजामती तर्फ तर्फको छुटचाई छुट्टा छुट्टै श्रेस्ता गर्दा कुनै अडाको कुनै कारींदाको भुल हुन गयेमा येका तर्फको येका तर्फ परी श्रेस्ता नमीली बोर हुन जाने जाहेर गरी निकासा सदर गराई सच्याउन परी काम लामू हुन जाने भै रहेको वेहोरा जाहेर हुंदा पल्टं पट्टीका फारांमबाट बाली तलव खाने ज्वां- हरूको ५ साल श्रावण मैन्हासम्म नीजामती तर्फ द्रव्येकोशमा दाखिल जंमा भैरहेको रूपैया नीजामती तर्फबाट क्षीकी जंगीतर्फ दाखिल जंमा भैरहेको रूपया नीजामती तर्फबाट क्षीकी जंगीतर्फ दाखिल जंमा गराई भाद्र मैन्हा वेखीलाई जुं जुं पल्टंवाट बाली तलब खाने हुं उस उसै पल्टंको जंगी तर्फकै लगतमा कायें राखी श्रेस्ता दुरूस्त राखी काम काज गर्नु भंने श्री मिनिष्टर याण्ड कम्याण्डर ईनचीफ वाज्यैज्यूबाट मर्जी वक्से मुताबिक काम काजभै आयाको हुनाले सो

वमोजीं गरेको सदर गरी अबलाई स्मेत जो चाहिने सनद सवाल गरी दिने काम गर भंने वेहोराको २००५ साल आश्वीं १२ गते रोज २ मा श्री प. क. ज. बाट दस्खत भै आयेको हुनाले सो वमोजीं सवाल सनद गर्नालाई बुझदा पल्टं तर्फको लगतमा दरियेको नीजामती दर्जाको द्रव्येकोशमा दाम राखने जागीरदारहरूको लगत नीजामती तर्फ रहने भै बाधा परेको वेहोरा जाहेर भयेबाट माथी लेखीये वमोजीं प्रमाङ्गी भै आयेको देखीनाले जाहेर गरेका छौं। निकासाको हकमा पल्टंतर्फको लगतमा दरियेको पल्टं पल्टं कै १ नं. फारांबाट बाली तलव खाने नीजामती दर्जाको द्रव्येकोशमा दाम राखन मंजुर हुने जागीरदारहरूको २००५ साल श्रावण मैन्हासम्म नीजामती द्रव्वेकोशमा दाखिल जंमा भैरहको रूपैया नीजामती तर्फबाट झीकी जंगी तर्फ दाखिल जंमा गराई भाद्र मैन्हा देखिलाई जुं जुं पल्टंबाट वाली तलव खाने हुन् उसै उसै पल्टंनको जंगी तर्फको लगतमा कायें राखी श्रेस्ता दुरुस्त राखी काम काज गर्ने गराउने तय गरी वक्सेको छ सो बमोजिम गर्नु गराउनु भंन्या यो रीपोट् सदर गरी बक्सेपछि लेखिये वमोजीं गर्नु गराउनु भनी सैनिक द्रव्येकोसमा पठाई दिने ठहरायुं जो मर्जी हुकूम

श्री गुरु पुरोहित अचयुतराज पण्डितज्यू – – – १
सर्दार कृष्ण वहादुर – – – – – १
श्री. सु. उपेन्द्र पुरुष – – – – – १ का
ना. सु. इन्द्रमान सिं – – – – १ का
ना. डी. रत्न प्रसाद – – – – १
मु. सप्त मुनि – – – – – १

ईति सम्बत् २००५ साल मार्ग ११ गते रोज ६ शुभम् – – – –

छड्के सम्बन्धी निवम

सैनिक द्रव्यकोसका हाकिम कारिन्दाहरूले पुर्जि हेरी आठपहरिया पठाई छडके हाजीर गराउदा धेरैनै कामदारहरू अड्डामा टायममा हाजीर नभै अर्को अड्डामा काममा गयेको भन्ने र रकमहरू लेखायेकाले साल वसाली र भैपरी आउने रकम पनि लिन पाउने अड्डाहरूमा परी आयेको काममा जान परेमा जान पनि पाउने ठगहरूले ठगगरी वस्न पनि नपाउने गर्नालाई वन्दोवस्त गर्नु पर्छ मिलाई ल्याउनु भंने श्री मिनिष्टर य।ण्ड कम्याण्डर ईन चिफ साहेववाट रोहवरमा मर्जि वक्से मुताविक तपसीलमा लेखिय वमोजिम गर्ने गराउने बन्दोवस्त भयेमा अड्डाखानाका कर्मचारीहरूले सवालसनदले पाउने सालवसाली र भैपरी आउने रकम ली वस्न पाउने अड्डाको टायेममा ठगगरी हिडनेले समेत हिडनन पाउने र अड्डाको काम पनि राम्रोसंग चल्ने देखिन्छ भनि तपसिलमा लेखियेको वेहोरा येस अड्डावाट श्री मिनिष्टरयाण्ड कम्याण्डर इनचीफ साहेवका हजुरमा जाहेर गर्दा हाजिर हुने टायेममा महिनामा ४ पटकसम्ममा मात्र १५ मिनेट नाघी हाजीर भयकोमा मनासीव कारण देखियकोमा हाजीर गर्ने सबाल भइरहेकोमा अब जति पटक पनि हाजीर गर्ने गरी सवाल सच्याई दी तपसीलमा लेखिए वमोजिम गर्ने गराउने गर्नालाई जो जसलाई चाहिन्छ चाहिने सनद सवाल आडर गरिदिनु भन्ने मर्जि वक्सेको हुनाले मर्जि बक्से वमोजिम गर्ने गराउने गर्नालाई तपसिलमा लेखिय बमोजिम मुलुकी सवाल हाजीर विदा वारेको १० दफाको देहायेको सवाल गर्ने तपसिलमा लेखिये वमोजिम गर्ने

गराउने गर्नु नपर्ने गरी सनद गर्ने ठहराई जाहेर गरेका छौं लेखिये वमोजिम गर्ने गराउने यो रपोट सदर गरी वक्सीयपछि यसका अंगवाट जो जसलाई चाहिन्छ चाहिने वेहोराको सनद येसै अड्डावाट गरी पठाई जो चाहिने मुलकी सवालको प्रति पनि टाइपवाट छापी सदर मोफसलका सवै अड्डामा जारी गरी पठाई रपोट सदर यसै अड्डाका तामेलीमा राखी दिने ठहरायौं जो मर्जि हुकुम भनी २००६ साल आस्विन ४ गते रोज ३ मा खड्गनिसाना रिपोट सदर गरीवक्सेको हुनाले सो वमोजिम तपसिलको कुरामा तपसिलमा लेखिये वमोजिम गर्ने गर्नु भनी सैनीक द्रव्यकोस अड्डाका नाउमा सनद गरी वक्सनु पर्ने ठहरायुं जो मर्जि हुकुम भनी मुलुकी अड्डा अैनसवाल फाटका हाकीम कारिन्दाहरूले हाम्रा हजुरमा विंतिपार्दा जाहेर भयो तसर्थ सो ठहरायेकोमा हामीवाट भनी सदर गरी वक्सेको छ सो वमोजिम गर्ने गर्नु – – – – –

तपसील

सदर ४ भन्ज्याङभित्रका अड्डाहरूमा काम विशेषले आयेकाहरू अड्डाका कामदारहरूको नाम दर्जा अड्डाकाम मिति समेत देखिने गरी लेषने नंवरवाल डायेरी किताप खडा गरी राषने र कुनै अड्डाका कामदार काम विशेषले अर्को अड्डामा जान परेमा सो अड्डामा रहेको डायेरी कितापमा आफ्नु अड्डा दर्जा काम बसेको टायम समेत लेखने गर्नु भनेर सो अड्डाहरूले डायेरी लेखाएकोमा काम विशेषले गयेका कामदारहरूले सो सो दिन सो काममा आयेका पुर्जि मागेमा दिनु भंने उर्दि भैरहेकोमा काम विशेषले गयेको अड्डामा पुग्नासाथ नंवरवाल डायेरी कीतापमा नलेखी काम सकियेपछि फर्किने वेलामा मात्र लेखेने भै रहेकोले अधिपछि पुगी डायेरी लेखेको केही पत्ता नहुने र सो डायेरीको चेख पनि नहुने भैरहेको हुनाले उर्दी भैरहेको नमूना वमोजिमको डायेरी फाराम छपाई सवै अड्डामा राखी दी हाकीम लगायत नौसिन्दासम्मका कारीन्दाहरूले कुनै काम विशेषले अर्को अड्डामा गयेमा सो अड्डामा पुग्नासाथ नंबर वमोजिमको डायेरी कितापमा पुगेको टायेम दर्जाकाम अड्डा लेखी काम सिद्धिएपछि फर्किएको टायेम लेखी सही छाप गर्ने र अड्डा अड्डामा रहेको महिना महिनाको डायेरी फाराम

अर्को महिनाको ७ गते भित्रमा हाकिम तहरिरको सहीछाप गरी हाजिर गोश्वारामा बुझाउने डायरी फारामको पनि महीना महिनालाई चाहिने डायेरी फाराम गोर्खापत्रछापाखानावाट छपाईली लेखिये वमोजिम गर्न गराउने गर्नुभंने सदर ४ भंज्याङभित्रका पुर्वअड्डालाई र उर्दि भैरहेका नमूना वमोजिमको डायेरीफाराम अड्डाअड्डावाट कागजली छापी दिनु भंने गोर्खापत्रछापाखानाका नाउमा सनद गरी दिने भंने १ दफामा लेखियेको हुनाले सो वमोजिम गर्ने गर्नु – – – – – – – – १

काम विशेषले अड्डाको हाजिरी टायेम नै अर्को अड्डामा कुनै कामदारलाई पठाउनु परेमा अघिल्ला दिन वमोजिम कालमा पठाउनु पर्ने कामदारलाई यो काममा यो अड्डामा जानु भंने पुर्जि दि पठाउने र हाकिम लगायतका सव कामदारले कुनै अड्डाका आडर पुर्जि वमोजिम अड्डाहरूमा काजमा जानु परेमा हाजीर गोश्वाराको र अड्डाको हाजिर फाराममा काज जनाई सदर ४ भंन्ज्याङ भित्रका अड्डामा काजमा गयेकोमा सो अड्डाको डायेरीमा पनि टायेमदेखीको हाजीरी लेखी सहीछाप गर्नु पर्ने र लेखिये वमोजिम नगरी हाजीरी टायेममा आफ्नो अड्डामा हाजीर भयकोमा टायमंमा हाजिर भयको देखी यै वमोजिम हाजिर गोश्वाराले गैर गर्नेछ भंने २ दफामा लेखियेको हुनाले सो वमोजिम गर्ने गर्नु र अड्डामा टायेममा हाजिर भैसकेपछि अड्डा उठने टायमभित्र हाकिम देखि नौसिन्दासम्म कामदार कर्मचारीहरूले अड्डाका काम विशेषले अर्को अड्डामा जानु परेमा आपनु अड्डाका सवभन्दा ठूलो दर्जाको जो रहेछ उसलाई जानु परेमा काम अड्डा समेत वताई जाने गर्नु लेखिय बमोजिम जानु पर्ने काम र अड्डा नवताई आफुखुशीले गयेकोमा छडके हाजीर गर्दा युंको अड्डामा गयेकोमा अर्को अड्डा जनियको र नंवर वमोजिमको डायेरी फाराममा पछि गयेकोमा मानिसको अघिको टायेस लेखियकोमा समेत गैर हुनेछभंने ३ दफामा लेखियको हुनाले सो बमोजिम गर्ने गर्नु – – – – – – ३

सालबसाली भर्ने र लिन पाउने तोकियको रकम लिनु पर्नेमा सो रकम लिने अघिल्ला दिनमानै र सो बाहेक अपर्झटमा पर्न आउने अरू रकम पर्न आयेमा

तेस्को भोलीपल्ट अड्डा हाजीर हुने टायेम सम्ममा आफ्नो अड्डामा वा हाजीर गोश्वारामा खवर दिनु पर्छ सो वमोजिम सदर भै नभयकोमा गैरहुने छ भंने ४ दफामा लेखियको हुनाले सो वमोजिम गर्ने गर्नु – – – ४

टायेममा हाजिर गर्दा र छड्के गर्दा अर्को अड्डामा गयेको भंने जनाई आयेकोमा जुन अड्डामा गयेको भनियको छ सो अड्डाको डायेरी फारांमसंग हाजीर फाराम र छडके हाजीर गर्दा कागज भिडाउदा नमिलेकोमा हाजीर गोश्वाराले गैर गर्ने छ भंने ५ दफामा लेखियको हुनाले सो वमोजिम गर्ने गर्नु – – – ५

ईति सम्वत २००६ साल मार्ग ६ गते रोज २ शुभम् – – – –

पुराना मोहर दाखिल गर्ने

श्री अर्थ मन्त्रीबाट

सदर नेपाल पहाड मदेश समेत भरमुलुक ठाउ ठाउमा रहेका अड्डा अड्डाका हाकिम कारीन्दा समेत गैह्र कै यथोचित उप्रान्त सुरखेत दैलेखका रैती ठेकेदारले पुरानो मोहोर लगि फाइदा उठाउने गरेको भई सो बमोजिम नहोस भन्नाको निमित्त पुरानो मोहोर खर्च नगरी जो भयको सदर मुल्की खाना दाखिला गर्ने गराउने गरी सदर पहाड मदेशका अड्डाखानालाई सनद गरी पठाउने गरी २००७ साल वैशाख ३०, ६ मा दुई छापे रपोट सदर भए वमोजिम सदर मौफसललाई सनद भईरहेको पुरानो मोहोर यति भंने श्रेस्तामा र रूपैया दाखिल गर्ने चलानी रसीद कवचमा जनाउने गरी नआएकोले पुरानो मोहोर यति भन्ने श्रेस्ताबाट एक्कीन गर्न पर्ने हुदा अव उप्रात सदर मौफसल अड्डा अडाले आफ्ना आफ्ना अड्डामा आम्दानी आएको मोहोर रूपैया मध्ये २००५ सालमा टक भरेको त्रिशुलको दायावाया ४ थोप्ला चिन्ह भयको र त्यसपछि साल सालमा टक भरेको र अव नया टक भंने समेत नया टकको नेपाली मोहोर रूपैयालाई नया मोहोर रूपैया भन्ने जनाई २००५ सालकै ४ थोपला नभएको मोहोर रूपैया र त्यो भंदा अधिको सबै सालको मोहोर रूपैयालाई पुरानो भंने कायम गरी सो पुरानो मोहोर रूपैया आयजति छुट्टै नै देखिने गरी महल खोली श्रेस्तामा लेखी तेरीज वेरीजमा र वाकीमा समेत सो पुरानो मोहोर खोली लेखनु सो पुरानो मोहोर अघि भएका सनद आडर वमोजिम

डैठा मुल्कीखानामा दाखील गर्ने सदर मुल्कीखाना दाखिल गर्नेले सदर मुल्कीखाना दाखिल गर्नु र अरू अड्डा अड्डामा दाखिल गर्ने अड्डाले स्मेत सो पुरानो यति यति भन्ने खोली चलानीमा लेखी दाखील गर्ने र वुझने अड्डाले पनि चलानी बमोजिम पुरानो मोहोर वुझेको रसीद कवचमा खोली दिने गर्नु गराउनुहोला सो पुरानो मोहोर कुनै काममा पनि खर्च नगर्नु हालँ कति मौज्दात छ सो र त्यसपछि मैन्हा मैन्हामा पुरानो मोहोर जति आम्दानी यति दाखिल भयो बाकी यती छ भन्ने हाल साविक समेत देखिने गरी मैन्हा लागेको सात दिन भित्र सदर मुल्कीखानामा जाहेरी पठाउनु होला तालुक अडाले सोही वमोजिम गर्नु गराउनु होला यो आदेश पुगेकै दिनको मिति राखी लागु हुनेछ ईति सम्वत २००८ साल आश्विन १४ गते रोज १ शुभम् — — —

१९९१ साल देखि २०१७ साल सम्मको सैनिक द्रव्यकोषका बैठक निर्णयहरू

१९९१ साल

श्री

सैनिक द्रव्यकोस अफिस वाट जाहेर गरेको – – – – –

पल्टनिआ ज्वानको सैनिक द्रव्यकोसमा जम्मा हुने दाम वाली खानेको ९१ सालको वाली देखि र तलव खानेको यहि ९१ साल श्रावण मैन्हाको तलव देखि कट्टा भै आउने हुनाले श्व कोसमा जम्मा हुने दाम कट्टा भै आएमा स्वध भर्ना गर्ने गरि हालै सो कोसलाई फाएदा हुने काम्मा लगाउनलाई नोट रू. १००००० एक लाख मुल्की खानावाट दिने सनद गरी वक्सेको हुनाले सो नोट रू. १००००० एक लाख कुन काम्मा लगाउने ।

हाकिम सुव्वा चन्द्रलाल – – – १
तमु चेतमान अमात्ये – – – – १
इति संम्वत १९९१ साल भाद्र १० गते १ सुभम् ।

मिटिङ्वाट ठहराएको । – – – – – – –

यस वखत यो रूपैयामा नेपालमा लगानी गर्न लाएक्को केही असल काम नदेखि एकोर हिन्दुस्तान मा यता उति लगानी गर्नलाई सावँ समेत मा धक्का लाग्न जाने दहसत हुने भएकोले अरू तिर लागनु भन्दा खुद इन्डिया गभरमेन्टले आफ्नु सरकारीया तहविल रहने गराई पत्याई राखेको इम्पीरियल व्यांक संग दाम काम गर्नाले अरू भन्दा यो व्यांकहरतरह वाट वलीयो भर पार्दो ठहरियको र श्री ३ महाराज वाट याहा रहेका वृटिश मिनिष्टर द्वारा लेखा पडी गरि वक्सी यो कोसको दाम सैक्रा ३।। व्याज आउने इन्डीया गभर मेन्ट प्रामीसरि नोट मा हालियको पक्षमा इन्कम टचाक्स नलाग्ने गराई दि वक्से को हुनाले हाल यो नोट रू. १००००० एक लाख र पछि पनि यो कोसमा जो दाम जम्मा हुन आउला सो समेत अरू भर पर्दो असल र वढ्ता व्याज आउने लगानी को वाटो नमिले सम्म कलकत्ताको स्वही इम्यीरियल व्यांक मा पठाई सैक्रा ३।। व्याज आउने इन्डिया गभर मेन्ट प्रामीसरि नोट खरिद गर्ने ठहराई जाहेर गरेकाछौं।

श्री प. क. ज. – – – – १
श्री पु क. ज. – – – – १
श्री प्रसिद्ध प्रवल गोर्खा दक्षिणवाहु मान्नेवर नेपालतारा गुरूराज हेमराज पण्डित ज्यू सि. आई. ई – – – १
श्री गुरू प्रोहित खजाञ्चि भरत राज पण्डित ज्यू – – १
प्रदिप्त मान्येवर नेपाल तारा प्रवल गोर्खा दक्षिण वाहु वडा काजी मरिचि मान्सीङ सि. आई. इ. – – – १
श्री मान्येवर नेपाल तारा चिफ कर्णेल डम्मर शम्सेर थापा सि. आई. ई. सी. वि. ई. – – – – – १
मान्य कर्णेल भक्त वाहादुर वस्न्यात क्षेत्रृ । – १
ले. क. अनन्त शम्सेर थापा क्षेत्रृ – – १
मान्न्ये सर्दार हरि गोपाल – – – १
श्री मे. क. पुण्य वहादुर कार्कि – – १
सुव्वा कालिचरण– – – – १
इति सम्बत १९९१ साल भाद्र १० गते १ शुभम् । – – – – –

१९९२ साल

सैनिक द्रव्यकोसवाट जाहेर गरेको – – – –

सैनिक द्रव्यकोसमा रहेको दाम फायेदा हुने काममा लगाई आयको फायदामा यस काम निमित्त रहने मद्दत को खर्च मध्ये पल्टन वाट र अड्डा खानावाट काज खटि आउने हाकिम अफिसर हुद्दा सिपाहि वाहेक अरू कामदार कारिन्दा मसलन्द खर्च कटाई जो वाकि रहन्छ स्व दाम राखनेहरूलाई नै दामासाही वाट ठहरेवमोजिम थप हिने गरि वक्सेको छ । वर्षको १ पटक आयेको फायदा र काम्को खर्च औ वाकि वचौट समेत देखिने गरि मिटीङमा पेस गरि यति थप दिने भन्ने कार्यें गराउनु भन्ने सवालको २७ दफा मार थप पाउने हिसाव गर्दा वालि दसै किस्तावाट आउने लाई डवल र तलववाट मैन्हा मैन्हामा कट्टा हुने लाई आधा पाउने गरि मिलाई अंक निकाली थप पाउने अंक यकिं गर्नु भन्ने समेत सवालको ३२ दफामा लेखियाकाले थप कायेम गर्नालाई ९१ साल श्रावण देखि ९२ साल आखाड सम्मको वालि तलववाट जम्मा हुन आयेको दाम र यस्काम्को खर्च औ फायदा समेत के कति रहेछ भनि खर्च तर्फ कालिदल छ्यास्कामिनीका सिपाही को तलव वाहेक अरू देहाय वमोजिम देखिन आई यो साललाई पैला सुरू साल भै पटके खर्च हरू पनि परेको हुदा फायदा भन्दा खर्चमा बढी देखिन आएकोले तेस्को फाट्वारि देहायमा लेखि सवाल वमोजिमको तेरिजी फाराम समेत राखि जाहेर गरेको छु– — —

आयस्ताको लगत नोट्को सैंका २८ का दरले हुने मोहरू– —४६८१।५२

असामि— — —नोट–कंरू–मोहोरू — — —

लगानि भयका रूपैयाको आउनु पर्ने ५ नम्वरको फाराम वमोजिम सुद ५३५७।।।३ मा खरिद हुनु भन्दा अगाडि वुझाएको सुद १७००।२२ कट्टि गरि

वाकि नोटरू — — — — — ३६५७।३१

खर्चको हिसाव नोटको सैका २८ कम्पनि को सवाइका दरले हुने

मोहरू – – – – – – –७७१७।५।२

पटके खर्च– – – – – –३५०–१३।।।.४–१८४।२०

तलव मसलन्द– – – – – १० –५६०७।१८

विमा रजिष्टर खर्च – – – – – – १०।९

प्रामेस्वरी नोट गभरमेन्ट पेपरहरू खरिद को वैंक कमिसन - --५०३।–

अरू अड्डा अड्डावाट खर्च भयाको – – – – ७९०।८७

लेजर बुक पास वुक छापन कागज खरिदके कौसि तोसा खानावाट

गएको मोहरू – – – – – – ४०५।

फाराम छपाई खर्च र अरू फाराम को कागजको मोल हरू गोर्खापत्र छापाखाना को लेषोइ वमोजिम लाग्ने – – – –३८५।८७।२

फाजिल - – – – – – –३०३५।५३।२

हाकिम सुव्वा चन्द्रलाल – –१

त. मु. चेतमान – –१

इति सम्वत १९९२ साल श्रावण २३ गते ४ सुभम्– – – –

मिटिङ वाट ठहरायको

यस्मा आख्राड मसान्त सम्ममा खाली भयाका ज्वानको कट्टि गरि वाकि वालीवाट कट्टि भयाको रू ३८१०७।५ तलवीवाट कट्टि भयाको रू ११४५१४।८३ भयाकाले तलवीवाट कट्टि हुनेको भन्दा वालीवाट कट्टा हुनेलाई डवल दिने सवाल वमोजिम स्व हिसाववाट थप दिनु पर्ने अंक वालि वाट कट्टि भयाको रू ३८१०७।५ को डवल रू ७६२१४।१० र तलववाट कट्टि भयाको माथि लेखिया वमोजिम को रू ११४५१४।८३ स्मेत जम्मा थप दिनुपर्ने संख्या १९०७२८।९३ हुन आई खर्च मोहरू ७७१७।५ ।२ मा व्याज आएको मोहरू ४६८१।५२ कटाउदा मोहरू ३०३५।५३।२ फाजिल षर्च आएकोर सवाल सनदले यस विषयको षर्च जम्मै यसकामको फायदा वाट कट्टिगरी वाकिरहेको वचौट सम्म वाडनु पर्ने हुनाले श्व वमोजिम गरेका खण्डमा आम्दानिमा खर्च कटाउदा बाँकी न भै रू. ३०३५।५३।२ फाजिल पर्न आएको हुनाले श्व फाजिल रू. ३०३५।५३।२ साल ९२ को फायदामा घटाउने गरि यो साललाई फायदा भन्दा खर्च वढेको हुनाले थप नदिने । – – – – – –

श्री प. क. ज. – –१

श्री पु. क. ज. – –१

श्री प्रसिद्ध गोर्खा दक्षिण वाहु मान्नयेवर नेपालतारा गुरूराज हेम राज पण्डित ज्यू सि. आई. ई. – – – – – –१

श्री गु. प्रो. खजान्चि भरतराज पण्डित ज्यू – – –१

प्रदिप्त मान्येवर नेपाल तारा प्रवल गोर्खा दक्षिण वाहु वडा काजि मरिची मानसिंङ सि. आई. ई. – –१

मान्येवर नेपाल तारा क. क. डम्मर सम्सेर थापा क्षेत्री सि. आई. ई. सि. वि. ई. – –१

मान्नेवर कर्णेल भक्त वहादुर वस्न्यात क्षेत्र् – –१

लेक जोतेन्द्र बहादुर साहा – –१

मान्य सर्दार हरि गोपाल – –१

सुव्वा सोम राज जोसि – –१

इति सम्वत १९९२ साल श्रावण २३ गते ४ सुभम् ।

टिप्पणी

यस्मा लेखिए वमोजिम भै आयस्ताले नपुग्ने भयकोमा श्री ३ महाराज वाट यो साललाई श्व खर्चमा लेखिएको आयस्ता हुने प्रामेसरिनोट खरिद गर्दा लागेको व्यंक कमिशन नोट रू ५०३। र स्व नोट खरिद गर्दा लगेको व्यंक कमिसन नोटरू ५०३। र स्व नोट खरिद गरनालाई दाम पठाउदा लागेको विमा रजिष्टर खर्च कंरू १०।९ सम्म कट्टि गर्ने स्व वाहेक अरू पटके खर्च र कामदार कारिन्दा को तलव मसलन्द खर्चको नोट रू ३५० कंरू २३।।४ मोहरू ५७९१।३८ सो आयस्तामा कट्टि नगर्ने आईन्दा लाई हामीवाट कामदार कारिन्दा र खर्च कट्टा गर्ने हुकुम नवक्सेसम्मा यस विषयको कामदार कारिन्दा को तलव मसलन्द सम्म आयस्ता मा कट्टि गर्नु पर्दैन भन्ने हुकुम भै वक्सेको ले अव थप दिनालाई आयस्तावाट पुगन आयको हुदा ९१ साल श्रावण देखि ९२ साल आखाड सम्म रूपैया राखने हरू को दालिवाट कट्टि हुने लाई सैका मोहरू तिन ३ ८ तलवी वाट मैन्हा मैन्हामा कट्टि हुनेलाई सैका १।५० एक रूपैया पचास पैसा का दरले थपने गर्नु – – – – – –

श्री प. क. ज. – – – – – – – –१

श्री पु. क. ज. – – – – – – – –१

श्री प्रसिद्ध प्रवल गोर्खा दक्षिण वाहु मान्येवर नेपाल तारा गुरुराज हेमराज पण्डित ज्यू सि. आई. ई. – – – – – – –१

श्री गु. प्रो. खजान्ची भरत राज पण्डित ज्यू – – – – १

श्री प्र. दिप्त मान्येवर नेपाल तारा प्रवल गोर्खा दक्षिण वाहु वडाकाजी मरिची मान सिंह सि. आई. ई. – – – – – – – १

श्री मान्य वर नेपाल तारा क. क. डम्वर शम्शेर थापा क्षेत्री सि. आई. ई. सि. वी. ई. – – – – – – १

मान्येवर कर्णेल भक्त वहादुर वस्न्यात – – – –१

लेफ जोतेन्द्र वहादुर शाह – – – – –१

मान्य सरदार हरि गोपाल – – – – –१

सुव्वा सोम राज जोसि – – – – –१

इति सम्वत १९९२ साल भाद्र २ गते रोज १ सुभम् – – – –

१९९३ साल

सैनिक द्रव्य कोसवाट जाहेर गरेको – – – – –

सैनिक द्रव्यकोसमा रहेको दाम फायदा हुने काम्मा लगाई आयको फायदामा यस काम निभित रहने मद्दतको खर्च मध्ये पल्टनवाट अड्डाखानावाट काज खटि आउन्ये हाकिम अफिसर हुद्दा सिपाही वाहेक अरू काम्दार कारिन्दाको तलव मसलन्द खर्च कटाई जो वाकि रहन्छ स्व दाम राखनेहरूलाई नै दामासाहिवाट ठहरे वमोजिम थप दिने गरि बक्सेको छ वर्षको १ पटक आयको फायदा र यस काम्को खर्च औ वाकि वचौट समेत देखिने गरि मिटिङमा पेस गरि यति थप दिने भन्ये कायम गराउनु भन्या सवालको २७ दफामा र थप पाउने हिसाव गर्दा वालि दसै किस्तावाट आउनेलाई डवल र तलववाट मैह्ना मैह्नामा कट्टा हुनेलाई आधा पाउने गरि मिलाई अंक निकाली थप पाउने अंक यकिन गर्नु भन्या समेत सवालको ३२ दफा लेखि तेस पछि ९२ साल आश्विण २७ गते १ मा सैनिक द्रव्य कोसमा राखेका दामको आयस्ताको हिसाव गर्दा हामीवाट काम्दार कारिन्दाको तलव खर्च र मसलन्द खर्च कट्टा गर्ने हुकम नवक्सेसम्म पल्टनिया ज्वानको कट्टि भयाको दामवाट आयको फायदामा कट्टि नगर्ने गरि वक्स्येको हुनाले स्व कट्टि नगर्ने भयाको तलव मसलन्द कौसिवाट भर्ना लीनु भन्या खड्ग निसानावाट रपोट सदर गरि वक्स्येको हुनाले ९२साल श्रावण देखि ९३ साल आखाड सम्ममा कट्टा भयाका दाम्को थप कायेम गर्नालाई ९१ सालमा कट्टा भया मध्ये फिर्ता गयको कटाई वाकि रहेको र

९२ साल श्रावण देखि ९३ साल आखाड सम्मको वाली तलववाट जम्मा हुन आएको दाम र यस काम्को खर्च औ फायदा समेत देहायमा खोली सवाल वमोजिमको तेरिजी फाराम समेत राखि जाहेर गरेको छु – – –

सदर मुल्कीखानाका हाकीम् कारीन्दाले पुर्जी हेरी डिस्येम्वर ११ तारेखको २६०१८ नं. का चिटठी वमोजिम् इम्पेरियल् व्येङ्कवाट प्रामेशबरी नोट् रू ११८००० षरीद गर्दा नोट् रू १४००० को चानचुन्ने व्याज रू. २०६।। दुई सये छ रूपैया यघार आना नेपाल नआई सोही व्येङ्कमै थामियको हुनाले श्रेस्ता मिलाउना निमित्त सो व्याज नोट् रू २०६।। दुईसये छ रूपैया यघार आना व्येंकवाट आयेको भनि आम्दानी वाधी मुल्कीखाना दाखिल षर्च लेषी फेरी वेङ्कमा चालान् गर्ना निमित्त मुल्कीखाना बाट जिम्मावारी आयेको भनि आम्दानी वाधी सो व्येङ्कका चिट्ठी वमोजिम व्येङ्क चालां भयेकोमा षर्च लेषी श्रेस्ता मिलाउने कांम गर भंन्य सैनिक द्रव्यकोशलाई दस्षत गरी वक्सेको छ सो वमोजिम लेखीयाको व्याज नोट् रू २०६।। दुईसय छ रूपैया यघार आना नेपाल नआई लेखीये वमोजिं थामियेको हुनाले सो रूपैया गनी हेरी लिनु दिनु पर्दैन सो व्याज सैनीक द्रव्यकोशवाट दाषील् हुन आयेको भनी आम्दानी वाधी व्येङ्क चलां भयेको भनी श्रेस्ता मिलाउना निमित्त सैनीक द्रव्यकोश जिम्मा जिम्मावारी गयेको भंन्ये वेहोरा पारी षर्च लेषी मिलाउने कांगर ईति सम्वत् १९९७ साल् भाद्र १४ गते रोज ५ शुभम् – –

१४. नं. पु. क. ज. वाट

सैनीक द्रव्यकोशका हाकीम कारीन्दाले पुर्जी हेरी मेरो रूपैया झीक्न आउनलाई मलाई संचो नभई याहा आउन नसकेकोले मेरो व्येङ्कको दाम लिनलाई पास वुक छाप दी मेरा भाई यज्ञवहादुर शाहलाई पठायेको छ निजको हातमा दाम दी पठाई दिये यस्मा फर्क पर्दैन भंन्या का. व. ले युद्धवहादुर शाहले लेषी दीयेको मन्जुरी कागज ली फिर्ता लिन आयेको वेहोरा जाहेर भयो सो का. व. ले युद्धवहादुर शाह का मंजुरी कागज वमोजिम निजका भाई यज्ञवहादुर शाह हस्ते फिर्ता षर्च लेषी दिने कां गर ईति सम्वत् १९९७ साल भाद्र १४ गते रोज ५ शुभम् – – – – – –

१६. नं. श्री पु. क. ज. वाट

सदर मुल्कीखानाका हाकिम् कारीन्दाले पुर्जी हेरी सैनीक द्रव्यकोशमा ज्मा गर्ना निमित्त पल्टनीया ज्वानको फायदा निमित्त लगानी गर्नाके पवलीक वर्क रकंवाट नोट रू १०००००। यक लाष सापटी षर्च लेषी सैनीक द्रव्यकोशका श्रेस्तामा सापटी आम्दानी वाधी सैनीक द्रव्यकोशका हाकिम् जिम्मा जिम्मावारी दी पल्टनीया ज्वानको सैनीक द्रव्यकोशमा ज्मा गर्ना निमित्त कट्टा भै आउने रूपैयावाट सो नोट रू १०००००। यकलाख भुक्तान नहुन्ज्यालसम्म सोधभर्ना मिलाउने कां गर भंने स्मेत तेस अड्डाका नाउँमा भएका ६६।५।८।५ का खड्ग निसाना बमोजिम सैनीक द्रव्यकोशलाई पव्लीक वर्क रकंवाट सापटी आयेको नोट रू ६०००० साठी हजार भर्ना भै सकेको हुनाले वाकी रू ४०००० चालीस हजार रूपैया सैनीक द्रव्यकोशका मौज्दातवाट नोट सटही गर्नु पर्ने भये सवालको रितपुन्याई सटही गरी सोधभर्ना गरी दिने कां गर ईति सम्वत् १९९७ साल भाद्र २४।१ शुभम् – – – – –

१७. नं. श्री पु. क. ज. बाट

पव्लीक वर्क सदर नीक्सारी फाट्का हाकिं कारीन्दाले पुर्जी हेरी अड्डा अड्डालाई वरविछ्यौना तयार गर्ना निमित्त ठेकियेको मसलंद वन्द गरी हाकिं कारीन्दाहरू वसी काम गर्न र कागजपत्र राषनालाई फेल् चाहिने टेविल मेच वेंच आलमाडी हरू तेस अड्डा मारफत तयार गराई लिनु भने आएकोले सैनीक द्रव्यकोष ऐ अडिटरहरूलाई वरविछ्यौना तयार गर्नावापत् ठेकियेको मसलन्द यो साल षर्च लेषी लिन पाउने मसलन्द वन्द गरी टेविल मेच वेंच तयार गरा ईलिने दिने गरी वक्सेको छ सैनीक द्रव्यकोस र ऐ अडीटरले दिएको बमोजिम तपसीलमा लेषिया वमोजिको टेविल वेंचहरू तेस अड्डालाई भयाका अंसवालको रितपुन्याई रंगरोगनलाई चाडो तयार गरी वुझाई दिने कांगर – – –

तपसील

सैनीक द्रव्यकोसतर्फ	१४
हार्कीका चाहीने	३
कागजपत्र राषने आलमाडी स्हीतको टेवील	१
मेच	२
हात भयेको	१
सादा	१
तहरिरका निमित्त १ जना वस्ने वेंच	१
ऐ ऐ कागज पत्र राषने खाता स्मेतको टेविल	१
कारिन्दाहरूका निमित्त २।२ जना वस्ने वेंच	४
ऐ ऐ कागज पत्र राषने खाता स्मेत्को टेविल	४
तहविल्दारका निमित्त वस्न र रूपैया गन्न स्मेत हुने खाट	१
ऐ अडीटरतर्फ	७
हार्किका निमित्त हात भयको मेच	१
तहरिरका निमित्त १ वस्ने मेच	१
ऐ ऐ कागज पत्र राषने षाता स्मेतको टेविल	१
कारीन्दा निमित्त २।२ जना वस्ने वेंच	२
ऐ ऐ कागज पत्र राषने खाता स्मेतको टेविल	२

ईति सम्वत् १९९७ भाद्र २४ गते रोज १ शुभम् – – – –

१८ नं. श्री पु. क. ज. बाट

सैनीक द्रव्यकोशका हार्कि कारीन्दाले पुर्जी हेरी इम्पीरीयेल व्येङ्कमा ज्मा भयेको मध्ये प्रामेश्वरी नोट रू १०९००० को फ्रेवरी १ तारेषदेषी जुलाईसम्म मैह्ला ३।। का दर्ले व्याज नोट रू १९०७।। नेपाल नआई सोही व्येङ्कमानै थामियको हुनाले ... ...लाउना निमित्त श्व व्याज नोट रू १९०७।। व्येङ्कबाट आयेको भनी आम्दानी वाधी मुल्कीखाना दाषिल षर्च लेषी फेरी व्येङ्क

चलां गर्ना निमित्त मुल्कीखानावाट जिम्मावारी आयेको भनी आम्दानी वांधी सो व्येङ्कका चिठी वमोजिम व्येङ्क चलां भयेकोमा षर्च लेषी श्रेस्ता मिलाउने काम गर ९७।५।१८। शुभम् – – – – –

१६ नं. श्री पु. क. ज. वाट

सदर मुल्कीखानाका हाकिं कारिन्दाले पुर्जी हेरी इम्पीरीयेलमा ज्मा भयेको मध्ये प्रामेश्वरी नोटरू १०९००० को फेरवरी १ तारेख जुलाईसम्म मैह्ला ६ को सैका ३।। का दर्ले व्यांज नोटरू १९०७। नेपाल नआई सोही व्येंकमै थामीयेको हुनाले श्रेस्ता मिलाउना निमित्त सो व्याज नोटरू १९०७।। व्येंकवाट आयेको भनी आम्दानी वाधी मुल्कीखाना दाषिल षर्च लेखी फेरी व्येङ्क चला गर्ना निमित्त मुल्की षानावाट जिम्मावारी आयेको भनी आम्दानी वाधी सो व्येङ्कका चिठी वमोजिम व्येङ्क चलां भएकोमा षर्च लेषी श्रेस्ता मिलाउने काम गर भंने सैनीक द्रव्यकोसका नाउँमा दस्षत गरी वक्सेको छ सो वमोजिम लेषीयेको व्याज नोट रू १९०७।। यक हजार नौसय सात् रूपैया आठ आना नेपाल नआई लेषीये वमोजिम थामियेको हुनाले श्व रूपैया गनी हेरी लीनु दिनु पर्दैन श्व व्याज सैनीक द्रव्यकोशवाट दाषिल हुन आयेको भनी आम्दानी वाधी व्येङ्क चलां भयेको भनी श्रेस्ता मिलाउने निमित्त सैनीक द्रव्यकोश जिम्मा जिम्मावारी गयेको भंने वेहोरा पारी षर्च लेषी श्रेस्ता मिलाउने कांगर ईति सम्वत् १९९७ साल भाद्र २६ गते रोज ५ शुभम् – – – –

२० नं. श्री पु. क. ज. वाट

सैनीक द्रव्यकोशका हाकिं कारीन्दाले पुर्जी हेरी मेरा खसम मैना १ सु प्रेम वहादुर विष्ट यही ९७ साल आषाढ २८ गते परलोक हुनु भयेको सैनीक द्रव्यकोशमा ज्मा भैरहेको रूपैया मैले पाउने गरी इच्छाई दी राषनु भयाको हुनाले सो रूपैया लिन म असष भयेको हुनाले मेरा मानिस नरमां अनी हरी वाहादुर विष्टको जिम्मा दिये मेरो मंजुर छ भनी निज जागीरदारको स्वास्नी

वलागजुर पुलचोक वस्ने सुवेदारनी दीप कुमारी विष्टछेत्रीनीले दर्खास्त लेषी पठायाको वेहोरा जाहेर भयो निज सुवेदार प्रेमवहादुर विष्टको ज्मा भयेको रूपैया निज जागीरदारको स्वास्नी दीपकुमारी विष्ट छेत्रीनीको मंजूरी कागज वमोजिं पासवुक स्मेत खीची जो निजको मानिस नरमां अनी हरीवाहादुर विष्ट हस्ते फिर्ता लेषी दिने कां गर ९७।८।२८।५ शुभम् - – – –

२१ नं. श्री पु. क. ज. वाट

सैनीक द्रव्यकोसका हाकिं कारीन्दाले पुर्जी हेरी सैनीक द्रव्यकोशमा कट्टा भैरहेको रूपैया पट्टी मालवाट कंपनी पाउने गरी सनद भै लिन पाउने मीलने भये सोही वमोजिम र तेसो गर्न वाधा परे मेरो माहिला छोरा गुह विक्रम राणा हस्ते वक्से निजले सटही गरी पठाउने थियो सर्कारवाट ……छोरा दिनु भंने प्रमांगी पाउं भनी क. क. ताङवीक्रम् राणाले लेषी पठायेको जाहेरी विन्तिपत्रमा येस्मा निज क. क. ताक्ष विक्रम राणाको पाउने फंडको रूपैया निजैका छोरा क. प. गुहविक्रम राणा दिलाइदिनु भंने श्री ……प क ज साहेवको प्रमांगी भै आयेको वेहोरा जाहेर भयो निज क. क. ताक्ष विक्रम राणालाई फिर्ता दिने कां गर ईति सम्वत् १९९७ साल आश्विन १ गते रोज ३ शुभम् – – – – – –

२३ नं. श्री पु. क. ज. वाट

मुल्की अड्डा अैसवाल फाट्का हाकिं कारींदाले पुर्जी हेरी पल्टन तर्फ नोकरी रहन पाउने उमेरको हद पुगेपछि षाली हुने गरी यो साल पज्नीमा सीविल तर्फ सारी वक्सेका अफिसरहरूको सैनीक द्रव्यकोशमा ज्मा भयेको दाम सवाजले फिर्ता दिनु पर्ने भयतापनि हालै फिर्ता नदिने निजामति तर्फ सरे पनी सैनिक द्रव्यकोशका दरवंदी वमोजिम नोकरी हुने रूपैया वाहाल हुंज्यालसम्म कट्टा गरी सैनीक द्रव्यकोसमा ज्मा गरी नीजहरूको वहाल छुटेपछिमात्र फिर्ता दिने श्री ३ महाराज वुबाज्यूवाट हुकुं वक्सेको र तलवी पजनीको भाद्र मैह्ना को तलव

देषी कट्टी गर्नु पर्ने हुनाले सो वमोजिं गर्नालाई सैनिक द्रव्यकोश वारे भैरहेको सवालमा जो गर्नु पर्ने थप कट्टा गरी मिलाई अरू अड्डाअड्डालाई … …जजस्का नाउँमा जो चाहिने सनद सवाल चांडो गरी दिन्ये कां गर ईति सम्वत् १९९७ साल आश्विन १ गते रोज २ शुभम् – – – – –

२८. नं. श्री पु. क. ज. वाट

कौसितोसाषानाका हाकिं कारीन्दाले पुर्जी हेरी पल्टन तर्फ नोकरीमा रहने पाउने उमेरको हद षुगेपछि षाली हुने गरीयो साल पज्नीमा सीबील तर्फ सारी वक्सेका अफिसरहरूको सैनिक द्रव्यकोष मा ज्मा भयेको दाम हाले फिर्ता नदिने निजामति तर्फ सारेपनि सैनीक द्रव्यकोशका दरवंदी वमोजिम कट्टी हुने रूपैया ज्यालसम्म कट्टी गरी सैनीक द्रव्यकोसमा ज्मा गरी दिने हुकुं भैबक्सेको र तलवी जतिको भाद्र मैह्लाका तलवदेषी कट्टी गर्नु पर्ने हुनाले सो वमोजी गर्नालाई जजस्का नाउँमा जो चाहिने सनद सवाल गरी दिनु भन्ने वारे मुल्की अड्डा अँसवाल फाट्का नाउँमा दस्षत म गईसकेको हुनाले तेस अड्डाका नाउँमा सनद सवाल भै नआयसम्म सैनीक द्रव्यकोशबाट दियका फाट वमोजिम मैह्ला मैह्लाका तलववाट कट्टी गरी मुल्कीषानामा सैनीक द्रव्यकोशका श्रेस्तामा दाषीलागरी दाषिल भयका सो नगरे सैनीक द्रव्यकोशलाई पठाई दिने र सनद सवालभै आयपछि सोही वमोजिं गर्ने गर कां गर ९७।७।४।१ शुभम् – – – – –

२९. नं. श्री पु क. ज. वाट

सैनीक द्रव्यकोशका हाकिं कारिन्दाले पुर्जी हेरी मेरा छोरा श्री नाथ १।२० सी रत्न वहादुर थापा छेपु हिंन्दुस्थान षटी गयेको ९७ साल श्रावण ३० गते नदीले वगाई मरेको र नीजको सैनीक द्रव्यकोस मा ज्मा भयेको रूपैया मैले पाउने गरी इच्छाई दिई राषेको सो रूपैया लिनालाई भवानको वेठाले वेरामी भै हिडन नसक्दा ज्मा भयेको रूपैया मेरा येका घर संगको छोरा वषत्-

वाहावुर थापाछेत्री हस्ते फिर्ता दिलाई पाउँ भनि भनि प ३ नं. लमजुं सादरी वस्ने इमान सिं थापा छेत्रीले मंजुरी कागज लेषी पठायेको व्यहोरा जाजेरको निज श्री नाथ १।२० सी रत्न वाहादुर थापाछेत्रीको ज्मा भयेको रूपैया इछ्यावाला वाबु इमानसिं थाथाछेत्रीका मंजुरी काजज वमोजिं वषतवाहादुर था. छे. षु. ३ नं. ले भने पाउने हस्ते फिर्ता षर्च लेषी दिने कां गर ९७।७।४।१ शुभम् – – – – – – –

३०. ी पु. क. ज. बाट

सदर मुल्कीषानाका हाकिकारीन्दाले पुर्जी हेरी पल्टन तर्फ नोकरीमा रहन पाउने उमेरको हद पुगेपछि खाली हुने गरी यी साल पज्नी मा सीविल तर्फ सारी वक्सेको अफिसरहरूको सैनीक द्रव्यकोशमा ज्मा भकको दाम हाले फिर्ता नदिने निजामति तर्फलाई पनि सैनीक द्रव्यकोसमाका दरवंदी वमोजिं कट्टी हुने रूपैया वाहाल छंज्यालसम्म कट्टी गरी सैनीक द्रव्यकोशमाज्मा गरी दिमे हुकुं भै वक्सेको तलविजतिको भाद्र मैन्हाका तलवदेषी कट्टी गर्नु पर्ने हुनाले सो वमोजिं गनालाई जजस्का नाउँमा जो चाहिने सनद सवाल गरी छिनु भंने बारे मुल्की अड्डा अैंसवाल फाट्का नाउँमा दस्वतभै गैसकेको हुनाले निजका मैन्हा मैन्हाका तलवमा कट्टी गरी रूपैया कौसी तोसाषाना वाट तेस अड्डामा बुझाउन ल्याये सैनीक द्रव्यकोशको वाली तलववाट दाषील हुन आयेको महलमा आम्दानी वाधी सो अड्डालाई कवज भरपाई जो बिनु पर्ने दिने कांगर ९७।७।४।१ शुभम् –

३१. श्री पु. क. ज. वाट

श्री नानी छोरा यकराज सस्सेर जंगवहादुर के सुभ आसिर्वाद उप्रान्त मलाई तेस अड्डावाट दियेको वङ्कको पासबुक यही ९६ साल फागुण मैन्हामा हरायको हुदा तहा जो गर्न पर्ने अैंसवाल वमोजिम दस्तूर लि मेरा छोरा कटकवहादुर राणामगरलाई पासबुक दिने कां गरे वेस होला भंने वारेको दौरे ७।३४ प्यू. कृष्णवाहादुर राणा ल. पु इथांकोट माटिखेलको चीठी आयेको र सवालले मोरू

।२५ जरिवाना गरी अर्को पासबुक तयार गरी जागीरदारको दायावाया बुढी औंलाको स्हीछाप गराई दिनुपर्ने र जरिवाना असुल भैसकेको वेहोरा स्मेत जाहेर हुदा सो निजको पासवुक अर्को तयार गरी यसैसाथ पठाई वक्सेको छ पल्टंपट्टीका अफिसर मार्फत फरक नपर्ने गरी सो पासवुकमा जागीरदारको औंठाको स्हीछाप गराउनु पर्ने महल्मा निज दौरे ७।३४ प्यूठ कृष्णवहादुर रानामगरको दायावाया वुंढी औंलाको स्हीछाप प्रष्ट आउने गरी गराई निजलाई पासवुक सौपी दिने जनाउ सैनीक द्रव्यकोस सम्म पठाउन लाउने कां गर ईति सम्वत् १९९७ साल कार्तिक ६ गते रोज ३ शुभम् – – –

३३ श्री पु. क. ज वाट

म्यूनिसीपल्टी आफीसका हाकिकारिन्दाले पुर्जी हेरी पल्टन तर्फ नोकरीमा रहन पाउने उमेरको हद पुगी पछी खाली हुने गरी यो साल पज्नीमा सिविल तर्फ सारी वक्सेका अफीसरहरूको सैनीक द्रव्यकोसमा ज्मा भयेको दाम हाले फिर्ता नदिने निजामतीमा सरे पनि सैनीक द्रव्यकोशका दरवदी वमोजिम जो कट्टी हुने रूपैया वहाल छुउन्ज्यालसम्म कट्टी गरी सैनीक द्रव्यकोसमा ज्मा गरी दिनु भंने हुकुं भैवक्सेको हुनाले सो वमोजिम गर्नालाई जजसका नाउँमा चाहिने सनद सवाल गरी दिने कां गर भंनी मुल्की अड्डा अैंसवालका नाउँमा दस्षत् भै गयेको र वर्द क. प. रणवीर पाडे भोरकोटको कौसी तोसाषानावाट जीम्मावारी ली म्यूनीसि पल्टीवाट तलव षाने गरी सो अड्डामा सरेको भंने वारे क. कि. दर्ता फाट्वाट ज्वाफ दियेको वेहोरा स्मेत जाहेर भयो निज वर्द क. प. रणवीर पाडेलाई तलव दिंदा कार्तिक मैह्नाको तलववाट मोहरू ४८। अठचालीस रूपैया र मार्ग मैन्हादेषी मैन्हा मैन्हामा दरवंदी वमोजिम मैन्हा १ को मोरू १२। वाह्र रूपैयाका दरले कट्टी हुनासाथ सदर मुल्की खानामा सैनीक द्रव्यकोस रकंमा दाषील गरी तेस्को जनाउ सैनीक द्रव्यकोसलाई दिन्ये कां गर ईति सम्वत् १९९७ साल कार्तिक ११ गते रोज १ शुभम् – – – –

३७ श्री पु. क. ज. वाट

सैनीक द्रव्यकोशका हाकिम कारिन्दाले पुर्जी हेरी इम्पीरीयेल वैंङ्कमा जमा भयेको प्रामिस्वरी नोट रू ११८००० को अगष्टदेषी जनवरी सम्म मैन्हा ६ को व्याज रू. २०६५ आउनु पर्नेमा इनकंटचाक्स कटाई वाकी मात्र आयेको र सो इनकंटचाक्स नलागने भयेको हुदा छुट भयेको व्याज सं ४० नवेंवर ६ तारेषको ६८४६२ नं. का चिठी वमोजिम नेपाल नआई सोही वैंकमा जमा भयेकोले श्रेस्ता मिलाउन निमित्त सो छुट व्याज व्येंकवाट आयेको भनि नोट रू ३२२। तिसये वाईस रू पाच आना आम्दानी वाधी मुल्कीषाना दाखिल गरी व्येंक चलां गर्ना निमित्त मुल्कीषानावाट जिम्मावारी ल्याई लगानी हुन गयेको भनी षर्च लेषी श्रेस्ता मिलाउने कां गर ९७।८।९।१ शुभम् – – –

४१ नं. श्री पु. क. ज. वाट

सदर मुल्कीषानाका हाकिं कारीन्दाले पुर्जी हेरी नोकरीमा रहन पाउने उमेरको हद पुगेपछि खाली हुने गरी यो साल पजनीमा सीविलतर्फ सारी वक्सेको अफिसरहरूको सैनिक द्रव्यकोशमा जमा भयको दां नगद फिर्ता नदिने निजामति तर्फ सारेपनि सैनिक द्रव्यकोसका दरवंदी बमोजिम कट्टी हुने रूपैया बाहाल छंज्यालसम्म कट्टी गरी सैनीक द्रव्यकोशमा जमा गरी दिने हुकुं भैवक्सेको हुनाले सो वमोजिं गर्नालाई जजस्का नाउँमा चो चाहिने सनद सवाल गरी दिनु भंनेबारे मुल्की अड्डा अैंसवाल फाटका नाउँमा दस्षतमै गैसकेको हुनाले निजहरूका मैह्ना वेह्लाका तलववाट् कट्टी गरी सदर मुल्कीषानामा सैनीक द्रव्यकोशको रकंमा दाषील गर्नु भंन्या वाली तलब षुवाउने अड्डाहरूका नाउमा दस्षत गरीवक्से को छ सो बमोजिं दाषिला गर्न ल्यायेको वुझिलि सैनीक द्रव्यकोशको वाली तलव वाट् दाषिल हुन आयेको महलमा आम्दानी वाधी सो अड्डालाई कवज भरपाई जो दिनु पर्ने दिने कां गर ईति सम्वत् १९९७ साल मार्ग १४ गते रोज ६ शुभम्

४३. नं. श्री पु. क. ज. वाट

जिन्सी अड्डाका हार्कि कारीन्दाले पुर्जी हेरी सैनीक द्रव्यकोशका कांलाई चाहिने फाइल मसीइत्यादी मगाउने खरीदगर्नु पर्ने भयामा हाम्रा तजविजवाट झिकाउने खरिद गर्ने सदनमै यस मध्ये हाल चाहिने भयेको औठाको सैछाप गराउनालाई डुवलीकेटिङ इन्क ३, तिन फुट कागज यक राषनालाई रूल आर्चटष्टलाईट फाइल दर्जन ३ कलकत्ताको डवल्यून्यूमेन कंपनीवाट झिकाउने गरीवक्सेको छ चाडो झिकाई सैनीक द्रव्यकोशमा वुझाई दि सो वुझाउदा को वील महसूस फोन जो लागेको षर्च सैनीक द्रव्यकोशबाट भर्ना लिने कांगर ईति सम्वत् १९९७ साल मार्ग १९ गते रोज ४ शुभम् – – – –

४६. श्री ले. ज. खङ्कर सम्सेर जंगवहादुर राणाबाट

सैनीक द्रव्यकोशका हार्कि कारीन्दाले पुर्जी हेरी श्री पु. क. ज. दाज्येज्यू मदेश तर्फ सवारी भै वक्सेको फिर्ती सवारी भै नवक्सेसम्म लाई मौसूफ दाज्येज्यूलेगरी वक्सेको सैनीक द्रव्यकोशको कां हामीवाट गर्ने गरीवक्सेकोले म विरामी भै यही गयको मार्ग १६ गते अंफिट खाली भयेको श्वही वेरामीले भानीजको घर चागुमा आई वक्सेको छु मेरो व्येङ्क फीकनालाई म आउन नसकेको हुनाले भानीजसंग अनी गणेशवाहादुर नगरकोटी चांगुलाई मेरा पासवुक ली मेरा छोरा कृष्णलाल नगरकोटी स्मेत साथ लगाई पठाई दियेको छ निज भानीज गणेशवहादुरलाई मेरो ज्मा भयेको रूपैया दिने कां भये वेसहोला फरक पर्दैन भन्ने रिसल्ला ३।५९ सि गोपीलाल नगरकोटी विरामी भै आउन नसकेकोले निजको मंजुरी कागज वमोजिम जंगनाथ अनी गणेशवाहादुर नगरकोटीलाई फिर्ता षर्च लेषी दिने काँ गर ईति सम्वत् १९९७ साल पौष १७ गते रोज ३ शुभम् – – – – – – –

६१. नं. श्री पु. क. ज. बाट

सबर मुल्कीखानाका हाकि कारिन्दाले पुर्जी हेरी इम्पीरियेल ब्येंकको सं ४१ फ्रेबरी ११ तारेषको ९९५३ र ९९३३ नं. का चिठी बमोंजि तपसील वमोंजिको प्रामेश्वरी नोट रू ६६७००० को सं. ४० अगष्ट देषी सं. ४१ जनवरीसम्म मैन्हा ६ को सैका ३।। का दर्ले आयेको व्याज नोटरू ११६७२। येघार हजार छसये बहत्तर रूपैया आठ मात्र नेपाल नळीकाई सोही ब्येंकमै थामी वक्सेको हुनाले श्रेस्ता मिलाउने निमित्त सो व्याज आयेको भनी आम्दानी बाधी मुल्कीखाना दाषील षर्च लेषी फेरी ब्येंकमा चलां गर्ना निमित्त मुल्की खानावाट जिम्मावारी आयेको भनी आम्दानी बाधी सोही ब्येङ्कका चिट्ठी बमोजिम ब्येक चलां भयेकोमा खर्च लेषी श्रेस्ता मिलाउने कांगर भन्ने सैनीक द्रव्यकोशलाई दस्षत गरी वक्सेको छ सो वमोर्जी तपसिल्मा लेषीये वमोजिमको व्याज नेपाल नआई लेषीये वमोजिम थामियेको हुनाले सो रूपैंया गनी हेरी लिनु पर्दैन सो व्याज सैनीक द्रव्यकोशवाट दाषील हुन आयेको भनी आम्दानी बाधी ब्येंक चलां भयेको भनी खर्च लेषी श्रेस्ता मिलाउना निमित्त सैनीक द्रव्यकोश जिम्मावारी गयेको भंने वेहोरा पारी जिम्मावारी खर्च लेषी श्रेस्ता मिलाउने कांगर – – – – – – – – –

तपसील

नं. १०६१ को नोट रू १०९००० को सैका ३।। का दर्ले ब्याज रू.– १९०७।।
नं. ११७७ नं. को नोट रू ११५००० को ऐ ऐ ले – – –१०१२।।
सो ऐ ९ नं. को नोट रू ११०००० ऐ ऐ – – – – १९२५।
सो ऐ २९ नं. को ११५००० को ऐ ऐ – – – –२०१२।।
सो ऐ ५३ नं. को ११८००० को ऐ ऐ – – – – २०६५
नं. ११५८ नं. को १००००० को ऐ ऐ – – – – १७५०
ईति सम्वत् १९९७ साल फागुण १९ गते रोज १ शुभम् – – –

६३ श्री पु. क. ज. वाट

सैनीक द्रव्यकोशका हाकिं कारिन्दाले पुर्जी हेरी तेस द्रव्यकोसको काम निमित्त चाहिने फायेल भनि अरू देसवाट झिकाउदा लागेको मोल भाराभरौट सोही अडावाट भर्ना लिनु भंने येस अड्डाका नाउँमा भै आयेका श्री पु. क. ज. साहेवको ९७।८।१९।४ का दसखत् बमोजिम क. को डवल्यू न्यूम्यां कंपनीलाई मीन ६७।९७ को आडर्दो झिकायेको नीज कंपनीका सं ४१।१।१० बा १४१ ई नं फावील वमोजिम तपसिलका मालको मोल नोटरू १०५।।। को सैका ३।। ले हुंडीयात् कंरू ३।। ।स्मेत ज्मा कंरू १०९। । को यस अड्डाका नाउँमा भयेका सवालको ९१ दफा वमोंजि कंरू ४ को मोहरू ६। का दर्ले हुने मोरू १६४।१९ यक्सय चौसट्ठी रूपैया उनाईस पैसा तुरुन्त येस अड्डामा वुझाउन पठाई दिनु भनि सो जिन्सी अड्डावाट पुर्जी लेषी पठायेको वेहोरा जाहेर भयो तसर्थ सो सिंहदरवार जिन्सी अड्डामा वुझाउना निमित्त देसी फायेल मसी कागज इत्यादी षरीद गर्नाके निकासा भयेको कंरू १००० मध्येबाट श्रेस्तामा षर्च लेषी सिंहदरवार जिन्सी अड्डामा वुझाउन पठाइ दिने कां गर – – – – – – – –

तपसील

फुलसवयाप साईजको इष्टलाइट रो आर्क फाईल दर्जन ३ के
दर ३५ ले रू – – – – – – – १०५
थम कम्प्रेसन ईङ्क भंने कालो छाप मसी टीन ३ केज लि रू – – ।।।

१०५।।।

सो नोट् १०५।।। को सैका ३।। ले हुंदीयान कंरू – – – ३।।

१०९। ।

सो कंरू १०९। ।को सवाल वमोंजि कं ८४ को मोरू ६ का
दर्ले हुने मोहरू – – – – – – १६४।१९
ईति सम्वत् १९९७ साल चैत्र ३ गते रोज १ शुभम् – – –

६७ श्री पु. क ज. वाट

सैनीक द्रव्यकोसका हार्कीं कारिन्दाले पुर्जी हेरी श्री भ पु ४।४० नं सी पदंवहादुर खत्रीको सैनीक द्रव्यकोसमा रहेको रूपैया फिर्ता पाउँ भंने मंजुरीको कागज लि टीकाराम खत्री आयेकोमा सहीछाप भीडाई हेर्दा नमिलेको वेहोरा जाहेर हुदा यो मंजुरी कागजमा सहीछाप गर्ने मानिसको हो कुं परिवंदवाट खडा गरी ल्यायेको रहेछ कागज गराई साछी वस्ने मानिस समेत वुझी जाहेर गर्नु भंन्ये भय मुताविक वुझियको टिकाराम खत्रीले द्रव्यकोसमा रहेको रूपैया फीर्ता ली आउनु भनी पासवुक समेत दियेकोले ली आई काप्र ४।३ ह क्षेत्रवहादुर संग स्वही भै मंजुरीको कागज गरी लगे पाइन्छ म लेखीई दिन्छु भनी प्यूठ भंन्येलाई लेखाइ गणेस भन्ये सीपाहीको स्हीछाप गराई खत्री संगै निज क्षत्रवाहादुर स्मेत आई यस अड्डामा भन्न आयेको हु भंन्या कागज गरी दियेको ९७ साल मार्ग २२ गते ७ दिन टिकाराम मेरा डेरामा आई छोराको रूपैया फिर्ता लिने कागज गराई हेर्नु भने होल्डका ५४।१५ प्यूठ विरेन्द्रवहादुर लाई लेखाई रोहवर्सँ दायावाया वुढी औलाको सहीछाप गराई २३ गतेका दिं टीकाराम मात्र फर्की २४ गते यस अड्डामा म समेत आई देखाउँदा रित पुगेन भनी फिर्ता दियबाट श्व वमोजि मिलाई साछी गराई छोरो पदंवहादुरको सहीछाप गराई ल्याउ भनी २५ गते टिकारामलाई दिई पठायेको २६ गते लि आयेकोले छोराको स्हीछाप गराई ल्याको हो भंन्ये विश्वास परी सहीछाप गरी दियेको हुं पदंबहादुरको वदलामा गणेस दलको सिपाहीको मैले स्हीछाप गरायेको छैन यस अड्डावाट रितपुऱ्याई ल्याउ भंने वमोजिम सव कुरा लिई साफी लेखाउदा मिति समेत स्वही वमोजिम परी लेखेवाट फरक परेको हो सजायवाट पचने उराद ली मेरा उपर छुट्टै उजुर गरेको हो भंन्ये काप्र ४।३ ह क्षत्रवहादुर खत्रीले र श्वही मिली संग का. प्र २।६ सी सेरवहादुर खत्रीले र का प्र ४।१५ प्यूठ वीरेन्द्रवहादुर थापाले वयां गरेको जागीरदार पदंवहादुर वुझेमा वेरामी हुनाले मेरा ज्मा भयेको रूपैया फिर्ता लि आउनु भनी पासवुक समेत दियेपछि हेकागजमा हो सहीछाप गरी दे भनी यका घरको वावुले भंदा सहीछाप गराई

निज वावुले ली आये दिनु भंन्ये कागज गरी दिन्ये दी वेहोरा समेत हाम्रा हजूरमा जाहेर भयो निज टीकाराममले बीचैवाट रूपैया फिर्ता पाउं भंन्य आयको नभै जागीरदार पदंवहादुरको मंजुरीले निजका येका घरको वावु टीकाराममलाई लिन पठायेको र मंजुरीको कागज भये को भये पनि श्वही कागजमा रित नपुगी अड्डावाट फिर्ता दियेपछि रितपुऱ्याई लेखेको कागजमा पनि जागीरदार निज पदंवहादुर भयकै श्व कागज पनि निजकै सहीछाप गराउनु पर्ने र साछीहरूले पनि आफ्ना रोहवरमै कारणीको मंजुरसाथ सहीछाप परेको कागजमा सहीछाप गर्नु पर्नेमा वीचवीचमै सहीछाप गरे गरायमा सावीतै देषीयकाले निजहरूलाई क्षीकायेका १५ नं हा अैं वमोजिं जनही मोरू १। येक रूपैया दुइ दुईले मोरू ४ चार रूपया जरिवाना गर्ने गरी वक्सेको छ सो जरिवाना असुल गरी दाषील गर्नु पर्ने ठाउँ दाषील गरी… …… … … . …तामेलीमा राषी दिने कांगर ईति सं. १९९७ साल चैत्र ५ गते रोज ३ शुभम् – – –

श्री पु. क. ज. वाट

सदर मुल्कीखानाका हाकिं कारिन्दाले पुर्जी हेरी इम्पीरियल व्येंकको स्येव्यें व्येंकमा रू १०००० दसहजार जमा भयको र यस वि ४२७ नं सं. ४१ अप्रेल ३ तारेषको चीट्ठी वमोजिं करेन्ट एकाउन्टमा रू १००७५ सेव्यें व्येंकवाट सारेकाले सेव्यें व्येंकमा जमा भयेको रू १०००० सारी झीकेको मितिसम्मको व्याज राषी सारेको हुदा सो वढी भयेको नोट रू ७५ पचहत्तर रूपैया व्याज आयेको नेपाल नआई सोही करेन्ट एकाउन्टमै थामीयेको हुनाले श्रेस्ता मिलाउना निमित्त सो व्याज नोट रू ७५ पचहत्तर रूपैया व्येंकवाट आयेको भनी आम्दानी वाधी मुल्कीखाना गई खर्च लेषी फेरी व्येंकमा चलां गर्ना निमित्त मुल्कीखानावाट जिम्मावारी आयेको भनी आम्दानी वाधी व्येंक चिट्ठी वमोजिम व्येंक चलां भयेकोमा खर्च लेषी श्रेस्ता मिलाउने काम गर भंने सैनीक द्रव्यकोसलाई दस्षत गरी वक्सेको छ सो वमोजिम लेषियेको व्याज नोट रू ७५ नेपाल नआइ सोही व्येंक मै थामीयेको हुनाले सो रूपैया हेरी गनी लिनु दिनु

पर्दैन सो व्याज सैनीक द्रव्यकोसमा दाषील हुन आयेको भनि आम्दानी वाधी व्येंक चलां भयेको भनी श्रेस्ता मिलाउने निमित्त सैनीक द्रव्यकोस जिम्मा जिम्मावारी गयेको भनी षर्च लेषी श्रेस्ता मिलाउने कां गर ९७।१२।२८।५

९· नं· श्री पु. क· ज· वाट

पवलीक वर्क सदर नोक्सारी फाट्का हाकिं कारिन्दाले पुर्जी हेरी यो साल ठेकिएको मसलंद वंद गरी सैनीक द्रव्यकोश र अडीटर आफिस स्मेतलाई तपसिल वमोजिको टेविल वेंच तयार गरी दिने कांगर भंने स्मेत वेहोराको ९७।५।२४ मा हामीवाट दस्खत गरी वक्से मुताविक तयार गरी दिनु पनमा तागीता लेषी पठाउनु यो साल वजेट भित्र परेन भंने ज्वाफ दियेको र सो वेगर कां गर्नालाई वाधा परो वेहोरा स्मेत जाहेर भयो तसर्थ वजेट भित्र नपरेको भएपनी जाहेर गरी निकासा गराई तुरून्त लेषीए वमोजिमको टेविल वेंच वनाई वुझाउन पठाई दिने कां गर ईति सम्वत् १९९८ साल जेष्ठ २ गते रोज ५ शुभम् – – – – – – – –

१०. श्री नं· पु· क· ज· वाट

सैनीक द्रव्यकोशका हाकिं कारिन्दाले पुर्जी हेरी सैनीक द्रव्यकोसका मौज्दातवाट प्रामेश्वरी नोट खरिद गर्नालाई नोट रू १०००००। इम्पीरियेल व्येंकमा पठाई वक्सेकोमा श्व नोट रू एक लाख १००००० र स्वही वैंकमा जम्मा भएकोमध्ये सेवें व्यंक र करेण्ट एकाउन्टवाट स्मेत झीकी तपसिल्को नोट रू १४५३४५३।१० षर्च गरी सैंकडा ३॥ का दर्ले सुद आउने प्रामेश्वरी नोट रू १५००००। खरीद गरे भंन्ये इम्पीरियल व्येंकको चिट्ठी आएको हुनाले श्व उजरातीमा लेषी इम्पीरियेल व्येंकमा गएको नोट रू १०००००। इम्पीरियल व्येंकमा गएको वेहोरा पारी खर्च लेषी स्व लेषीयेका प्रामेश्वरी नोटरू १५००००। खरीद गर्दा व्येंकवाट खर्च गरेको तपसील वमोजिमको नोट रू १४५३४५३।१० पनि व्येंक तर्फको हिसावमा मिलाई खरिद भएको प्रामेश्वरी नोट् आएपछि आम्दानी

वाधी श्व प्रामेश्वरी नोट इम्पीरियेल व्येंकमै राषने गरी वक्सेकोले सो नोट इम्पीरियल व्येंक जिम्मा खर्च लेषी तेस्को सर्टिफिकेट आएपछि कितापमा आम्दानी वाधी मुल्कीखाना दाषील गरी राखने कां गर – – –

तपसील

प्रामेश्वरी नोट रू १५०००० खरिद गर्दा लागेको सैकडा ९६ ले

हुने नोट रू–	१४४०९३।।।
अगाडिको व्याज तिरेको	११२२।।। ७
कमीसन	३६२।।
	१४५५७९
इनकम टचाक्स	२३३।।। ९
	१४५३४५३।१०

ईति सम्वत् १९९८ साल जेष्ठ २ गते रोज ५ शुभम् – – –

पजनी सम्बन्धी कागज

१

स्वतिश्री मद्दति प्रचण्ड भूजदण्डेत्यादी ओजस्वीराजन्य प्रोज्ज्वल नेपाल तारा
अतिप्रवल गोरखा दक्षिणवाहु अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट पृथुलाधिश
श्रीश्रीश्री महाराज जुद्ध शम्सेर जी. सी. आई. ई जी. के आर के. थोतेङ
पावटिङ सुन्‌चीयान् लुच्चुं याङ स्याङ च्याङ आनरेरी लेफटेंन्यान्ट
जनरल वृटिश आर्मी आन्‌रेरी कर्णेल अफ अलदी' गोरखाराइफल
रेजिमेन्टस् ईन्डियान आर्मि प्राईमिनिष्टर अफ सुप्रिम
कम्याण्डर इन चीफ कस्य पत्रम् – – –

स्वस्तिश्री मद्राजकुमार कुमारात्मज श्री सुप्रदिप्त मान्यवर नेपाल तारा सुप्रसिद्ध प्रवल गोरखा दक्षिणवाहु पस्चिम तर्फका कम्याडिङ जनरल मोहन सम्शेर जंगवहादुर राणा के सी आई ई कस्यपत्रम् – – –

आगे साल मोफसलका अड्डा अड्डाका हाकिम कारिन्दाके यथोचित उप्रांत पुर्व पस्चिम गौडा, गढी गोस्वारा मिलीसिया चौकी मुल, छोटी. जंगी परेठका अफिसरहरू र पालपा धनकुटा इलाम डोटी गौंडाको अफिसर सुवेदारहरू स्मेतको ९४ साल वैसाख देखि चैत्र मसांत तकमा काम भयाको भन्ने खड्ग निसाना अड्डालाई जाहेर गरेको पजनीको कागज हाम्रा हजुर्मा जाहेर हुंदा तपसिल बमोजिम गर्ने गरी वक्से वमोजिम गर्नालाई जजसका नाउमा चाहिन्छ चाहिने वेहोराको सनद गरी गराउनु भंने ९३ साल श्रावण ९ गते ५ मा

खड्ग निसानावाट सदर गरी वक्सेको हुनाले सनद रिपोट निकासा दिने वारेको १९ दफामा लेखिया वमोजिम मोफसलका अड्डा अड्डाका नाउमा सनद गरी वक्सनुपर्ने ठहरायुं जो मर्जि हुकुं भनि मिलेसिया गोस्वाराले जंगी अड्डा मार्फत हाम्रा हुजुरमा विंति पत्र जाहेर भयो सो ठहरायाका हामीवाट पनि सदर गरी वक्सेको छ सो सनद वमोजिम जजस्ले जे जे गर्नु पर्छ गर्ने गराउने कां गर– –

तपसील

श्री पस्चिम तर्फका कम्यांडर इनचीफ जनरल रूद्रसम्शेर जंगवहादुर राणालाई गौडाको थमौती गरि दिनु – – – – – – –

पालपा गौडाको थमौती गरी वक्सेको – – – – –

मेक योग विक्रम राणा – – १
मेक भुपेन्द्र विक्रं राणा – १
कप्तान टेकवीर्जं राणा – – १
कप्तान पांडव वाहादुर षत्री – १
कप्तान रणवीर पांडे – – १
से. ले. द्रोण प्रतापजं राणा – १

लेफटें दुर्गा विक्रं शाह – – १
लेफटें प्रताप जं शाह – – १
लेफटें पहलमान साह – – १
लेफटें कर्णवहादुर पाण्डे – १
लेफटें चक्रवहादुर रायमाझी– १

सवुज पल्टनको सुवेदार

१. सु गंभीररसिं भडारी क्षत्री – १
३. सु डम्वरवहादुर खत्री क्षत्री पालपा गौडा १
५. सु रत्नवीर थापा मगर – १
८. सु पद्मवहादुर क्षत्री – – १

२. सु दलवहादुर – – १
४. सु. तिलकवहादुर – १
७. सु. भोगवाहादुर नगरकोटी– १

वरष पल्टंको सुवेदार

१ सु. पद्मवहादुर थापा छेत्री – १
३ सु. धनवहादुर थापामगर गह्लौं – १
६ ऐ मीनवहादुर कवर पालपा – १
८ ऐ विष्णु विक्रम राणा – १

२ सु. कोमल विक्रं शाह १ –
४ ऐ घुंडावहादुर भण्डारी छे १ –
७ ऐ कृष्ण वाहादुर ऐ १ –
–

भवानी दल पल्टंको

ले यज्ञगाहाबुर तह्नों – १ अैंटं दलवीर थापामगर पाल्पापीपले – १
१ सु धनवीर राणामगर – १ २ मु. षांवाहादुर खत्रीक्षत्री बोहरा – १
३ सु. रामवहादुर रानामगर पाल्पा गौडा ४ सु. कृष्ण वहादुर – १
५ सु रणध्वज कार्की छेत्री ६ सु. अम्वरवाहादुर अधिकारी – १

पाल्पा दफा

मेक गोबिन्दवाहादुर खत्री उपर परेको मुद्दाहरू ग. गद्दीमा सामू चाडो किनारा चाडो किनारा गरी जाहेर भयापछी निकासा भया वमोजिम गर्ने गरा गरी हाल पजनी वारे १

पाल्पा गौडाका ना. सु जकरदारके झगडा रिपोट … … … … …
वाकी राषेमा मोरू ५०। पचास जरिवाना गरी निजलाई अंत सरूवा गर्ने गरी वक्सेको हुनाले सरूवाको निकासा भने वमोजिम गर्ने गरी थमौती – –
खोसी वक्सेको – – – – –
सवुज ५ सु अम्वरसिं कार्की छेत्री कास्की पोखरा – – –
वरस ५ सु कृष्ण थापामगर पाल्पा – – – – १

सल्यान गौडा

कप कृष्ण विक्रं राणा थमौती – – – – – – १
ले गंग वीर साहा थमौती – – – – – – १
षरिदार हीरालाल पाध्या थमौती – – – – – १

दैलेख गौडा

गौडा वाहीनी ६ मेष बिक्रं राणा उपर डोटीका अपीलमा परेकी मुद्दालाई मुनासिव माफीकको जवाफ दीय पछि सोही वमोजिम गर्ने गरी थमौती – १
लेफटें खड्गवहादुर खत्री थमौंती – – – – – १

डडेलधुरा गौडा

नरवहादुर सिं थमौती – – – – – १

वैतडी गौडा

कप्तान डील्लीवहादुर थापाको थमौती – – १ –

" वीरवहादुर के म्याद नाघेको मुद्दा ३ नाघि राषेको हुनाले मोरू ६। छ जरिवाना गर्ने – – – – – १

जुमला गौडा

साहेवज्यू कृष्ण विक्रम शाह १ नंवर डोटी गौडामा गरेको मुद्दालाई मुनासिव माफिकको म्याद छिनाइ ठहरेको वमोजिम गर्ने गरी म्याद नाघेको मुद्दा ३ वाकी राषेमा मोरू ६। छ जरिवाना गरी थमौती – – –१

... . प्रसादलाई वडा हाकिले वही वुझाई आयाकोमा ... ... वही वुझाउने काम थप भयाको

डोटी गौडा

१ मेक लोक जं राणालाई गौडावाट फिकी ९१ सालमा गौडामा सदर भयावाट गोस्वारा वुझिएको ... ... वर्षासीको सनद गरी दिनु – – – – – १

कप नगरवहादुर सिं वझां ९४ सालमा पजनीमा सो खानगीको ... . मोरू १०००। यक हजार खारेज गरी दिनु ... . २।२ वर्षको आलो पालो गरी सदर पल्टंवाट अफिसर खटाई पठाई दिनु – – –

कप कृष्ण विक्रं राणालाई ९५ सालमा सदरवाट वदला पठाई सदर पल्टंमा कवायेद गर्ने गरी फिकाउनु लेफटें पद्मसिं छेत्री उपर ... ... भने कारण गरी लेखि ... साधक आयाको चाडो छिन्न लगाइ ठहरे वमोजिम गर्ने गरी पजनी गर्नालाई राषनु – – –

ले. रामवाहादुर सिं थमौती – – – – १

कालीजं पल्टंको देहायेको सुवेदारहरूलाई वडाहाकिले वहाल गरी जाहेर गरे पछि निकासा गये वमोजिम गर्ने – – – – १

१. सुवेदार कनक वाहादुर थापा छेत्री सिंधुली नालबर्क – – – १
२. ऐ रणवहादुर साही सोरूटार – – – – १
३. ऐ वीरवहादुर शाही नैकाप – – – – १
४. ऐ कटकवहादुर मल्ला – – – – १
५. ऐ मनिवहादुर स्वार अछाम – – – – १
६. ऐ मान्सीं गुरूं कास्की पोखरा – – – – १
७. ऐ रामवहादुर सिं नेपाल गंज – – – – १
८. ऐ वहादुर स्वार छेत्री अछाम् – – – – १

प्यूठान गौडा

व. क. प रूपेन्द्र विक्रम राणालाई गौडावाट झिकी सदर गरी... ... ... गराउनु निजका वदलामा मानीस भर्ना गरी वक्सेपछि निजलाई वर्षासीको सनद गरिदिनु – – – – – १

षरिदार लोक नाथ अधिकारीको उपर हालैं उजुर आयाको वुझिन गयाको वुझी आयापछि ठहरे वमोजिम हुने हुंदा थमौती गर्ने – – – १

चिसापानी गढी

कप उद्धव वाहादुर के षांगीमा ... ... भत्ता मोरू ४००। गयका धार्दिले ... ... वेहोरा हिसावमा पाउने गरी षांगी भत्ता स्मेत थमौती – – – –

ले. टेकवहादुर छेत्री थमौती – – – –

षरीदार गंगालाल पाडे छेत्री थमौती – – – १

गोरखा दरवार

सुवा तोरणवहादुर वाडेक्षत्री थमौती – – १

रसुवा चौकी

ले कृष्णवार गुरं थमौती – – १

नयाँ

गोश्वाराका न कप वीष्णु विक्रम शाहलाई सदरमा झिकाई परेड गराउँन म्याद मागेको वारेमा जरिवाना गर्नु पर्दैन निज्का ठाउमा मुकर भयाकालाई वाहालीको सनद गरी दिनु – – १

ले शीवराज थापा छे ले गार्ड थमौती – –

धा. जं ले दुर्गावाहादुर ठगत छेत्री भक्तपुर कटुंजे थमौती – – १

भु जं ले गणेशबाहादुर कार्की क्षेत्री थमौती – – १

पश्चिम २ नंबर

व ता चक्रविक्रं साहलाई सदर मा झिकाउनु सदर आयापछि थमौती कोनिकासा गर्नें काम वमोजिम गर्नें गरी आडर थमौती वारे राखनु १

पु जं सम्सेर वाहादुर छेत्री गोर्खा लीगलीग थमौती – – १

क्येक जं ले दलवाहादुर गुरूं पल्लो नुवाकोट थमौती – – १

मकैसांजंले टंकवहादुर वा छेत्री थमौती – – १

पश्चिम ३ नंबर

मे. ज. धनसम्सेर जंवारा थमौती गौडाको – – १

गु जं क प कुंजसिं वानिया छेत्री कास्की रामै मा थमौती – १

वंदीपुर जं ले वर्वासी गुरूं थमौती – – १

कुंछा जं ले भुमीनंद पाध्या गोर्खा ताक थमौती – १

पश्चिम ४ नंबर

ऐ पो अ. रत्न विक्रं राणा थमौती – १

पुजं कप धन प्रसाद गूरूं थमौती – १

कुसमा डोले दलवाहादुर साहा लमजुं थमौती – १

डोले जीतवहादुर थापाछे गोर्खा थमौती — १

धनकुटा गौडा

श्रीमेज माधव संसेर जंगबहादुर राणालाई गौडामा थमौती — १
देहायेका जवांलाई थमौती गरिदिने — १
कप्तान द्रोणनिरजं राणा — १
ले क बिर जं राणा — १
ले अम्बर जं राणा — १
ले बलवाहादुर वोगटी — १
ले गोरेवाहादुर आर्की — १

◆

२

स्वस्तिश्री मदतिप्रचण्ड भुजदण्डेत्यादी ओजस्वीराजन्य प्रोज्वल नेपाल तारा
अतुलज्योतिर्मय त्रिसत्ति पट्ट अतिप्रवल गोरखा दक्षिगवाहु पृथुलाधीश
नेपाल प्रतापवर्धक श्री श्री श्री महाराज पद्मसम्शेर जंग वहादुर राणा
जी. सी. यस. आई. जी. बी. ई. के. सी. आइ ई. यस. टी. आर. के.
सि. सि. यस. यम, थचुङ्ग तहा-सु. पावटिङ शुचच्याङ्ग सैनिक
दीर्घ सेवापट्ट आनरेरी लेफटेन्यान्ट जनरल वृटिश आर्मी
आनरेरी कर्णेल अफ अल दि गोरखा राईफल रेजिमेण्टस
अफ् दी इण्डियनआर्मी सुङचुयान स्याङ्ग चियाङ प्राईमि-
निष्टर याण्ड सुप्रिम कम्याण्डरइनचीफ कस्य रूक्का

स्वस्तिश्री मद्राजकुमार कुमारात्मज श्री सुप्रदीप्त मान्यवर नेपालतारा सुबिख्यात त्रिशक्तिपट्ट सुप्रसिद्ध प्रवल गोरखा दक्षिणवाहु कम्याण्डर इनचीफ जनरल मोहन शम्शेर जंगवहादुर राणा जी. सी. आई ई. जी. वी. ई. त्सा–सुः शुनव्हैशुन च्याङ्ग सैनिक दीर्घ सेवापट्ट आनरेरी कर्णेल वृटिश आर्मी कस्य पत्रम् ।

आगे सदर मोफसल अड्डा अड्डाका हाकीम कारिन्दा के यथोचित उप्रान्त पुर्व पस्चिम पहाड अदालत अपील अड्डाहरूमा २००२ सालमा गरेको काम काजको पजनी कागज हाम्रा हजुरमा जाहेर भयो तपसीलका कुरामा तपसीलमा लेखिए वमोजिम गर्ने गरी थमौती चेन्ज खोसुवा मुद्दा पर्नेका हकमा

पजनी वांकी समेत गरिवक्सेको छ मुलुकी सवाल सनद रिपोट निकासा दिने वारेका १९ दफा वमोजिम अदालत अपील माल कम्याण्डरी कितापखाना मुलकी अड्डा ऐन सवाल फांट सदर अमिनी गोस्वारा र सो अड्डा सम्वन्धी विषयमा गर्नु पर्ने समेत जो जस्का नाउँमा जो वेहोराको सनद गर्नु पर्छ सनद सवाल गरी पठाई दिनु भनी प्रधान न्यायालय श्रेस्ता फांटमा पठाउनु प्रधान न्यायालय पैला फांटमा पठाइ दिनु भन्ने २००३ साल फाल्गुण १७ गते ६ मा खड्ग निसाना सदर गरिवक्सेको हुनाले सनद रिपोट निकासा दिने वारेमा मुलुकी सवालको १९ दफा वमोजिम सदर मोफसलका अड्डा अड्डाका नाउँमा सनद गरिवक्सनु पर्ने ठहरायौं जो मर्जि हुकुम भनी प्रधान न्यायालयका हाकिम कारिन्दाले हाम्रा हजुरमा विंति पार्दा जाहेर भयो तसर्थ सो ठहरायामा हामीवाट सदर गरि वक्सेको छ सो वमोजिम गर्ने गर्न लाउने काम गर – – – –

तपसील

देहायका अड्डाका देहायका मानिसलाई निजहरूले खाइरहेको खांगी भत्तामा

सोही अड्डामा थमौती गरिवक्सेको छ – – १

पाल्पा अपीलको हाकिम सुव्वा महिकरदेव नारायण सिंह – – १

धनकुटा अपील – – – –

हाकिम सुव्वा गणेशमान श्रेष्ठ – १ असिष्टेन्टमा सुव्वा संसेर राज – १

पाल्पा अदालतको डि. शिवप्रसाद पाध्या – – १

डोटी अदालतका डि. डम्वरनाथ पाध्या – – १

दैलेख अदालतको डि. लोकराज जोसी – – १

वझाङ राज्य अदालतका डि. माणिकलाल श्रेष्ठ – – १

पुर्व ६ नं. अदालतको डि. सेरवहादुर – – १

खोटाङ अदालतको डि. ताराराजविष्ट – – १

नुवाकोट अदालतका डि. कुलनाथ पांडे पाध्या – – १

श्री ५ सरकारतर्फ पोखरा अदालतको डि. मीनकेसरी पाध्या – – १

श्री ३ सरकारतर्फ पोखरा अदालतको डि. श्यामकृष्ण – – १

ल्हासा अदालतको डि. बखतवहादुर – – – १

कुती अदालतका डि. कृष्णराज – – – १

केरूङ अदालतका डि. वीरविक्रम थापाक्षत्रि – – १

पालपा अपीलका असिटेन्ट ना. सुव्वा वेदप्रसाद धिताललाई सरूवागरिदिने १

वागलुङ अदालतका डि. टिकानिधिलाई निजउपर मुद्दा परी पजनीवाँकी भएकोसो मुद्दाहरूफैसला भै सकेकोले पोरसालको र योसालको समेतथमौती गरि दिनु – – – – – – १

देहायका अड्डाका देहायमा लेखिएको हाकिम असिष्टेन्टहरू समेतलाई थमौती गरी देहाय वमोजिम गरी चेन्ज गरिवक्सेको छ – – –

डोटी अपीलको डि. चुडामणि भण्डारीलाई धनकुटा अदालतको खाली भै रहेको दरवंदी वमोजिमको मोरू १०००। का हाकिम डिठ्ठामा प्रमोसन दी सरूवा गरिवक्सेको छ – – – – १

जुम्ला अदालतको डि. देवीप्रसादलाई पस्चिम २ नं. अदालतका डि. यदुनाथ पुर्व ३ नं. अदालतमा सरूवा भै खाली भएको दरवंदी वमोजिमको मोहरू ९००। को हाकिम डिठ्ठामा सरूवा गरिदिनु – – – १

सुरखेत अदालतको डि. देवीवाहादुरलाई निजले खाएको खान्गी मोहरू ७००। वाट जुमला अदालतको दरवंदी वमोजिम मोहरू ९००। का डिठ्ठामा प्रमोशन दी सरूबा वढुवा गरिदिनु – – १

पस्चिम २ नं. अदालतको डि. यदुनाथलाई निजले खाएको खान्गी मोहरू ९००। वाट पुर्व ३ नं अदालतको खोसि खाली भएको दरवंदी वमोजिम मोहरू १०००। को डिठ्ठामा प्रमोसन दी सरूवा वढुवा गरिदिनु – – १

सिंधुली अदालतका डि. ब्रह्मदत्तलाई निजले खाएको खान्गी मोहरू ८००। वाट धादिङ अदालतको खाली भैरहेको दरवंदी वमोजिम मोहरू ९००। को डिठ्ठामा प्रमोसन दी सरूवा वढुवा गरिदिनु – – १

उदयपुर अदालतको डि. जहानसिंहलाई निजले खाएको खांगी मोहरू

७००। बाट सिंधुली अदालतको डिठ्ठामा व्रह्मदत्त सरूवा भै खाली भएको दरवंदी वमोजिम मोहरू ८००। को डिठ्ठामा सरूवा वढुवा गरिदिनु – १

चितौन अदालतको डि. दयानिधिलाई डडेलधुरा अदालतको डि. टेकबहादुर सरूबा भै खाली भएको दरवंदी बमोजिमको मोहरू ७००। को डिठ्ठामा सरूबा गरिदिनु – – – १

दैलेख अदालतको वि. दण्डप्रसादलाई निजले खाएको खान्गी मोरू ४००। बाट प्यूठाना अदालतको डिठ्ठा खोसी खाली भएको दरवंदी बमोजिम मोरू ९००। को डिठ्ठामा प्रमोसन दी सरूवा वढुबा गरिदिनु – – १

पाल्पा अपीलको ना. डि. भवानीचरणलाई धनकुटा अपीलको ना. डि. हरिप्रसाद सरूवा भै खाली भएको ना. डि. मा सरूवा गर्दिदिनु – १

धनकुटा अपीलको ना. डी. हरिप्रसादलाई पाल्पा अपीलको ना. डी. भवानीचरण सरूवा भै खाली भएको ना. डी. मा सरूवा गरिदिनु – १

डडेलधुरा अदालतका डि. टेकवहादुरलाई निजले खाएको खानगी मोरू ७००। वाट चिसापानी अदालतको डि. ईस्वरीप्रसाद रिजाल हालै खोसीइ खाली भएको दरवंदी बमोजिम मोहरू ८००। को डि. मा सरूवा बढुबा गरिदिनु – – – १

स्याङ्जा अदालतका डि. कृष्णवहादुर घलेको पोहर सालको थमौती गरी यो साललाई साविती चोर सोपुबा गर्न लांदा लिदिएन भन्ने चेतवहादुरको उजुर परी बापती सोपुवा हुन आएको र जति चोरी मुद्दामा प्रतिबादी लिइ दियन भन्ने उजुर परी पाल्पा अपीलबाट कारवाई भइरहेको भए पनि पुलीस सुपरिटेन्ट आफीसमा सरूवा गरी वक्सिएकोले मुद्दावाट पछी ठहरे वमोजिम गर्नें – – – –

देहायका अड्डाका देहायका मानिसहरू उपर अड्डा सम्बन्धी मुद्दा परेकाले सो मुद्दा फैसला हुंदा ठहरे बमोजिम हुने हुंदा हाल पजनी वांकी राखी बक्सेको छ सो मुद्दाहरू जुन जुन अड्डामा दायरभै कारवाई भैरहेको छ सो

अड्डाहरूले सनद दाखिला भएका मितिले ३ तिन मैह्ना भित्र छिनी छिनिएको वेहोरा प्रधान न्यायालय श्रेस्ता फांटमा जनाउ दिनु - -१

राज्य जाजरकोट अदालतका डि. एकदत्त घुसमा पक्राउ भै आएकाले

हुमला अदालतको डि. गणेशवहादुर श्री ५ सरकारतर्फ पोखरा अदालतमा छंदा आमदानी भएको रूपैया स्याहामा आमदानी वांधेन भन्ने मुद्दा अपील पैलामा परिरहेकाले - - - १

भोजपुर अदालतको डि. हरिदत्त उपर मेरो घर जांच गरी दियन मैले नकुटेको घोफलेलाई जांच गरी जालसाजीवाट मर्म बांच्नको दोसाध गरे भन्ने उजुर परी पोरसालको पजनी वांकी भएको सो मुद्दा फैसला भै नसकेकोले पोरसालको थमौती गरी यो सालको पजनी बांकी गरिदिनु - १

सिन्धुपाल्चोक अदालतका डि. हस्तवीर उपर वेहिसावसंग वा जांच गरायो भन्ने नालीस परि अपील दोश्रामा दायर भएकाले - - १

पुर्व २ नं. अदालतका डि. चन्द्रकुमार सल्यान अदालतमा छंदा रैतीवाट मोरू असुल गरी र वहीमा कम्पनी आम्दानी वांधी सरकारको नोक्सान पारे भन्ने मुद्दा पाल्पा अपीलमा परी कारवाई हुंदै रहेकोले - - १

देहायका अड्डाका देहायका हाकिमहरूलाई खोसिवक्सेको छ - - -

पुर्व ३ नं अदालतको डि. जनार्दन खरेल - - १

काभ्रेपलांचोक अदालतको डि. सानुकाजी श्रेष्ठ - - १

प्यूठान अदालतका डि. कटकबहादुर - - १

वैतडी अदालतको डि. रूद्रबहादुर - - १

देहायका अड्डाका देहायमा लेखिए वमोजिम खाली भत्ता भएको खालीमा हामीवाट भर्ना सदर भै आए वमोजिम गर्नु - - -

डोटी अपीलको हाकिम सुब्बा १ के - - - १९००।

उदयपुर अदालतको डिठ्ठा १ के - - - ७००।

चितौन अदालतको डिट्ठ १ के - - - ७००।

थाक अदालतको डिट्ठा १ के – – –	८००।
काभ्रे पलानचोक अदालतको डिट्ठा १ के – – –	१०००।
सल्याना अदालतको डिट्ठा १ के – – – –	९००।
वैतडी अदालतको डिट्ठा १ के – – – –	८००।
सुर्खेत अदालतको डिट्ठ १ के – – – –	७००।
स्याङ्जा अदालतको डिट्ठा १ के – – – –	१०००।

देहायका अड्डाके म्यद नाघेका मुद्दा वांकी राखेमा मुद्दापिच्छे फीथान १ एकको मोहरू २ दुई र म्याद नघाई छिनेमा मोहरू ।५० पचास पैसाका दरले र असुल तहसिलतर्फ सुस्ति देखिएमा देहाएका दरले देहाएका अड्डालाई जरिवाना गरिबक्सेको छ सो अड्डाहरूको तलव खर्च लेखने अड्डाहरूले सनद दाखिल भएका मैन्हाकोतलवबाट कट्टी गरी सो वेहोरा गौडागोस्वारालाई जनाउ दिनु —

असामी – –	म्यादनाघेको मुद्दामा	म्यादनघाई छिनेमा	वक्यौता असुलतहसिल सुस्ती गरेमा	जम्मा
पाल्पा अपीलके मोरू सत्र रूपैया –	१६।	१।	।–	१७।
स्याङ्जा अदालतके मोहरू चालिस रूपैया	–३०।	।–	१०।	४०।
वाग्लुङ अदालतके मोहरू नौ रूपैया	–४।		५।	९।
राज्य जाजर्कोट अदालतके मोहरू सैतिस रूपैया	३२।	–	५।	३७।

डोटी अदालतके मोहरू तीन रूपैया पचासपैसा	– २।	१।५०	–	३।५०
हुमला अदालतके मोहरू तीन रूपैया	–	–	३।	३।
सुरखेत अदालतके मोहरू एक रूपैया –	–	–	१।	१।
पुर्व ६ नं. अदालतके मोहरू पाँच रूपैया -	–	–	५।	५।
भोजपुर अदालतके मोहरू नौ रूपैया –	४।	–	५।	९।
पस्चिम २ न. अदालतके मोहरू ६ रूपैया –	६।	–	–	६।
श्री ३ सरकारतर्फ पोखरा अदालतके मो. एघार रू.	६।	–	५।	११।
चितौन अदालतके मोहरू दस रूपैया –	२।	–	८।	१०।
सिन्धुपाल्चोक अदालतके मोहरू पन्ध रूपैया –	१०।	–	५।	१५।
उदयपुर अदालतके मोहरू चार रूपैया –	२।	–	२।	४।

माथि लेखिए बमोजिम मुद्दा बाँकी राखेमा र म्याद नगाई छिनेमा असुलतहसिल सुस्ती गरेमा समेत जरिवाना गरिबक्सेको हुनाले हाल साविक भइसकेको भए पनि जजसको पालाको हो उसै उससंग हाकिम असिष्टेन्ट फाँटवाला बिचारी समेतको खान्गी दामासाहीले असुल उपर गरि लिनेगर्नु देहायका अङ्काले म्याद नाघी मुद्दा छिनिएको र म्याद नाघी बुद्दा बाँकी राखेमा र असुलतहसील

सुस्ती देखिएमा अडकाउ भएको वेहोरा जाहेर भएकोले सो अड्डाहरूलाई जरिबाना गर्नुपर्दैन – – – – – –

नुवाकोट अदालत – – – १ धनकुटा अदालत – – १

पु २ नं. अदालत – – – १

देहायका अड्डाले महंगीको वखत भएकोले दरवन्दी ठेकिएको मसलन्दबाट नपुग भएकोले मसलन्द थप पाउँ भनि जाहेर गरेको वेहोरा जाहेर भयो महंगीको टायम हुंदा सनद दाखिल भएका मितिले वर्ष १ एकलाई साविक ठेकिएको मसलन्दमा सयकडा २५। पच्चीस रूपैयाका दरले थप वक्सेको छ । भइरहेका ऐन सवाल बमोजिम जहां जांहावाट हस्तेवारी जिम्मावारी झिकाएको छ सो वमोजिम लिनु दिनु गरी काम चलाउनु – – –

सुरखेत अदालत – – १ डोटी अदालत – – १

वैतडी अदालत – – १ चितौन अदालत – – १

चिसापानी अदालत – – १ नुवाकोट अदालत – – १

अड्डा झेलखानाको पालो पहरानिमित्त तेलवत्ती नभएकोले तेलवत्ती निकासा पाउँ भनी पजनी कागजमा लेखी जाहेर गरेको जाहेर भयो सो तेल वत्तीको निमित्त देहायका अड्डालाई देहाय बमोजिम दरवन्दी गरिवक्सेको छ सो वमोजिम साल वसाललाई दरवंदी सनद गरिदिनलाई मुलुकी अड्डा ऐनसबालफाटलाई लेखी पठाई दिनू – – –

सल्यानी अदालतके मोहरू उंनन्तीस रूपैया — – – २९।

काभ्रेपलान्चोक अदालतके मोहरू उनान्तीस रूपैया – – २९।

पुर्व ६ नं. अदालतके मोहरू उनन्तीस रूपैया – -- २९।

देहायका अडाका कामकाज पालो पहरालाई अड्डामा दरवंदी नभएको र दरवंदी भएकोमा पनि मद्दत कम भएको देखिनाले सो वेहोरा पजनी कागजमा लेखी जाहेर गरेको जाहेर भयो देहायका अड्डालाई साविकठेकी दरिएको मद्दत

देहाय वमोजिम मद्दत थप वक्सेको छ जो चाहीने सनद गरी पठाइदिनु भनी मुलुकी अड्डा अैंसवाल फांटलाई लेखी पठाई दिनु – – –

वागलुङ अदालतके मोहरू तीनसय अठचालिस रूपैया – – ३४८।

हवल्दार जवान १ के वर्ष १ को मोहरू छयानव्वे रूपैया – – ९६।

वर्ष १ को मोहरू ८४। खाने सिपाही जवान ३ के मोहरू दुईसय वाउन्न रूपैया – – – – २५२।

उदयपुर अदालतके वर्ष १ को मोहरू ८४। खाने सिपाही जवान २ के मोहरू एकसय अठसट्ठी – – – – १६८।

चितौन अदालतके वर्ष १ को मोहरू ४८। खाने टहलुवा जवान १ के मोहरू अठचालिसरूपैया – – – – ४८।

नुवाकोट अदालतके – – – – ५३२।

वर्ष १ को ४००। खाने बिचारी जवान १ के मोहरू चारसय रूपैया – ४००।

बर्ष १ को १३२। खाने नौसिन्दा जवान १ को मोहरू एकसय वतीस रूपैया – – – – १३२

देहायका अड्डाले हवल्दार सिपाहीलाई मालसरह दरवंदी गरी पाउँ भनी पजनी कागजमा लेखी जाहेर गरेको जाहेर भयो देहाय वमोजिम थप गरिवक्सेकोछ जो जजसका नाउँमा चाहिन्छ चाहिने वेहोराको सनद गरी पठाई दिनु भनी मुलुकी अड्डा ऐन सवाल फाँटलाई लेखी पठाइदिनु – – – – –

सुर्खेत अदालतका देहायका जवानलाई वर्ष १ को मोहरू १२। वाह्र रूपैयाका दरले देहायका जवान ११ लाई मोहरू एकसय वत्तीस रूपैया – १३२।

हवलदार जवान १ के मोहरू वाह्र रूपैया – – १२

सिपाही जबान १० के जवान १ के मोहरू १२।ले मोहरू एकसय वीस रूपैया – – – – १२०।

चितौन अदालतका देहायका जवान ८ लाई जवान १ के मोहरू १२।
वाह्र रूपैयाका दरले मोहरू छयानव्वे रूपैया — — ९६।
हवल्दार जबान १ के वर्ष १ को मोहरू वाह्र रूपैया — — १२।
सिपाही जबान ७ के जवान १ के वर्ष १ को मोहरू १२। वाह्र
रूपैयाका दरले मोहरू चौरासी रूपैया — — ८४।

अदालतहरूको बक्यौता असुल फछ्र्यौट गर्न लाई साविक दर साविकले वुझाएको बक्यौता लगत मध्ये असुल भएका रूपैयावाट तलवखाने गरी पोरसाललाई ५ मैना म्यादी मदत थप वक्सेकोमा महंगी मा ठेकिएको दरवंदीमा सिपाहीले कवुल नगर्दा भर्ना गर्न सकेन भन्ने समेत स्याङजा अदालतले समेत पजनी कागजमा लेखी जाहेर गरेको जाहेर भयो साविक दरसाविकदेखिको वांकी बक्यौता रहेको अड्डाहरूले सो रहेको पुरानो वक्यौता असूल फछ्र्यौट गर्नुलाई १ वर्ष अंतिको छोडी अरू पुरानो वक्यौता मध्ये असूल भएको रूपैयाको सयकडा १५ वाट हाकिकमा तजवीजले तलव खुवाई भर्ना गर्न पाउने गरी ५ मैन्हे म्यादी वक्सेको छ जेजति जम्मा सिपाही चाहिन्छ सनद दाखिला भएका मितिले दिन १५ पन्ध्र भित्र भर्ना गरी भर्ना भएको मितिले ५ पाँच मैन्हासम्म लेखिएको वेहोरासंग तलव खुवाई असुल फछ्र्यौट गराउनु असुल फछ्र्यौट नर्ने तलव मात्र खुवाएको ठहरे सो तलव हाकिमले भर्ना गर्नु पर्नेछ अरू कुरामा भैरहेका ऐन सवाल वमोजिम गर्नु — — —

म्याद नाघेको मुद्दामा र असुल तहसिलमा समेत जरिबाना भैसकेकोले योसाल दामासाही गर्नुपर्नदैं — — — —

डोटी अपीलको डिट्ठा चुडामणी भंडारी सरूवाभै खाली भएको दरवंदी वमोजिमको मोहरू ८००। को असिष्टेन्ट डिट्ठामा सप्तरी अपीलको डिट्ठा पुष्पराज लाई सरूवा गरिवक्सेकोछ — — — — —

ईति सम्वत् २००३ साल ... गते रोज ... शुभम् — — —

★

३

स्वशितश्री मदतिप्रचण्डभुजदण्डेत्यादि ओजस्वी राजन्यप्रोज्वल नेपालतारा
अतुलज्योतिर्मय त्रिशत्ति पट्ट अतिप्रवल गोरखा दक्षिणबाहु पृथुलाधीश नेपाल
प्रतापवर्धक श्री श्री श्री महाराज पद्मशमशेर जंग वहादुर राणा जी.
सी. यस. आई. जी. वी. केसी. आई. ई.यस. टी. आर के. सी. सी.
एल. एम. थ. चुङगत्हा. सु. पावटीङ सुन च्याङग सैनीक
दीर्घसेवापट्ट आनरेरी लेफटेन्याण्ट जनरल वृटिश आर्मी
आनरेरी कर्णेल अफ अल वि गोरखा राईफल रेजिमेम्टस्
अफ दी इण्डीयान आर्मी लुह चुयाय श्याङग चियाङग
प्राइममिनिष्टर याण्ड सुप्रिम कम्याण्डर इनचीफ
कस्य रूक्का

स्वस्तिश्री मद्राजकुमारात्मज श्री सुप्रदिप्त मान्यवर नेपालतारा सुविख्यात त्रिसक्ति पट्ट सुप्रसिद्ध प्रवल गोरखा दक्षिण वाहु कम्याण्डर इनचीफ जनरल मोहन शम्शेर जंगवहादुर राणा जी. सी. आई. ई. जी. वी. ई. त्हा-सु युन- न्है शुन च्याङग सैनिक दीर्घसेवापट्ट आनरेरी कर्णेल वृटिष आर्मी

कश्य पत्रम्

यसमा पहाड अदालत अपीलहरूले २००३ सालमा काम काज गरेको पजनी काग़ज हाम्रा हजूरमा जाहेर भयो तपसीलका कुरामा तपसीलमा लेखिए वमोजिम गर्ने गरी तपसीलका अड्डाका तपसील का हाकिम असिष्टेंट फांटवाला

समेतलाई तपसिल बमोजिम गरी थमौती चेंज पजनी बाँकी समेत गरिबक्सेकोछ मुलुकी सवाल सनद रिपोट निकासा दिने बारेमा १९ दफा बमोजिम अदालत अपीलमाल कम्याण्डरी कितापखाना मुलुकी अड्डा ऐन सवालफांट सदर अमिनी गोस्वारा सो अड्डा सम्बन्धी अरू अड्डाहरूलाई समेत जो चाहिने वेहोराको सनद गरी पठाई दिनु भनी प्रधानन्यायालय (श्रेस्ताफाटमा) पठाउन प्रधानन्यायालय पैलाफांटमा पठाई दिनु भंन्ने २००४ साल माघ १७ गते ६ मा खड्गनिशाना सदर गरिबक्सेको हुनाले सनद रिपोट निकासा दिने वारेमा मुलुकी सवालको १९ दफा बमोजिम सदर मोफसल अड्डा अड्डाका नाउँमा सनद गरी बक्सनु पर्ने ठहरायौं जोमर्जी हुकूम भनी प्रधानन्यायालय श्रेस्ताफांटका हाकिम कारिन्दाले हाम्रा हजूरमा विन्ती पार्दा जाहेर भयो तसर्थ सो ठहराएकोमा हामीवाट पनि सदर गरीबक्सेको छ सो बमोजिम गर्ने काम गर – – –

तपसील

वेहायेका अड्डाका देहायका मानिसहरूलाई निजहरूले खाइ रहेको खानकी भत्तामा सोही अड्डामा थमौती गरिबक्सेकोछ – – –

सिधुली अदालतका डि. जाहानसीं क्षेत्री – – १

पुर्व ३ नं. अदालतका डि. यदुनाथ पाध्या – – १

धनकुटा अदालतका डि. चुडामणि भंडारी – – १

धनकुटा अपीलका – –

सुब्बा गणेशमां श्रेष्ठ – – १

ना. सु. शमसेरराज वन्त श्रेष्ठ – – १

ना. डी. भवानीचरण – – १

पुर्व ६ नं. अदालतका डि. मानकेसरी पाध्या – – १

नुवाकोट अदालतका डि. कुलराज पांडे पाध्या – – १

पस्चिम २ नं अदालतका डि. देवी प्रसादपाध्या – १

स्याङ्जा अदालतका डि. कृष्णा – – १

पाल्पा अपील – –

ना. सु. हरिवहादुर श्रेष्ठ – – १

ना. डि. हरिप्रसाद – – १

पाल्पा अदालतका डि. शिवप्रसाद पाध्या – – १

प्यूठान अदालतका डि. दण्ड प्रसाद पाध्या – – १

राज्य जाजरकोट अदालतका डि. लालबहादुर खत्रीक्षत्री – १

थाक अदालतका डि. शिवराज पंत – – १

कुति अदालतका डि. रंगनाथ पाध्या – – १

ल्हासा अदालतका डि. वखतबहादुर खत्री – – १

केरूङ अदालतका डि. वीरविक्रम थापा क्षेत्री – – १

डोटी अबालतका डि. डम्बर्नाथ पाध्या – – १

डोटी अदालतका – –

सु. वेदप्रसाद धिताल – – १

डि. पुष्पराज – – १

वैतडी अदालतका डि. भवानी प्रसाद – – १

दैलेख अदालतका डि. लोकराज जोशी – – १

डडेलधुरा अदालतका डि. जगदीश गौतम – – १

सुर्षेत अदालतका डि. महादेव भट्ट – – १

जुम्ला अदालतका डि देवीवहादुर क्षेत्री – – १

वझाङ राज्य अदालतका डि माणिकलाल श्रेष्ठ – – १

पुर्व २ नं अदालतका डि. चन्द्रकुमार श्रेष्ठ उपर अड्डा सम्बन्धी मुद्दा
परेकोले पोहोरसालको पजनी वाकीभएको सो मुद्दा सफाई फैसला भएको-
ले पोहोरसालको र योसालको समेत थमौती गरिवक्सेको छ — — २

पालपा अदालतका सुवा महिफर देबनारायण सीं आइ सावीक खान्गी
मोहरू २०००। दुई हजारमा साविक भन्दा मुद्दा परिछिनेको वढो देखिना
ले मोहरू २००। दुइसय रूपैंया थपी मोहरू २२००। वाइससयको खान्गी

गरीवबसेको छ ऐनसवालको रितपुऱ्याई सालवसाली दरवंदी सनद गरिदिनु भनी मुलुकी अड्डा ऐन सवालफांटलाई लेखि पठाइ दिनु — — ३

काभ्रे पलांचोक अदालतका डि. धर्ममान श्रेष्ठले चोरीमुद्दामा समेत पैले भैरहेको कारवाइलाई पछि आफैंले वदर गरी वेरितसंग कारवाई गरी जाहेर गरेमा मोरू ५०। पचास जरीवाना गरी थमौती गरिवक्सेको छ – ४

देहायका अड्डाका देहायका हाकिमहरूको देहायको वेहोरा जाहेर भयो थमौती गरी देहाय वमोजिमको अड्डामा चेन्ज गरिवक्सेको छ – – ५

सिन्धुपाल्चोक अदालतका डि. हस्तवीर प्रधान उपर अड्डा सम्वन्धी मुद्दा परेकाले पोहोर सालको पजनी वांकी भएको सो मुद्दा सफाइमै फैसला भएकाले पोर सालको थमौती गरी यो साललाई वाहाल रहेको सिन्धुपाल्चोक अदालत घरको इलाका जोरिएको र अघि विचारी भै वसी सकेको जिल्ला हुंदा चेन्ज हुन पाउँ भनी जाहेर गरेको विन्तिपत्रको वेहोरा जाहेर भयो निज डि. हस्तवीर प्रधानलाई सिराहा अमिनीको लेफटेन रूद्रपाणि सरूवा भै खाली भएको दरवंदी कंरू १००० एक हजारको लेफटेनमा सरूवा वढुवा गरिदिनु – – – – १

सर्लाही अमिनीका लेफटेन ग्यानवहादुरले निकासा नली घरमा गएमा कंरू २० विस जरिवाना गरिवक्सेको छ ज्यान सम्वन्धी मुद्दामा दोहरा सरजमीन गराएमा मुद्दा फैसला हुंदा ठहरे वमोजिम हुने हुनाले निजले खाइरहेको कंरू १२०० को लेफटेनवाट श्री ३ सरकारतर्फ पोखरा अदालतको डि. स्यामकृष्ण सरूवा भै खाली भएको दरवन्दी वमोजिम मोहरू १०००। एक हजारको डि. मा निज लेफटेन ज्ञानबहादुरलाई गरिदिनु – – – – १

